सुशासन (व्यवस्थापन तथा सञ्चालन)
ऐन, २०६४ को दफा (४१) को व्यवस्था
अनुसार सार्वजनिक गरिएको

शासकीय सुधार र सुशासन सम्बन्धी प्रतिवेदन

(आ.व. २०७२/७३)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं
बैशाख, २०७४

आ.व. २०७२/७३ को शासकीय सुधार र सुशासन सम्बन्धी प्रतिवेदन

प्रकाशक :

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

सिंहदरवार, काठमाडौं।

फोन नंः ०१-४२००३८९, ०१-४२००४४०, ०१-४२११०१७

वेबसाइट : www.opmcm.gov.np

प्रकाशन मिति : २०७४ बैशाख

सल्लाहकार :

सचिव श्री दिनेश कुमार थपलिया

सचिव श्री केदार बहादुर अधिकारी

सहसचिव श्री डिल्लीराम शर्मा

संयोजनः

उपसचिव श्री ध्रुवकुमार पोखरेल

सहसंयोजनः

शाखा अधिकृत श्री जुनु हमाल ढकाल

शाखा अधिकृत श्री प्रमेश शिवा

कम्प्यूटर सेटिङः

कम्प्यूटर अपरेटर श्री अकलमान शाक्य

प्रधानमन्त्री

काठमाडौं, नेपाल

मन्तव्य

नेपाली जनताले पहिलो पटक आफैले निर्वाचित गरेको संविधान सभाका प्रतिनिधिवाट निर्माण गरिएको नेपालको संविधान २०७२ साल असोज ३ गते जारी भई लागू भएको छ। नेपालको संविधानमा राज्यका नीति अन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूती गर्ने कुरा उल्लेख छ। मुलुकले अवलम्वन गरेका आर्थिक सामाजिक रुपान्तरणका लक्ष्यहरु प्राप्त गर्न तथा सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा स्थापित गर्न राज्यले सम्पन्न गर्ने कार्यहरु विधिसम्मत, पारदर्शी, उत्तरदायी, जवाफदेही, सहभागितामूलक तथा वढी संवेदनशील भई सम्पादन गर्न आवश्यक छ। नेपाल सरकारले संघीय प्रणाली अनुरुप प्रशासनिक पुनःसंरचनाको कार्यलाई उच्च महत्व दिनुका साथै शासकीय सुधारका विविध पक्षहरुमा जोड दिंदै आएको छ। झण्डै वीस वर्ष देखि हुन नसकेको स्थानीय तहको निर्वाचनसंगै स्थानीय तहमा सुशासन कायम हुने अपेक्षा गरिएको छ। शासकीय सुधारलाई अझ वढी प्रभावकारी वनाई आर्थिक समृद्धि र विकास, सामाजिक रुपान्तरण, पूर्वाधार विकास, गरिवी, वेरोजगारी र असमानताको न्यूनिकरण गर्दै सुशासन र दिगो विकास मार्फत समग्र नेपाली जनताको जीवनस्तरमा सार्थक र गुणात्मक परिवर्तन ल्याउन नेपाल सरकार प्रतिवद्ध रहँदै आएको छ। संघीय गणतन्त्र, धर्मनिरपेक्षता, वहुदलीय लोकतन्त्र, समावेशीता, मानव अधिकारको संरक्षण र मौलिक हकको व्यवस्था सहित नेपालको संविधान जारी भएको छ। संघीय गणतन्त्रको अवधारणालाई संस्थागत गर्दै लैजाने संविधानले परिकल्पना गरे अनुरुप राज्यको पुनर्संचरना गर्ने कार्यहरु प्रारम्भ भएको छ। यस अवधिमा गाउँपालिका, नगरपालिका, विशेष संरक्षित र स्वायत्त क्षेत्रको संख्या र सीमा निर्धारण आयोग गठन भई कार्यरत छ। यसै सन्दर्भमा सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४१ मा भएको व्यवस्था अनुसार तयार गरिएको यस प्रतिवेदनमा नेपाल सरकारका विभिन्न निकायहरुवाट आर्थिक वर्ष २०७२/७३ मा सम्पादन गरिएका कार्य र क्रियाकलापहरु एवं सुशासनको वारेमा प्रकाश पारिएको छ। यस प्रकारको प्रतिवेदन प्रत्येक वर्ष प्रधानमन्त्री तथा मन्त्रिरिषद्को कार्यालयले तयार गरी व्यवस्थापिका संसदमा पेश गर्ने गरेको छ। प्रस्तुत प्रतिवेदन आगामी दिनमा सरकारका तर्फवाट शासकीय क्षेत्रमा अवलम्वन गरिने सुधारको लागि मार्गदर्शक हुने अपेक्षा राखेको छु।

अन्त्यमा, प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

वैशाख, २०७४

पुष्पकमल दाहाल (प्रचण्ड)

विषय-सूची

	विषय	पृष्ठ
	कार्यकारी सारांश	I
परिच्छेद - १	प्रारम्भिक	१
परिच्छेद - २	मुख्य उपलब्धिहरु	३
परिच्छेद - ३	निकायगत उपलब्धिहरु	२६
परिच्छेद - ४	आर्थिक र योजना क्षेत्रको निकायगत उपलब्धिहरु	१२४
परिच्छेद - ५	भौतिक पूर्वाधार क्षेत्रको निकायगत उपलब्धिहरु	१७७
परिच्छेद - ६	सामाजिक विकास क्षेत्रको निकायगत उपलब्धिहरु	२२१
परिच्छेद - ७	सार्वजनिक सक्रियताको भावी कार्यदिशा	२४६

कार्यकारी सारांश

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन कायम गर्न नेपाल सरकारले विभिन्न नीतिगत, कानूनी, संस्थागत र संरचनागत एवं प्रक्रियागत व्यवस्था गरिएको छ। राज्य व्यवस्थाको संचालन, विकास व्यवस्थापन र सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, सहभागिता, विधिसम्मतता, समावेशिता, दक्षता एवं प्रभावकारीता जस्ता पक्षहरु अभिवृद्धि गरी सुशासन पाउने नागरिकको हकलाई व्यवहारमा लागू गर्न नेपाल सरकारले विभिन्न कार्य र क्रियाकलापहरु संचालन गरेको छ। कानूनको प्रयोगमा सबै नागरिक समान भए पनि सिमान्तकृत, अल्पसंख्यक र पछाडि रहेका तह र तप्काका नागरिकको समतामूलक संरक्षणको माध्यमबाट राज्यका हरेक गतिविधिमा सहभागी गराउनु राज्यको दायित्व हो। सुशासन (संचालन तथा व्यवस्थापन) ऐन २०६४ ले सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा निकायबाट सम्पादित क्रियाकलाप जनमूखी र सुशासन उन्मुख गराउने ध्येयले विभिन्न व्यवस्थाहरु गरेको छ। ऐनको दफा (४१) वमोजिम वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने नेपाल सरकारको दायित्व अनूरुप आ.व. २०७२/७३ मा सरकारबाट सञ्चालित गतिविधि समावेश गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ।

- दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को मुख्यसचिव स्तरीय चौथो सम्मेलन जुन ९ देखि १०, २०१६ (तदनुसार २०७३, जेठ, २७-२८) मा काठमाडौंमा सम्पन्न गरिएको छ। यसै गरी नेपाल सरकारका सेवा निवृत्त मुख्यसचिवहरुको चौथो सम्मेलन-२०७२, चैत्र २६ गते आयोजना गरिएको छ।
- प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना निर्देशक समिति र नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समिति गठन भई कार्यान्वयनमा आएको छ।
- सरकारी स्वामित्व भएको प्रतिष्ठानले वितरण गर्ने बोनसको प्रतिशत र बोनस सम्बन्धी अन्य कुराको मापदण्ड निर्धारण गर्ने तथा बोनस ऐन, २०३० र बोनस नियमावली, २०३९ लाई समसामायिक बनाउन विस्तृत प्रतिवेदन तयार हुनुका साथै मन्त्रिपरिषद्बाट बोनस वितरणका स्पष्ट आधारहरु तर्जुमा भएका छन्।

- राष्ट्रिय गौरवका आयोजनाका समस्याहरू समाधान गर्न सहजीकरण, अनुगमन एवं समन्वय गर्ने र विभिन्न नदीहरूमा रहेका तुइनलाई विस्थापित गर्ने लक्ष्य अनुरुप हालसम्म ६ वटा तुइनहरूलाई झोलुङ्गे पुलले विस्थापन गरेको, ४१ वटा निर्माणाधीन अवस्थामा रहेको र ५४ वटा खरिद एवं निर्माण प्रक्रियामा रहेका छन्।
- भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी आवश्यक ऐन, नियम, कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।
- नेपाल सरकारका निकायहरूको अनुभवहरू साटासाट गर्नका लागि सूचना प्रविधिको विकासमा एकिकृत सोचको विकास गरिएको, सूचना तथा संचार प्रविधि नीति, २०७२ (ICT Policy 2015) को उद्देश्य बमोजिम ICT Development Index र E-Government Ranking मा नेपालको अवस्था सुधार गर्न सुधारका आवश्यक क्षेत्रहरूको पहिचान गरिएको र Single Portal System सम्बन्धमा भविष्यको रणनीति तर्जुमा गरिएको छ।
- मिति २०७३।०१।११ देखि नेपाल टेलिभिजनद्वारा प्रत्येक शनिवार प्रशारण हुँदै आएको **"प्रधानमन्त्रीसँग सीधा कुरा"** कार्यक्रमको अभिलेखिकरण गरी प्रगति अनुगमन गरिएको छ।
- मौजुदा ऐनहरुमा रहेका कतिपय व्यवस्थाहरुलाई तत्काल संविधान अनुकूल बनाउन विभिन्न १९३ वटा ऐनहरुलाई संशोधन गर्ने केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पारित भई संविधानको कार्यान्वयन गर्न ११० वटा विषयमा संघीय कानून, २२ वटा विषयमा प्रदेश कानून र ६ वटा विषयमा स्थानीय कानून बनाउनुपर्ने विषय पहिचान गरिएको छ।
- विद्युत उत्पादनमा निजी क्षेत्रलाई समेत प्रोत्साहित गरी आगामी ३ वर्षभित्र वर्षा यामको Load Shedding नेपालकै उत्पादनबाट अन्त्य गर्न सकिने गरी कार्य भइरहेका छन्। नेपाल सरकारबाट "राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणापत्र र कार्ययोजना, २०७२" लागू भई कार्यान्वयनमा आएको छ।
- अछाम, बझाङ, बाजुरा, कैलाली, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालीकोट, जाजरकोट, बर्दिया, रुकुम, रोल्पा, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, तनहूँ, बाग्लुङ, गोरखा, रामेछाप, सिन्धुली, रौतहट, सिराहा, खोटाङ्ग, भोजपुर गरी २५ जिल्लाहरूमा १२,४०,३५० घरपरिवार सर्वेक्षण गरी ३,५६,४१८ घरपरिवार प्रारम्भिक गरिबको रुपमा पहिचान गरिएको छ। ५३ वटा सहकारी संस्थालाई प्रदान गर्ने गरी रु. १,४९,००,०००/- अनुदान रकम स्वीकृत भई ५१

संस्थाहरूसँग कार्यसम्पादन सम्झौता गरी रु. १,४५,००,०००/- अनुदान रकम भुक्तानी गरिएको छ।

- देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी श्वेतपत्र जारी गरिएको छ। विनासकारी भूकम्प र आपूर्ति प्रणालीमा सिर्जना भएको असहजताले अर्थतन्त्रमा पारेका प्रतिकूल प्रभावहरु, तिनबाट सिर्जित समस्याको समाधान गर्नका लागि तत्काल गरिनु पर्ने सुधार कार्य योजना र सुधार कार्यान्वयनको कार्ययोजना समेत तयार गरी कार्यान्वयन गरिएको छ।
- भूकम्प पीडितका लागि प्रति परिवार दशहजार रुपैयां नगद अनुदान उपलब्ध गराउन रू. ७ अर्व १४ करोड निकासा गरिएको छ। भूकम्पपछिको पुनर्निर्माण कार्यलाई अगाडि बढाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई रू. ७० अर्व निकासा दिइएको छ।
- भूकम्पबाट विभिन्न क्षेत्रमा पर्न गएको असर न्यूनिकरण गर्न ब्याज अनुदान र पुनकर्जाको सुविधा उपलव्ध गराउन एकसय अर्व रुपैयाँको आर्थिक पुनर्उद्धार कोषको व्यवस्था गरिएको छ। कोषमा नेपाल सरकारका तर्फबाट रु. ५ अर्ब जम्मा गरिएको छ।
- विभिन्न २७ वटा परियोजना कार्यान्वयनको लागि रु १ खर्व ९५ अर्व ५९ करोड बराबरको वैदेशिक सहायता सम्झौता भएको छ। यसमध्ये रु. ७९ अर्व २० करोड ३७ लाख अनुदान (४०.४९%) र रु. १ खर्ब १६ अर्व ३९ करोड ५० लाख वरावरको सहुलियत ऋण सहायता (५९.५१%) रहेको छ। बैदेशिक सहायता अन्तर्गत विगत वर्षैदेखिको सोधभर्ना हुन बाँकी रकम मध्ये रु. ३७ अर्व ८५ करोडभन्दा बढी शोधभर्ना प्राप्त भएको छ।
- विभिन्न निकायहरुमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागी Anti Money Laundering/Combating for Financing of Terrorism (AML/CFT) सम्बन्धी Asia Pacific Group को ३८ देश तथा १० अन्तर्राष्ट्रिय संघ सस्था सहभागी भएको APG Typologies and Capacity Building Workshop सम्पन्न गरिएको छ। सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागबाट ३२ वटा सम्पत्ति शुद्दीकरण सम्बन्धी मुद्दा विशेष अदालतमा अभियोजन गरिएको छ। राष्ट्रिय मुद्रा निर्मलीकरण तथा आतङ्कवादमा वित्तीय लगानी सम्बन्धी जोखीम मूल्याङ्कन (२०१४-१६) को प्रतिवेदन तयार गरिएको छ।
- तत्काल सुधार कार्ययोजना २०७२ तर्जुमा गरी कार्यान्वयन गरिएको छ।

- नेपाल सरकार मं.प.को निर्णयबाट पाँचवटा औद्योगिक क्षेत्रको घोषणा भएको र ७ वटै प्रदेशमा कम्तिमा १ हजार विगाहा क्षेत्रफल भएको औद्योगिक क्षेत्र स्थापना गर्ने नीतिगत व्यवस्था भएको छ।
- नेपाल-भारत परामर्श समूहको १२ औं बैठक भारतको नयाँ दिल्लीमा ०९-१० जुन २०१६ मा सम्पन्न भएको छ।
- तेह्रौं योजनाको तथा यस आ.व.को अन्त सम्ममा आधारभूत खानेपानी सेवाबाट लाभान्वित जनसंख्या ८५ प्रतिशत, उच्चमध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या १५ प्रतिशत र सरसफाइ सुविधाबाट लाभान्वित जनसंख्या ८१ प्रतिशत रहेको छ। सहस्राब्दी विकास लक्ष्य अनुसार सन् २०१५ सम्म ७३ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको खानेपानी सुविधा र ५३ प्रतिशतलाई आधारभूतस्तरको सरसफाइ सुविधा पुऱ्याउने लक्ष्य प्राप्त भईसकेको छ।
- २० वर्षे कृषि विकास रणनीति (Agriculture Development Strategy, ADS) स्वीकृत भएको छ। कृषि विकास रणनीतिलाई नेपालको नयाँ संविधानको भावना अनुरुप कार्यान्वयन गर्दै लैजाने क्रममा राष्ट्रिय कृषि विकास रणनीति कार्यान्वयन समिति (NADSIC) गठन भई रणनीति कार्यान्वयनका लागि आवश्यक पूर्वाधार निर्माण भइरहेको छ।
- नेपाल-भारत वीच विद्युत व्यापार सम्झौता पश्चात विद्युतको अन्तरदेशीय प्रसारण ग्रीड जोड्ने, विस्तार गर्ने सन्दर्भमा संयुक्त प्रसारण गुरु योजना (Joint Transmission Master Plan) तयार गरी प्रसारण लाईनलाई प्राथमिकताको आधारमा क्रमिक सुधार, निर्माण र विस्तार गर्ने लगायतका कार्यका सम्बन्धमा Joint Working Group (JWG) र Joint Steering Committee (JSC) को तेस्रो बैठक नयाँ दिल्लीमा क्रमशः २७ र २८ जुन २०१६ मा सम्पन्न भएको छ। सो बैठकमा "**नेपाल-भारत एकीकृत दीर्घकालीन प्रसारण योजना**" स्वीकृत भएको छ।
- देशको वर्तमान अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी श्वेततपत्र अनुरुप विद्यमान ऊर्जा सङ्कट निवारण गर्न तत्काल सुधारका कार्यक्रम सहित ऊर्जा क्षेत्रको समग्र विकासको लागि अपनाउनु पर्ने दीर्घकालीन प्रकृतिका नीतिगत, कानूनी, प्रकृयागत र संरचनागत व्यवस्था तथा सुधारका लागि "**राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र, २०७२**" हाल कार्यान्वयनको चरणमा रहेको छ।

परिच्छेद - १

प्रारम्भिक

जनसन्तुष्टिनै सुशासनको अन्तिम अभिष्ट हो। देशको राजनीतिक, आर्थिक, सामाजिक रुपान्तरण, सांस्कृतिक प्रवर्धन, समावेशिता र संरक्षणको माध्यमबाट जनउत्तरदायी, सहभागितामूलक, स्वच्छ, निष्पक्ष र पारदर्शी शासन व्यवस्था र कानूनी राज्यको अवधारणालाई आत्मसात गरी सुशासन प्रवर्धन गर्न सकिन्छ। सुशासन राज्यका समग्र अंग तथा निकायहरुको सामूहिक प्रयत्न र जनसहयोगबाट मात्र सम्भव हुन्छ। सुशासनले निरन्तर अग्रगामी परिवर्तनलाई संकेत गरेको हुन्छ। समाजका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, भौगोलिक, भाषिक आदि जुनसुकै रुपका अल्पसंख्यक तथा पछाडि परेका वर्गलाई सशक्तिकरण, समावेशिता र संरक्षणको माध्यमबाट मूल प्रवाहमा ल्याउने र बहुसंख्यक जनताको भावना मुखारित हुने क्रियाकलापको माध्यमबाट राज्यले आफ्नो दायित्व पूरा गर्नुपर्ने हुन्छ।

राज्यबाट उपलब्ध हुने सेवा सुविधाहरु राज्य संयन्त्रका विभिन्न अंग र ती अंग अन्तर्गतका निकायहरुको क्रियाकलापमा आधारित हुन्छन्। यी विषयहरुलाई सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ र नियमावली २०६५ ले निर्देशित गरेको छ। नेपाल सरकारले सुशासन कार्ययोजना २०६८, सेवा अभियान निर्देशिका २०६५, सेवा केन्द्र सम्बन्धी निर्देशका २०६५, सरकारी निर्णय सरलीकरण प्रक्रिया निर्देशिका २०६५, हेलो सरकार कक्ष संचालन निर्देशिका २०६८ र राष्ट्रिय स्वयंसेवा अभियान निर्देशिका २०६९, तत्काल सुधार कार्यायोजना, २०७२ समेत कार्यान्वयनमा ल्याई सुशासन प्रवर्धन गर्ने प्रयास गरिएको छ।

सार्वजनिक सेवा प्रवाहमा देखिएका विविध समस्याहरु क्रमशः समाधान गर्दै सार्वजनिक सेवालाई जनमुखी, जवाफदेही र पारदर्शी बनाउन सुशासन (व्यवस्थापन तथा संचालन) ऐनले मन्त्री, मुख्यचसिव, सचिव लगाएतका पदाधिकारीहरुको आ-आफ्नो पदीय जिम्मेवारी प्रति जवाफदेही बनाएको छ। क्षतिपूर्ति सहितको नागरिक वडापत्र जारी गरी सर्व साधारणलाई सुसूचित गराउँदै सार्वजनिक सेवालाई अधिकारको रुपमा स्थापित गरेको छ। सेवा प्रवाहमा कैफियत देखिएमा सेवाग्राहीले जिम्मेवार पदाधिकारीबाट क्षतिपूर्ति समेत प्राप्त गर्ने व्यवस्था यस ऐनमा गरिएको छ। यसको साथै समयसमयमा जारी हुने सार्वजनिक नीतिहरु, निर्देशनहरु र प्रत्येक महिना बस्ने

सचिव बैठकबाट समेत सार्वजनिक सेवा प्रवाहको समीक्षा भई आवश्यक निर्णय लिने, कार्यान्वयन गर्ने र सो को नियमित अनुगमन गर्ने कार्य भईरहेको छ।

सार्वजनिक सुनवाई, सार्वजनिक लेखा परीक्षण, सार्वजनिक गुनासो व्यवस्थापन, सूचनाको हकको प्रत्याभूति र निरन्तरको अनुगमन मूल्यांकन जस्ता शासकीय प्रवन्धबाट सुशासनको सुनिश्चितता गर्ने प्रयास निरन्तर भइरहेको छ। प्रत्येक मन्त्रालय/निकाय/कार्यालयमा सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी तोक्नु पर्ने व्यवस्था मिलाइएको छ। हेलो सरकार कक्षलाई क्षेत्रीयस्तर सम्म विस्तार गरिएको छ। सूचना प्रविधि मैत्री सरकारको अवधारणा अनुरुप क्रमशः सेवा विस्तार गरींदै लगिएको छ।

नेपाल सरकारका मन्त्रालयहरु, विभागहरु र अन्य केन्द्रीयस्तरका कार्यालयहरुले प्रत्येक वर्ष आफ्ना गतिविधि सार्वजनिक गर्नुपर्ने साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ। यी गतिविधि सम्बन्धी विवरणहरु प्रत्येक निकायले आ-आफ्नो website मा राख्नुपर्ने हुन्छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सुशासन (व्यवस्थापन तथा संचालन) ऐनको दफा ४१ बमोजिमको वार्षिक प्रतिवेदन आफ्नो website मा राख्ने गरेको छ।

आ.व. ०७२/७३ मा क्षेत्रगत तथा निकायगत रुपमा संचालित सार्वजनिक गतिविधिहरु र उपलब्धि सहितको सम्बन्धित निकायहरुबाट संकलित नेपाल सरकारको आठौं सुशासन प्रतिवेदन जनप्रतिनिधिमूलक संस्था व्यवस्थापिका संसद समक्ष पेश भई यथार्थता परीक्षण हुने छ। प्रतिवेदनलाई यथासक्य यथार्थपरक बनाउने प्रयास भएको छ। यसमा देखिएका कमी कमजोरी क्रमशः सुधार गर्दै परिष्कृत बनाउने प्रयास जारी नै रहने छ।

परिच्छेद - २

मुख्य उपलब्धिहरु

यस वर्ष भित्र नेपाल सरकारबाट सम्पादन भएका मुख्य मुख्य उपलब्धिहरु देहाय बमोजिम रहेका छन्।

सार्कस्तरीय मुख्यसचिवहरुको सम्मेलन सञ्चालन

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को मुख्यसचिव स्तरीय चौथो सम्मेलन जुन ९ देखि १०, २०१६ (तदनुसार २०७३, जेठ, २७-२८) मा काठमाडौंमा सम्पन्न गरिएको छ।

पूर्व मुख्यसचिवहरुको सम्मेलन

मुलुकको निजामती सेवामा रही नेपाल सरकारका सेवा निवृत्त मुख्यसचिवहरुले पुऱ्याउनु भएको विशिष्ट योगदान र अनुभवलाई संस्थागत गर्ने साथै मुलुकको समग्र शासकीय प्रणाली तथा प्रशासनिक व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्न निजामती प्रशासनका विविध एवं समसामयिक विषयमा छलफल गर्ने अभिप्रायले विगत चार वर्ष देखि वार्षिक सम्मेलनको रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा हुदैं आएको नेपाल सरकारका सेवा निवृत्त मुख्यसचिवहरुको सम्मेलनको निरन्तरता स्वरुप यसपटक नेपाल सरकारका सेवा निवृत्त मुख्यसचिवहरुको चौथो सम्मेलन-२०७२, चैत्र २६ गते आयोजना गरिएको थियो। उक्त सम्मेलनमा संक्रमणकालीन व्यवस्था र संघीयता, सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउने र सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निवारणमा सार्वजनिक प्रशासनको प्रभावकारिता बढाउने उपायहरुका सम्बन्धमा छलफल भई सेवा निवृत्त मुख्यसचिवहरुबाट विभिन्न सुझावहरु प्राप्त भएको छ। प्राप्त सुझावहरुलाई समेटेर प्रतिवेदन तयार गरिएको छ।

"खुला सरकार सहकार्य" समितिको गठन

राम्रो सरकार र असल शासनका लागि अन्तर्राष्ट्रियस्तरमा काम गर्ने "खुला सरकार सहकार्य" (Open Government Partnership) विश्व संगठनमा नेपालको सदस्यता प्राप्ति एवं

सहभागिताका सम्बन्धमा अध्ययन गरी सिफारिश सहितको प्रतिवेदन तयार गर्न मिति २०७२।९।८ मा प्रधानमन्त्रीबाट भएको निर्णय अनुसार समिति गठन भएकोमा समितिको सिफारिश सहितको प्रतिवेदन प्राप्त भई प्रतिवेदन उपर अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको राय समेत प्राप्त भएको र थप निर्णयका लागि पेश गरिएको छ।

हेलो सरकार कार्यक्रमको विस्तार एवं बजारीकरण

हेलो सरकारलाई क्षेत्रीयस्तरमा विस्तार गर्ने कार्यक्रम अनुसार पाँचै विकास क्षेत्रमा संचालनमा आई गुनासो सम्बोधनको कार्यलाई विकेन्द्रित गरिएको छ। साथै २०७२ जेष्ठ २५ देखि हेलो सरकार फेसबुक पेज र २०७२ पौष २७ देखि हेलो सरकारलाई थप प्रभावकारी पार्ने उद्देश्यले टवीटरमा @Hello_Sarkar खाता खोलेर गुनासा लिन थालिएको छ हेलो सरकारको बजारीकरणका लागि वृत्तचित्र निर्माण समेत गरिएको छ। आ.ब.२०७२/०७३ को अवधिमा परेका गुनासोहरुको फछ्र्यौटको दर ८२ प्रतिशत रहेको छ। त्यस्तै कार्यालयका महत्वपूर्ण सूचना प्रवाहका लागि १६१८०७०७०११११ को अडियो नोटिस वोर्डको संचालन गरिएकोछ।

संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धी कार्य

प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना निर्देशक समिति र नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समिति गठन भई कार्यान्वयनमा आएको छ। विभिन्न मन्त्रालय/निकायहरुले सम्पादन गरेको संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धी मौजुदा अवस्थाको जानकारी (Stock-Taking) लिई एकीकृत विवरण तयार गरिएको छ। संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिको निर्णय अनुरुप गठित समूहगत कार्यदलको कार्यविधि स्वीकृत भई २०७४ जेठ मसान्त सम्ममा यस सम्बन्धी सबै कार्यहरु सम्पन्न गर्ने कार्ययोजना निर्माण गरी कार्य आरम्भ भइसकेका छन्।

राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि परिषद्को गठन

सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आवश्यक विषयहरुमा नेपाल सरकारलाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन तथा यस क्षेत्रका विभिन्न निकायहरु बीच समन्वय समेत गर्नको

लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट राष्ट्रिय सूचना तथा संचार प्रविधि परिषद्को गठन गरिएको छ।

बोनस वितरणका मापदण्ड तर्जुमा

सरकारी स्वामित्व भएको प्रतिष्ठानले वितरण गर्ने बोनसको प्रतिशत र बोनस सम्बन्धी अन्य कुराको मापदण्ड निर्धारण गर्ने तथा बोनस ऐन, २०३० र बोनस नियमावली, २०३९ लाई समसामायिक बनाउन विस्तृत प्रतिवेदन तयार हुनुका साथै मन्त्रिपरिषद्बाट बोनस वितरणका स्पष्ट आधारहरु तर्जुमा भएका छन्।

तयारी पोशाक निर्यातमा प्रदान भएको सहुलियतको प्रभावकारी उपयोग

संयुक्त राज्य अमेरिकामा नेपाली तयारी पोशाकलाई प्रदान गरिएको सहुलियतलाई प्रभावकारी उपयोग गर्ने सन्दर्भमा सिमरामा रहेको विशेष आर्थिक क्षेत्रमा तयारी पोशाक प्रोसेसिङ्ग क्षेत्र स्थापना गर्नका लागि उद्योग मन्त्रालयले अर्थ मन्त्रालयबाट सहमति प्राप्त गरी रू १९ करोडको बहुवर्षीय ठेक्का प्रक्रिया आरम्भ गरेको छ।

राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माणमा प्रभावकारी समन्वय/सहजीकरण

राष्ट्रिय गौरवका आयोजना प्रमुखहरू एवं सम्बद्ध मन्त्रालयका योजना महाशाखा प्रमुख बीच अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरी आयोजनाका समस्याहरू समाधान गर्न सहजीकरण एवं समन्वय हुदै आएको छ।

मन्त्रिपरिषद् तथा मन्त्रिपरिषद्का समितिहरुको बैठक र निर्णय कार्यान्वयन

२०७२ श्रावणदेखि २०७३ असार महिनासम्म मन्त्रिपरिषद् बैठकवाट १४९२ वटा प्रस्ताव उपर निर्णय भई कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाइएकोछ। साथै मन्त्रिपरिषदका विभिन्न समितिहरुमध्ये आर्थिक तथा पूर्वाधार समितिको १६ वटा बैठकवाट ४३ निर्णय, विधेयक समितिको २९ बैठकवाट ४१ निर्णय, प्रशासन समितिको बैठकवाट १ निर्णय र सामाजिक समितिको १५ वटा बैठकवाट २१ वटा निर्णयहरु भई तत् तत् निकायहरुमा कार्यान्वयनका लागि पठाइएका छन्।

सचिव बैठकका निर्णयहरुको कार्यान्वयन

आ.व. ०७२/७३ मा मुख्यसचिव डा. सोमलाल सुवेदीको अध्यक्षतामा १४ (चौध) वटा सचिव बैठक बसी १११ (एक सय एघार) वटा निर्णय भएको। आ.व.०७२/०७३ मा सचिव बैठकबाट भएका निर्णयहरुको वार्षिक समीक्षा समेत गरिएको छ।

देशभरका तुईनहरुको विस्थापन गरी झोलुङ्गे पुलहरुको निर्माण

विभिन्न नदीहरूमा रहेका तुइनलाई विस्थापित गरी झोलुङ्गे पुल निर्माण गर्ने सम्बन्धमा सरोकारवाला निकायहरूबीच बैठक बसी कार्य प्रक्रिया अगाडि बढाउन निर्देशन भएकोमा हालसम्म ६ वटा तुइनहरूलाई झोलुङ्गे पुलले विस्थापन गरेको, ४१ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेको र ५४ वटा झोलुङ्गे पुलहरूको खरिद सम्बन्धी काम प्रक्रियामा रहेका छन्।

भूकम्प प्रभावित संरचनाहरुको पुननिर्माणमा सहजीकरण

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन बमोजिम बनाउनु पर्ने कार्यविधिहरु भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी कार्यविधि, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद कार्यविधि, भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी नियमावली, २०७२, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यविधि र जग्गा प्राप्ति सम्बन्धी कार्यविधि तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएका छन्।

कार्यालयको जिन्सी तथा कार्यालय परिसरको व्यवस्थापन

सबै शाखा/महाशाखा सचिवालयका शाखा/कार्यकक्षगत जिन्सी सामानको विवरण अद्यावधिक गरी फ्रेममा राखी सबै शाखा/कार्यकक्षमा टाँस गरिएको छ। साथै हरेक सचिवालय/महाशाखा/शाखाहरुमा भित्तामा कागज टाँस्ने परिपाटीको अन्त्य गर्दै सूचना पाटीको व्यवस्था गरिएको छ। सिंहदरबार सरसफाइ तथा बगैंचा व्यवस्थापन कार्यक्रम

अन्तर्गत रोज, हर्बल र साइटिस गार्डेन निर्माण गर्ने कार्य वनस्पति विभागसँगको समन्वयमा सम्पन्न गरिएको छ। कार्यालयमा काम नलाग्ने अवस्थमा रहेका कागजातहरु कागजात धुल्याउने नियम, २०२७ बमोजिम धुल्याउने कार्य सम्पन्न गरिएको छ।

E-Governance लाई प्रभावकारी वनाउने

नेपाल सरकारका निकायहरूको अनुभवहरू साटासाट गरी सूचना प्रविधिको विकासमा एकीकृत सोचको विकास गर्ने, सूचना तथा संचार प्रविधि नीति, २०७२ (ICT Policy 2015) को उद्देश्य बमोजिम ICT Development Index र E-Government Ranking मा नेपालको अवस्था सुधार गर्न सुधारका आवश्यक क्षेत्रहरूको पहिचान गर्ने, Single Portal System को स्थापना सम्बन्धमा भएका प्रयास, यसका व्यवधान र भावी कार्यक्रमहरूको पहिचान गर्ने गोष्ठीबाट सूचना तथा सञ्चार पूर्वाधार, साईवर सुरक्षा, जनशक्ति व्यवस्थापन, प्रणाली एकीकरण, विद्युतीय भुक्तानी, विद्युतीय सुशासन र सूचना तथा सञ्चार प्रविधि नीतिका सम्बन्धमा भविष्यको रणनीति तर्जुमा गरिएको छ।

चिकित्सा शिक्षा सम्बन्धी कानूनहरुको कार्यान्वयनको अनुगमन

चिकित्सा शिक्षा सम्वन्धी नीति तर्जुमा उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०७२ सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद् सामाजिक समितिबाट भएका निर्णयहरु कार्यान्वयनको अनुगमन गरिएको छ।

पोखरा उपत्यकाभित्रका तालतलैयाहरुको संरक्षण/सम्बर्द्धन

फेवाताल र रुपातालको अतिक्रमण नियन्त्रण, प्रदूषण न्युनीकरण, संरक्षण र विकासका लागि वन तथा भूसंरक्षण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन गरिएको छ।

मानव अधिकारको प्रभावकारी संरक्षण

संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुमा मानव अधिकार संरक्षण र सम्वर्द्धनको कार्यलाई अझ बढी सशक्त तथा प्रभावकारी तुल्याउन सदस्य राष्ट्रहरुले मानव अधिकारको सम्बन्धमा स्वीकार गरेको दायित्व साकार पार्न गरेका काम कारवाहीहरुको प्रस्तुति गर्ने माध्यमको रुपमा विकास भएको Universal Periodic Review-UPR को Second Cycle अन्तर्गत सन्

२०१५ मा जेनेभामा भएको नेपालको पुनरावलोकनको प्रयोजनका लागि नेपालको राष्ट्रिय प्रतिवेदन तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।४।८ को बैठकबाट स्वीकृत गरी संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद् समक्ष पेश गरिएको छ। संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद् समक्ष मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्र अन्तर्गत नेपालले पेश गरेको दोस्रो प्रतिवेदनउपर मानव अधिकार परिषद्को २३ औं सत्रमा गत नोभेम्बर ४ तारेखमा छलफल भएको र उक्त छलफलमा परराष्ट्रमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले भाग लिई विभिन्न राष्ट्रहरुबाट प्राप्त १९५ वटा सिफारिशहरुमध्ये १४७ वटा सिफारिशहरुलाई कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ।

भ्रष्टाचार विरुद्धको कार्य

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिले सक्रियतापूर्वक कार्य गरिरहेको छ।

जनतासंग प्रधानमन्त्री कार्यक्रमको थालनी

मिति २०७३/०१/११ देखि नेपाल टेलिभिजनद्वारा प्रत्येक शनिवार प्रशारण हुँदै आएको **"प्रधानमन्त्रीसँग सीधा कुरा"** कार्यक्रमको अभिलेखिकरण गरी प्रगति अनुगमन गरिएको छ। गुनासाहरुको कार्यान्वयन अवस्था सम्वन्धमा प्रत्येक हप्ता प्रधानमन्त्रीलाई जानकारी गराइने गरिएको छ।

केन्द्रीय अनुगमन समितिको बैठक र निर्णय कार्यान्वयनको समिक्षा

केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिका आठ (८) वटा वैठक सम्पन्न भई पैतालिस (४५) वटा निर्णयहरु कार्यान्वयनको लागि सम्वन्धित निकायमा पठाई तिनको प्रगति अनुगमन गरिएको छ।

संविधान कार्यान्वयन सम्बन्धी उपलब्धिः

मौजुदा ऐनहरुमा रहेका कतिपय व्यवस्थाहरुलाई तत्काल संविधान अनुकूल बनाउन विभिन्न १९३ वटा ऐनहरुलाई संशोधन गर्ने केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पारित गरिएको छ। संविधानको कार्यान्वयन गर्न ११० वटा विषयमा संघीय कानून, २२

वटा विषयमा प्रदेश कानून र ६ वटा विषयमा स्थानीय कानून बनाउनुपर्ने विषय पहिचान गरिएको छ।

हाम्रो संविधान समावेशी संविधान

संविधानका मुख्य मुख्य ८५ बुँदे विशेषताको नेपाली र अंग्रेजी संस्करण प्रकाशन गरिएको छ। साथै, संविधानका समावेशी व्यवस्थाहरुको सम्बन्धमा संविधानका मूलभूत प्रावधानः संक्षिप्त चिनारी सम्बन्धी पुस्तिका नेपाली भाषामा तयार गरी सोको भोजपुरी, अवधि, मैथिली, पूर्वीय थारु र पश्चिमा थारु भाषामा समेत प्रकाशन र वितरण गरिएको छ।

कानूनी सहायता सेवा संरचना सम्बन्धी अध्ययन

७५ वटै जिल्लामा कानूनी सहायता सम्बन्धी ऐन, २०५४ लागू भई असमर्थ पक्षलाई कानूनी सहायता उपलब्ध गराउने उद्देश्यले जिल्ला कानूनी सहायता समितिहरु समेत गठन भई संचालनमा रहेका छन्। त्यसैगरी, सबै अदालतहरुमा वैतनिक वकिलहरुको व्यवस्था पनि रहेको छ। संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएका गैर सरकारी संघ संस्थाहरु, पारालिगल समितिहरु एवम् नेपाल बार एसोशिएसनले कानूनी सहायतासँग सम्बन्धित विभिन्न क्रियाकलापहरु संचालन गरिरहेको पृष्ठभूमिमा कानूनी सहायताको गुणस्तर अभिवृद्धि गर्न एवं कानूनी सहायता उपलब्ध गराउने निकायहरुको जिम्मेवारी सुनिश्चित गर्न कानूनी सहायता सम्बन्धी एकीकृत संरचनाको विकास गर्न वाञ्छनीय देखिएकोले तत् सम्बन्धमा अध्ययन भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ। सो प्रतिवेदनमा उल्लिखित विषयहरुका सम्बन्धमा क्षेत्रीय र केन्द्रीय स्तरमा समेत अन्तरक्रिया गर्ने तयारी भईरहेको छ।

विपद् व्यवस्थापन सम्वन्धी

विभिन्न भौगोलिक कठिनाई, वातावरणीय प्रतिकूलता र सीमित साधन स्रोतको बाबजुद पनि राष्ट्र र जनताप्रतिको समर्पणको भावले गर्दा केन्द्रदेखि स्थानीय तहसम्म नेपाली सेनाले Key Responder को रुपमा खोज, उद्धार, राहत वितरण तथा अस्थायी पुनर्वासमा उल्लेखनीय योगदान दिदै आएको छ। जस अन्तर्गत निम्न अनुसारको कार्यहरु सम्पादन गरेको छ। खोज तथा उद्धार कार्य तत्कालीन संकटको अवस्थाको मूल्याङ्कन र विपद्को गाम्भीर्यतालाई मध्यनजर राख्दै आफ्नो चेन अफ कमाण्ड अनुसार नेपाली सेनासंग उपलव्ध मानवशक्ति,

साधनस्रोतको पूर्ण परिचालन गरी आ.व. ०७२/७३ मा विभिन्न स्थानहरुमा ३१९ जनाको उद्धार गरिएको छ।

अस्थायी सामूहिक आवास पुननिर्माणः-

नेपाली सेनाद्वारा धादिङ जिल्लाको ५ स्थान, नुवाकोट जिल्लाको ४ स्थान, रसुवा जिल्लाको २ स्थान, रामेछाप जिल्लाको ३ स्थान, सिन्धुली जिल्लाको ३ स्थान, दोलखा जिल्लाको १ स्थान, मकवानपुर जिल्लाको ५ स्थान, गोरखा जिल्लाको ५ स्थान, सिन्धुपाल्चोक जिल्लाको ४ स्थान, काभ्रे जिल्लाको २ स्थान, ओखलढुङ्गा जिल्लाको २ स्थान गरी ११ जिल्लाको ३६ स्थानमा ४६८ वटा सामूहिक आवास निर्माण सम्पन्न गरी मिति २०७३/०३/१० गतेदेखि २२ गतेसम्मको अवधिमा जिल्ला दैवी प्रकोप उद्धार समितिलाई हस्तान्तरण भएको छ।

पुननिर्माण सम्बन्धी नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तयार गरेकोः

पुनर्निर्माण सम्बन्धी देहाय बमोजिमका नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा गरिएको छः-

- पुनर्निर्माण, पुनर्स्थापना सम्बन्धी नीति, २०७२ (कार्यान्वयन प्रक्रिया र संस्थागत संरचना समेत)
- पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी नियमावली, २०७२
- निजी आवास अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७२
- जग्गा प्राप्ति सम्बन्धी कार्यविधि, २०७२
- जग्गा दर्ता सम्बन्धी कार्यविधि, २०७२
- सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, २०७२
- गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२
- पुनर्निर्माण कार्यमा स्थानीय स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७३
- पञ्चवर्षीय पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी योजनाको खाका (Post Disaster Recovery Framework-PDRF)
- गुनासो सुनवाई सम्बन्धी निर्देशिका, २०७३
- तालिम सम्बन्धी निर्देशिका, २०७३
- पुनर्निर्माण कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७३
- पुनर्निर्माण सामुदायिक समिति सम्बन्धी कार्यविधि, २०७३

- इम्जा तालको पानीको सतह घटाउने कार्य: सोलुखुम्बु जिल्लाको ५०१० मिटर उचाईमा अवस्थित इम्जा तालको पानीको सतह घटाई तल्लो तटिय क्षेत्रमा अवस्थित मानवबस्तीको जोखिम न्यूनीकरण गर्ने नेपाल सरकारको निर्णय अनुसार मिति २०७२ चैत्र २१ गतेबाट नेपाली सेनाको दक्ष जनशक्ति, हेलिकप्टर र हेभि इक्वीपमेन्ट सहितको फौजले पानीको सतह घटाउने कार्य गरिरहेको छ। हालसम्म ८० प्रतिशत कार्य सम्पन्न भएको छ। प्रारम्भिक योजना बमोजिम उक्त कार्य मिति २०७४ आश्विन मसान्तसम्म सम्पन्न गरिसक्ने लक्ष्य रहेको छ।

- युवाहरुमा राष्ट्र र राष्ट्रियता सम्बन्धी चेतना जगाई असल नागरिक तयार गरी राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने हेतुले स्थापना गरिएको राष्ट्रिय सेवा दलले युवा जनशक्तिलाई राष्ट्र र राष्ट्रियता सम्बन्धी समयानुकूल शिक्षा र तालिम दिई राष्ट्र निर्माणमा लगाउन अनुशासित नागरिक तयार पार्ने कार्य गरिरहेको छ। मुलुकले विभिन्न समयमा भोग्नुपर्ने प्रकोपको घटनाबाट जनधनको क्षति कम गर्ने उद्देश्यले प्रत्येक जिल्लामा न्यूनतम पनि १०० जना प्रकोप उद्धार कार्यमा संलग्न हुने स्वयंसेवक जनशक्ति तयार गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोगको निर्देशन बमोजिम नेपाली सेनाले राष्ट्रिय सेवा दलको क्षमता विस्तार गर्न रक्षा मन्त्रालयबाट स्वीकृत चार वर्षे योजना अनुसार आ.व. ०७२/७३ मा २००८ जनालाई तालिम दिइएको छ। उक्त योजना अनुसार क्रमशः पूर्वाधार र तालिमको क्षमता विस्तार गरी देशको ७५ वटै जिल्लाहरुमा छात्रछात्राहरुलाई राष्ट्रिय सेवा दलको तालिम प्रदान गरिने योजना रहेको छ।

जलविद्युत उत्पादन एवं विकास सम्बन्धी उपलब्धि

- नेपालमा हालसम्म जलविद्युत तर्फ करिब ७७६ मेगावाट र थर्मल प्लान्टतर्फ ५३ मेगावाट गरी जम्मा ८२९ मेगावाट विद्युत राष्ट्रिय ग्रीड प्रणालीमा जोडिएको छ। हिउँदमा जलविद्युत उत्पादनमा ह्रास आई ३०० मेगावाट जति विद्युत उत्पादन हुने हुनाले यस मौसममा चर्को लोडसेडिङ्ग हुने गरेको छ। आ.व. २०७२/७३ मा ग्रामीण तथा अन्य सामुदायिक विद्युतीकरणमा २८३ हजार घरधुरीहरुमा विद्युत सेवा उपलब्ध भई २,८९२ गाविसहरुमा विद्युतीकरणको सेवा विस्तार भएको छ। जुन कूल जनसंख्याको ७४ प्रतिशत हुन आउँछ। हाल २,८४८ कि. मि. प्रसारण लाइन निर्माण सम्पन्न भएको छ।
- नेपालको अधिकतम विद्युत माग करिब १३०० मेगावाट अनुमान छ। वर्षेनि यो वृद्धि भईरहेको छ। आगामी ३ वर्षमा नेपालको विद्युतको माग १८३६ मेगावाट हुने

प्रक्षेपण गरिएको छ। यसै मागलाई ध्यानमा राखी ऊर्जा मन्त्रालयले मातहतका निकाय तथा निजी क्षेत्रमार्फत विद्युतको उत्पादन, प्रशारण तथा वितरणका क्षेत्रमा तीव्रतर रुपमा कार्यहरु अगाडि बढाइरहेको छ। यसै सन्दर्भमा विद्युत उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने, निर्माणाधीन प्रशारण लाइनलाई समयमै सम्पन्न गर्ने, अन्तरदेशीय विद्युत आयात गर्न प्रशारण लाइन एवं सवस्टेशनको निमार्ण गर्ने कार्य भइरहेका छन्। साथै सौर्य, वायु, जैविक लगायतका स्रोत तथा Captive Generation गरी थप ऊर्जा उत्पादन गर्ने र आगामी ३ वर्षभित्र वर्षायामको Load Shedding नेपालकै उत्पादनबाट अन्त्य गर्न सकिने गरी कार्य भइरहेका छन्।

- जलविद्युतको उत्पादन, प्रसारण र वितरणमा रहेको नीतिगत, संस्थागत कमी कमजोरीहरुको पहिचान गरी त्यसको निदान गर्न लिइने भावी नीति तथा कार्ययोजनाका सम्बन्धमा नेपाल सरकारबाट "राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणापत्र र कार्ययोजना, २०७२" लागू भई कार्यान्वयनमा आइसकेको छ।

सामाजिक क्षेत्रमा भएका उपलब्धिः

- **सामाजिक परिचालनः** यस आर्थिक वर्षमा सञ्चालन भएका कार्यक्रमहरूबाट सहकारी संघ/संस्थाहरूको संख्यामा वृद्धि हुन गई नागरिकहरूलाई आय आर्जनको लागि समुदायमा आधारित भई सामाजिक परिचालनको रुपमा स्वरोजगार/रोजगारको क्षेत्रमा कार्य गर्ने वातावरण निर्माण भएको छ। २०७३ असार मसान्तसम्म प्रारम्भिक सहकारी संस्था करिब ३३२८९, जिल्ला सहकारी संघ ७०, विषयगत सहकारी संघ २५३, विषयगत केन्द्रीय संघ २०, राष्ट्रिय सहकारी बैंक १ गरी जम्मा ३३६३४ सहकारी संघ संस्था पुगेका छन्।
- **गरिब घरपरिवार पहिचानः** हाल विद्यमान गरिबीको दुश्चक्रलाई तोड्नको लागि विकासको मूल प्रवाहमा समेटिन नसकेका, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका विभिन्न वर्ग तथा समुदायलाई लक्षित कार्यक्रमहरूको प्रभावकारी सञ्चालन गर्न, हैसियत खुल्ने परिचयपत्र प्रणाली लागु गर्ने गरी राज्यले लिएको नीति अनुरुप अछाम, बझाङ, बाजुरा, कैलाली, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालीकोट, जाजरकोट, बर्दिया, रुकुम, रोल्पा, प्यूठान, अर्घाखाँची, कपिलवस्तु, तनहूँ, बाग्लुङ, गोरखा, रामेछाप, सिन्धुली, रौतहट, सिराहा, खोटाङं, भोजपुर गरी २५ जिल्लाहरूमा गरिब घरपरिवार पहिचान सर्वेक्षणको कार्यको डाटा

ईन्ट्रीको कार्य सम्पन्न भई डाटावेश तयार गरी १२,४०,३५० घरपरिवार सर्वेक्षण भएको छ, यस मध्ये ३,५६,४१८ घरपरिवार प्रारम्भिक गरिबको रुपमा पहिचान गरिएको छ।

- **गरिबी निवारण नीतिः** मन्त्रालयले यस आर्थिक वर्षमा राष्ट्रिय गरिबी निवारण नीति, २०७३ को मस्यौदा तयार गरी विभागीय (मन्त्रिस्तर) बाट मिति २०७३/०३/२८ मा स्वीकृत गराई राष्ट्रिय योजना आयोगको सचिवालय, सम्बन्धित ३० वटा मन्त्रालय तथा रार्ष्ट्रिय पुननिर्माण प्राधिकरण, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग समेत ३४ वटा निकायलाई राय, सुझाव एवं प्रतिक्रियाको लागि पत्राचार गरिएको छ।
- **सहकारी मार्फत गरिबी निवारणः** लक्षित वर्ग र समुहका बीच गठन हुने सहकारी संघ संस्थाहरूको दिगो विकास र व्यवसायिक विस्तारका लागि बिउपुँजी प्रदान गर्ने कार्यक्रम, सहकारी मार्फत कृषि एंव पशुजन्य र साना उद्योगको स्थापना तथा विकासका लागि पुंजीगत अनुदान कार्यक्रम र महिला, परम्परागत पेशा गर्ने जनता र दलित आदि वर्गहरूलाई अनुदानको माध्यमबाट सहकारी संस्थाहरूको सुदृढिकरणको कार्यबाट निजहरूको सामाजिकस्तर विकास गर्न सघाउ पुरयाउन ५३ वटा सहकारी संस्थालाई रु १,४९,००,०००/- अनुदान रकम स्वीकृत भई ५१ संस्थाहरूसँग कार्यसम्पादन सम्झौता गरी रु १,४५,००,०००/- अनुदान रकम भुक्तानी गरीएको छ।

आर्थिक क्षेत्रमा देहायका उपलब्धिहरू हासिल भएको देखिन्छ :

- **रोजगारी वृद्धिः** २०७२ असार मसान्तसम्म करिब २ लाख ८२ हजार जना सञ्चालक सदस्य, ४७ लाख ८५ हजार जना शेयर सदस्यहरू विभिन्न सहकारी संघ संस्थामा आवद्ध भई सहकारी क्षेत्रमा करिव ६१,२७० ब्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका देखिन्छ।
- **वित्तीय क्षेत्रमा योगदानः** यस आर्थिक वर्ष सम्ममा मुलुकको अर्थतन्त्रको एक महत्वपूर्ण हिस्सा रहेको सहकारी क्षेत्रको अर्थतन्त्रमा रहेको योगदानलाई हेर्दा शेयरपूँजी लगभग ६३ अर्ब, बचत पूँजी रु २ खर्ब २ अर्व र कर्जा लगानी १८८ अर्ब गरी लगभग ४५३ अर्बको वित्तीय कारोवार गरेको देखिन्छ।

- **आर्थिक कारोवारमा वृद्धिः** चितवन र स्याङजा जिल्लामा सरकार सहकारी साझेदारी कार्यक्रम अन्तर्गत शीतघर निर्माणको लागि रु. १,१८,३४,००० अनुदान रकम भुक्तानी गरिएको छ। जसबाट विभिन्न वर्ग/ समुदायको आर्थिक कारोवारमा वृद्धि हुन गएको छ।

राजनीतिक/कानूनी उपलब्धिः

- **सहकारी ऐन, २०७२:** सहकारी संघ/संस्थाहरूको कारोवारमा सुशासन कायम गर्न सहकारी ऐन, २०४८ लाई पुनरावलोकन गरी सहकारी ऐन, २०७२ को मस्यौदा तयार गरी व्यवस्थापिका संसदमा पेश गर्ने प्रयोजनको निमित्त मन्त्रिपरिषद्मा मिति २०७२/१०/१० मा स्वीकृतिका लागि मन्त्रिपरिषद्बाट सहमति प्राप्त भएर उक्त विधेयक व्यवस्थापिका संसदमा दर्ता हुने क्रममा छ।

शान्ति सुरक्षा सम्वन्धीः-

- राष्ट्रिय सुरक्षा नीति, २०७३ को भाग ३, दफा ३.३ मा नेपाली सेनाको प्रमुख सुरक्षा जिम्मेवारीमा उल्लेख गरिएका बुँदाहरुमा हरेक विषयबस्तुलाई समेटी योजनाहरु तथा स्थायी कार्यविधिहरु तयार गर्ने कार्य प्रारम्भ गरिएको छ। योजनाहरुलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सोको अभ्यास, अनुगमन तथा मूल्याङ्कनको कार्यहरु सम्पादन भएको छ।
- राष्ट्रिय हितको चुनौतीहरुको सामना गर्न फौजको तयारी तथा अभ्यास समेत सञ्चालन गरिएको छ। राष्ट्रिय सुरक्षा नीति अनुसार नेपाली सेनाको मूल ग्रन्थलाई अद्यावधिक गर्न सहज भएको र भविष्यमा सैनिक सुरक्षा रणनीतिलाई मूर्त रुप दिन अझ सहज हुने छ।

वन तथा भू-संरक्षणसँग सम्बन्धित मुख्य उपलब्धिहरुः-

- वन तथा भू संरक्षण मन्त्रालका सचिव र पाँच वटै विभाग (वन विभाग, भू तथा जलाधार संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन अनुसन्धान तथा सर्भेक्षण विभाग, वनस्पति विभाग) का महानिर्देशक बीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ।
- वन विभागका महानिर्देशक र ४८ जिल्ला वन अधिकृत बीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ।

- भू तथा जलाधार संरक्षण विभागका महानिर्देशक र ६१ जिल्लाका भू-संरक्षण अधिकृत बीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ।
- १० राष्ट्रिय निकुञ्ज, ३ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष र ३ संरक्षण क्षेत्रका कार्यालय प्रमुख र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देश बीच कार्यसम्पादन संझौता सम्पन्न भएको छ।
- वनस्पति विभागका महानिर्देशक र १० जिल्लाका प्रमुख बिच कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ।
- ४७ प्रतिशत वार्षिक वेरुजु फछ्र्यौट भएको छ।
- हेलो सरकार - १४० वटा जनगुनासो प्राप्त भई १२७ वटा (९० प्रतिशत) सम्बोधन भएको छ।
- २३ जिल्लाबाट ७०५ हेक्टर अतिक्रमण हटाईएको र तारबार सहित व्यवस्थापन गर्न शुरु गरिएको छ।

श्वेतपत्र जारीः

देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी श्वेतपत्र जारी गरिएको छ। विनाशकारी भूकम्प र आपूर्ति प्रणालीमा सिर्जना भएको असहजताले अर्थतन्त्रमा पारेका प्रतिकूल प्रभावहरु, तिनबाट सिर्जित समस्याको समाधान गर्नका लागि तत्काल गरिनु पर्ने सुधार कार्य योजना र सुधार कार्यान्वयनको कार्ययोजना समेत तयार गरी व्यवस्थित रुपमा कार्यान्वयन गरिएको छ।

भूकम्प पीडितका लागि न्यानो कपडा र पुनर्निर्माणको लागि रकम निकासा

- नेपाल सरकारको निर्णय बमोजिम भूकम्प पीडितका लागि प्रति परिवार दशहजार रुपैया नगद अनुदान उपलब्ध गराउन २०७२ मंसीर १५ मा रु. ६ अर्व २ करोड ५६ लाख ७० हजार र २०७२ फागुनमा रु. १ अर्व १२ करोड गरी जम्मा रू. ७ अर्व १४ करोड निकासा गरिएको छ।
- भूकम्पपछिको पुनर्निर्माण कार्यलाई अगाडि बढाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई रू. ७० अर्व निकासा दिइएको छ।

आर्थिक पुनरुद्धार कोषको व्यवस्था

भूकम्पबाट भएको क्षति, सीमा नाकामा भएको अवरोध तथा आपूर्ति प्रणालीको असहज परिस्थितिबाट कृषि, पर्यटन, उद्योग, व्यवसायलगायत अर्थतन्त्रमा पर्न गएको प्रतिकूल असरलाई न्यूनीकरण गर्ने, कृषि, पर्यटन, उद्योग व्यवसायको सुचारु संचालनमा सहयोग पुऱ्याउने, आर्थिक कृयाकलापमा विस्तार ल्याउन सहयोग पुऱ्याउने, लगानीको विश्वसनीय

वातावरण बढाउन योगदान गर्ने, रोजगारी बृद्धि र उत्पादन वृद्धि गर्न सहयोग पुऱ्याउने, अर्थतन्त्रमा गतिशीलता ल्याउने, असहज परिस्थितिमा उद्योग व्यवसाय र उद्यमशील नागरिकलाई राज्यको तर्फबाट सम्बोधन गरी आत्मविश्वास बढाउने उदेश्यले ब्याज अनुदान र पुनकर्जाको सुविधा उपलव्ध गराउन एकसय अर्व रुपैयाँको आर्थिक पुनर्उद्धार कोषको व्यवस्था गरिएको छ। कोषमा नेपाल सरकारका तर्फबाट रु. ५ अर्ब जम्मा गरिएको छ।

राजस्व संकलन र राजस्व प्रशासनमा सुधार

- तराई-मधेश आन्दोलन र सीमा नाकाहरुमा भएका अवरोधले आपूर्ति प्रणाली र आर्थिक क्रियाकलापमा परेको प्रतिकूल प्रभावका वाबजूद २०७३ असार मसान्तसम्म वार्षिक लक्ष्य ४७५ अर्व १ करोडको तुलनामा रु. ४८२ अर्व ७४ करोड राजस्व संकलन गरी लक्ष्यको १०२ प्रतिशत प्रगति हासिल भएको छ। यसबाट राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात गत वर्षको १९ प्रतिशतबाट वृद्धि भई २१.५ प्रतिशत पुगेको छ।
- विद्यमान असहज अवस्थाबाट न्यून भएको राजस्व परिपूरण गरी राजस्व संकलनको लक्ष्य हासिल गर्न राजस्व परिचालनको वैकल्पिक कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।
- राजस्व सम्बन्धी लेखा र तथ्याङ्कलाई प्रभावकारी र विश्वसनीय बनाउन राजस्व संकलनको एकीकृत तथ्याङ्क प्रणाली स्थापना गर्ने क्रममा काठमाडौं उपत्यका वाहिर ११ जिल्लामा राजस्व व्यवस्थापन सूचना प्रणाली प्रारम्भ भएको छ।
- राजस्व प्रशासनमा संरचनागत सुधार गर्ने उद्देश्यले केन्द्रीय राजस्व बोर्डको अवधारणा, एकीकृत करसंहिता तर्जुमाको अवधारणापत्र, विद्युतीय व्यापार र कर प्रणाली बीचको अन्तरसम्बन्ध अध्ययन विषयक अवधारणा स्वीकृत गरी बृहत्तर सुधारको खाका अगाडि बढाइएको छ।
- एकीकृत विद्युतीय कर प्रणालीको स्थापनाको कार्य प्रारम्भ भएको छ।
- राजस्व छुटलाई पारदर्शी र व्यवस्थित तुल्याउन कम्प्युटर प्रविधिमा आधारित प्रणाली स्थापना गरी परीक्षणको रुपमा लागु गरिएको छ।
- विभागीय प्रमुखहरुलाई थप जिम्मेवार र उत्तरदायी बनाउन आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग र राजस्व प्रशासन तालिम केन्द्रका प्रमुखहरुका साथै राजस्व कार्यालयहरुका प्रमुखहरूसंग कार्य सम्पादन सम्झौता गरिएको छ।
- राजस्व प्रशासन र आर्थिक प्रशासनमा काम गर्ने कर्मचारीको दक्षता र सीप अभिवृद्धि गर्ने उद्देश्यले संघीय संरचनामा वित्तीय व्यवस्थापन, सहायता व्यवस्थापन सूचना प्रणाली, तालिम आवश्यकता पहिचान, आयोजना लेखा, भन्सार मूल्याङ्कन, सार्वजनिक

खरिद र कर सम्बन्धी २६ वटा तालिम सञ्चालन गरी ८१० जना कर्मचारीलाई तालीम प्रदान गरिएको छ।

- सेवा प्रवाहलाई सरलीकृत एवं प्रभावकारी बनाउने र राजस्व संकलन वृद्धि गर्ने उद्देश्य अनुरुप जग्गा तथा घर जग्गा निःसर्गमा पूँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ र क्यासिनोको आकस्मिक लाभकर सम्बन्धी निर्देशिका, २०७२ स्वीकृत गरी लागु गरिएको छ।

अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

- विभिन्न २७ वटा परियोजना कार्यान्वयनको लागि रु. १ खर्व ९५ अर्व ६० करोड बराबरको वैदेशिक सहायता सम्झौता भएको छ। यसमध्ये रु. ७९ अर्व २० करोड ३७ लाख अनुदान (४०.४९%) र रु. १ खर्ब १६ अर्व ३९ करोड ५० लाख वरावरको सहुलियत ऋण सहायता (५९.५१%) रहेको छ।
- भूकम्प पछिको पुनर्निमाणको लागि अन्तर्राष्ट्रिय सहायता परिचालनलाई प्रभावकारी बनाउन स्थानीय विकास साझेदारहरुसँगको बैठक सम्पन्न भएको छ।
- बैदेशिक सहायता अन्तर्गत विगत वर्षैदेखिको सोधभर्ना हुन बाँकी रकम मध्ये रु. ३७ अर्व ८५ करोडभन्दा बढी सोधभर्ना प्राप्त भएको छ।

सार्वजनिक खर्च व्यवस्थापन

- चालु आ. व. को असार मसान्त सम्म कुल रु. ५८९ अर्ब ६५ करोड सार्वजानिक खर्च भएको, जसमध्ये चालुतर्फ रु. ३६६ अर्ब ४९ करोड र पुँजीगत तर्फ रु. ११७ अर्व ६० करोड र वित्तीय व्यवस्थातर्फ रु.१०५ अर्व ५६ करोड खर्च भएको छ।
- पूर्वाधार आयोजनाहरु पहिचान गर्न, प्राथमिकता निर्धारण गर्न, कार्वान्यनका लागि समन्वय, सहजीकरण, स्रोत व्यवस्थापन र निर्देशन गर्नका लागि "पूर्वाधार आयोजना अनुगमन तथा निर्देशन उच्चस्तरीय समिति" गठन गरिएको छ। यस समितिबाट पूर्वाधारसँग सम्बन्धित विभिन्न निर्णयहरू गरी मन्त्रिपरिषदमा प्रस्ताव लैजान सहमति प्रदान गरिएको छ।

व्यावसाय तथा व्यापार सहजीकरण

- भूकम्पपीडितको कर्जा पुनर्तालिकीकरण गर्ने कार्य सम्पन्न भएको छ।
- बन्द, हडताल र सीमा नाकाहरुको अबरोधका कारण निजी क्षेत्रमा पर्न गएको प्रतिकूल प्रभावलाई न्यून गरी तत्काल वित्तीय सहुलियत प्रदान गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरु मार्फत उद्यमी व्यावसायीहरुलाई कर्जा नोक्सानी व्यवस्थामा

सरलीकरण, कर्जा पुनर्तालिकीकरण वा पुनर्संरचनाको सुविधा, आम्दानी खर्च लेखाङ्कन गर्ने अवधि थप, किस्ता भुक्तानी शुरु हुने ग्रेस अवधि, ट्रष्ट रिसिप्ट कर्जा असूल गर्ने अवधि थप लगायतका विभिन्न नियमनकारी छुट तथा वित्तीय उत्प्रेरणाहरु प्रदान गरिएको छ।

- तत्कालीन असहज अवस्थामा निजी क्षेत्रले भोगेका समस्याका सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न निजी क्षेत्र समेतको सहभागितामा राजस्व सचिवको अध्यक्षतामा उच्चस्तरीय समिति गठन गरी सम्वाद, सहकार्य र सहमति जुटाई समस्या समाधान गर्ने प्रणाली स्थापना गरिएको छ।
- लामो समयसम्म भन्सार नाकामा रोकिएका मालवस्तुहरुलाई रीरुटिङ गर्ने, बण्डेड वेयरहाउसको सुविधा अन्तरगत निकासी गर्न पाउने अबधि थप गर्ने, कोलकाता बन्दरगाहमा लागेको बिलम्व शुल्क, डिमरेज शुल्क लगायतका शुल्कहरु मिनाहा वा छुटका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने, सुख्खा बन्दरगाह र बीरगञ्ज भन्सार कार्यालयका गोदाममा रहेका सामानमा लाग्ने बिलम्व शुल्क र पार्किङ शुल्क मिनाहा गर्ने लगायतका कार्यहरु गरी व्यापार सहजीकरण गरिएको छ।
- भन्सार जाँचपास प्रक्रियालाई अनलाइनमा आधारित बनाई व्यावसायिक लागत न्यून गर्ने उद्देश्यले **ASYCUDA World** प्रणाली तयार गरी मेची भन्सार कार्यालयबाट परीक्षण शुरुवात गरिएको छ।
- राजस्व छुटको विरणलाई व्यवस्थित गर्न अनलाइनमा आधारित छुटको सफ्टवेयर तयार गरी कार्यान्वयनमा ल्याइएको छ।
- सुख्खा बन्दरगाह, कृष्णनगर, नेपालगञ्ज भन्सार कार्यालयहरुमा विस्तार गरी भन्सार विभाग र अर्थ मन्त्रालयबाट अनुगमन गर्ने व्यवस्था गरिएको छ।
- नेपालमा आयात हुने विभिन्न मालवस्तुहरूमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क तथा अन्य दस्तुरहरूको जानकारी SMS प्रणालीबाट प्रदान गने व्यवस्था गरिएको छ।
- बैदेशिक व्यापारको सिलसिलामा भन्सार जाँचपास प्रकृयालाई छिटो छरितो र व्यवस्थित बनाउन, विद्यमान कमी कमजोरी पहिचान गरी भन्सार बिन्दुमा प्रवेश गरी जाँचपास भई बहिर्गमन सम्मको समय अध्ययन गर्न Time Release Study (TRS) को कार्य मेची भन्सार कार्यालयबाट शुरुवात गरिएको छ।
- त्रिभुवन विमानस्थल कार्यालयमा यात्रुहरूले ल्याई धरौटीमा रहेका मालवस्तुहरूको अभिलेख व्यवस्थित गर्न अनलाइनमा आधारित सफ्टवेयर तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

- केन्द्रीय राजस्व बोर्ड गठन गर्ने सिलसिलामा प्रस्तावित बोर्डको कानुनी, संगठनात्मक र कार्य प्रक्रियाको पहिचान गर्न विज्ञ समुहबाट परामर्श लिने प्रक्रिया थालनी गरिएको छ।

राजस्व चुहावट नियन्त्रण

- राजस्व चुहावट नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न क्षेत्रहरुका २८१ वटा करदाताहरूको कारोवारको अनुसन्धान गरिएको छ। १११७ वटा मालवाहक गाडीहरुको भौतिक चेकजाँच सम्पन्न गरिएको छ।
- विदेशी मुद्रा अपचलनका ६० वटा अनुसन्धान सम्पन्न गरी सम्बन्धित अदालतमा मुद्दा दायर गरिएको छ।
- राजस्व चुहावट अनुसन्धान प्रक्रियालाई समयानुकूल व्यवस्थित गर्ने सम्बन्धमा राजस्व चुहावट नियन्त्रण ऐनमा संशोधनको प्रारम्भिक प्रक्रिया अगाडि बढाइएको छ। साथै, राजस्व चुहावट अनुसन्धान कार्यविधिको मस्यौदा तयारीको चरणमा रहेको छ। Risk Profile पहिचान गरी सो को आधारमा अनुसन्धानको प्रक्रिया थालनी गरिएको छ।

सम्पत्ति शुद्धीकरण निवारण

- विभिन्न निकायहरुमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागी Anti Money Laundering/Combating for Financing of Terrorism (AML/CFT) सम्बन्धी Asia Pacific Group को ३८ देश तथा १० अन्तर्राष्ट्रिय संघ सस्था सहभागी भएको APG Typologies and Capacity Building Workshop सम्पन्न गरिएको छ।
- सम्पती शुद्धीकरण अनुसन्धान विभागबाट ३२ वटा सम्पत्ती शुद्दीकरण सम्बन्धी मुद्दा विशेष अदालतमा अभियोजन गरिएको छ।
- राष्ट्रिय मुद्रा निर्मलीकरण तथा आतङ्कवादमा वित्तीय लगानी सम्बन्धी जोखिम मूल्याङ्कन (२०१४-१६) को प्रतिवेदन तयार गरिएको छ।
- सम्पत्ति शुद्दीकरण अनुसन्धान विभागमा उजुरीहरूलाई व्यवस्थित गर्न र अनुसन्धानको अवस्था जानकारी हुने गरी Anti-Money Laundering Case Management Information System सम्बन्धी सफ्टवेयर तयारी अन्तिम चरणमा पुगेको छ।
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धानको सिलसिलामा अनुसन्धान गर्ने निकायहरू बीचमा आपसी समन्वय कायम गरी सुझावहरू आदानप्रदान गरी अनुसन्धान कार्य सशक्त बनाउन आवश्यक पर्ने ४ वटा निकायहरूसँग MOU गर्ने कार्य अगाडि बढाइएको छ।

कानुन तर्जुमा तथा संशोधन

- नेपालको संविधान जारी भएपश्चात् संविधानसँग बाझिएका कानूनहरुलाई संशोधन गर्ने सिलसिलामा भन्सार ऐन, २०६४ मा संशोधनको प्रस्ताव गरी केही नेपाल ऐन संशोधन सम्बन्धी विधेयकको रुपमा व्यवस्थापिका-संसदमा पेश भएको छ।
- नेपाल राष्ट्र बैक ऐन (दोश्रो संशोधन) विधेयक २०७१, बैङ्किङ कसूर तथा सजाय (पहिलो संशोधन) विधेयक २०७१, बैंक तथा वित्तीय सस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२, कर्मचारी संचय कोष (नवौ संशोधन) विधेयक, २०७१, निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७२ र लेखापरीक्षण (पहिलो संशोधन) विधेयक, २०७१ व्यवस्थापिका संसदमा टेबुल गरिएको छ।
- नेपालको संविधान, २०७२ अनुसार तर्जुमा गर्नुपर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी, संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन सम्बन्धी वित्तीय अनुशासन सम्बन्धी संघीय आकस्मिक कोष सम्बन्धी कानुनहरू तर्जुमाको लागी सैद्धान्तिक सहमति प्राप्त भएको छ।

आ.व. २०७३/७४ को वर्षको बजेटप्रस्तुत

- संविधान बमोजिम २०७३ जेठ १५ गते १० खर्ब ४८ अर्ब ९२ करोडको बजेट व्यवस्थापिका- संसदमा पेश भई कार्यान्वयनमा आएको छ।
- उच्च आर्थिक वृद्धि हासिल गरी मुलुकलाई आर्थिक सम्वृद्धिको मार्गमा लैजाने तर्फ बजेट केन्द्रित गरिएको छ।

उद्योग क्षेत्रसँग सम्बन्धित मुख्य उपलब्धिहरु

- औद्योगिक व्यवसाय ऐनको विधेयक व्यवस्थापिका संसदमा पेश भएको छ।
- कम्पनी ऐनको अन्तिम मस्यौदा तयार भई कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयबाट सहमति प्राप्त भई मन्त्रिपरिषदमा पेश हुने क्रममा रहेको छ।
- खानी तथा खनिज पदार्थ नियमावली संशोधनको लागि मन्त्रिपरिषदमा पेश भएको छ।
- पेट्रोलियम पदार्थ सम्बन्धी विस्तृत अध्ययन, अनुसन्धानका लागि चीन सरकारसँग Government to Government (G2G) छलफल भई चीनिया र नेपाली प्राविधिकको संयुक्त टोलीबाट प्रारम्भिक संभाव्यता अध्ययन भएको छ।
- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट पाँचवटा औद्योगिक क्षेत्रको घोषणा भएको र ७ वटै प्रदेशमा कम्तिमा १ हजार विगाहा क्षेत्रफल भएको औद्योगिक क्षेत्र स्थापना गर्ने नीतिगत व्यवस्था भएको छ।

- भूकम्पबाट अति प्रभावित ११ जिल्ला मध्ये ९ जिल्लाका ११७ वटा वस्तीहरुको भौगर्भिक जोखिमको अध्ययन गरी प्रतिवेदन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पठाइएको छ।
- चीन सरकारको सहयोगमा १० वटा साइस्मिक स्टेशनहरु स्थापना गर्ने सम्झौता भएको छ।
- बाराको सिमारा सेजमा अन्य उद्योगका साथै Garment Processing Zone (GPZ) निर्माण गरी आगामी ३ वर्ष भित्रमा सञ्चालनमा ल्याउने गरी सम्झौता भै निर्माण कार्य सुरु गरिएको छ।
- भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन गर्ने कार्यविधि संशोधन भई कार्य अगाडि बढिसकेको छ। २३ वटा उद्योगले उद्योग स्थापना गर्न प्रस्ताव पेश गरेका छन्।
- विशेष आर्थिक क्षेत्र सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका संसदमा पेश भएको छ।
- महिला उद्यमशीलता विकास कोष २६ जिल्लामा सञ्चालन गरिएको छ।
- कम्पनी रजिष्ट्रार कार्यालयबाट प्रदान गरिने सेवा Online मार्फत हुने गरेको छ।
- जनवादी गणतन्त्र चीन सरकारसँगको BIPPA को परिमार्जित मस्यौदा परराष्ट्र मन्त्रालयमा पठाइएको छ।

वाणिज्य सम्झौता

- प्रधानमन्त्रीको भारत भ्रमण अवसरमा वाणिज्य सचिव स्तरमा निम्न ४ वटा LOE हरुमा हस्ताक्षर सम्पन्न भएको छः
  - Simplification of Modalities for Traffic-in-Transit between Nepal and Bangladesh through Kakarbhitta-Banglabandh Corridor.
  - Operationalisation of Traffic-in-Transit between Vishakhapatnam Port and Nepal (Amendment in Treaty of Transit)
  - Operationalisation of rail transit facility through Singhabad for Nepal's trade with and through Bangladesh
  - Operationalization of Traffic-in-Transit Through Rail Transport to/from Vishakhapatnam Port (Amendment in Rail Services Agreement)
- प्रधानमन्त्रीको चीन भ्रमणको क्रममा नेपाल चीन पारवहन सम्झौता तथा नेपाल चीन स्वतन्त्र व्यापार सम्झौताको संयुक्त सम्भाव्यता अध्ययनको MoU मा हस्ताक्षर सम्पन्न भएकोमा सो संझौताको कार्यान्वयनको लागि आवश्यक प्रोटोकलहरु तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

युवा तथा खेलकुद सम्बन्धित मुख्य उपलब्धिहरु

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ र नियमावली, २०७२ कार्यान्वयनमा आई राष्ट्रिय युवा परिषद् र ७५ जिल्ला युवा समिति गठन भई कार्य प्रारम्भ भएको छ। युवा सूचना केन्द्रको माध्यमद्वारा देशमा रहेका युवाहरूले आफूले चाहेका समग्र सूचना सहजै प्राप्त गर्न सक्ने भएका छन्।

मानव अधिकारः

- मानव अधिकार क्षेत्रमा नेपाली सेनाका सैनिक व्यक्तिहरुले शक्ति प्रयोग गर्दा अपनाउनुपर्ने विधि (Rules of Engagement (ROE) Card) को साथै द्वन्द्व र निर्वाचनको समयमा मानव अधिकार र मानवीय कानुनको पालना गर्ने सम्बन्धी निर्देशिका तयार गरी वितरण गरिएको छ। मानव अधिकार उल्लंघनका घटनाहरुमा दोषी ठहर भएका सैनिक व्यक्तिहरुलाई संयुक्त राष्ट्रसंघीय शान्ति सेनामा सहभागी हुनबाट वन्चित गर्ने नीति अवलम्वन गरिएको छ।
- नेपाली सेनाको हरेक सुरक्षा कारवाहीको योजनामा मानव अधिकार/अन्तर्राष्ट्रिय मानवीय कानुनको परिच्छेद समावेश गर्ने गरिएको र फौज परिचालन हुनु अगाडि मानव अधिकार तथा मानवीय कानुन सम्बन्धी ब्रिफिङ गर्ने गरिएको छ। मानव अधिकार हनन् गर्ने व्यक्तिहरुलाई **Zero Tolerance Policy** अनुरुप सजाय दिने गरिएको छ। मानव अधिकार उलंघनको विषयमा कुनै घटना घटेमा तत्कालै मिडिया र मानव अधिकारवादीहरुलाई जानकारी गराउने गरिएको छ।

नेपाल-भारत परामर्श बैठक-२०१६

नेपाल-भारत परामर्श समूहको १२ औं बैठक भारतको नयाँ दिल्लीमा ०९-१० जुन २०१६ मा सम्पन्न भएको छ। उक्त बैठकको अन्त्यमा भारत सरकारबाट नेपाली सेनालाई उपलब्ध गराउने सैन्य सामग्री सम्बन्धी सम्झौता पत्रमा दुवै देशको प्रतिनिधिबाट हस्ताक्षर भएको छ। उक्त सम्झौता पत्रमा भारत सरकारबाट प्रदान हुने ६०% र ७०% को Uniform Method of Payment मा Grant को Ceiling निर्धारण गर्न भारत सरकारलाई अनुरोध समेत गरिएको छ।

खानेपानी तथा सरसफाइ क्षेत्रको मुख्य उपलब्धिहरु

प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ भन्ने संविधानको मौलिक हक अन्तर्गतको धारा ३५(४) उल्लेख गरिएको छ। अतः उक्त सुविधाको सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख ध्येय हो। सो उद्देश्य हासिल गर्नका लागि हाल

उपलब्ध नीतिगत तथा संस्थागत संरचनाहरुको अधिकतम उपयोग, विकास तथा विस्तारलाइ निरन्तरता दिइएको छ। समग्र क्षेत्रको मार्गदर्शकको रुपमा क्षेत्रगत विकास योजना तयार गरी खानेपानी तथा सरसफाई सुविधा प्राप्तिको जनआकांक्षा पूरा गर्न अधिकतम प्रयास गरिएको छ।

तेह्रौ योजनाको तथा यस आ.व.को अन्तसम्ममा आधारभूत खानेपानी सेवाबाट लाभान्वित जनसंख्या ८५ प्रतिशत, उच्चमध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या १५ प्रतिशत र सरसफाइ सुविधाबाट लाभान्वित जनसंख्या ८१ प्रतिशत रहेको छ। दक्षिण एसियाली देशहरुसँग तुलना गर्दा खानेपानी सेवा पहुँचमा नेपाल अन्य देशको हाराहारीमा रहेको छ भने सरसफाइको पहुँचमा ती देशहरु भन्दा निकै माथि आउन सफल भएको छ। सरुवा रोग तथा दूषित पानीद्धारा लाग्ने रोगहरु घट्न गई आम नेपाली जनताहरुको स्वास्थ्यमा क्रमिक सुधार भएको छ। बाल मृत्युदर र मातृ मृत्युदर समेत लक्ष्य अनुरुप नै घटन गएको छ। विद्यालयहरुमा शौचालयको समुचित व्यवस्थापन तथा खानेपानीको सर्वसुलभ पहुँचको प्रयासले गर्दा छात्रा भर्ना दर बढ्न गई साक्षरता दर समेत बढ्न गएको छ।

सहस्राब्दी विकास लक्ष्य अनुसार सन् २०१५ सम्म ७३ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको खानेपानी सुविधा र ५३ प्रतिशतलाई आधारभूतस्तरको सरसफाइ सुविधा पुऱ्याउने लक्ष्य प्राप्त भइसकेको छ। हाल खानेपानी आपूर्ति सम्बन्धी अधुरा र क्रमागत कार्यक्रमहरुलाई निरन्तरता दिई थप कार्यक्रमहरु संचालन गर्नुका साथै विद्यमान खानेपानी वितरण प्रणालीको मर्मत संभार गर्ने, राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६३ ले तोके अनुसार क्रमिक रुपमा खानेपानीको गुणस्तर तथा सेवास्तर सुधार गर्ने, शहरी तथा अर्धशहरी खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरण गर्दा लागत उठ्ती प्रणाली लागू गर्ने, भूमिगत जल प्रयोग हुने स्थानमा पुनःनिर्माण गर्नुका साथै सतह स्रोतवाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षातको पानी संकलन गर्ने, खुल्ला दिशा पिसाब मुक्त क्षेत्रको घोषणा लगायत वातावरणीय सरसफाइ कार्यक्रम मार्फत खानेपानी तथा सरसफाइ सम्बन्धी दीर्घकालीन लक्ष्य प्राप्तीमा विशेष जोड दिइएको छ। यसै गरी सन २०३० सम्मको लागि संयुक्त राष्ट्र संघबाट

घोषित दिगो विकास लक्ष्य (SDGs) समेतलाई आधार बनाई नीति तथा कार्यक्रमहरु अघि वढाईएको छ।

कृषि क्षेत्रसँग सम्बन्धित मुख्य उपलब्धिहरु

- २० वर्षे कृषि विकास रणनीति (Agriculture Development Strategy, ADS) नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७२ श्रावण १० गते स्वीकृत भएको छ।
- कृषि विकासका लागि मन्त्रालयले शुभारम्भ गरेको मुलुकको कृषि विकासको मार्गदर्शन र साझा दस्तावेजको रुपमा रहेको कृषि विकास रणनीतिलाई नेपालको नयाँ संविधानको भावना अनुरुप कार्यान्वयन गर्दै लैजाने क्रममा राष्ट्रिय कृषि विकास रणनीति कार्यान्वयन समिति (NADSIC) गठन भई रणनीति कार्यान्वयनका लागि आवश्यक पूर्वाधार निर्माणका कृयाकलापहरु अघि वढिरहेका छन् भने आ.व. २०७३।७४ को कार्यक्रम तथा बजेट तर्जुमा भई यसै अनुरुप कार्यक्रम संचालन भइरहेको छ।
- सर्वसाधारणको गुनासो, विकास निर्माण सम्बन्धी मागहरु, भ्रष्टाचार र अनियमितता लगायतका कुरा समयमै सम्बोधन गर्न हेलो सरकार कक्ष स्थापना गरिएको र आ.व. २०७२।७३ मा प्राप्त गुनासो मध्ये शत प्रतिशत फछ्र्यौट गरिएको छ।

ऊर्जा क्षेत्रका प्रमुख उपलब्धीहरुः-

- सार्क राष्ट्रका परराष्ट्र मन्त्रीहरुबाट मिति २०७१।११।०८ तदनुसार २०१४ नोभेम्बर २७ मा हस्ताक्षर भएको SAARC Framework Agreement for Energy Cooperation (Electricity) लाई नेपाल सन्धि ऐन, २०४७ को दफा ४ बमोजिम अनुमोदनका लागि व्यवस्थापिका संसदमा प्रस्ताव पेश भई अनुमोदन हुन बाँकी छ।

- विद्युत क्षेत्रको विकासका लागि सहयोग र सहकार्य गरी अगाडि बढ्ने उद्देश्यले नेपाल बङ्गलादेश सहमति/समझदारी (Memorandum of Understanding) का लागि मस्यौदा तयार गरी परराष्ट्र र अर्थ मन्त्रालयको राय लिई कानून मन्त्रालयको सहमतिका लागि पठाइएको छ। यसै गरी नेपाल चीन सहमति/समझदारी (Memorandum of Understanding) को लागि मस्यौदा तयारी भइरहेको छ।

- नेपाल-भारत वीच विद्युत व्यापार सम्झौता पश्चात विद्युतको अन्तरदेशीय प्रसारण ग्रीड जोड्ने, विस्तार गर्ने सन्दर्भमा संयुक्त प्रसारण गुरु योजना (Joint Transmission Master Plan) तयार गरी प्रसारण लाईनलाई प्राथमिकताको आधारमा क्रमिक सुधार, निर्माण र

विस्तार गर्ने लगायतका कार्यका सम्बन्धमा Joint Working Group (JWG) र Joint Steering Committee (JSC) को तेस्रो बैठक नयाँ दिल्लीमा क्रमशः २७ र २८ जुन २०१६ मा सम्पन्न भएको छ। सो बैठकमा "**नेपाल-भारत एकीकृत दीर्घकालीन प्रसारण योजना**" स्वीकृत भएको छ।

- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।८।८ को निर्णयानुसार देशको वर्तमान अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी श्वेतपत्र अनुरुप विद्यमान ऊर्जा सङ्कट निवारण गर्न तत्काल सुधारका कार्यक्रम सहित ऊर्जा क्षेत्रको समग्र विकासको लागि अपनाउनु पर्ने दीर्घकालीन प्रकृतिका नीतिगत, कानूनी, प्रकृयागत र संरचनागत व्यवस्था तथा सुधारका लागि "**राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र, २०७२**" नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।११।६ को निर्णयानुसार स्वीकृत भई हाल कार्यान्वयनको चरणमा रहेको छ।

परिच्छेद - ३

शासकीय क्षेत्रको निकायगत उपलब्धिहरु

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलब्धिहरु हासिल भएको छ।

मुख्य सचिवको सचिवालय

मन्त्रिपरिषद् बैठकसँग सम्बन्धित प्रगति विवरण

- नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीबाट प्रधानमन्त्रीको अध्यक्षतामा २०७२ श्रावण महिनादेखि २०७३ आषाढ मसान्तसम्म बसेका ६५ वटा मन्त्रिपरिषद्को बैठकमा प्रस्तुत भएका विभिन्न निकायका प्रस्तावहरुमाथि छलफल गराइ नीतिगत, कार्यक्रमगतलगायतका जम्मा १४९२ वटा निर्णयहरु प्रमाणित भएका छन्।

नेपाल सरकारका मुख्यसचिवको सचिवालयबाट सम्पादित प्रमुख कार्यहरुको विवरण

- यस अवधिमा भएका १४ वटा सचिव बैठकको व्यवस्थापनका लागि नेपाल सरकारका हरेक सचिवहरु रहने निकायबाट एजेण्डा संकलन, त्यसको समष्टिकरण, मुख्य सचिव समक्ष पेश, अन्तिमिकरण, उक्त अन्तिम एजेण्डा सचिव रहने हरेक निकायहरुमा पत्राचार, बैठकको लागि हरेक निकायमा पत्राचार, बैठक व्यवस्थापन, निर्णयको ड्राफ्ट, अन्तिमिकरण, निर्णय कार्यान्वयनका लागि सबै निकायहरुमा पत्राचार, कार्यान्वयन प्रगतिको विवरण माग संकलन, कार्यान्वयनको एकीकृत प्रगति तयारी, महत्वपूर्ण निर्णय कार्यान्वयन र सम्बन्धित निकायहरुबाट भएको कार्यान्वयनको follow up गर्ने लगायतको कार्यमा समन्वय, संलग्नता र सहजिकरण गरिएको छ।
- औषतमा दैनिक १५/१६ व्यक्ति/संस्थाहरुसंगको भेटघाट व्यवस्थापन (Appointment Management) का दरले यस अवधिमा करिव ६३०० भेटघाट व्यवस्थापनका कार्यहरु गरिएका छन्।
- दैनिक करिव ४/५ वटा गुनासोका दरले यस अवधिमा करिव ३६५० गुनासो उपर सम्बन्धित निकायमा टेलिफोन गरी व्यवस्थापनमा समन्वय र सहयोग गरिएको छ।

- विभिन्न पत्रपत्रिकामा प्रकाशित सार्वजनिक सरोकारका विषयहरुमा प्रकाशन भएका समाचार पत्रहरुको सम्बन्धमा यथार्थ के हो सत्यतथ्य छनविन गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा निर्देशन भए अनुसारको पत्रचार, त्यसको प्रतिउत्तरको अभिलेखन, समन्वय गर्ने कार्य दिनमा करिव ३/४ वटाका दरले यो अवधिमा करिव १०७५ जति पत्रहरु लेख्ने, सम्बन्धित निकायहरुमा पठाउने र त्यसको ताकेता गर्ने कार्य गरिएको छ।
- यो अवधिमा करिव १०० वटा विदेशी प्रतिनिधि मण्डलहरुलाई भेटघाट व्यवस्थापन (संचार, समन्वय, वैठक, सत्कार) गराइएको छ।

बागमती सफाईसम्बन्धी बैठक:

- यस अवधिमा मुख्यसचिवबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बागमती सफाई अभियानका आगामी कार्यक्रमहरुलाई थप प्रभावकारी र व्यवस्थित गर्न सो अभियानसँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालयहरु, सुरक्षा निकायका पदाधिकारीहरु र अभियन्ताहरुको सहभागितामा बैठकहरु आयोजना गरी सम्बन्धित मन्त्रालय एवं निकायहरुलाई आवश्यक निर्देशन दिनुभएको छ।
- वागमती सफाईका लागि नियमित एस.एम.एस. र अन्य विविध विषयमा भएका दर्जनौं बैठकको लागि पत्राचार, एस.एम.एस., बैठक व्यवस्थापन, निर्णय ड्राफ्ट र अन्तिमिकरण र सम्बन्धित निकायहरुमा निर्णयको पत्राचार र कार्यान्वयन तथा स्थानीयकरणका लागि आवश्यक समन्वय गरिएको छ।

मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय व्यवस्थापन

- २०७२ श्रावण देखि २०७३ असार महिनासम्मको प्रगति विवरण

क.स.	उपलब्धि
१.	मन्त्रिपरिषद् राजनैतिक समिति बैठक संख्या — ०
२.	मन्त्रिपरिषद् राजनैतिक समिति निर्णय संख्या — ०
३.	मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समिति बैठक संख्या — १६
४.	मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समिति निर्णय संख्या — ४३
५.	मन्त्रिपरिषद् विधेयक समिति बैठक संख्या — २९
६.	मन्त्रिपरिषद् विधेयक समिति निर्णय संख्या — ४१
७.	मन्त्रिपरिषद् प्रशासन समिति बैठक संख्या - १

८.	मन्त्रिपरिषद् प्रशासन समिति निर्णय संख्या — १
९.	मन्त्रिपरिषद् सामाजिक समिति बैठक संख्या – १५
१०.	मन्त्रिपरिषद् सामाजिक समिति निर्णय संख्या – २१

१. शासकीय सुधार

- शासकीय सुधारसँग सम्बन्धित विभिन्न किसिमका गुनासो, उजुरी, सुझाव, मागपत्र, ज्ञापनपत्र तथा निवेदन आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा प्रेषित गरी कार्यान्वयन प्रगतिको नियमित अनुगमन गरिएको छ।
- सुशासन ऐनले निर्दिष्ट गरे बमोजिम प्रत्येक महिना नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा नेपाल सरकारका सचिवहरुको नियमित बैठकको तयारी, एजेण्डा निर्धारण, माईन्यूटिङ, बैठक आयोजना र निर्णय कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय निकायहरुमा प्रेषित गरिएको साथै निर्णय कार्यान्वयन प्रगति संकलन, वर्गीकरण, विश्लेषण र अनुगमन नियमितरुपमा गर्ने गरिएको छ। आ.व. ०७२/७३ मा मुख्यसचिव डा. सोमलाल सुवेदीको अध्यक्षतामा १४ (चौध) वटा सचिव बैठक बसी १११ (एक सय एघार) वटा निर्णय भएको। आ.व.०७२/०७३ मा सचिव बैठकबाट भएका निर्णयहरुको वार्षिक समीक्षा समेत गरिएको छ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको उच्च व्यवस्थापन समूह (SMT) को बैठकको तयारी, एजेण्डा निर्धारण, माईन्युटिङ, बैठक आयोजना र बैठकबाट भएका निर्णय कार्यान्वयनको प्रगति अनुगमन नियमितरुपमा गर्ने गरिएको छ। आ.व. ०७२/०७३ मा यस कार्यालयको उच्च व्यवस्थापन समूह (SMT) को आवश्यक्तानुसारका विभिन्न ४ (चार) वटा बैठक बसेको र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई Center of Excellency बनाउने सम्बन्धमा विभिन्न ३९ (उनान्चालिस) वटा निर्णय भएको छ।
- मुलुकको निजामती सेवामा रही नेपाल सरकारका सेवा निवृत्त मुख्यसचिवहरुले पुन्याउनु भएको विशिष्ट योगदान र अनुभवलाई संस्थागत गर्ने साथै मुलुकको समग्र शासकीय प्रणाली तथा प्रशासनिक व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्न निजामती प्रशासनका विविध एवं समसामयिक विषयमा छलफल गर्ने अभिप्रायले विगत चार वर्ष देखि वार्षिक सम्मेलनको रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

आयोजनामा हुदैं आएको नेपाल सरकारका सेवा निवृत्त मुख्यसचिवहरुको सम्मेलनको निरन्तरता स्वरुप यस पटक नेपाल सरकारका सेवा निवृत्त मुख्यसचिवहरुको चौथो सम्मेलन-२०७२, चैत्र २६ गते आयोजना गरिएको थियो। उक्त सम्मेलनमा संक्रमणकालीन व्यवस्था र संघीयता, सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउने र सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निवारणमा सार्वजनिक प्रशासनको प्रभावकारिता बढाउने उपायहरुका सम्बन्धमा छलफल भई सेवा निवृत्त मुख्यसचिवहरुबाट विभिन्न सुझावहरु प्राप्त भएको छ। प्राप्त सुझावहरुलाई समेटेर प्रतिवेदन तयार गरिएको छ।

- दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को मुख्यसचिवस्तरिय चौथो सम्मेलन जुन ९ देखि १०, २०१६ (तदनुसार २०७३, जेठ, २७-२८) मा काठमाडौंमा सम्पन्न गरिएको छ। सार्क सदस्य राष्ट्रका मुख्य सचिव तथा मन्त्रिपरिषद्का सचिवहरुको सहभागिता रहेको उक्त सम्मेलनमा सदस्य मुलुकको कर्मचारीतन्त्र भित्रका उत्कृष्ट अभ्यासहरुको आदान प्रदान भएको थियो। यसले हरेक मुलुकको कर्मचारीतन्त्र भित्रका राम्रा विषयहरु अनुसरण हुने विश्वास सदस्य राष्ट्रहरुको रहेको छ।
- निजामती सेवा नियमावली २०५० मा रहेको नेतृत्व मूल्याङ्कन समितिलाई क्रियाशील बनाउने सम्बन्धी अवधारणा पत्रको मस्यौदा तयार गरी सामान्य प्रशासन मन्त्रालयको राय समेत प्राप्त भई थप निर्णयका लागि पेश गरिएको छ।
- मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जनउत्तरदायी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई कानुनको शासन, भ्रष्टाचारमुक्त प्रशासन र सार्वजनिक श्रोतको कुशल व्यवस्थापन मार्फत सर्वसाधारणलाई छिटो छरितो तथा कम खर्चिलो ढंगबाट बस्तु तथा सेवा पाउने व्यवस्था गरी सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा स्थापित गर्न राज्यले सम्पन्न गरेका काम कारबाहीहरुलाई आम नागरिक समक्ष पेश गरी सुसूचित गराई आम जनताले सुशासनको अनुभुत गर्ने तहमा स्थापित गर्ने उद्देश्यलाई हासिल गर्न सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४१ मा भएको व्यवस्था अनुरुप आर्थिक बर्ष २०७१/०७२ को शासकीय सुधार तथा सुशासनको बार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको छ। प्रतिवेदनमा नेपाल सरकारका विभिन्न निकायहरुबाट आर्थिक बर्ष २०७१/०७२ मा सम्पादन गरिएका कामहरुको लेखाजोखा गर्दै सुशासनको क्षेत्रमा पुऱ्याएको योगदानको

बारेमा चर्चा गरिएको छ। साथै भावी दिनहरुमा गर्नुपर्ने कामको प्राथमिकता पहिल्याउने प्रयत्न गरिएको छ। यो प्रतिवेदन प्रत्येक वर्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरी प्रधानमन्त्रीले व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था छ।

- आ.व. ०७२/०७३ मा सार्वजनिक सरोकार एवं शासकीय सुधारसँग सम्बन्धित विविध विषयका १५ वटा समाचारका सम्बन्धमा सम्बन्धित मन्त्रालयहरुको ध्यानाकर्षण गराई आवश्यक कारवाहीका लागि लेखी पठाइएको छ।
- नेपाली सेनाले देशको विद्यमान परिस्थितीमा शान्ति सुरक्षा कायम गर्ने तथा दैनिक उपभोग्य बस्तुको आपूर्ति व्यवस्था सहज र प्रभावकारी बनाई राख्ने लगायत देशको समसामयिक गतिविधिहरुलाई विश्लेषण गरी यस कार्यालयमा प्राप्त हुने विशेष जाहेरी अध्ययन गरी विषयको गम्भीर्यता अनुसार सम्बन्धित निकायको ध्यानाकर्षण गराई आवश्यक कारवाहीका लागि प्रेषित गरिएको र कार्यान्वयन प्रगतिको नियमित अनुगमन गरिएको छ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा भएको व्यवस्था अनुसार प्रत्येक मन्त्रालय/केन्द्रीय निकाय/आयोग/केन्द्र/कार्यालयहरुमा शासकीय सुधार इकाई गठनका लागि पत्राचार गरी सो बमोजिम गठन भएको शासकीय सुधार इकाईको सम्पर्क व्यक्ति (Focal Person) को पूर्ण विवरण एकीकृत गर्ने कार्य गरिएको छ।
- नेपाल सरकारका मन्त्रालयहरुमा प्रधानमन्त्रीको अध्यक्षता/संरक्षकत्वमा रहेका निकायहरुको विवरण अद्यावधिक गरिएको छ।
- नेपाल सरकारका विभिन्न मन्त्रालय निकाय अन्तरगत रहेका बोर्ड, प्राधिकरण, निगम वा अन्य संस्थाका विवरण माग गरी अद्यावधिक गरिएको छ।
- विगत केही समय अघि देशले भोगेको इन्धन समस्या समाधान गर्न, दीर्घकालीन रुपमा इन्धन/उर्जा आपूर्तिमा आत्मनिर्भरतर्फ उन्मुख हुन बैकल्पिक उपायहरुका सम्बन्धमा सम्बन्धित निकायका पदाधिकारी सम्मिलित बैठक आयोजना गरी भएका निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायमा प्रेषित गरी कार्यान्वयन प्रगतिको नियमित अनुगमन गरिएको छ।
- राम्रो सरकार र असल शासनका लागि अन्तर्राष्ट्रिय स्तरमा काम गर्ने "खुला सरकार सहकार्य" (Open Government Partnership) विश्व संगठनमा नेपालको सदस्यता प्राप्ति

एवं सहभागिताका सम्बन्धमा अध्ययन गरी सिफारिश सहितको प्रतिवेदन तयार गर्न मिति २०७२।९।८ मा प्रधानमन्त्रीबाट भएको निर्णय अनुसार समिति गठन भएकोमा समितिको सिफारिश सहितको प्रतिवेदन प्राप्त भई प्रतिवेदन उपर अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको राय समेत प्राप्त भएको र थप निर्णयका लागि पेश गरिएको छ।

- सुशासन कायम गर्ने सन्दर्भमा सरकारी कार्यालयहरुले प्रदान गर्ने सार्वजनिक सेवाप्रवाहका सम्बन्धमा जिल्लास्थित कार्यालयहरुको प्रत्यक्ष अनुगमन गरी जानकारी लिने, निर्देशन दिने र भविष्यका लागि नीति तर्जुमा र परिमार्जन गर्ने उद्देश्य बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृत कार्यक्रम अनुसार **सुशासन तथा सार्वजनिक सेवा प्रवाहका** सम्बन्धमा बिभिन्न जिल्लास्थित सरकारी कार्यालयहरुको अनुगमन गरी प्रतिवेदन गरिएको छ। साथै अनुगमनका क्रममा देखिएका समस्याहरुको निराकरणका लागि सम्बन्धित मन्त्रालयहरुलाई सुधारका लागि लेखी पठाईएको छ।

२. प्रशासन पुनर्संरचना

- सामान्य प्रशासन मन्त्रालय अन्तर्गत रहेको शासकीय सुधारको लागि प्रशासन सुधार तयारी आयोजना (PREPARE) सँग समन्वय गरी प्रशासन पुनःसंरचना सम्बन्धी कार्य भइरहेको तथा कार्यसम्पादन समूह (Quality Circle) वैठक राखी आवश्यक सुझाव दिने कार्य गरिंदै आएको छ।
- नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा रहेको संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिको वैठक सम्पन्न (हालसम्म ३ वटा बैठक सम्पन्न) भएको छ।
- प्रधानमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना निर्देशक समितिको वैठक सम्पन्न (हालसम्म एउटा वैठक सम्पन्न) भएको छ।
- तत्काल सुधार कार्ययोजना अनुरुप यस कार्यालय र अन्य मन्त्रालय/निकायहरुले सम्पादन गरेको कार्य प्रगति विवरण संकलन गरी एकीकृत कार्यप्रगति विवरण तयार गरिएको छ।

- विभिन्न मन्त्रालय/निकायहरुले सम्पादन गरेको संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धी मौजुदा अवस्थाको जानकारी (Stock-Taking) लिई एकीकृत विवरण तयार गरिएको छ।
- संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिको निर्णय अनुरुप गठित समूहगत कार्यदलको कार्यविधि तर्जुमा गरी स्वीकृत भई कार्यारम्भ भएको छ।

३. गुनासो व्यवस्थापन तथा हेलो सरकार कक्ष

- हेलो सरकार लाई पाँचवटै विकास क्षेत्रमा विस्तार गर्दै स्थानीयकरण गरिएको छ।
- गुनासो व्यवस्थापन शाखावाट सम्पादित कार्यको मासिक प्रगति प्रतिवेदनहरु तयार गरी मासिक रुपमा सार्वजानिक गर्ने गरिएको छ।
- गुनासो सुन्ने नोडल अधिकारीहरुसँग गुनासो व्यवस्थापनका सम्बन्धमा समय समयमा अन्तरक्रिया तथा छलफल आयोजना गरिएको छ।
- शाखाको मासिक प्रगति प्रतिवेदन मासिक रुपमा तयार गरी सो बारेमा प्रेस बिज्ञप्ती जारी गरी सार्वजानिक गर्ने गरिएको छ।
- गुनासो व्यवस्थापन शाखाको पोर्टल अधावधिक गर्ने कार्य भइरहेको छ।
- हेलो सरकारको बजारीकरण कार्यक्रम अन्तर्गत वृत्तचित्र निर्माण गरिएको छ।
- हेलो सरकारको प्रचार प्रसार गर्ने उद्देश्यले वार्षिक पुस्तिका प्रकाशन गरिएको छ।
- हेलो सरकारलाई विद्युतीय मैत्री बनाउन मोबाइल एप तयार गरी संचालनमा ल्याउने गृहकार्य भई रहेको छ।

तथ्याङ्कीय उपलब्धि

- २०६८ कार्तिक १७ बाट सञ्चालन भएपश्चात् हेलो सरकारमार्फत् शुरु देखी २०७३ असार महिना सम्ममा (क्षेत्रीय प्रशासन कार्यालयबाट प्राप्त गुनासो/सुझाव) समेत गरी कुल ४९१०८ वटा गुनासो, सुझाव तथा सूचनाहरु प्राप्त भएका छन् जसमध्ये ४१७६९ फछ्र्यौट भई ७३३९ वटा फछ्र्यौट हुन बाँकी रहेका छन्। हालसम्मको गुनासो फछयौट दर ८५ प्रतिशत रहेको छ।
- हेलो सरकार कक्षमा ०७२ श्रावण १ देखि ०७३ असार मसान्त सम्म १०१९५ वटा गुनासा प्राप्त भएकोमा ८३२३ वटा गुनासाहरु फछ्र्यौट भई १८७२ गुनासाहरु फछ्र्यौट हुन बाँकी रही ८२ प्रतिशत प्रगति भएको छ।

- २०७२ जेष्ठ २५ देखि संचालित हेलो सरकार फेसबुक पेज मार्फत ०७३ असार मसान्त सम्ममा १३१६ वटा गुनासाहरु प्राप्त हुन आएका छन्।
- २०७२ पौष २७ देखि हेलो सरकारलाई थप प्रभावकारी पार्ने उद्देश्यले ट्वीटरमा @Hello_Sarkar खाता खोलेर गुनासा लिन थालिएकोमा ०७३ असार मसान्त सम्ममा २५३१ वटा गुनासाहरु प्राप्त हुन आएका छन्।

४. सदाचार प्रवर्धन तथा भ्रष्टाचार निगरानी

- गोगंवु नयाँ बसपार्कभित्रको सरकारी जग्गा र सो जग्गामा निर्मित व्यापारिक भवनहरुको व्यवस्थापन एंव संरक्षणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट विगतमा भएका निर्णयको कार्यान्वयनका लागि सहजीकरण गर्ने सन्दर्भमा विष्णुमती कोरिडोर निर्माण गर्ने क्रममा रहेको र अन्य सार्वजनिक पूर्वाधार निर्माण (लोत्से बहुउद्धेश्यीय प्रा.लि.ले लिएको भन्दा अतिरिक्त जग्गामा) गर्ने विषयमा के कति जग्गा उपयोग हुन जाने हो? सो समेत एकीन गरी बाँकी रहेको जग्गाको सम्बन्धमा थप भाडा वा शुल्क निर्धारण गर्न उपयुक्त देखिएकाले काठमाडौ महानगरपालिकाले तत्काल जग्गा एकीन गर्नका लागि महानगरपालिका कार्यालयलाई निर्देशन गरिएको छ।
- संखुवासभा जिल्ला सदरमुकाममा मिति २०७२/११/१८ गतेका दिन सदाचार प्रबर्धन तथा भ्रष्टाचार निगरानी विषयक एक दिवसीय अन्तक्रिया कार्यक्रम सम्पन्न गरी प्रतिवेदन पेश गरेको छ। उक्त अन्तरक्रिया कार्यक्रममा खटिएका अधिकृतहरुवाट भ्रष्टाचारजन्य प्रशासनिक अनियमितता नियन्त्रण र सदाचार प्रवर्द्धनका लागि केन्द्रवाट गरिएका प्रयासका वारेमा सहभागीहरुलाई जानकारी गराइएको छ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट प्राप्त सुझावहरु मध्येको सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नका लागि राष्ट्रिय नैतिकता एंव निष्ठा नीति (National Ethics and Integrity Policy) को मस्यौदा तयारपार्ने सम्बन्धमा सामान्य प्रशासन मन्त्रालय, कानून मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्रका पदाधिकारी समेतसँग प्रारम्भिक छलफल भएको छ।

- देशमा आयात भएका विटुमिनको गुणस्तर कायम गर्ने सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको निर्णय कार्यान्वयनको पछिल्लो कार्यप्रगतिका सम्बन्धमा सम्बद्ध निकायका पदाधिकारीहरु सम्मिलित समन्वय बैठक सम्पन्न भएको छ। बैठकमा आयात हुने विटुमिनको उत्पादकबाट प्राप्त हुने प्रमाणपत्रको अलावा भन्सार प्रवेश विन्दुमा समेत नमूना लिई अनिवार्य परीक्षण गराउने व्यवस्थाका लागि भन्सार प्रशासनसंग समन्वय गर्न र आवश्यक पूर्वाधार तयार गर्नुपर्ने बारेमा समेत छलफल भई कार्यान्वयनका लागि सम्बद्ध निकायलाई निर्देशन दिइएको छ।
- राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषका सदस्यसचिव सुरेशवावु तिवारीले कृषि परियोजना प्रस्ताव PCN (Project Concept Note) स्वीकृत गर्दा स्वच्छ प्रतिस्पर्धा नगराई आफुखुशी एकाधिकार कायम गरी मोटो रकम असुली प्रस्ताव स्वीकृत गरी भ्रष्टाचार गरेको भनी छानविनका लागि परेको निवेदनमा कृषि विकास मन्त्रालयवाट गठित छानविन टोलीले दिएको प्रतिवेदनका आधारमा हाललाई प्रस्तुत उजुरी उपर केही गरिरहनु नपर्ने देखिएकाले सोही व्यहोरा जनाई फछ्र्यौट गरिएको छ।
- सिंहदरवार परिसरमा रहेका पुराना सवारी साधनहरुको व्यवस्थापन गर्न तथा सरकारी साधन श्रोतको उचित, मितव्ययी र प्रभावकारी रुपमा सञ्चालनका लागि सरकारी सवारी साधनहरु आवश्यक कार्यका लागि वाहेक सार्वजनिक विदाका दिनहरुमा निजी प्रयोजनका लागि प्रयोग नगर्ने नगराउने व्यवस्था कडाइकासाथ पालना गराउन सवै केन्द्रीय निकायहरुलाई सचेत गराइएको छ। साथै प्रयोग नगरी नहुने अवस्थामा मात्र मिति स्थान तोकी केन्द्रीय तहमा सचिवस्तरको स्वीकृति गराई अनुमति पास दिइने र सोही वमोजिम अनुगमन गर्न नियामक निकायलाई निर्देश गरिएको छ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट विभिन्न मितिमा सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण, नियन्त्रण र संरक्षणका लागि सम्बन्धित सरोकारवाला निकायहरुलाई सकृयतापूर्वक आ-आफना जिम्मेवारी निर्वाह गर्न कार्ययोजना वनाई १ वर्षभित्र निर्णय कार्यान्वयनका लागि लेखी आएको सन्दर्भमा समय समयमा सम्बद्ध निकायहरुका पदाधिकारी सहितको वैठक आयोजना गरी सहजीकरण/समन्वय गरिंदै आएको छ।

- डिल्लीबजारस्थित मालपोत कार्यालय र नापी कार्यालय हाताभित्र सरकारी स्वामित्वको जग्गामा गैरसरकारी संघसंस्थाको भवन निर्माण भएकाले तत्कालीन सम्झौता रद्द गरी यस्तै प्रकृतिका अन्य सरकारी स्वामित्वको जग्गामा गैरसरकारी संघसंस्थाको भवन निर्माण गर्न नदिने व्यवस्था मिलाउने निर्णय गरिएको छ। निर्णयानुसार सम्झौता रद्ध गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पत्राचार गर्नुका साथै यस्तै प्रकृतिका अन्य सरकारी स्वामित्वको जग्गा कुनैपनि व्यक्ति/संस्थालाई मन्त्रिपरिषद्को निर्णय वेगर नदिन, दिएको भए विवरण पेश गर्न र कानुन वमोजिम कारवाही शुरु गर्न नेपाल सरकार मातहतका सबै मन्त्रालय/ सचिवालय/आयोग र कार्यालयहरुलाई परिपत्र गरिएको छ।
- वैदेशिक रोजगारका विषयमा देखिएका समस्याहरु समाधान गर्ने उद्देश्यले अख्तियरा दुरुपयोग अनुसन्धान आयोगवाट केही गन्तव्य मुलुकहरुको स्थलगत अध्ययन तथा सम्बद्ध निकायहरुसंग भएको छलफल एंव आयोगमा परेका उजुरी समेतको आधारमा आयोगको मिति २०७२/६/२० गतेको बैठकले गरेको विभिन्न सुझावहरुको कार्यान्वयन गरेमा यस क्षेत्रमा देखिएका मुलभूत समस्याहरु समाधान हुने अपेक्षासहित आयोगवाट प्राप्त सुझाव कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायहरुलाई निर्देशन गरिएको छ।
- २०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्प पश्चात राहत सामग्री संकलन खरिद तथा वितरण लगायतका आम सरोकार तथा मानवीय संवेदनशीलताका विषयमा आयोगको ध्यानाकर्षण भई उल्लिखित विषयहरुमा हुन सक्ने अनियमितता सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त प्रतिवेदन अनुसार उल्लिखित सुझावहरु कार्यान्वयनका लागि अर्थ, गृह, संघीय मामिला, स्वास्थ्य, वन, शिक्षा, कृषि, सहरी विकास, उद्योग, भौतिक, वाणिज्य, सिचाई र महिला वालबालिका तथा समाजकल्याण मन्त्रालयलाई निर्देश गरिएको छ।
- परराष्ट्र मन्त्रालय अन्तर्गत विभिन्न दूतावास एंव नियोगहरुमा कार्यरत राजदुत एंव पदाधिकारीहरु तोकिएको सेवाअवधिभन्दा बढी अवधि बसी तलव भत्ता खाएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा आवश्यक निर्णय भई कार्यान्वयनका लागि परराष्ट्र मन्त्रालय र यस कार्यालयलाई लेखी आएकोमा आयोगको उपरोक्त निर्णय कार्यान्वयन गर्न परराष्ट्र मन्त्रालयलाई लेखि पठाइएको छ।

- निजामती कर्मचारीहरुको सरुवा गर्दा निजामती सेवा ऐन, नियमावली र नेपाल सरकार मन्त्रिपरिषद्बाट भएका यस सम्वन्धी निर्णय एंव कार्यविधि वमोजिम निश्चित विधि र मापदण्ड अनुसार प्रक्रिया पूरा गरी सरुवा गर्ने/गराउने व्यवस्था मिलाउन सवै मन्त्रालयलाई आवश्यक निर्देशन दिने व्यवस्थाका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट नेपाल सरकारका मुख्यसचिव प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी आएकोमा लेखिए अनुसार गर्ने गराउन व्यवस्थाका लागि सबै मन्त्रालयहरुमा लेखी पठाइएको छ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २५ औँ वार्षिक प्रतिवेदनमा औल्याइएका ४२ बुँदे सुझाव कार्यान्वयनका लागि तत् निकायहरुमा पठाई सोको कार्यान्वयनको अवस्था वारेमा जानकारी लिने कार्य भइरहेको छ।

५. सामान्य प्रशासन

- आ.व. २०७२/७३ को लागि मौजुदा सूची दर्ताका लागि प्राप्त व्यक्ति/फर्म/कम्पनीहरुको आवेदन उपर छानविन सम्पन्न गरी सूचीकृत गरिएको छ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको दरबन्दीसहितको साङ्गठानिक संरचना तयार गर्ने कार्य गरिएको छ।
- सिंहदरबार सरसफाइ तथा बगैंचा व्यवस्थापन कार्यक्रम अन्तर्गत रोज, हर्बल र साइटिस गार्डेन निर्माण गर्ने कार्य वनस्पति विभागसँगको समन्वयमा सम्पन्न गरिएको छ।
- सचिव बैठक कक्षमा Mobile Signal Jammer जडान गरिएको छ।
- आ.व. २०७२/०७३ को स्वीकृत कार्यक्रम अनुसार क्षमता विकास कार्यक्रम अन्तर्गत २२ जना कर्मचारीहरुलाई हलुका सवारी चालक तालिम प्रदान गरिएको तथा विभिन्न १० समूह बनाई आन्तरिक अवलोकन भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ।
- परिवर्तित संघीय संरचना अनुरुप यस कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव लैजान सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएको छ।

६. कानुन तथा फैसला कार्यान्वयन

- नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष दर्ता हुन आएका प्रहरी तर्फको पुनरावेदनको निवेदनहरु मध्ये ३ थान निवेदन (प्रहरीको विभागीय कारवाहीका पुनरावेदन पत्र) उपर अध्ययन गरी राय सहितको प्रतिवेदन मन्त्रिपरिषद् समक्ष पेश गरिएको छ।

- भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन बमोजिम बनाउनु पर्ने कार्यविधिहरु भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी कार्यविधि, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद कार्यविधि, भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी नियमावली, २०७२, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यविधि र जग्गा प्राप्ति सम्बन्धी कार्यविधि तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ।
- लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक व्यवस्थापिका संसदमा पेश गर्न स्वीकृति प्रदान भई व्यवस्थापिका संसदमा दर्ता हुने प्रक्रियामा रहेको छ।
- प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्ने विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश भएको छ।
- प्रेरणा राज्यलक्ष्मी सिंह विरुद्ध यस कार्यालय समेत भएको सम्वत् २०७१-WO-०६२८ को उत्प्रेषणयुक्त परमादेश रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७२।०३।०६ मा भएको फैसलाबाट नेपाल सरकारको हक हितमा असर पर्ने भएकोले सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश उपर पुनरावलोकन गर्ने निर्णय भई प्रक्रिया अगाडि बढेको छ।
- विभिन्न विषयहरु मध्ये कानूनी जटिलता देखिएका विषयमा कानूनी राय माग हुँदा विभिन्न २१ वटा विषयमा राय प्रदान गरिएको छ।
- कानूनको शासन एवं सर्वोच्च अदालतको आदेश कार्यान्वयन, मानव अधिकार तथा लैंगिक हिंसा विरुद्धको कार्ययोजना सम्बन्धी जिल्लास्तरीय एक दिवसीय अनुशिक्षण कार्यक्रम मिति २०७३।०१।२४, २६, २८ र २९ गते दैलेख, मुगु, जुम्ला र कालिकोट जिल्लामा र मिति २०७३।०२।३०, ३२ र २०७३।०३।१ गते क्रमशः रुकुम, सल्यान र दाङ जिल्लामा सम्पन्न भएको छ।

- सम्मानित सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी आदेश कार्यान्वयनको एकीकृत प्रगति प्रतिवेदन २०७२/७३ तयार गरी प्रकाशन गरिएको छ।

७. प्रेस तथा वैदेशिक सम्बन्ध

- आर्थिक बर्ष २०७२/२०७३ मा नेपालका लागि म्यान्मार, रुसी महासंघ, संयुक्त अधिराज्य, पाकिस्तान, फ्रान्स, संयुक्त अरब इमरेट्स, श्रीलंका, स्वीट्जरल्याण्ड र कतार गरी जम्मा ९ देशको प्रस्तावित आवासीय राजदूत पदमा नियुक्तिका लागि सम्माननीय राष्ट्रपतिसमक्ष सहमति तथा सिफारिस गरिएको साथै मालदिभ्स, ग्रीस, जिम्बाबे, सर्विया, चेक गणतन्त्र, गणतन्त्र सेसेल्स, पेरु, आयरल्याण्ड, मौरीटानिया, क्यूवा, कुवेत, मंगोलिया, ग्वाटेमाला, माली, मोरक्को, पनामा, युक्रेन, स्लोभानिया, हंगेरी, इथियोपिया, मोरिसस्, ताजकिस्तान र पोर्चुगल गरी जम्मा २३ देशको नेपालका लागि प्रस्तावित गैरआवासीय राजदूतहरुको नियुक्तिका लागि सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गरिएको छ।
- कार्यालयबाट जारी भएका सबै प्रेस विज्ञप्तिहरु तयार गरी कार्यालयको वेवसाइट (www.opmcm.gov.np) मा राखिएको साथै प्रचार प्रसारका लागि मिडियाहरुमा समेत पठाइएको छ।
- कार्यालयका महत्वपूर्ण सूचना प्रवाहका लागि १६१८०७०७०११११ को अडियो नोटिस वोर्डको संचालन गरिएको छ।
- प्रधानमन्त्री समक्ष विभिन्न संघ संस्थाहरुबाट माग भई आएका शुभकामना सन्देशको ड्राफ्ट तयार गरिएको छ।
- सूचना उपलब्ध गराई पाउँ भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका निवेदनमा आवश्यक कारवाही गरी माग बमोजिमको सूचना उपलब्ध गराइएको र प्राप्त हुन आएका अन्य निकायसंग सम्बन्धित निवेदनहरु आवश्यक कारवाहीका लागि तत् तत् निकायमा लेखी पठाइएको छ।
- सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित साउन देखि असार महिना सम्मको विवरण सार्वजनिक गरी कार्यालयको वेवसाइटमा राख्नुका साथै सो विवरण राष्ट्रिय सूचना आयोगमा समेत पठाइएको छ।
- बार्षिक कार्यक्रम अनुसार सूचनाको हकसम्बन्धी अनुगमन र अन्तर्क्रिया कार्यक्रमहरु संचालन गरिएको छ। विभिन्न अवसरमा सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा

प्रधानमन्त्रीले आयोजना गर्नु भएको शुभकामना आदान प्रदान कार्यक्रमको निमन्त्रणा कार्डहरु वितरण गरिएको छ।

- २०७३ साल जेठ २७ र २८ गते सम्पन्न पूर्व मुख्यसचिवको सम्मेलन र ०९-१०, जुन, २०१६ मा काठमाण्डौमा सम्पन्न Fourth Meeting of SAARC Cabinet Secretaries को कार्यहरुमा सहयोग पुऱ्याइएको छ।
- नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७२/०८/२४ मा स्वीकृत तत्काल सुधार कार्ययोजनाको पृष्ठ नं. १३ को बुँदा २.४ को सन्दर्भमा विभिन्न निकायवाट जारी गरिएका महत्वपूर्ण प्रतिवेदनहरु एवं छानवीन समितिका प्रतिवेदनहरुको हार्डकपी र सफ्टकपी गरी जम्मा ४६ वटा प्रतिवेदन प्राप्त गरिएको र विभिन्न मन्त्रालयहरुसंग सम्बन्धित ८० वटा नीतिहरुको सफ्टकपी संकलन गरी कार्यालयको वेव साइट www.opmcm.gov.np मा अभिलेख राखिएको छ।

८. आर्थिक तथा पूर्वाधार विकास शाखा

आर्थिक तथा पूर्वाधार विकास शाखाबाट सम्पादित कार्यहरु :

- नेपाल सरकारद्वारा संचालित विकास आयोजनाका लागि आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्रीहरूको आपूर्तिलाई व्यवस्थापन गर्न सहजीकरण गरिएको छ।
- बोनस ऐन, २०३० को समसामयिक संशोधनका लागि अर्थ मन्त्रालयले श्रम तथा रोजगार मन्त्रालयसंग समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाउने भन्ने निर्णय भए अनुसार अर्थ मन्त्रालयका सह-सचिव चिरन्जीवी खनालको संयोजकत्वमा ८ सदस्यीय समिति गठन भएको र उक्त समितिले बोनस ऐन, २०३० र बोनस नियमावली, २०३९ लाई समसामायीक बनाउन, विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गरेको छ।
- मिति २०७२/९/२७ मा काठमाण्डौं उपत्यकाको सडक विस्तार कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरूबीच बैठक बसी आयोजनाको कार्यान्वयनमा समन्वय र सहजीकरण गरिएको छ।
- भूकम्पबाट प्रभावित प्रशासनिक भवन, संसद भवन, सिंहदरबार मुल भवन, सर्वोच्च अदालत एंव अन्य संरचना पुनःनिर्माण र रेट्रोफिट गर्ने सम्बन्धमा मिति २०७२/१०/१३ मा बैठक बसी सरोकारवाला निकायहरू बीच छलफल भएकोमा सिंहदरबार मुल भवनको रेट्रोफिटको कार्य अघि बढेको छ।

- मिति २०७२।१०।१७ गतेका दिन प्रधानमन्त्रीका प्रमुख सल्लाहकारको संयोजकत्वमा सिंहदरवार भित्र खानेपानी वितरण तथा व्यवस्थापन गर्ने विषयमा बसेको बैठकको निर्णयानुसार सिंहदरवार परिसरभित्र खानेपानी वितरण व्यवस्था मिलाउन खानेपानी तथा सरसफाइ मन्त्रालय र काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडलाई पत्राचार गरी उक्त निर्णय कार्यान्वयनको लागि लेखी पठाइएकोमा काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडले वोलपत्र आव्हान गरी कन्काई/कालिका/गौतम शक्ति जे.भी.सँग संझौता सम्पन्न गरी निर्माण कार्य प्रक्रियामा गएको छ।
- विभिन्न नदीहरूमा रहेका तुइनलाई विस्थापित गरी झोलुङ्गे पुल निर्माण गर्ने सम्बन्धमा सरोकारवाला निकायहरूबीच बैठक बसी कार्य प्रक्रिया अगाडि बढाउन निर्देशन भएकोमा हालसम्म ६ वटा तुइनहरूलाई झोलुङ्गे पुलले विस्थापन गरेको, ४१ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेको र ५४ वटा झोलुङ्गे पुलहरूको खरिद सम्बन्धी काम प्रक्रियामा रहेको भन्ने जानकारी स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग अन्तर्गतको सस्पेन्सन वृज डिभिजनबाट प्राप्त भएको छ।
- संयुक्त राज्य अमेरिकामा नेपाली तयारी पोशाकलाई प्रदान गरिएको सहुलियतलाई प्रभावकारी उपयोग गर्ने सन्दर्भमा सचिव बैठकबाट भएको निर्णयलाई कार्यान्वयन गर्न मिति २०७२/११/२ र मिति २०७२/११/६ मा अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय र शिक्षा मन्त्रालयका पदाधिकारीहरूसँग छलफल गरी ८ वटा निर्णयहरू भएको छ।
- भन्सार विभाग अन्तर्गत संचालित Nepal National Single Window को समन्वयका लागि निर्देशक समितिको गठन गरिएको र सम्बद्ध मन्त्रालयहरूमा सम्पर्क व्यक्ति तोक्ने कार्य भएको छ। यसैगरी Nepal National Single Window को मूल्याङ्कन प्रक्रियामा स्वतन्त्र घरेलु परामर्शदातालाई प्राथमिकता दिन र Vendor Lock एवं Proprietor Lock नछुने व्यवस्था मिलाउन निर्देशन जारी भएको छ।
- मिति २०७२।११।२८ गते सूचनाको हक कार्यान्वयन सम्बन्धी केन्द्रीय समन्वय इकाइका संयोजक एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको अध्यक्षतामा विभिन्न निकायमा सूचना अधिकारीहरुको बैठक बसी सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयन गर्ने निर्णय भई सबै मन्त्रालय/आयोग/कार्यालयहरुमा पठाई कार्यान्वयनको प्रगति विवरण तयार गरिएको छ।
- सूचना प्रविधि विकास आयोजनाको समग्र स्थिति पत्र तयार भएको छ। राष्ट्रिय परिचयपत्र व्यवस्थापनको अवरूद्ध कार्यलाई अगाडि बढाउन आवश्यक सहयोगका

लागि व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिमा अनुरोध गरिएकोमा लेखा समितिबाट सहजीकरण भई ठेक्का सम्झौताको प्रक्रिया अगाडि बढेको छ।

- राष्ट्रिय विकास समस्या समाधान समितिको ३५ औं बैठकका निर्णयहरूको कार्यान्वयनका लागि विभिन्न मन्त्रालयलाई परिपत्र गरिएकोमा ११ वटा निकायहरूबाट प्रगति विवरण प्राप्त भएको छ।
- मिति २०७२/११/२ र ३ मा राष्ट्रिय गौरवका आयोजना प्रमुखहरू एवं सम्बद्ध मन्त्रालयका योजना महाशाखा प्रमुख बीच अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरी आयोजनाका समस्याहरू समाधान गर्न सहजीकरण एवं समन्वय गरिएको छ।
- रु. ५०००।- भन्दा बढीको भुक्तानी गर्दा अनिवार्य PAN नंम्बर राख्ने र सरकारका सबै A/C payee भुक्तानीलाई आ.व. ०७३।७४ श्रावण १ गतेदेखि e-payment प्रणाली मार्फत भुक्तानी दिने व्यवस्था मिलाउने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको अध्यक्षतामा विभिन्न मितिमा बसेको बैठकको निर्णयानुसार रु. ५०००।- भन्दा बढीको भुक्तानी गर्दा PAN नंम्बर राख्ने व्यवस्था कार्यान्वयनमा आएको छ। आ.व. ०७३।७४ सुरु हुनु अगाडि को.ले.नि.का.ले निर्माण, मालसामान, सेवा, परामर्श प्राप्त गर्दा दिने भुक्तानी सम्बन्धित पक्षको बैंक खातामा सिधै भुक्तानी गर्नका लागि नेपाल क्लियरिङ्ग हाउस लिमिटेडको NCHL-IPS प्रणाली मार्फत भुक्तानी गर्न शुरु गरेको र परीक्षण कारोवारको लागि महालेखा नियन्त्रकको कार्यालय र NCHL बीच आवश्यक समन्वय भएको छ।
- राष्ट्रिय सूचना प्रविधि परिषद्को गठन :
  - सूचना तथा सञ्चार प्रविधि सम्बन्धी देहायका विषयहरुमा नेपाल सरकारलाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन तथा यस क्षेत्रका विभिन्न निकायहरु बीच समन्वय समेत गर्नको लागि प्रधानमन्त्रीको अध्यक्षतामा नेपाल सरकार, मन्त्रिपरिषद्बाट राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि परिषद्को गठन गरिएको छ। साथै परिषद्को सचिवालयको काम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने व्यवस्था भएको छ।
  - राष्ट्रिय सूचना प्रविधि परिषद्मा २३ जना सदस्यहरु रहने व्यवस्था गरिएकोमा १५ जना सदस्यहरु पदेन रहने व्यवस्था छ भने ८ जना सदस्यहरु नेपाल सरकारबाट तोक्नुपर्ने व्यवस्था छ। सोही व्यवस्था अनुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।०२।०७ को निर्णयानुसार ८ जना सदस्यहरुको मनोनयन गरी परिषद्लाई पूर्णता दिने कार्य भएको छ। उक्त परिषद्को गठनबाट सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकास र विस्तारमा अन्तरनिकाय समन्वयलाई प्रभावकारी

बनाई राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ का उद्देश्यहरुलाई हासिल गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ।

- लगानी बोर्डका कार्यकारी प्रमुखको नियुक्ति :
  - लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्ले लगानी बोर्ड ऐन, २०६८ को दफा १३ को उपदफा ५ बमोजिम सिफारिस भएका व्यक्तिहरु मध्येबाट एक जनालाई कार्य सम्पादन सम्झौता गर्ने गरी श्री महाप्रसाद अधिकारी, सिमपानी १, खोटाङलाई लगानी बोर्डको कार्यकारी प्रमुखमा ४ (चार) बर्षको लागि नियुक्ति गर्ने गरी मन्त्रिपरिषद्बाट मिति २०७३।३।९ मा निर्णय भएको छ।
- सूचना प्रविधि विकासका सन्दर्भमा निकायगत रूपमा विद्यमान अवस्थाको समीक्षा गरी भावी रणनीतिहरूको पहिचान गर्ने, छनौट गरिएका नेपाल सरकारका निकायहरूको अनुभवहरू साटासाट गरी सूचना प्रविधिको विकासमा एकीकृत सोचको विकास गर्ने, सूचना तथा संचार प्रविधि नीति, २०७२ को उद्देश्य बमोजिम ICT Development Index र E-Government Ranking मा नेपालको अवस्था सुधार गर्न सुधारका आवश्यक क्षेत्रहरूको पहिचान गर्ने, Single Portal System को स्थापना सम्बन्धमा भएका प्रयास, यसका व्यवधान र भावी कार्यक्रमहरूको पहिचान गर्ने उद्देश्य लिएर मिति २०७३ आषाढ १६ र १७ गते सूचना प्रविधि सम्बन्धी राष्ट्रिय गोष्ठीको आयोजना गरिएको छ।
- प्रधानमन्त्रीबाट अभिव्यक्त भएका समृद्धिका एजेण्डाहरूको कार्यान्वयन स्थितिको विवरण संकलन गरिएको छ।
- सूचना तथा सञ्चार प्रविधि आयोजना

सरकारी (गभर्मेन्ट) नेटवर्क र ग्रुपवेयर :

- राष्ट्रिय सूचना तथा प्रविधि केन्द्र अन्तर्गत स्थापित Government Intergrated Data Centre (GIDC) लाई मजबुत र विस्तार गर्न विकास भएका सबै Application हरू यस GIDC मा स्थापना गर्ने कार्य भई रहेको छ।
- ग्रुपवेयर अन्तर्गत Video Conference, Central Emailing System र Letter Register/Dispatch (दर्ता चलानी) तथा अन्य विषयहरु रहेका छन्। यस कम्पोनेन्ट

अन्तर्गत Lot ४ र ३४६ Component रहेका छन्। १२ अक्टोबर २०१०, २२ अक्टोबर २०१०, ११ नोभेम्बर २०१० र २१ अगष्ट २०१० मा क्रमिक रूपमा चारैवटा Lot को सम्झौतामा हस्ताक्षर भएको छ। नेशनल Portal, भुमि व्यवस्थापन विभाग, यातायात व्यवस्था विभाग, लोक सेवा आयोगको Application हरू यस GIDC मा Install भईसकेको छ। ग्रुप वेयर अन्तर्गत विभिन्न सरकारी निकायमा Video Conference हरू जडान भइरहेको छ र Central Mailing System को पनि विस्तार गर्ने क्रममा रहेको छ। यस अन्तर्गतका सबै कम्पोनेन्टहरूको काम सम्पन्न भइसकेको छ।

Government Enterprises Architecture and Nepal e-Government Interoperability Framework and National Portal :

- २३ अप्रिल २०१६ मा अन्तराष्ट्रिय कम्पनी Price Water Coopera house सँग सम्झौता भएको थियो। GEA अन्तर्गत मानक दिशानिर्देश तयार भइसकेको छ र राष्ट्रिय पोर्टल पनि तयार भई १ डिसेम्बर २०१३ बाट आधिकारिक रूपमा आरम्भ भएको थियो। GEA सम्बन्धी (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ प्रकाशन भएको छ। GEA सम्बन्धी तयार भएको मानक लागू गरी सूचना प्रविधि आयोजनाका सम्पूर्ण e-Gov Application हरू तयार पारिएको छ ।

राष्ट्रिय परिचय पत्र :

- यस आयोजना अन्तर्गत राष्ट्रिय परिचय पत्रको लागि डाटाबेस तयार गरिन्छ र सो डाटाबेसको आधारमा NID Smart Card वितरण गरिन्छ। राष्ट्रिय परिचय पत्रको पुन बोलपत्र १ जुन २०१५ मा भएको थियो। ६ वटा बोलपत्र दाताहरूले प्रस्ताव पेश गरेको थिए। यसको प्राविधिक मूल्यांकनको 'No Objection' २८ डिसेम्बरमा एशियाली विकास बैंकबाट प्राप्त भएको थियो। त्यसैगरी ३० मे २०१६ मा आर्थिक मूल्यांकनको पनि 'No Objection' प्राप्त भएको छ। लगत्तै M/S MorPhO सबैभन्दा बढी अंक प्राप्त गर्ने कम्पनीलाई १२ जुनमा आशय पत्र पठाइएको छ। सो कम्पनीसँग श्रावणको पहिलो हप्तामा सम्झौता हुने अनुमान गरिएको छ। NID पुनसञ्चालन हुने निश्चितता भए सँगै एशियाली विकास बैंकले आयोजनाको अवधि ३१ मार्च २०१८ सम्म थप गरेको छ।

लोक सेवा आयोगको e-Gov Application :

- यस Application ले लोकसेवा आयोगबाट हुने पदपूर्तिका लागि सूचना प्रकाश गर्ने तथा परीक्षा लिने र सो को नतिजा समेत प्रकाश गर्ने कार्य गर्दछ। यस अन्तर्गत लोक सेवा आयोगका अरू कार्यालयहरूमा पनि हार्डवेयर तथा नेटवर्क जडान गर्ने कार्य रहेको छ। Infinite Computer Solution Pvt. Ltd. सँग १२ फ्रेबुअरी २०१३ मा यसको सम्झौता भएको थियो। सबै कार्यालयहरूमा हार्डवेयर तथा नेटवर्क जडान भइसकेको छ। लोक सेवा आयोगको Application तयार भई ८ अप्रिलमा नासु सरहको पदपूर्तिको लागि External Portal आधिकारिक रूपमा थालनी भएको थियो। हाल यस Application सँग सम्बन्धित सम्पूर्ण कार्यहरू सम्पन्न भई सञ्चालनमा आएको छ।

भूमिसुधार व्यवस्थापनको लागि e-Government :

- यस सफ्टवयरले मालपोत कार्यालयका भूमि सम्बन्धी रेकर्डहरूको भण्डारण गर्ने र व्यवस्थापन गर्ने कार्य गर्दछ। यसले भविष्यमा LIN (Land Identification Network) नम्बर प्रदान गर्दछ जसबाट एकै व्यक्ति तथा संस्थाको सम्पूर्ण जग्गाको रेकर्ड हेर्न एउटै LIN नम्बरबाट सकिन्छ।
- अन्तराष्ट्रिय परामर्शदाता RMSI Pvt. Ltd सँग सन् २०१३ अप्रिल मा सम्झौता भएको थियो। १४ वटै आयोजनाको कार्यालयहरूमा हार्डवयर तथा नेटवर्क जडान भईसकेको छ। यसको सफ्टवयर पनि GIDC मा Install भईसकेको छ। सन् २०१५ अगष्ट १० मा आधिकारिक रूपमा कंलकी मालपोत कार्यालयबाट यस सफ्टवेयरको आरम्भ भएको थियो। हाल नौ वटा कार्यालयहरूमा यो प्रणाली संचालनमा आएको छ। आयोजनाको काम विविध कारणले ढिलाई भएकोमा नौ महिनाको म्याद थपको लागि एशियाली विकास बैंकमा अनुरोध गरिएको छ।

इलेक्ट्रोनिक ड्राईभिङ्ग लाईसेन्स र सवारी दर्ता :

- यस Application ले सवारी चालक अनुमति पत्र र सवारी धनी दर्ताको डाटाबेस तयार पारी कम्प्युटरिकृत गर्दछ। हाल यस आयोजना अन्तर्गत नमुना स्वरूप एक लाख ६० हजार सवारी चालक अनुमति पत्रलाई Smart Card मा वितरण गरिन्छ।

- सन् २०१३ अक्टोबर ४ मा मद्रास सेक्युरिटी प्रिन्टरसँग सम्झौता भएको थियो। १८ वटै आयोजनाको कार्यालयहरूमा हार्डवेयर तथा नेटवर्क जडान भैसकेको छ। ड्राईभिङ्ग लाईसेन्सको सफ्टवेयर तयार गरी सन् २०१५, ३० नोभेम्बरबाट वाग्मती कार्यालयबाट आधिकारिक रूपमा आरम्भ भएको छ। हालसम्ममा ४५,०००, Smart Card वितरण भएको छ र १०,००० कार्ड प्रक्रियामा रहेका छन्। सवारी धनी दर्ताको सफ्टवेयर तयारीको क्रममा रहेको र विविध कारणले समयावधि भित्र आयोजनाको काम सम्पन्न हुन नसकेकोले ६ महिनाको म्याद थपको लागि एशियाली विकास बैंकमा अनुरोध पत्र पठाएको छ।

मानव स्रोत विकासका लागि e-government:

- यस आयोजनाले सूचना प्रविधि सम्बन्धी जागरूक गराउने, पाठ्यक्रम तयार पार्ने, e-Government सँग सम्बन्धित विभिन्न विषयमा सरकारी तालिम केन्द्र मार्फत तालिम प्रदान गर्ने र तालिम केन्द्रहरूको ल्याब्रोटरीलाई सुदृढीकरण एवं विस्तार गर्ने कार्यक्रम रहेको छ। विभिन्न काल खण्डमा TNA (Training Need Assessment) गरी सो को प्रतिवेदन पश्चात पाठ्यक्रम तयार पारी १३ वटा सरकारी तालिम केन्द्रबाट सूचना प्रविधिसँग सम्बन्धित विभिन्न तालिम प्रदान गरेको छ। हालसम्ममा ११३ वटा तालिम सम्पन्न भएको छ जसमा पुरूषतर्फ ३,८२१ र महिलातर्फ ४३६ जनाले तालिम प्राप्त गरिसकेका छन्। एशियाली विकास बैंकको आयोजना Output सूचक अनुसार १० प्रतिशत महिला सहभागी हुनु पर्नेमा हालसम्म ११.४ प्रतिशत महिलाले तालिम प्राप्त गरिसकेका छन्। १३ वटै तालिम केन्द्रहरूमा हार्डवेयर तथा नेटवर्क जडान भई सम्पूर्ण कार्यहरू समापन भईसकेको छ।

- आर्थिक वर्ष २०६८/६९ देखि शुरु गरिएको काठमाण्डौं उपत्यका सडक विस्तार कार्यक्रम अन्तर्गत काठमाडौ उपत्यका सडक विस्तार आयोजना अन्तर्गत २४ वटा सडक खण्ड, डिभिजन सडक कार्यालय, काठमाण्डौ अन्तर्गत ५४ वटा सडक खण्ड, डिभिजन सडक कार्यालय, ललितपुर अन्तर्गत २८ वटा सडक खण्ड, डिभिजन सडक कार्यालय, भक्तपुर अन्तर्गत ११ वटा सडक खण्ड गरी जम्मा ११७ वटा सडक खण्डको कुल १६५.९७६ कि.मि. लक्ष्य रहेकोमा प्रतिवेदन अवधिसम्मको प्रगति निम्नानुसार रहेको छ :

सि. नं.	कार्यालयको नाम	हालसम्म जम्मा प्रस्तावित लक्ष्य (कि.मि.)	शुरुदेखि हालसम्म सम्पन्न कालोपत्रे (कि.मि.)	थप २०७२/७३ को कालोपत्रे लक्ष्य (कि.मि.)	थप २०७२/७३ को कालोपत्रे सम्पन्न (कि.मि.)	२०७१/७२ को कालोपत्रे सम्पन्न (कि.मि.)
१	काठमाडौं उपत्यका सडक विस्तार आयोजना	९१।४४	३९।७०	११।८९	९।८८	२९।८२
२	डिभिजन सडक कार्यालय काठमाडौं १, मिनभवन	७८।८६	३२।२३	२०।१७	८।६८	२३।५५
३	डिभिजन सडक कार्यालय काठमाडौं २, टेकु	४५।०५	७।७५	३।५०	३।१०	४।६५
४	डिभिजन सडक कार्यालय, ललितपुर	३६।५०	१९।९३	६।५२	४।३०	१५।६३
५	डिभिजन सडक कार्यालय, भक्तपुर	२७।०६	५।६६	७।०७	०।९७	४।६९
	जम्मा	२७८।९१	१०५।२७	४९।१५	२६।९३	७८।३४

- रक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, नुवाकोट, डिभिजन सडक कार्यालय नुवाकोट, सडक विभाग ववरमहललाई पत्राचार गरी निर्णय कार्यान्वयनका लागि ट्याक खोल्ने तथा सडक स्तरोन्नति कार्य नेपाली सेनाद्वारा गर्ने, सम्बन्धित मन्त्रालयले EIA/IEE गर्ने, राजमार्गको रेखाङ्कनमा पर्ने रुख जडान गर्ने, मुआव्जा व्यवस्थापन गर्ने, आवश्यक वजेटको व्यवस्था गर्ने सम्बन्धमा आवश्यक समन्वय गरिएको छ।
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका कार्यालयहरुले दोहोरो र बढी भुक्तानी गरेको रकमका विषयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र महालेखा

नियन्त्रक कार्यालयलाई पत्राचार गरिएकोमा दोहोरो र बढी भुक्तानी गरेको रकम रु २,११,००,०००।- मा सोको व्याज समेत गरी जम्मा रु. २,१८,१६७१४।४५ असूल गरी बैंक दाखिला गरेको विवरण र दोहोरो र बढी भुक्तानी गर्ने पदाधिकारीहरुको नाम नामेसी विवरण समेत प्राप्त हुन आएको र कसरी यस्तो भएको भन्ने यथार्थ प्रतिवेदन पेश गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट छानविन भईरहेको छ।

- विभिन्न सार्वजनिक संस्थान एवं संगठित संस्थाहरुले आफूसँग सम्बन्धित ऐन, नियम, विनियम र सेवा सुविधा सम्बन्धी भएका निर्णयहरुलाई आफ्नो Website मा अद्यावधिक गरी सार्वजनिक गर्नुपर्नेमा नगरी गोप्य राखेको भन्ने जन गुनासोका सम्बन्धमा त्यस्ता निर्णयहरुलाई Website मा स्वस्फूर्त सार्वजनिक गर्ने व्यवस्था मिलाउन मिति २०७२।१२।१८ को नेपाल सरकार मुख्यसचिवस्तरको निर्णयानुसार सबै मन्त्रालयहरुलाई पत्राचार गरिएकोमा विभिन्न मन्त्रालयहरुले website अद्यावधिक गर्ने गराउने व्यवस्था गरेको जानकारी समेत प्राप्त हुन आएको छ।
- मिति २०७२।१२।०५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको अध्यक्षतामा काठमाण्डौं उपत्यकाको सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने विषयमा सम्बद्ध पक्षहरुवीच छलफल गर्न बैठक बसी सार्वजनिक यातायातको व्यवस्थापनलाई प्रभावकारी बनाउन आगामी दिनमा गर्नुपर्ने नीतिगत, कानुनी, कार्यक्रमगत र व्यवहारगत सुधारका क्रियाकलापहरु र लेनको अनुशासन समेतका सम्बन्धमा गरेका निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाइएको। जस अनुसार लेन अनुशासन पालना गर्ने गराउने ट्राफिक प्रहरीको उद्देश्यमा प्रोत्साहन भई उत्साहप्रद नतिजाहरु देखा परेको छ।
- खानी तथा भूगर्भ विभागले इमाडोलमा नयाँ ग्याँस वेलको Model Gas Plant तयार गर्न खानी तथा भूगर्भ विभाग लगायत पुल्चोक क्याम्पस, थापाथली क्याम्पस र नाष्ट सम्मिलित टोली गठन गरेको छ। काठमाण्डौं उपत्यकामा ग्याँसको मात्राको विस्तृत अध्ययनको लागि JICA सँग प्राविधिक परामर्श र सहयोगको लागि पत्राचार गरेको छ। आ.व. ०७३।७४ को वजेटमा एउटा ग्याँस वेल ड्रिल गर्न बजेटको व्यवस्था समेत भएको छ। साथै Natural Gas Resources in Kathmandu Valley को Report-१ र

Report on Rehabilitation of Existing old gas well in Teku Pachali रिपोर्ट-१ समेत प्राप्त भएको छ।

- धरहरा पुनःनिर्माण सम्बन्धमा Drawing/Design/Cost Estimate का लागि परामर्शदाता CAGE Consult/MRB Associates JV सँग २ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७२।०२।२६ मा सम्झौता सम्पन्न भएको र रानीपोखरीको पुनःनिर्माणको लागि Drawing तयार भइ काठमाण्डौं महानगरपालिकाको कार्यालयमा पठाइ सकेको भन्ने प्रगति पुरातत्व विभागबाट प्राप्त भएको छ।

९. आर्थिक नीति विश्लेषण

- आर्थिक वर्ष सन् २००२।०३ देखि सन् २०१४।१५ सम्मको प्रमुख आर्थिक गतिविधि सूचक तयार गरी आम सर्वसाधारणको जानकारीको लागि Flash print मार्फत जानकारी गराउनुका साथै सम्बद्ध निकायहरुमा पठाइएको छ।
- नेपाल सरकारका सबै मन्त्रालयको कार्यक्रम तथा अख्तियारी मातहत निकायमा निर्दिष्ट समयमा पठाए/नपठाएको सम्बन्धमा अनुगमन गरिएको छ। यसरी अनुगमन गरिएका २६ वटा मन्त्रालयहरुका जम्मा ६४४ वटा कार्यक्रम रहेको मध्ये ५४५ वटा कार्यक्रमहरुको मात्र पूर्ण रुपमा अख्तियारी पठाइएको देखियो। साथै बाँकी ९९ वटा कार्यक्रमहरुको अख्तियारी नदिएको पाइयो। समयमै अख्तियारी पठाउन निर्देशन गरिएको छ।
- नेपाल सरकारबाट जारी भई विभिन्न निकायहरु मार्फत कार्यान्वयन भइरहेका राष्ट्रिय नीतिहरुको Soft copy र Hard copy सङ्कलन गरी उक्त नीतिहरुलाई सर्वसाधारणको पहुँचमा पुऱ्याउन जारी भएका नीतिहरुमध्ये ८१ वटा नीतिहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको Website (www.opmcm.gov.np) मा राख्ने व्यवस्था मिलाइएको छ।
- तत्काल सुधार कार्ययोजना, २०७२ बमोजिम शाखासँग प्रत्यक्षतः सम्बन्धी बुँदा नं. ३.६ "देशको अर्थतन्त्र वैदेशिक सहायता वैदेशिक रोजगार तथा राष्ट्रिय पूर्वाधार विकाससँग सम्बन्धित नीतिहरुको अनुगमन समिक्षा गरी सुधारका लागि सुझाव पेश गर्ने" बमोजिमको कार्यसम्पादन गरिएको छ।

- कुलेखानी जलविद्युत आयोजना, विराटनगर सुख्खा वन्दरगाह, रानी इटहरी धरान सडक, चक्रपथ विस्तार आयोजना, त्रिपुरेश्वर-कंलकी, नागढुङ्गा सडकको स्थलगत अनुगमन गरिएको छ। यसरी अनुगमन गर्दा विराटनगर सुख्खा वन्दरगाहमा देखिएका समस्याहरु मध्ये बन्दरगाह क्षेत्रमा साँघुरो यार्ड र सवारी चापलाई व्यवस्थित गर्न सँगै रहेको विराटनगर जुटको जग्गा उपयोग गर्नुपर्ने, एल.सी. क्लियरेन्स गर्न थप १५ दिन (विशेष परिस्थिति भएकोले) उपलव्ध गराउन उपयुक्त हुने, क्वारेन्टाइनमा देखिएको समस्या समाधान गर्न कृषि विकास मन्त्रालयले ध्यान दिनुपर्ने सुझाव दिइयो। चक्रपथ विस्तार आयोजनालाई समयमै सम्पन्न गर्न सम्बद्ध निकायहरुसँग समन्वय गरी Operation Calendar बनाई विस्तार कार्यलाई प्रभावकारी ढङ्गले सम्पादन गर्नुपर्ने। रानी-इटहरी-धरान सडक आयोजनाको स्थलगत अनुगमन गरी आयोजनाको वित्तीय र भौतिक प्रगति सन्तोषजनक नरहेको हुँदा सम्बद्ध निकायसँग आयोजनाले प्रभावकारी समन्वय गरी कार्य गर्न तथा वजेट अभाव हुन नदिने गरी बजेट विनियोजन गर्नुपर्ने। साथै त्रिपुरेश्वर-कलंकी-नागढुङ्गा सडक विस्तार कार्यमा प्रत्यक्षतः संलग्न निकायहरु वीच उचित र प्रभावकारी समन्वय गरी तदारुकताका साथ विस्तार कार्य अगाडि बढाउने गरी प्रतिवेदन पेश गरिएको छ।
- उर्जा मन्त्रालय, उद्योग मन्त्रालय र सडक विभागबाट भएको पुँजीगत खर्चको अनुगमन गर्दा उर्जा मन्त्रालय अन्तर्गतका आयोजनाहरुको पुँजीगत खर्चको अवस्था सन्तोषजनक नदेखिएको हुँदा समस्या पहिचान गरी पुँजीगत खर्च वृद्धि गर्न निर्देशन दिइएको छ। उद्योग मन्त्रालय अन्तर्गत रहेका २३ वटा कार्यक्रमको प्रथम चौमासिक अविधसम्म जम्मा १.५१% वित्तीय प्रगति रहेको पाइएको हुँदा कार्यक्रमहरुमा गुणस्तर नियन्त्रण गरी समयमै सम्पन्न गर्न, कार्यक्रमहरु आर्थिक वर्षको अन्त्यमा हतार हतार खर्च गर्ने परिपाटी अन्त्य गर्न निर्देशन दिइएको साथै सडक विभागको पुँजीगत खर्च अध्ययन गर्दा विभागबाट मातहत निकायमा अख्तियारी ढिला दिइएको तथा ६९ वटा कार्यक्रमहरु मध्ये ७ वटा कार्यक्रमहरुको मात्र अनुगमन भएको पाइयो। यसर्थ कानूनमा तोकिएको अवधिभित्रै अख्तियारी तथा कार्यक्रम पठाउन तथा अनुगमनलाई प्रभावकारी बनाई आयोजनाहरु समयमै सम्पन्न हुने वातावरण तयार गर्न निर्देशन दिइएको छ।

- सिंहदरवारबाट सरसफाइ, हरियाली प्रवर्द्धन तथा बगैंचा व्यवस्थापन अभियान अन्तर्गत रक्षा मन्त्रालय र नेपाल टेलिभिजनमा भई रहेका सरसफाइ कार्य तथा हरियाली प्रवर्द्धन गर्न अवलम्वन गरिएका कामहरुको स्थलगत अवलोकन गरी सुधारका लागि पुराना कागजपत्र धुल्याउने, फर्निचरको मर्मत जस्ता काम गर्न रक्षा मन्त्रालयलाई सुझाव दिइएको साथै रक्षा मन्त्रालयमा सरसफाईको कार्य राम्रो रहेको हुँदा त्यसलाई अन्यत्र पनि कायम गर्नुपर्ने, नेपाल टेलिभिजनमा रहेका पुराना सवारी साधन जेनेरेटरहरु लीलाम गर्नुपर्ने, कुहिने र नकुहिने फोहर Segregate गर्ने व्यवस्था मिलाउनका साथै यो अभियानलाई आम कर्मचारीहरुलाई जानकारी गराउन डकुमेन्ट्री तयार गरी प्रसारण गर्न सुझाव दिइएको छ।
- महालेखा परीक्षकको कार्यालयले आ.व. २०७०।७१ को ५२ औं प्रतिवेदनमा औंल्याइएका जमानत ऋण, भैपरी खर्च, राजस्व छुट, निजीकरण, कानून पालना, आन्तरिक नियन्त्रण प्रणाली, भेरिएशन, सीमित प्रतिस्पर्धा, परियोजना विकास संझौता, स्वीकृत बेगरको खर्च, वैदेशिक सहायताको लेखा परीक्षण समेत गरी जम्मा १० वटा क्षेत्रका नीतिगत बेरुजूहरुको विवरण संलग्न गरी प्रतिवेदन तयार गरिएको छ।
- आर्थिक वर्ष २०७२।७३ को वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेटमा कानून निर्माण गर्नुपर्ने भनी उल्लेख भएका विषयहरुका सम्बन्धमा सम्बद्ध निकायहरुबाट समय/समयमा सूचना सङ्कलन गरी विवरण अद्यावधिक गरिएको छ। विभिन्न निकायबाट कानूनहरु नयाँ निर्माण गर्ने, संशोधन, परिमार्जन गर्ने भनी उल्लेख भएका करीव ४३ वटा कानूनहरु मध्ये कतिपय मस्यौदा तयारीको चरणमा रहेका, सहमति माग गरिएका, कुनै प्रक्रिया नै शुरु नगरिएको आदि अवस्थामा रहेका छन् भने विभिन्न ९ वटा कानूनको अवस्था निम्नानुसार छ।

  - सम्बद्ध निकायबाट सहमति लिई सैद्धान्तिक स्वीकृतिको लागि पेश भएको संख्या १
  - मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृत भएको संख्या ३

– व्यवस्थापिका संसदबाट पारित भएका २

– व्यवस्थापिका संसद पेश भएका र टेवल हुने अवस्थामा रहेका ३

१०. सामाजिक विकास

- जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरुको अधिकार प्रबर्द्धन संयन्त्र, २०६८ र अपाङ्गता भएका व्यक्तिहरुविरुद्ध हुने भेदभाव अन्त्य र उनीहरुको उत्थान, विकास र अधिकारको प्रर्वद्धन संयन्त्र, २०६८ को सल्लाहकार एवं केन्द्रिय निर्देशक समितिको मिति ०७२/४/१२ मा संयुक्त वैठक आयोजना गरी भएका निर्णयहरु प्रभावकारी कार्यान्वयनका लागि सम्वन्धित पदाधिकारी र सम्वन्धित निकायमा पठाइएको छ।
- मिति ०७२/५/२७ मा मुख्यसचिवको अध्यक्षतामा सम्वन्धित सरोकारवालाहरुको बैठकको आयोजना गरी फेवाताल र रुपातालको अतिक्रमण नियन्त्रण, प्रदूषण न्यूनीकरण, संरक्षण र विकासका लागि वन तथा भूसंरक्षण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन गरिएको छ।
- नेपाल सरकारबाट प्रदान गरिने गरिने औषधोपचार र अन्य आर्थिक सहायता सम्बन्धमा व्यवस्थापिका संसद, अर्थ समितिको निर्देशन अनुरूप कार्यविधि तयार गरी अर्थ समितिमा पठाइएको छ।
- आपूर्ति व्यवस्थामा देखापरेको असहज परिस्थितिका कारण मुलुकको अर्थतन्त्र लगायत विभिन्न क्षेत्रमा परेको असर र पर्न सक्ने प्रभावको वारेमा सवै निकायहरुवाट विवरण माग गरी एकीकृत विवरण तयार गरिएको छ।
- भविष्यमा इन्धन र उर्जाको कारणले असहज परिस्थिति सिर्जना हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी प्रत्येक क्षेत्रगत मन्त्रालयहरुले वस्तु र सेवाको सहज आपूर्ति व्यवस्थाका लागि आवश्यक पर्ने भण्डारण क्षमता वृद्धि, पूर्वाधार विकास लगायतका विषयमा मन्त्रालयहरुले दिगो र दीर्घकालीन रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याउन पत्राचार गरिएको छ।

- चिकित्सा शिक्षा सम्बन्धी नीति तर्जुमा उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०७२ सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद् सामाजिक समितिबाट भएका निर्णयहरु कार्यान्वयनको अनुगमन गरिएको छ।
- मिति ०७२।१०।६ मा सम्वन्धित सरोकारवालाहरुको बैठकको आयोजना गरी शैक्षिक सत्र २०७३ शुरु हुनु अगावै प्रत्येक विद्यार्थीहरुको हातमा पाठ्यपुस्तक पुऱ्याउने सुनिश्चितताका लागि आवश्यक व्यवस्था मिलाउन शिक्षा मन्त्रालयलाई निर्देशन गरिएको छ।
- मिति ०७२।१०।२८ मा सम्वन्धित सरोकारवालाहरुसंग बैठकको आयोजना गरी वातावरणीय प्रदुषण र हानिकारक रसायन सुरक्षा सम्वन्धमा हालसम्म जारी भएका मापदण्डको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्न जनसंख्या तथा वातावरण मन्त्रालयलाई, आयातमा लागु हुने मापदण्डलाई भन्सार बिन्दुहरुमा प्रभावकारी कार्यान्वयन गर्न अर्थ मन्त्रालयलाई साथै मापदण्ड विपरीतका सामग्रीहरुको विक्रीवितरण हुन नदिन बजार अनुगमनमा प्रभावकारिता ल्याउन आपूर्ति मन्त्रालयलाई निर्देशन गरिएको छ।
- मिति २०७२।१०।१२ मा सरोकारवाला मन्त्रालयहरुसंग बैठकको आयोजना गरी शिक्षाको लागि खाद्य परियोजना र समाजकल्याण परिषद्तर्फको स्थायी कर्मचारीहरुको बढुवा व्यस्थापन गर्न सम्बद्ध मन्त्रालयहरुलाई निर्देशन गरिएको छ।
- मिति २०७२।१२।२२ मा सामाजिक क्षेत्र सम्बद्ध मन्त्रालयका प्रतिनिधीहरुसंग बैठक बसी नीति तथा कार्यक्रमको समीक्षा गरी बाँकी कार्यक्रम तदारुकताका साथ सम्पन्न गर्ने तथा अन्तरनिकायगत समन्वय गर्नु पर्ने भएमा जानकारी गराउन निर्देशन गरिएको छ।
- मिति २०७३।२।९ मा शिक्षा मन्त्रालय र अन्तरनिकायहरुसंग बैठक बसी चालु शैक्षिक सत्रका लागि आवश्यक पाठ्यपुस्तक २०७३ जेठ २० सम्ममा सबै जिल्लामा पुऱ्याउने र आगामी शैक्षिक सत्रका लागि पाठ्यपुस्तक छाप्ने कार्ययोजना २०७३ जेठ मसान्तसम्म पेश गर्न शिक्षा मन्त्रालयलाई निर्देशन गरिएको छ।

- मिति २०७३।३।२१ मा नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा संगीत रोयल्टी विषयक बैठक बसी यस सम्बन्धी समस्या समाधान गर्न सुझाव दिन एक कार्यदल गठन भई कार्य गरिरहेको छ।

११. सूचना प्रविधि

- Cabinet Automation System Development: यस प्रणाली मार्फत मन्त्रालयले यस कार्यालयमा सूचना प्रविधिको माध्यमबाट प्रस्ताव तयार गर्न, पेश गर्न र सो उपर भएको निर्णय हर्न सक्नेछन्। यस कार्यालयले प्रस्ताव सम्वन्धी सम्पूर्ण आन्तरिक व्यवस्थापन जस्तै दर्ता गर्ने, रुजु गर्ने, तेस्रो/छड्के तालिका तयार गर्ने र अन्तिम एजेण्डा तयार गर्ने कार्य प्रणाली मार्फत नै गर्न सक्नेछ।
- कार्यालयलाई थप सूरक्षित गर्न र आगन्तुक तथा कार्यालयका कर्मचारीहरुको गतिविधि निगरानी गर्न कार्यालय परिसरमा देहायका सुरक्षा उपकरणहरु जडान गरिएको छ।
  - Surveillance System: कार्यालयको बाहिरी परिरसमा ६ थान PTZ IP Camera हरु जडान गरी गतिविधिहरुको निगरानी राख्न मिल्ने व्यवस्था मिलाइएको छ।
  - Hand Baggage Inspection X-Ray: कार्यालय परिसरमा प्रवेश गर्ने मुल ढोकामा HBIX Scanner जडान गर्ने कार्य सम्पन्न भएको छ।
  - Access Control System: कार्यलय भवन प्रवेश गर्ने ३ ढोकाहरुमा Access Control System जडान गरि गतिविधिको लगत राख्ने व्यवस्था मिलाईएको छ।
- Server Infrastructure Installment: कार्यालयको प्रयोजनका लागि सञ्चालित विभिन्न Application हरुको एकीकृत व्यवस्थापन गर्न Sever, Storage तथा Networking सम्वन्धी उपकरणहरु जडान गरी सञ्चालनमा ल्याईएको छ।
- Up gradation of Gunaso Portal: हेलो सरकार कक्षमा प्राप्त हुने गुनासाहरुको व्यवस्थापन गर्न साविकमा प्रयोगमा रहेको Software लाई स्तरोन्नती गरी गुनासो व्यवस्थापनको प्रभाकारिता वृद्दी गर्ने कार्य सम्पन्न भएको छ।
- Website Enhancement: कार्यालयको आधिकारिक Website लाई नवीनतम प्रविधिहरु प्रयोग गरी Website Upgrade गर्ने कार्य सम्पन्न भएको छ।

- PM Website: सम्मानीय प्रधानमन्त्रीबाट सम्पन्न भएका मुख्य मुख्य गतिविधिहरु र पूर्व प्रधानमन्त्रीहरु समेतको व्यक्तिगत विवरण र कार्यकालका मुख्य उपलव्धिहरु समेतको सूचना प्रदान गर्न हेतुले PM Website (www.opmcm.gov.np/pm) संचालनमा ल्याईएको छ।

१२. मानव अधिकार तथा लैंगिक सशक्तिकरण

- संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुमा मानव अधिकार संरक्षण र सम्वर्द्धनको कार्यलाई अझ बढी सशक्त तथा प्रभावकारी तुल्याउन सदस्य राष्ट्रहरुले आफूले मानव अधिकारको सम्बन्धमा स्वीकार गरेको दायित्व साकार पार्न गरेका काम कारवाहीहरुको प्रस्तुति गर्ने माध्यमको रुपमा विकास भएको Universal Periodic Review-UPR को Second Cycle अन्तर्गत जेनेभामा हुने नेपालको पुनरावलोकनको प्रयोजनका लागि नेपालको राष्ट्रिय प्रतिवेदन तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।४।८ को बैठकबाट स्वीकृत गरी संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद् समक्ष पेश गरिएको छ।
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धिमा रहेको प्रावधान अन्तर्गत नेपाल राज्यका विरुद्ध विभिन्न व्यक्तिहरुका तर्फबाट संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिमा दायर गरिएका मुद्दाहरुको सम्बन्धमा जवाफ पठाइएको छ।
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिले सक्रियतापुर्वक कार्य गरिरहेको छ।
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धिमा रहेको प्रावधानअर्न्तगत नेपाल राज्यका विरुद्ध संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिसमक्ष परेको उजुरीका सम्बन्धमा सो समितिद्वारा पारित विचार (Views) लाई कार्यान्वयन गर्ने सम्बन्धमा उच्च प्राथमिकता दिई नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय गरी कार्यान्वयन गरिरहेको छ।
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ को कार्यान्वयन गर्ने सन्दर्भमा सम्बन्धित सबै मन्त्रालय

निकायबाट प्रगति माग गरी एकीकृत गर्ने र कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरिएको छ।

- संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्च आयुक्तको कार्यालय अन्तर्गतका Working group, Mandate Holders र Special rapporteur हरुबाट माग भएका जवाफ पठाइएको छ।
- संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद् समक्ष मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षाको दोस्रो चक्र अन्तर्गत नेपालले पेश गरेको दोस्रो प्रतिवेदनउपर मानव अधिकार परिषद्को २३ औं सेसनमा नोभेम्बर ४ तारेखमा छलफल भएको र उक्त छलफलमा परराष्ट्रमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले भाग लिई विभिन्न राष्ट्रहरुबाट प्राप्त १९५ वटा सिफारिसहरुमध्ये १४७ वटा सिफारिसहरुलाई कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ।
- राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रभावकारी कार्यान्वयन गर्न सक्षम र सुदृढ बनाउने उद्देश्यले मानव अधिकार सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको व्यवस्था गर्न विधेयकको तर्जुमा गरिएको छ।
- राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगबाट गरिएका सिफारिसहरु कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयमा लेखी पठाइएको छ।
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस (डिसेम्वर ९) को उपलक्ष्यमा भ्रष्टाचार विरुद्धको राष्ट्रिय नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सम्बन्धमा छलफल भई प्रधानमन्त्रीबाट निर्देशन प्राप्त भएको छ।
- विश्व मानव अधिकार दिवस (डिसेम्वर १०) को उपलक्ष्यमा चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सम्बन्धमा छलफल भई प्रधानमन्त्रीबाट निर्देशन प्राप्त भएको छ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०६९/०७०-२०७३/०७४) को प्रभावकारी कार्यान्वयन सम्बन्धमा सरोकारवालाहरुसँग छलफल/अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको छ।

- लैङ्गिक हिंसासम्बन्धी गम्भीर प्रकृतिका घटनाहरुको स्थलगत अनुगमन गर्ने कार्यक्रम अन्तर्गत झापा जिल्लाको अनुगमन गरिएको छ।
- Universal Periodic Review को दोस्रो चक्रको राष्ट्रिय प्रतिवेदन उपर मानव अधिकार परिषद्मा छलफल हुँदा नेपाललाई प्राप्त सिफारिसका सम्बन्धमा नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा सरोकारवाला मन्त्रालय/निकायका प्रतिनिधिहरु र गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरुसँग छुट्टाछुट्टै छलफल कार्यक्रम आयोजना गरिएको छ।
- नेपाल सरकारका मूख्य सचिव डा. सोमलाल सुवेदीको नेतृत्वमा जेनेभा गएको प्रतिनिधि मण्डलले संयुक्त राष्ट्रसंघ अर्न्तगत मानव अधिकार परिषद्को ३१ औं सत्रमा सहभागी भई दोश्रो विश्वव्यापी आवधिक समीक्षा सम्बन्धी प्रतिवेदन पारित गर्ने बैठकमा नेपालको मानव अधिकार स्थितिको बारेमा विभिन्न राष्ट्रहरुबाट उठाइएका विषयहरु तथा प्राप्त सिफारिसहरुका सम्बन्धमा नेपालको आधिकारिक धारणा प्रस्तुत गरिएको छ।
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धिमा रहेको प्रावधानअर्न्तगत नेपाल राज्यका विरुद्ध आङ्ग दोर्जे शेर्पा र सरिता थारु समेत ८ जना समेतको तर्फबाट संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिसमक्ष परेको उजुरीका सम्बन्धमा सो समितिद्वारा पारित विचार (Views) लाई कार्यान्वयन गर्ने सम्बन्धमा मन्त्रिपरिषद्बाट निर्णय भई कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको छ।
- वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन तथा सो ऐन अन्तर्गत गठित आयोगहरुका सम्बन्धमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले तयार गरेको Nepal: OHCHR position on UN support to the Commission on Investigation of Disappeared Persons and the Truth and Reconciliation Commission released on 16 February 2016 का सम्बन्धमा नेपाल सरकारको धारणा संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयमा पठाइएको छ।
- मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्र अन्तर्गत संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद् समक्ष नेपालले पेश गरेको दोस्रो प्रतिवेदनउपर

विभिन्न राष्ट्रहरुबाट प्राप्त १५२ वटा सिफारिसहरुको कार्यान्वयनको लागि सिफारिस कार्यान्वयन कार्ययोजना तयारीको क्रममा रहेको छ।

- चौथो मानव अधिकार कार्ययोजना र लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण राष्ट्रिय रणनीति तथा कार्ययोजनाका सम्बन्धमा अनुशिक्षण/अन्तर्क्रिया/जिल्लास्तरीय अनुगमन दैलेख, कालीकोट, मुगु, जुम्ला, दाङ, सल्यान, रुकुम, सुनसरी, तेह्रथुम, इलाम र गोर्खा जिल्लामा संचालन गरिएको छ।
- संयुक्त राष्ट्र संघीय मानव अधिकार समिति (Human Rights Committee) मा नेपाल सरकारले सन् २०१० मा पेश गरेको दोस्रो आवधिक प्रतिवेदन माथि छलफल हुँदा नेपाललाई प्राप्त सिफारिसहरु कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छ।
- संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद् अन्तर्गतको Committee on Economic, Social and Cultural Rights मा नेपाल सरकारले सन् २०१२ मा पेश गरेको तेस्रो आवधिक प्रतिवेदन माथि समितिमा छलफल हुँदा नेपाललाई प्राप्त सिफारिसहरु कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छ।
- व्यवस्थापिका-संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिबाट भएको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा लेखी पठाइएको छ।
- लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी चेतनामूलक शिक्षण कार्यक्रम रुकुम र सल्यान जिल्लामा सम्पन्न गरिएको छ।
- संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी विधेयक, राष्ट्रपति तथा उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी विधेयक र प्रदेश प्रमुखको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी विधेयकको मस्यौदा तयार गर्ने क्रममा रहेको छ।

१३. योजना तथा अनुगमन

- आर्थिक वर्ष २०७३/७४ को नेपाल सरकारको नीति तथा कार्यक्रम तयार गरिएको। उक्त नीति तथा कार्यक्रम सम्माननीय राष्ट्रपतिज्यूबाट व्यवस्थापिका-संसदमा प्रस्तुत भई सार्वजनिकिकरण समेत गरिएको छ।

- मिति २०७३/०१/११ देखि नेपाल टेलिभिजनद्वारा प्रत्येक शनिवार प्रसारण हुँदै आएको **"प्रधानमन्त्रीसँग सीधा कुरा"** कार्यक्रमको अभिलेखीकरण गरी तिनको प्रगति अनुगमन गरिएको। गुनासाहरुको कार्यान्वयन अवस्था सम्वन्धमा हरेक हप्ता प्रधानमन्त्रीलाई जानकारी गराइने गरिएको छ।
- केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिका आठ (८) वटा बैठक सम्पन्न भई पैंतालिस (४५) वटा निर्णयहरु कार्यान्वयनको लागि सम्वन्धित निकायमा पठाई तिनको प्रगति अनुगमन गरिएको। ३७ औं बैठक आसन्न चाडपर्वमा वस्तु/सेवाको व्यवस्थापन र पेट्रोलियम पदार्थको मूल्य घट्दा सार्वजनिक यातायातको भाडा समायोजन सम्वन्धमा, ३८ औं बैठक अत्यावस्यक वस्तुहरुको सहज आपूर्ति व्यवस्थापन सम्वन्धमा, ३९ औं बैठक विषम परिस्थितिमा सेवा प्रवाह व्यवस्थापन सम्वन्धमा, ४०औं बैठक अत्यावस्यकीय वस्तुहरुको सहज आपूर्ति सम्वन्धमा, ४१ औं बैठक आपूर्तिमा सहजता ल्याउने सम्वन्धमा, ४२औं बैठक भन्सार नाकाहरुको अनुगमनलाई प्रभावकारी तुल्याउने सम्वन्धमा, ४३ औं बैठक आपूर्ति व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि सम्वन्धमा र ४४ औं बैठक कृषि तथा पशुपञ्छी फर्मको प्रभावकारिता अभिवृद्धि, पारवहन सुविधाको उपयोग, बङ्गलादेशले उपलव्ध गराउने बन्दरगाह उपयोगको ढाँचा, बाढी पहिरो पीडित नागरिकहरुको व्यवस्थापन लगायतका विषय सम्वन्धमा केन्द्रित रहेका छ।
- आर्थिक वर्ष २०७२/७३ का लागि नेपाल सरकारको मन्त्रालय/मन्त्रालयस्तरीय केन्द्रीय निकायहरुको कार्यसम्पादन सूचकहरु तयार गरी कार्यालयको Online Portal मा Upload गरिएको। साथै, हरेक महिनामा मन्त्रालय/निकायहरुबाट प्रगतिहरु अद्यावधिक गरी कागजविहीन प्रणालीलाई प्रोत्साहन गरिएको छ।
- आर्थिक प्रशासन शाखासँगको समन्वयमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको आर्थिक वर्ष २०७३/७४ को बजेट तथा कार्यक्रम तयार गरिएको छ।
- चौधौं योजनाको आधारपत्रमा समावेश गर्ने प्रयोजनार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि तोकिएका दुई विषयहरु, मानव अधिकार र भ्रष्टाचार नियन्त्रणसँग सम्वन्धित विवरणहरु तथार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको छ।

- इलाम, गुल्मी, रोल्पा जिल्लाका विभिन्न कार्यालयको सेवाप्रवाह सन्तुष्टि सर्वेक्षण तथा कैलाली र उदयपुर जिल्लाका विभिन्न कार्यालयहरुको सेवा प्रवाह सम्वन्धी अनुगमन सम्पन्न गरी सुझावहरु कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको छ।

२. गृह मन्त्रालय

गृह मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छ।

- Online Visa Application लगायतका प्रबिधि मैत्री सेवा व्यवस्थापन गरिएको छ।
- Machine Readable Visa जारी गर्ने सम्बन्धी प्रारम्भिक कार्य भएको छ।
- मकवानपुरमा पुरुष वन्दीगृह निर्माण सम्पन्न भएको छ।
- बाँकेको नौवस्तामा क्षेत्रीय कारागार निर्माण भएको छ।
- बाँकेको नौवस्तामा Construction of Regional Jail Phase-II को ठेक्का आहवान भई सम्झौताको क्रममा रहेको छ।
- नुवाकोटमा केन्द्रीय कारागार निर्माण कार्य भवन विभागबाट Construction of Central Jail Phase-II को ठेक्का आहवान भै सम्झौताको क्रममा रहेको ।
- निर्वाचन आयोगबाट संकलित मतदाता नामावलीमा रहेका करिव १ करोड २४ लाख नेपाली नागरिकका वैयक्तिक र जैविक विवरणहरू नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार राष्ट्रिय परिचयपत्र केन्द्रको GIDC मा रहेको प्रणालीमा स्थानान्तरण गरिएको छ।
- निर्वाचन आयोगबाट प्राप्त नागरिकका विवरणहरूलाई गृह मन्त्रालयको CIMS System मा रहेका नागरिकताका विवरणहरूसंग रूजु गराई राष्ट्रिय परिचयपत्र प्रणालीमा प्रयोग गर्न योग्य बनाउन र आयोगले संकलन गरेका Fingerprint को Quality Score को विश्लेशन गर्ने Software को निर्माणको लागि मिति २०७३।३।३ मा EOI आह्वान गरिएकोमा प्राप्त भएका ७ वटा प्रस्तावहरूको मूल्याङ्कन सम्पन्न भएको छ।
- जिल्ला प्रशासन कार्यालय मोरङ, धनुषा, धादिङ, जाजरकोट र सर्लाहीका लागि जग्गा खरिद गरिएको छ।

- प्रहरी प्रधान कार्यालयको प्रशासकीय भवन, मल्टिस्टोरी भवन, नेपाल प्रहरी अस्पतालको वार्ड भवन, पू.क्षे. दंगा, सु.प.क्षे. दंगाको कार्यालय भवन तथा व्यारेक भवन निर्माण गरिएको छ।
- प्रहरी परिसर भक्तपुर, प्रहरी वृत लैनचौर, दरबारमार्ग, ठिमी, प्रहरी प्रभाग बुङमतिको भवन निर्माण गरिएको छ।
- अपराध न्यूनिकरण र रोकथाम गर्न काठमाण्डौ उपत्यका भित्रका संवेदनशिल क्षेत्रहरुमा CCTV जडान गरिएको छ।
- त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना (CAP) मार्फत Case File Digitization, Digital Forensic Lab का सामाग्री खरिद गरिएको, SOCO र FingerPrint Kit Box खरिद गरिएको छ। विधि विज्ञान प्रयोगशालालाई क्षेत्रीयस्तरमा सेवा विस्तारको लागि आवश्यक तयारी गरिएको छ।
- चौबिसै घण्टा राजमार्ग कभर गर्ने गरी देशका विभिन्न स्थानहरुमा एम्बुलेन्स सहित IRT टोली परिचालन गरी विभिन्न सडक दुर्घटना भएमा तत्काल उद्दार कार्य तथा राजमार्ग र सहायक मार्गहरुमा कुनै प्रकारको अवरोध सिर्जना हुन नदिन सुरक्षा प्रदान गर्ने गरिएको।
- राजस्व छलीलाई निरुत्साहित गरी राजस्व संकलनमा उल्लेखनीय वृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने कार्य भएको छ। औद्योगिक प्रतिष्ठानहरुमा हुने आगलागी तथा अन्य प्राकृतिक विपदहरु नियन्त्रण तथा रोकथाममा तदारुकताका साथ परिचालन भइरहेको छ।

क्षेत्रीय प्रशासन कार्यालय
पश्चिमाञ्चल विकास क्षेत्र -पोखरा

- प्रमुख उपलब्धिहरुः
  - गृह मन्त्रालय केन्द्रीय सुरक्षा समिति, क्षेत्रीय सुरक्षा समितिको विभिन्न मितिमा शान्ति सुरक्षा सम्बन्धमा भएका विभिन्न निर्णयहरुको कार्यान्वयन गर्न लगाई यस क्षेत्र भित्र जनधनको सुरक्षा एवम् शान्ति सुरक्षाको सन्तोषजनक व्यवस्था मिलाइएको।
  - समन्वयात्मक रुपमा सबै सुरक्षा निकायहरुवीच समझदारी र आपसी सहयोगको सृजना गरी शान्ति सुरक्षाको स्थितिलाई मजवुत बनाउन प्रयास गरिएको छ।

- राष्ट्रिय मानव अधिकार कार्ययोजना, २०७२-०७६ वमोजिम मानव अधिकारका विभिन्न क्षेत्रहरुको अनुगमन गर्ने गरिएको र राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयसंग समन्वय गरी मानव अधिकारको स्थितिलाई संरक्षण र संबर्द्धन गरिएको छ।
- सुशासन ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम विभिन्न समयमा कार्यालय, योजना तथा कार्यक्रमहरुको निरीक्षण एंव अनुगमन गरिएको छ। प्रत्येक महिना कार्यालय प्रमुखहरुको बैठक बसी सुशासन कायम गर्ने सन्दर्भमा आवश्यक निर्देशन दिइएको छ। हेलो सरकारको स्थापना गरी गुनासो व्यवस्थापन गर्ने गरिएको छ।
- आ.व. २०७२/०७३ मा कालोबजारी तथा सामाजिक अपराध तथा सजाय ऐन बमोजिम समय समयमा अनुगमन तथा निरीक्षण गर्ने गरिएको छ।
- केन्द्रीय दैवी प्रकोप उद्दार समिति, क्षेत्रीय दैवी प्रकोप उद्दार समितिको निर्णय र निर्देशन बमोजिम प्राकृतिक प्रकोपबाट प्रभावितहरुको लागि तत्काल राहत वितरण गर्ने गरिएको, त्यस्तै सार्वजनिक तथा निजी सम्पत्तिको क्षतिको आकलन एंव मूल्याङ्कन गरी क्षतिपूर्ती, राहत, पुनर्निर्माण कार्यक्रमको समन्वय गरिएको छ। विपद् प्रतिकार्य योजना बनाई विपद्को जोखिम न्यूनीकरण गर्ने गरिएको छ।
- गैर सरकारी संघ संस्थाहरुको नियमन, अनुगमन प्रकृयालाई प्रभावकारी बनाई राष्ट्र उत्थानमा गैर सरकारी संस्थाको भूमिकालाई प्रभावकारी वनाइएको छ।

- निकायगत उपलब्धिहरुः
  - यस कार्यालयबाट क्षेत्रस्थित विभिन्न क्षेत्र, अंचल तथा जिल्लास्तरीय कार्यालयहरुको सुशासन ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम नियमित रुपमा अनुगमन गरी विकास निर्माण तथा सेवा प्रवाहाको अवस्थालाई प्रभावकारी, पारदर्शी तथा जनउत्तरदायी बनाउन प्रयास गरिएको छ।
  - क्षेत्रीय प्रशासन कार्यालयमा हेलो सरकार कक्ष २०७२ माघ ३ गते स्थापना गरी हालसम्म ४२० वटा गुनासाहरुलाई व्यवस्थापन गरिएको छ।
  - प्रत्येक महिना क्षेत्रीय, अंचल तथा डिभिजन कार्यालयका प्रमुखहरुको बैठक बसी बिकास निर्माण, आपूर्ति व्यवस्था र सार्वजनिक सेवा प्रवाह तथा अन्तर कार्यालय समन्वयको स्थितिलाई प्रभावकारी बनाइएको छ।
  - आवश्यकता अनुसार क्षेत्रीय सुरक्षा समितिको बैठक बसी क्षेत्रको शान्ति, सुरक्षा तथा सुब्यवस्थाको सम्बन्धमा छलफल एंव विश्लेषण गरी आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने गरिएको छ।

- सार्वजनिक सुनुवाई, घुम्ती सेवा, गुनासो सुन्ने अधिकारी, सार्वजनिक यातायातको व्यवस्थापन सम्बन्धी कार्यमा समन्वय एवं निर्देशन दिने गरिएको छ।
- सबै कार्यालयको नागरिक बडापत्रलाई एकीकृत गरी सम्बन्धित गा.वि.स. तथा न.पा.को वडासम्म सर्वसाधारणको जानकारीको लागि पुऱ्याउने कार्य भएको छ।
- यस कार्यालयबाट आ.ब. २०७२/०७३ मा कुल ६५ वटा कार्यालयहरुको अनुगमन गरिएको छ। त्यस्तै राष्ट्रिय गौरबका आयोजनाहरु गौतम बुद्ध विमानस्थल सुदृढीकरण आयोजना र उत्तर-दक्षीण कालिगण्डकी लोकमार्ग आयोजनाको अनुगमन गरिएको छ। त्यस्तै अन्य आयोजना तर्फ बर्तुङ रिडी तम्घास सडक पुर्नस्थापना तथा सुधार कार्यक्रम, तम्घास-सिमलटारी-प्यूठान सडक आयोजना, गुल्मी, कागवेनी-मुक्तिनाथ कालोपत्रे सडक आयोजना, मुस्ताङ्ग, कालीगण्डकी पक्कीपुल निर्माण आयोजना, जोमसोङ, बाग्लुङ-बेनी-जोमसोम सडक सुधार/निर्माण आयोजनाको अनुगमन गरी सम्बन्धित निकायमा रायसुझाव समेत पठाइएको छ।
- आ.व. २०७२/२०७३ मा यस क्षेत्र अन्तर्गत बाढी, पहिरो, आगलागी, भू-क्षय, चट्टयाङ्ग जस्ता प्रकृतिक प्रकोपबाट ७५ जनाको मृत्यु, ९ जना हराई रहेको, ४५ जना घाइते, ४१९ परिवार प्रकोप प्रभावित, २२३ वटा चौपायको मृत्यु, २०९ घर पूर्ण क्षति, ११७ वटा घर आंशिक क्षति भएका छन्। गर्मी तथा सुख्खा मौसममा विभिन्न जिल्लामा आगोलागीका घटनाहरुबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न समयमै सचेत भई सरोकारवाला निकायहरुसंग समन्वय गरी दैवी प्रकोप उद्धारमा सहजता ल्याउन जिल्ला दैवी प्रकोप उद्धार समितिलाई निर्देशन दिई सोको अनुगमन कार्य भई रहेको छ।
- आ.व. २०७२/२०७३ मा २२ पटक क्षेत्रीय सुरक्षा समितिको बैठक सम्पन्न भएको छ। बैठकबाट यस क्षेत्रको शान्ति सुव्यवस्था मिलाई राख्न आवश्यक निर्णय गर्नुको साथै क्षेत्रभित्रका जिल्लाहरुमा आवश्यक सुरक्षा व्यवस्था कायम राखिरहन जिल्ला सुरक्षा समितिलाई निर्देशन दिइनुका साथै सोको अनुगमन गर्ने कार्य गरेको छ।
- पोखराको लामपाटनमा क्षेत्रीय आपत्कालीन कार्यसंचालन केन्द्र (REOC) को निर्माण कार्य रु. ३,०२,४६,१३३/८८ मा सम्पन्न भई संचालनमा आएको छ। साथै लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्र भवन निर्माण रु. ३,४५,९०,९६०/०१ को लागतमा निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। आगामी आ.व. २०७३/०७४ मा सम्पन्न हुनेछ।

- आ.व. २०७२/०७३ मा यस क्षेत्रभित्र घटेका अपराधिक घटनामध्ये कर्तव्य ज्यानका १०१, ज्यान मार्ने उद्योग ७९, हातहतियार तथा खरखजाना मुद्दा ३४, लागु औषध ५४६, केही सार्वजनिक अपराध १२०९, जवरजस्ती करणी १८२, जवरजस्ती करणी उद्योग ७८, कालो बजारी ४१ रहेको छ। सम्बन्धित निकायबाट अभियुक्तमाथि आवश्यक छानविन गरी कानून बमोजिम मुद्दा दायर गर्ने गरेको र केही प्रकृयामा रहेका छन्।
- आ.व. २०७२/०७३ मा यस क्षेत्रभित्र ८४६ वटा सवारी दुर्घटना भएको, दुर्घटनामा ६०० सवारी साधनको क्षति भएको, सवारी दुर्घटनामा ५२० जनाको मृत्यु, ९०१ जना गम्भीर घाइते, ७०५ जना साधारण घाईते भएको छ। ट्राफिक नियम उलंघन गरी चलाइएको २,५८,०६३ सवारी साधनलाई कारवाही गरी जरिवाना स्वरुप रु. १०,२८,७९,७००।०० (दश करोड अठ्ठाइस लाख उन्नानतीस हजार सात सय) राजश्व उठाइएको छ। त्यस्तै मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने ३१२५ सवारी चालकलाई कारवाही गरी ३१२५०००।- लाख रुपैया राजश्व उठाइएको छ।
- यस क्षेत्र अन्तर्गतका विभिन्न १६ जिल्लाहरुबाट जम्मा १,३९,७९३ जनालाई नागरिकता वितरण गरिएको छ। त्यस्तै ८२,७५५ जनालाई राहादानीको लागि सिफारिस गरी ६८,३८२ जनालाई राहादानी वितरण गरिएको छ। बिभिन्न समयमा विभिन्न प्रकृतिका ७०० वटा पसलहरुमा अनुगमन गरिएको छ।

पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालय-धनकुटा

- **प्रमुख उपलब्धिहरुः**

  यस कार्यालयले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र गृह मन्त्रालयबाट अवलम्बन गरिएका नीतिहरु एवम् भए गरेका निर्णयहरुको कार्यान्वयनका साथै अन्य बिभिन्न मन्त्रालयहरु अन्तरगत सञ्चालित कार्यक्रम तथा आयोजनाहरुको अनुगमन सुपरीवेक्षण समिक्षा र समन्वय सम्वन्धी कार्यहरु गर्दै आएको छ। जसको परिणाम स्वरुपः-

  - पूर्वाञ्चल बिकास क्षेत्र भित्र शान्ति सुरक्षाको स्थितिमा सुधारको माध्यमबाट राष्ट्रिय सुरक्षा प्रणाली सुदृढ बनाउनमा योगदान पुगेको छ।
  - कार्यक्रम तथा आयोजनाहरुको समयबद्ध कार्यान्वन एवम् पूँजीगत खर्चको स्थितिमा क्रमिक सुधार आएको छ।
  - सार्वजनिक निकायहरुबाट प्रदान गरिने सेवाहरुको गुणस्तरमा सुधार आएको छ।

- **निकायगत उपलब्धिहरुः-**
  - पूर्वाञ्चल क्षेत्रमा शान्ति सुरक्षाको भरपर्दो व्यवस्थापन गरिएको छ।
  - शान्ति सुरक्षालाई चुस्त र दुरुस्त राख्न क्षेत्रीय सुरक्षा समिति मार्फत जिल्ला सुरक्षा समितिहरु संग समन्वय गरी आवश्यक निर्देशन दिईएको छ।
  - सीमावर्ती जिल्लाहरुको नियमित रुपमा स्थलगत अनुगमन समेत गरी सीमा सुरक्षा स्थिति सुदृढ बनाउने प्रयास गरिएको छ।
  - सुशासनका लागि सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी, भ्रष्टाचारमुक्त, जन उतरदायी बनाउन तथा राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको सहज र समान पहुँच सुनिश्चित गर्न क्षेत्र भित्रका सबै जिल्लाहरु स्थित कार्यालयहरुको अनुगमन तथा निरीक्षण गरी कार्यालय प्रमुखहरुलाई निर्देशन दिने काम भएको छ।
  - विकास निर्माणलाई तीव्रता दिन क्षेत्रीयस्तरका कार्यालय प्रमुखहरुसंग नियमित समिक्षा बैठक गरी आवश्यक समन्वय र निर्देशन गरिएको छ।
  - हेलो सरकार कक्ष संचालन गरी जनताहरुको गुनासोको शीघ्र सुनुवाईको व्यवस्था मिलाइएको छ।
  - कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सृजना गर्ने र प्रतिस्पर्धा सीमित गर्ने जस्ता कार्यहरुको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने राज्यको नीति अनुरुप क्षेत्रका सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निरन्तर रुपमा बजार अनुगमन गर्न निर्देशन दिने काम भएको छ।
  - पेट्रोलियम पदार्थको आपूर्तिमा समय-समयमा हुने अभाव तथा उत्पन्न भएको असहज परिस्थितिमा सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया गरी आपूर्ति सहज बनाउन पहल गरिएको छ।

सुदुर पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय-दिपायल

- **प्रमुख उपलब्धिहरुः**
  - नेपाल सरकारले स्वीकृत गरेका नीति र कार्यक्रम कार्यान्वयन गर्न गराउन समय-समयमा अनुगमन/निरीक्षण गरी निर्देशन दिने गरिएको छ।
  - विकास निर्माणतर्फ स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनका साथै प्रगति समीक्षा गरेको छ।

- यस क्षेत्र अन्तर्गतका जिल्लाहरुमा कार्यरत कर्मचारीको पद रिक्त/दोहोरो सहमति, अवधि पुगेको अवस्थामा रा.प.अनं. प्रथम श्रेणी सम्मका कर्मचारीहरुको सरुवा/पदस्थापन गर्ने वा काज खटाउने गरेको छ।
- सचिव बैठकबाट भएको निर्णय कार्यान्वयन गर्ने/गराउने गरिएको छ।
- यस क्षेत्रमा संचालन भएका आयोजनाको समय-समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिइएको छ।
- अधिकार प्रत्यायोजन, नागरिक वडापत्र, घुम्ती सेवाको अनुगमन, निरीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन सबैले देख्ने ठाउमा उजुरी पेटिका राख्ने, प्रवक्ता तोक्ने, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी) तोक्ने र गुनासो व्यवस्थापन गर्न क्षेत्रीय हेलो सरकार कक्षको स्थापना भई गुनासो व्यवस्थापन कार्य संचालन भइरहेको छ।
- मातहत निकायहरुबिच समन्वय गर्न/गराउन क्षेत्रीय प्रमुखहरुको नियमित मासिक बैठक बस्ने गरेको छ।
- निणर्यको पारदर्शी ढंगले कार्यान्वयन गर्न सार्वजनिक हितको सरोकारसँग सम्बन्धित भए वा नभए पनि सूचना पाटी, वेवसाइट र अन्य माध्यमबाट प्रचार प्रसार गरिएको छ।
- यस क्षेत्र अन्तर्गतका सरकारी कार्यालयहरुको समय/समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिने गरेको छ।
- यस क्षेत्रका सरकारी सेवा प्रदायक निकायहरुको काम कारवाहीको नियमित अनुगमन र मूल्यांकन गरी सार्वजनिक वितरण प्रणालीलाई बढी व्यवस्थित र प्रभावकारी बनाउन क्षेत्रीय अनुगमन तथा मूल्याङ्कन समिति गठन भई क्षेत्रभित्रका सरकारी निकायहरुको अनुगमन तथा मूल्याङ्कन हुने गरेको छ।

मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय -हेटौंडा
शान्ति सुरक्षा सम्बन्धी उपलब्धिः-

यस क्षेत्र भित्रको शान्ति सुरक्षा र अमन चयन कायम गराउन केन्द्रको नीति निर्देशन र प्रचलित कानून वमोजिम यस कार्यालयले सम्पूर्ण सुरक्षा निकायहरुसँग समन्वय, सहजीकरण र सहकार्य गर्दै भूमिका निर्वाह गरिरहेको छ। मातहतका सुरक्षा निकायहरुको नियमित अनुगमन, सुपरिवेक्षण भएका छन्। आवश्यक्तानुसार मार्गनिर्देशन र सहजीकरण गर्ने गरिएको छ।

आर्थिक वर्षको शुरुवात सँग सँगै शुरु भएको तराई मधेश आन्दोलन र दक्षिण सीमा नाका अवरोधका कारण सृजना भएको आपूर्ति समस्याले राष्ट्रिय जीवनको सवै क्षेत्रमा नकारात्मक प्रभाव पुऱ्यायो। यस क्षेत्रमा राजधानी काठमाण्डौ समेत पर्ने भएकोले सोको प्रभाव अधिक परेको थियो। आन्दोलनको समयमा मानव अधिकारको परिपालना र कार्यान्वयन गर्दै न्यूनतम बल प्रयोग गरी सर्वसाधारण र सार्वजनिक सम्पत्तिको सुरक्षाको व्यवस्थापनको लागि यस कार्यालय र क्षेत्रिय सुरक्षा समितिले अथक पहल र प्रयत्न गरेको थियो। क्षेत्रिय सुरक्षा समितिको वैठक नियमित रुपमा बसी सुरक्षा मामलाको समीक्षा, विश्लेषण र चुनौतीहरुको पहिचान गरी तदनुरुपको रणनीति विकास गरी सुरक्षा संवेदनशीलताका आधारमा पूर्व सतर्कता र कारवाही गर्ने गरिएको थियो। यस प्रकृतिको सुरक्षा सतर्कता हालसम्म पनि निरन्तरता दिइएको छ। परिणाम स्वरुप पछिल्ला दिनहरुमा आपराधिक घटनाहरु न्यून भएका छन भने अपराधीहरु कानुनी दायरामा आउने क्रम बढ्दो छ।

क्षेत्रीय प्रशासकबाट उपत्यका (राजधानी) सुरक्षा संयन्त्रसँग समेत नियमित समन्वय र वैठक गरी काठमाण्डौ उपत्यकाको सुरक्षास्थितिलाई मजवुत बनाउन पहल गरिएको छ। त्यसै गरी क्षेत्र अन्तर्गतका सवै जिल्ला सुरक्षा समितिहरुसँग नियमित छलफल र अन्तरक्रिया गरी समन्वय र सहजीकरण गर्ने गरिएको छ। क्षेत्र अन्तर्गतका सीमावर्ती जिल्लाहरुको नियमित अनुगमन गरी सिमा क्षेत्रको व्यवस्थापन, अपराध नियन्त्रण र व्यापार सहजीकरणमा समेत पऱ्याप्त ध्यान दिईएको छ।

विकास आयोजना/परियोजना अनुगमन सुपरिवेक्षण सम्बन्धी उपलब्धिः-

क्षेत्र अन्तर्गत संचालित विकास कार्यक्रमको प्रभावकारीताका लागि सम्पूर्ण क्षेत्रीय कार्यालयहरुको चौमासिक रुपमा प्रगति समिक्षा गर्ने गरिएको छ। समीक्षाको क्रममा देखिएको समस्या र चुनौतीको समाधानका लागि आवश्यक पहल र समन्वय गरिएको छ। क्षेत्रीय प्रशासकबाट जिल्ला अनुगमनको क्रममा निर्माणाधिन आयोजनाहरुको स्थलगत अनुगमन गरी पृष्ठपोषण दिने गरेको छ। माथिल्लो तामाकोशी जलविद्युत आयोजना, मेलम्ची खानेपानी आयोजना, कुलेखानी तेस्रो जल विद्युत आयोजना, हुलाकी मार्ग, कान्ति लोक मार्ग, तराई मधेश द्रुतमार्ग जस्ता प्राथमिकता प्राप्त आयोजनाको स्थलगत अनुगमन गरी सम्वन्धित सरोकारवाला

निकायहरुवीच समन्वयको माध्यमबाट आयोजनाको प्रभावकारिता अभिवृद्धिका लागि पहल गरिएको छ।

सार्वजनिक सेवा प्रवाह र गुनासो सनुवाई (हेलो सरकार संचालन समेत) सम्बन्धी उपलब्धीः-

सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, उत्तरदायी र सेवाग्राही मैत्री बनाउन क्षेत्रीय प्रशासकबाट क्षेत्र अन्तर्गतका १९ वटै जिल्लाको स्थलगत भ्रमण गरी प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्थित सबै कार्यालय प्रमुखहरुसँग अन्तरक्रिया, छलफल गर्ने र आवश्यक बिषयमा सहजिकरण, समन्वय र निर्देशन दिने गरिएको छ। यस सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, गृह मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्रमार्फत अनुसन्धान तथा कारबाहीका लागि प्राप्त भएका उजुरी/गुनासोहरुको समेत कारवाही गरिएको छ। कतिपय सेवाग्राहीहरुले ठाडो उजुरी, टेलीफोन तथा एस.एम.एस मार्फत यस कार्यालयमा प्रत्यक्ष दर्ता गरेका/टिपाएका गुनासोहरुका समेत नियमित फछ्र्यौट गर्ने गरिएको छ। यस कार्यले मिति २०७३।०१।२४ बाट हेलो सरकार संचालनमा आएपछि अझ तिव्रता र प्रभावकारिता आएको छ। हेलो सरकार कक्षमा आ.व. ०७२।०७३ को अन्त्यसम्ममा विभिन्न माध्यमबाट प्राप्त उजुरीहरुको तदारुकताका साथ सम्बोधन गरिएको छ।

आपतकालिन उद्धार र विपद् व्यवस्थापन सम्बन्धी उपलब्धीः-

विपद् व्यवस्थापनको लागि क्षेत्रीय दैवी प्रकोप उद्धार समितिको वैठक नियमित एवं आवश्यक्तानुसार बसी क्षेत्र भित्रको संभावित विपद् जोखिमको समीक्षा गरी तदनुसारको प्रतिकार्य योजना तर्जुमा गर्ने गराउने गरिएको छ। क्षेत्रीय आपत्कालीन संचालन केन्द्रको केन्द्रीय आपतकालीन संचालन केन्द्र र क्षेत्र अन्तर्गतका जिल्ला आपत्कालीन संचालन केन्द्रसँग सन्जाल विस्तार गरी प्रभावकारिता बढाइएको छ। क्षेत्रीय राहत सामाग्री भण्डारगृहको उचित संचालन र व्यवस्थापन गरिएको छ। आपत्कालीन घटनाहरुको उद्धार कार्यको लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी राष्ट्रिय अनुसन्धान सहित सवै सुरक्षा निकायको दक्ष जनशक्तिलाई क्षेत्र भर नै विभिन्न ईकाइहरु मार्फत तैनाथ राखिएको छ। यसै अनुरुप परिचालन भई उद्धार र राहतको कार्यहरु समयमै भैरहेका छन्। भूकम्प पीडितहरुको घर निर्माणको लागि उपलब्ध गराईने अनुदान सरल, सहज र पारदर्शी ढंगले उपलब्ध गराउन सवै उप क्षेत्रीय तथा जिल्ला संयन्त्र र

सरोकारवालाहरुलाई निर्देशन र सोको अनुगमन समेत भईरहेको छ। सवारी दुर्घटना न्यूनीकरण गर्न सम्पूण सरोकारवालाहरुलाई जवाफदेही र जिम्मेवार बनाई संयोजित प्रयासका लागि कार्य अगाडि बढाईएको छ।

मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय - सुर्खेत

- **प्रमुख उपलब्धिहरुः**
  - क्षेत्रीय सुरक्षा समिति र जिल्ला सुरक्षा समिति मार्फत सुरक्षा अंगको चुस्त दुरुस्त परिचालन गरी त्रुटि रहित सुरक्षा ब्यवस्था कायम गराइ क्षेत्र भित्र शान्ति सुरक्षा र अमन चयनको प्रत्याभूती मार्फत राष्ट्रिय सुरक्षा ब्यवस्थामा योगदान पुगेको छ।
  - क्षेत्रीय तथा जिल्लास्तरीय कार्यालयहरु, राष्ट्रिय गौरव र ठूला आयोजनाहरुको स्थलगत अनुगमन तथा निरिक्षण गरी सेवा प्रवाह तथा विकास आयोजना गतिविधिहरुलाई प्रभावकारी, सेवाग्राहीमैत्री, मितब्ययी र निर्धारित समयमै योजना सम्पन्न गर्न गराउन निर्देशन दिइ सेवाग्राही केन्द्रित सेवा प्रवाह र समय सीमा भित्रै विकास ब्यवस्थापनका माध्यमबाट रोजगारी श्रृजना, सार्वजनिक सेवाको सहज उपलब्धता र अर्थतन्त्रको वृद्धि विकासको लागी पहल गरिएको छ।
  - हेलो सरकारको क्षेत्रीय यूनिटको स्थापना मार्फत क्षेत्रभित्रबाट जनगुनासाहरुको संकलन गरी प्राथमिकताका साथ फछ्र्यौट लागि जिल्ला प्रशासन कार्यालयहरु र संम्वन्धित क्षेत्रीय कार्यालयहरुलाई निर्देशन दिने, Follow Up गर्ने कार्यहरु मार्फत कानूनी शासन र सुशासन प्रवर्द्धन गर्दै Public Complaint Mechanism लाई सुदृढ बनाइएको छ।
  - अख्तियार दुरुपयोग अनुसन्धान आयोग मार्फत थप अनुसन्धानका लागि प्राप्त उजुरी निवेदनहरु उपर छानविन गर्ने गराउने र सो को जानकारी सम्वन्धित निकायहरुमा गराई भ्रष्टाचार नियन्त्रण तथा कानूनी शासनको प्राप्तिमा निरन्तर योगदान भइरहेको छ।
  - राष्ट्रिय सतर्कता केन्द्र हुँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृहमन्त्रालय मार्फत सार्वजनिक सेवा प्रवाह तथा सुशासन सम्वन्धमा भएका जनगुनासा र निर्देशनहरु उपर आवश्यक थप कारवाही तथा मातहतका कार्यालयहरुमा निर्देशन दिइ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाइनुका साथै सेवा प्रदायकहरुलाई थप सचेत, प्रतिबद्ध र उत्तरदायी बनाउने प्रयास निरन्तर भइ रहेको छ।

- यस विकास क्षेत्रका १५ जिल्ला प्रशासन कार्यालयहरुको विभागीय प्रमुखको रुपमा प्रत्यक्ष नियमन, सुपरिवेक्षण र निर्देशन प्रदान गरी क्षेत्रभित्रका जिल्लाहरुमा चुस्तदुरुस्त शान्ति सुरक्षाको ब्यवस्था, कानूनी शासन र सुशासन प्रवर्द्धन गर्दै प्रभावकारी सार्वजनिक सेवा प्रवाहको ब्यवस्था गरिएको छ।
- क्षेत्रिय आपतकालीन सेवा संचालन केन्द्र (REOC) मार्फत यस क्षेत्रभित्र विपद् ब्यवस्थापनमा पूर्व सूचना संकलन, जोखिमयुक्त क्षेत्र र समयको पहिचान र विपद् पश्चात तत्काल उद्दार र राहत वितरणका गतिविधिहरु मार्फत विपद् व्यवस्थापन लाई प्रभावकारी र जनधनको न्यून-क्षति कायम राख्ने संयन्त्र, दक्ष जनशक्तिको विकास, पूर्वाधार तथा श्रोतसाधनको उचित बन्दोबस्ती गर्ने कार्य निरन्तर भईरहेको छ।

- **निकायगत उपलब्धिहरुः**
  - हेलो सरकार कार्यकक्ष मार्फत प्राप्त उपलब्धिहरुः
    नेपाल सरकार (मुख्य सचिवस्तर) को मिति २०७२।०८।१६ को निर्णयानुसार मिति २०७२।१०।१८ देखि हेलो सरकार कक्ष संचालनमा आएको छ। टोल फ्री नं. १११११ उदघाटन भई जम्मा ८२ वटा गुनासा प्राप्त भएको मध्ये अधिकांश फर्छ्यौट हुन बाँकी छन्।
  - अनुगमन निरीक्षण तथा जिल्ला भ्रमण कार्यहरु मार्फत प्राप्त उपलब्धिहरुः
    १२ पटक विभिन्न जिल्लाको निरिक्षण तथा अनुगमन भएको छ। अनुगमनको क्रममा देखिएका समस्या र चुनौतीहरुलाई तत्काल र क्रमिक रुपमा सुधार गर्दै जाने निर्देशन भई सार्वजनिक सेवा प्रवाहको अवस्थामा सुधार आएको छ।
  - प्रकाशन तथा सार्वजनिकरण सम्बन्धी कार्यहरुः
    मध्यपश्चिम विकास क्षेत्र एक झलक पुस्तिका प्रकाशन गरिएको छ। कार्यालयका नियमित गतिविधिहरु समावेश गरी प्रत्येक ३/३ महिनामा Proactive Discloser गर्ने गरिएको छ।
  - आर्थिक प्रशासन सम्वन्धी उपलब्धिहरु
    आ.व. २०७२।७३ को जम्मा निकासाहरु रु. १३९९८२२४.६० भएकोमा रु. १३९९८२२४.६० खर्च भएको छ। आ.व. २०७२।७३ को जम्मा बेरुजु २४

लाख ५५ हजार ६ सय ९७ रुपैया ६० पैसा मध्ये १९ लाख ४३ हजार ४ सय १६ रुपैया फछ्र्यौट भएको छ।

- स्थानीय प्रशासन सम्वन्ध कार्यहरुः

  आ.व. २०७२।७३ मा क्षेत्रीय सुरक्षा समितिहरुको २२ वटा बैठक बसी शान्ति सुरक्षा संग सम्बन्धित समस्याहरुलाई समन्वयात्मक तवरबाट समाधान गरिएको छ। क्षेत्रभरको शान्ति सुरक्षाको अबस्था सम्वन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयमा दैनिक जाहेरी प्रेषित गर्ने गरिएको छ। निजी सुरक्षा कम्पनीहरुको दर्ता प्रक्रियाको लागि ६ कम्पनीलाई राय प्रतिक्रिया प्रदान गरिएको र यस क्षेत्र भित्रका २२ वटा निजी सुरक्षा कम्पनीहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण भएको छ।

३. रक्षा मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- नेपाली सेनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित चुनौतीहरुसंग सामना गर्नसक्ने आधुनिक संगठनको रुपमा विकास गर्न तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको संरचनाको विकास गर्न मिति २०७१ साल माघ ११ गते नेपाल सरकार मन्त्रिपरिषद् प्रशासन समितिबाट स्वीकृत पुनर्ढांचा योजना अनुसार चरणबद्ध रुपमा दरबन्दी कार्यान्वयनमा ल्याइएको छ। नेपाली सेनाको लक्ष्य, "स्तरयुक्त र प्रभावकारी सांगठनिक संरचना (Standardized and Effective Organization) को विकास गर्दै लैजाने" अनुसार नयाँ संवैधानिक राज्य संरचना मार्फत, राष्ट्रिय सुरक्षा नीति-२०७३ मा उल्लिखित चुनौतीहरुलाई सम्वोधन गर्ने हेतुले नेपाली सेनाको संरचना सामरिक पुनरावलोकन (Comprehensive Strategic Review) को कार्यसम्पादन हुँदै आइरहेको छ। आवश्यक पर्ने संगठानात्मक ढाँचालाई पुनर्विचार गरी स्वीकृतिको लागि उक्त संशोधित पुर्नढाँचा योजना रक्षा मन्त्रालयमा पेश गरिएको छ।
- नेपाली सेनाको जनशक्तिलाई स्थायी रुपमा बासस्थानको व्यवस्था गर्न हरेक वर्ष विनियोजित भएको बजेटबाट निर्माण कार्य सम्पन्न गरिँदै आएको छ। आ.व. ०७२/७३ मा विभिन्न स्थानमा तैनाथ युनिटहरुको लोकेशनमा २०९ (जवान लाइन, कार्यालय भवन, ट्वाइलेट, बंकर, कोत, डिप बोरिङ, वर्कशप, मेडिकल, पति वङ्गला आदि) वटा भौतिक पूर्वाधारहरु निर्माण भएको छ। जङ्गी अड्डा परिसरमा एक सुविधा सम्पन्न केन्द्रीय पुस्तकालय, राष्ट्रिय सेवादल परिसरमा अतिथी भवन र सैनिक

संग्रहालय परिसरमा वीर स्मारकको निर्माण शुरु गरिएको छ। बारा जिल्लास्थित नमूना व्यारेक निर्माणको प्रथम चरणको कार्य सम्पन्न भएको छ।

- मिति २०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्प र सोपछि गएको पराकम्पको कारण १,१०९ वटा नेपाली सेनाको मुख्यालय लगायत ब्यारेक घरहरुमा क्षति पुगेको भनी पुनर्निर्माणका लागि नेपाली सेनाले पेश गरेको ३ वर्षे पुनर्निर्माण योजना अनुसार आ.व. ०७२/७३ मा रु. ७४ करोड निकासा भई योजना अनुसार निर्माण कार्य भएको छ।
- विगत लामो समयदेखि आधुनिक हतियार खरिद गर्न कठिनाइ परिरहेको स्थितिमा यस वर्ष विशेष फौजको लागि Israel Weapon Industry (IWI) बाट TAVOR Series को १२५० नाल राइफल र सोको पार्टपुर्जाहरु खरिद गरी सम्बन्धित युनिटलाई वितरण गरिएको छ। नेपाली सेनाको आधुनिकीकरण र क्षमता अभिवृद्धिको पाटोलाई अत्याधुनिक हतियारको आपूर्तिले प्रत्यक्ष रुपमा सहयोग पुग्ने र यसबाट आन्तरिक सुरक्षा लगायत विश्व शान्ति सुरक्षा कार्यमा नेपाली सेनाको Efficiency बढने छ।
- नेपाली सेनाको कार्यदक्षताको नतिजालाई प्रत्यक्ष असर पार्ने Characteristic अनुसार जमिनि पारवहन तथा हवाई पारवहन अति महत्वपूर्ण हुन्छ। नेपाली सेनाको दीर्घकालीन योजनामा न्यूनतम रुपमा एउटा गणको एक पटकमा एउटा गुल्मलाई Lift गर्नसक्ने पारवहन क्षमताको लागि सवारी साधनको आपूर्ति योजना अनुसार कार्यसम्पादन हुँदै आएको छ। यस वर्ष विभिन्न किसिमको सवारी साधनहरु गरी कुल ४५ वटा गाडी खरिद गरिएको छ। मित्रराष्ट्र भारतसंगको Bilateral Agreement को सवारी साधन उपलव्ध हुन बाँकी रहेको छ। UNDOF Mission Syria को लागि मित्रराष्ट्र चिनबाट खरिद गरिएको ५ x APC छिट्टैनै Shipment भई Mission Area मा पुग्ने क्रममा रहेको छ। UNMISS-2, सुडानको लागि अमेरिकी सरकारबाट प्राप्त १० x HUMVEE मिशन इलाकामा प्राप्त भई प्रयोगमा आई सकेको छ।
- सामूहिक तालिम, पेशागत प्रतियोगिता जस्ता विभिन्न अभ्यास र प्रतियोगिताहरु सञ्चालन भई सेनाको पेशागत क्षमता अभिवृद्धिमा विशेष जोड दिइएको र सकलदर्जामा आधारभूत सैनिक गुण र सीपहरु विशेषतः आचारसंहिता, सैनिक आदर, आम जनतासंग व्यवहार गर्ने तरिका आदिमा सुधार ल्याउन जोड दिँदै पेशागत तालिमलाई अझै तिखार्न "Back to Basics" कार्यक्रम समेत लागू गरी तालिमहरु सञ्चालन गरिएको छ।
- देशको सुरक्षा अवस्थामा सिर्जना हुनसक्ने सम्भावित बाह्य तथा आन्तरिक खतरा/चुनौतीहरु सम्बन्धमा अद्यावधिक रही परिस्थितिको विश्लेषण र मूल्याङ्कन गरी

सामना गर्न खबर संकलन, सम्बन्धित युनिट विशेषको तालिम र सरोकार राख्ने सबै निकायहरुसंग समसामयीक रुपमा समन्वय गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ।

- नेपाली सेनाले आ.व. ०७२/७३ प्रदान गरेको जनहितका कार्यहरु निम्न अनुसार रहेका छन्:
  - सर्पदंश उपचार सेवा ५६९० जना।
  - निःशुल्क स्वास्थ्य सेवा प्रदान ३५,७८२ जना।
  - रक्तदान ९२० जना।
  - खानेपानी तथा गोरेटो घोडेटो निर्माण ३८४ स्थान।
  - आगलागी नियन्त्रण ३७३ स्थान।
  - IED निष्क्रिय ९७ गोटा।
  - Mine Risk Education सञ्चालन १०८६ स्थान।
  - विभिन्न कारणबाट घाइते बिरामी भएका सर्वसाधारण जनता, राजनैतिक पार्टीका कार्यकर्ता तथा निजामती कर्मचारीहरुलाई तत्काल स्वास्थ्य उपचार सेवा पुऱ्याउन नेपाली सेनाको हवाई साधनबाट काठमाण्डौं तथा क्षेत्रीय अस्पतालमा ल्याउने कार्य गरिएको छ।
- विभिन्न भौगोलिक कठिनाइ, वातावरणीय प्रतिकूलता र सीमित साधन स्रोतको बाबजुद पनि राष्ट्र र जनताप्रतिको सर्मपणको भावले गर्दा केन्द्रदेखि स्थानीय तहसम्म नेपाली सेनाले First Responder को रुपमा खोज, उद्धार, राहत वितरण तथा अस्थायी पुनर्वासमा उल्लेखनीय योगदान दिँदै आएको छ। जसअन्तर्गत निम्न अनुसारको कार्यहरु सम्पादन भएका छन्।
  - देशमा प्रत्येक वर्ष प्राकृतिक विपद्बाट जनधनको क्षती भइरहेको छ। नेपाल भूकम्पीय जोखिमयुक्त राष्ट्रको रुपमा रहेको साथै द्रुत गतिमा भइरहेको शहरीकरण, वनजंगल फडानी, भू-क्षय तथा विश्वव्यापी जलवायु परिवर्तनले पार्नसक्ने प्रभावलाई दृष्टिगत गरी नेपाली सेनाले प्राकृतिक विपद्लाई एउटा सुरक्षा चुनौतीको रुपमा लिएको छ। यस चुनौतीलाई सामना गर्न नेपाली सेनाले आवश्यक तयारी गर्ने कार्यलाई प्राथमिकता दिइरहेको छ।
  - खोज तथा उद्धार कार्यको लागि आवश्यक इक्वीपमेन्टहरु वार्षिक रुपमा खरिद गरी प्राथमिकताको आधारमा वितरण गरिएको छ।
  - विपद् व्यवस्थापन सम्बन्धी तालीमहरु वार्षिक तालीम क्यालेण्डरमा समावेश गरी सबै पृतनाहरुमा सञ्चालन गरिएको छ।

- विश्वमा वृद्धि भइरहेको प्राकृतिक विपद्का घटनाहरुमा प्रभावित राष्ट्रले उद्धार तथा राहत कार्यको लागि वैदेशिक सैनिक सहयोग लिने क्रम बढ्दै गइरहेको छ। भविष्यमा नेपालमा पनि ठूलो प्राकृतिक विपद्को घटना घटेमा मित्रराष्ट्रहरुबाट प्राप्त हुनसक्ने सैनिक सहयोगलाई समन्वयात्मक तथा प्रभावकारी ढंगबाट परिचालन गर्न मित्रराष्ट्रका सेनाहरु विशेषगरी अमेरिकी सेनासंग सहकार्य भइरहेको छ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी तथा अभ्यासहरुमा नेपाली सेना सक्रिय रुपमा सहभागी हुँदै आइरहेको छ।

- लाङटाङमा हालसम्म बेपत्ता भएका व्यक्तिहरुको जियो-फिजिकल सर्भेको माध्यमबाट खोजी गरिएको छ।
- महालेखा परीक्षकको कार्यालयको ५२ औं वार्षिक प्रतिवेदन अनुसार नेपाली सेनाको नाममा कायम रहेको बेरुजु मध्ये २०७३ आषाढ मसान्तसम्म कुल बेरुजुको ५७.९८ प्रतिशत फछ्र्यौट गरिएको छ।
- नेपाली सेनाको १० वर्षे मूल योजना अनुरुप आवश्यक अपरेशन तथा बन्दोबस्ती कार्यमा सहयोग पुऱ्याउन सैनिक हवाई सेवाको व्यवस्था भए अनुरुप सैनिक हवाई महानिर्देशनालय अन्तर्गत मध्य एयर वेश र भि.भि.आई.पि. उडान सेवाद्वारा हवाई सेवा उपलव्ध गराउँदै आइरहेको छ।
- विपद् व्यवस्थापन क्षमता अभिवृद्धिलाई समेत समानान्तर सहयोग पुग्ने उद्देश्यले ३ वटा हेलिकप्टर खरिद प्रक्रिया अगाडि बढेको साथै ३ वटा हेलिकप्टर र १ वटा Medium Fixed Wing जहाज (५०-७० सिट क्षमता) खरिद योजनाको क्रममा रहेको छ।
- नेपाली सेनामा कार्यरत सबै दर्जाहरुको स्वास्थ्य उपचारको लागि केन्द्रीयस्तरको सुविधा सम्पन्न वीरेन्द्र अस्पताल, छाउनीबाट बहालवाला, अवकाश प्राप्त तथा निजका आश्रित परिवार, नेपाली सेनासंग सम्बद्ध निजामती कर्मचारी, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी लगायत Post Accidental Center को रुपमा अन्य सर्वसाधारणहरुलाई समेत उपचार सेवा प्रदान गर्दै आइरहेको छ। उक्त सेवालाई अझ विस्तार गर्ने उद्देश्य अनुरुप पूर्वाञ्चलको इटहरी र मध्य पश्चिमाञ्चलको सुर्खेतमा १/१ वटा फिल्ड अस्पताल सञ्चालनमा रहेका छन्। यसैगरी प्रत्येक वाहिनी (नं.१ र विशेष फौज वाहिनी बाहेक) अन्तर्गत १/१ वटा फिल्ड एम्वुलेन्स (फि.ए.) गरी जम्मा १५ वटा फिल्ड एम्बुलेन्स सञ्चालनमा रहेका छन्।
- आ.व. ०७२/७३ मा बहालवाला, बहालवालाको परिवार, भू.पू. र तिनका आश्रित परिवार, नेपाली सेनासंग सम्बद्ध निजामती कर्मचारी, राष्ट्रिय अनुसन्धान विभागका

कर्मचारी लगायत Post Accidental Center को रुपमा अन्य सर्वसाधारणहरु गरी जम्मा ३,६८,८९० जनालाई उपचार सेवा प्रदान गरेको छ।

- यसका अतिरिक्त देशमा आइपर्ने प्राकृतिक प्रकोप, सरुवा रोगको महामारीहरुमा समेत नेपाली सेना सहभागी भई उपचार सुविधा प्रदान गर्दै आइरहेको छ।
- प्रत्येक वर्ष विभिन्न विकास क्षेत्रमा सञ्चालन गर्दै आएको भूतपूर्व सैनिक सम्मेलनमा भूतपूर्व सैनिक तथा तिनका आश्रित परिवारहरुलाई लक्षित गरी कल्याणकारी कार्यहरु तथा कोष सञ्चालन सम्बन्धी नीतिगत व्यवस्थाहरुको बारेमा जानकारी गराउनुका साथै कोषद्वारा सञ्चालित कल्याणकारी कार्यहरुको विस्तार तथा सुधार र क्षेत्रीयस्तरमा भूतपूर्व सैनिक सम्मेलन र घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्दै भूतपूर्व सैनिकहरुको राय सुझाव समेत प्राप्त गर्ने गरिएको छ।
- २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्प र तत्पश्चात गएका पराकम्पनका कारण पीडित बहालवाला एवम् भू.पू. सैनिकहरुलाई आर्थिक राहत प्रदान गर्ने उद्देश्यले घरबास क्षतिको आधारमा पूर्ण क्षतितर्फ रु. ५० हजार तथा आंशिक क्षतितर्फ रु.२५ हजारका दरले र बहालवाला तथा अवकाश प्राप्त सैनिकको मृत्यु भएमा मृतकका हकवालालाई प्रति मृतक रु.३ लाख र किरियाकर्म खर्च बापत रु.२५ हजार एवम् सैनिकका परिवारहरुको मृत्यु भएमा प्रति मृतक रु. १० हजारका दरले क्रियाकर्म बापत राहत वितरण गर्ने गरी रु. २ अर्ब स्वीकृत भएकोमा उक्त रकमले नपुग भई २०७३ आषाढ मसान्तसम्म नेपाली सेनाका बहालवाला तथा अवकाश प्राप्त ५३ हजार ७७५ जनालाई चरणबद्ध रुपमा रु. २ अर्ब ४९ करोड ३४ लाख १७ हजार राहत रकम वितरण गरिएको छ।

४. परराष्ट्र मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छ।

- नेपालको संविधानको व्यवस्थालाई संस्थागत गर्न परराष्ट्र मन्त्रालयको कार्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने गैरआवासीय ऐन संशोधनको प्रकृयामा रहेको छ।
- संविधानको घोषणासंगै परराष्ट्र मन्त्रालय र संविधानले तोकेका कार्य क्षेत्रमा रहेका विषयहरुलाई ब्यवस्थित गर्न संक्रमणकालीन कार्य योजना तयार गर्न र परराष्ट्र सेवाको सञ्चालन र सेवाका शर्त सम्बन्धी ब्यवस्था गर्न परराष्ट्र सेवा ऐन विधेयकको प्रस्तावित

मस्यौदामा आवश्यक परिमार्जन सहित तयार गरी पेश गर्न गठित कार्यदलले प्रतिवेदन पेश गरेको छ।

- कूटनीतिक आचार संहिता, २०६८ लाई परिमार्जन गरी संशोधित कूटनीतिक आचार संहिता २०७२ को मस्यौदा स्वीकृतिका लागि प्रस्ताव सहित २०७२।१०।२१ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ।
- परराष्ट्र मन्त्रालय र अन्तर्गतका नियोगहरु तथा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको संरचनालाई पुनरावलोकन गर्न स्वतन्त्र विज्ञहरुबाट अध्ययन गराई प्रतिवेदन प्राप्त भएको र ती प्रतिवेदनलाई कार्यान्वयनमा लैजान आवश्यक तयारी आरम्भ भएको छ।
- विनाशकारी भूकम्पपछि पर्यटन उद्योगमा पर्न गएको नकारात्मक प्रभाव कम गर्न, नेपालमा लगानीका अवसर जुटाउन, रोजगारीको सम्भावनाको खोजी, कला र सँस्कृतिको संरक्षण र सम्बर्द्धन र निर्यात प्रवर्द्धन लगायतका विषयमा विदेशस्थित नियोगहरुबाट विभिन्न कार्यक्रमहरु सञ्चालन भई अन्य थप कार्यक्रम हुने क्रममा रहेको छ।
- गैरआवासीय नेपालीहरुको पूँजी, सीप र लगानीको प्रवर्द्धन गर्न प्रोत्साहन गरिएको छ।
- नेपाल सरकारको नीति तथा कार्यक्रममा आ. व. २०७३।०७४ मा BIMSTEC Summit गर्ने गरी समावेश भएको छ।
- नेपाली राजदूतावास, Bangkok का लागि घर खरीद गरिएको छ।
- नेपाली नियोगहरुले विकास कूटनीति सम्बन्धी विविध कृयाकलापहरु संचालन गरिराखेका छन्।
- नेपाली नियोगहरुले श्रमिक तथा अन्य नेपाली नागरिकहरुलाई पुऱ्याउने सेवालाई थप सहज तथा प्रभावकारी बनाउने कार्य भइरहेको छ।
- वैदेशिक रोजगारीको सिलसिलामा मृत्युभएका नेपाली नागरिकका हकदारले पाउनुपर्ने क्षतिपूर्ति रकम यथासमयमै दिलाउनेतर्फ आवश्यक कार्यहरु भइरहेको छ।
- नियोगबाट हुने उद्धार लगायत आपतकालीन सेवा web/online मा follow up गर्न सकिने गरी प्रारम्भिक कारवाही शुरु गरिएको छ।
- दक्ष कूटनीतिक जनशक्तिका लागि भाषा तालिम प्रदान गर्न विदेशस्थित ११ वटा नेपाली नियोगहरुलाई रु. २२ लाख बिनियोजन गरिएको छ।

- माननीय उपप्रधानमन्त्रीबाट २०७२ चैत्र २४ मा स्वीकृत भई कन्सुलर कार्यविधि लागू भइसकेको छ।
- कन्सुलर ह्याण्ड बुक तयार भई पारितको प्रक्रियामा रहेको छ।
- राहदानी विभागमा राहदानी आवेदनको Online Application/Live Enrollment लाई परीक्षणका रुपमा लागू भएकोमा निकट भविष्यमा नै नियमित रुपमा शुरु गर्ने योजना रहेको छ।
- संयुक्त राज्य अमेरिकाको वासिंटन डि. सी, न्यूयोर्क, संयुक्त अधिरज्यको लण्डन, कतारको दोहा, कुवेत, साउदी अरबको रियाद तथा जेद्दा, संयुक्त अरब इमिरेट्सको अबुधावी, मलेसियाको क्वालालम्पुर तथा हङ्ककङ्गस्थित नेपाली नियोग गरी १० बटा नियोगहरुमा राहदानी आवेदनको Online Application/Live Enrollment प्रणाली विकास गरी लागू गरिएको छ।
- ई-पासपोर्टको टेण्डरको प्रक्रिया तयारी भइरहेको छ।
- २४ नोभेम्बर २०१५ देखि लगभग सवै हस्तलिखित राहदानीलाई यन्त्रवाचक राहदानीले प्रतिस्थापन गरिसकेको छ।
- साधारण राहदानी/यात्रा अनुमति पत्र (सामान्य सेवा) १५ दिन भित्रको लक्ष्य राखिएकोमा १० दिन भित्र नै Delivery दिने गरी व्यवस्थापन गर्न सकिने भएको छ।
- द्रुत सेवा अन्तरगत साधारण राहदानी ५ कार्य दिन भित्र दिन शुरु गरिएको छ।

५. सामान्य प्रशासन मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छ।

- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन सामान्य प्रशासन मन्त्रालयको सोच पत्र २०७२ बमोजिम कार्यान्वयन कार्य योजना तयार गरी लागू गरिएको छ।
- नेपाल सरकारको तत्काल सुधार कार्ययोजना, २०७२ मा उल्लेख भएका सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित क्रियाकलापहरुको कार्य योजना तयार गरी कार्यान्वयनको चरणमा रहेको छ।

- संवैधानिक व्यवस्था बमोजिम संघ प्रदेश र स्थानीय तहमा कर्मचारीहरुको व्यवस्थापन तथा समायोजन गर्ने विधेयक तयारीको लागि नेपाल सरकारबाट सैद्धान्तिक सहमति प्राप्त भई विधेयकको मस्यौदा तयार गरीएको छ।
- अत्याधिक कार्यचाप भएको र सेवाग्राही सँग प्रत्यक्ष सम्बन्धित १८ वटा बिभिन्न कार्यालयहरु छनोट गरी सेवा प्रवाह सन्तुष्टी सर्वेक्षण कार्य सम्पन्न गरी सो सर्वेक्षणबाट देखिएका कैफियतहरुमा सुधार गर्नका लागि सम्बन्धित मन्त्रालय विभागमा लेखी पठाइएको छ।
- मन्त्रालयको उच्च तहबाटै सेवा प्रवाहको अवस्थाबारे स्थलगत अनुगमन निरीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम गरिएको छ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र कर्मचारी प्रशिक्षण प्रतिष्ठान मार्फत १८१० जनशक्तिको लागि क्षमता अभिबृद्धि कार्यक्रमहरु संचालन भएको छ।
- मिति २०७३।०२।१९ मा आधिकारिक ट्रेडयूनियनको निर्वाचन सम्पन्न गरिएको छ।
- तोकिएको अवधि भन्दा बढी काज बस्ने कर्मचारीहरुको काज फिर्ता गरीएको छ।
- सरुवाको लागि लाग्ने समय, श्रम र कार्यजटिलता न्यूनीकरण गरिएको छ।
- जनतासँग प्रत्यक्षरुपमा सम्बन्धित भई सेवा प्रवाह गर्ने कार्यालयहरुमा कर्मचारी अभाव हुन नदिने प्रयोजनका लागि क्षेत्र भित्रमा क्षेत्रीय प्रशासक र जिल्ला भित्रमा प्रमुख जिल्ला अधिकारीलाई सामान्य प्रशासन मन्त्रालयमा रहेको सरुवा गर्ने अधिकार प्रत्यायोजन गरिएको छ।
- कर्मचारी प्रशिक्षण प्रतिष्ठान र न्याय सेवा तालिम केन्द्रलाई सबैका लागि तालिम अन्तर्गत बिशेष तालिम संचालन गर्न आर्थिक अनुदान प्रदान गरिएको छ।
- अधिकांश विभागीय प्रमुख सबै आयोजना प्रमुख र केही कार्यालय प्रमुखहरुसँग कार्य सम्पादन सम्झौता गरिएको छ।
- पूर्व विशिष्ट श्रेणीका कर्मचारीहरुको कार्यकारी परिषद्को सचिवालय स्थापना भएको र संघीयता कार्यान्वयन, नेपाल सरकारको नीति तथा कार्यक्रम/बजेट कार्यान्वयन सम्बन्धी सुझावहरु लिने कार्य भइरहेको छ।
- मुलुकभरबाटै सरुवाको निवेदन दिन सजिलो हुने गरी सरुवा सम्वन्धी online portal संचालनमा ल्याइएको छ।
- मन्त्रालय अन्तरगतको निजामती कर्मचारी अस्पतालबाट युरोलोजीको URS, LASER, Blood Irradiation, Apheresis, छालाको अल्ट्राभ्वाइलेट थेरापी, EEG जस्ता सेवाहरु सुरुवात गरिएको छ।

- निजामती किताबखानाले यस मन्त्रालयबाट भएका सरुवा तथा काजलाई web based application को प्रयोग गरी online बाट नै अभिलेख बद्ध गरिएको छ।

६. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलब्धिहरु हासिल भएको छ।

कानुन तर्जुमा सम्बन्धी

- **नेपालको संविधानको कार्यान्वयनको लागि मौजुदा कानूनमा संशोधन तथा आवश्यक कानून निर्माण सम्बन्धी क्रियाकलाप**

  नेपालको संविधानको कार्यान्वयन गर्न ११० वटा विषयमा संघीय कानून, २२ वटा विषयमा प्रदेश कानून र ६ वटा विषयमा स्थानीय कानून बनाउनु पर्ने विषय पहिचान गरिएको र पहिचान भएका विषयहरुलाई प्राथमिकताक्रम निर्धारण गरी सो बमोजिम कानून निर्माणको प्रक्रिया अगाडी बढाइएको छ। यसका साथै मौजुदा कानूनहरुमा गर्नुपर्ने संशोधन तथा सुधारका लागि कानूनहरुको पहिचान गरी त्यस्ता कानूनको विवरण संलग्न गरी संविधान बमोजिम निर्माण गर्नुपर्ने कानूनहरुको विषयमा सम्बन्धित मन्त्रालयलाई कानून तर्जुमाको कार्य तत्काल अगाडी बढाउन पत्राचार गरिएको र विभिन्न मन्त्रालयका सम्बद्ध अधिकृत तथा कानून अधिकृतहरूसँग मन्त्रीको उपस्थितिमा छलफल समेत गरिएको छ। नेपाल सरकारको तर्फबाट व्यवस्थापिका-संसदमा पेश गरिएको "संविधान कार्यान्वयन कार्ययोजना" ले निर्धारित गरेको प्राथमिकता अनुरुप कानून तर्जुमाको कामलाई उच्च प्राथमिकताका साथ अघि बढाइएको छ। जस अनुसार २० वटा विभिन्न विधेयक व्यवस्थापिका-संसदबाट पारित भएका छन्। विभिन्न ५ वटा विधेयक व्यवस्थापिका-संसदमा पेश गरिएको छ। व्यवस्थापिका-संसदमा पेश गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट ८ वटा विधेयकको मस्यौदामा स्वीकृती प्राप्त भएको छ। व्यवस्थापिका-संसदमा पेश गर्न नेपाल सरकार मन्त्रिपरिषदमा स्वीकृतीका लागि पेश भएका र आवश्यक कारबाही अगाडी बढाउन सम्बन्धित मन्त्रालयलाई ७ वटा विषयका मस्यौदामा सहमती दिइएको छ। जसको विवरण यस प्रकार छन्ः-

व्यवस्थापिका-संसदबाट पारित भएका केही महत्वपूर्ण ऐनहरु

१. नेपालको संविधान (पहिलो संशोधन)

२. बोक्सीको आरोप(कसूर र सजाय) ऐन, २०७२
३. राष्ट्रिय युवा परिषद् ऐन, २०७२
४. विनियोजन ऐन, २०७२
५. आर्थिक ऐन, २०७२
६. राष्ट्रिय ऋण उठाउने ऐन, २०७२
७. केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२
८. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२
९. मौजुदा ऐनहरुमा रहेका कतिपय व्यवस्थाहरुलाई तत्काल संविधान अनुकुल बनाउन विभिन्न १९३ वटा ऐनहरुलाई संशोधन गर्ने केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२
१०. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२
११. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२
१२. खोप ऐन, २०७२
१३. भूमि सम्बन्धी (छैठौं संशोधन), २०७२
१४. राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२
१५. मेलमिलाप सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७२
१६. मानव अंग प्रत्यारोपण (पहिलो संशोधन) ऐन, २०७२
१७. विनियोजन ऐन, २०७३
१८. सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०७३
१९. नेपाल खुला विश्वविद्यालय ऐन, २०७३
२०. शिक्षा (आठौं संशोधन) ऐन, २०७३

व्यवस्थापिका-संसदमा पेश गरिएका विधेयक

१. सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयक
२. न्याय सेवा आयोगको काम, कर्तव्य, अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
३. न्याय प्रशासन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
४. न्याय परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

५. राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य, अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

व्यवस्थापिका-संसदमा पेश गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृति प्राप्त भई तयार पारिएको विधेयकको मस्यौदा

१. लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२. स्थानीय निकाय (निर्वाचन कार्यबिधि) ऐनलाई संशोधन गर्न बनेको विधेयक
३. राष्ट्रिय दलित आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
४. आदिवासी जनजाति आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
५. मुस्लिम आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
६. मधेसी आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
७. थारु आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
८. राष्ट्रिय समावेशी आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

व्यवस्थापिका-संसदमा पेश गर्न नेपाल सरकार मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेश गर्न आवश्यक कारबाही अगाडि बढाउन सम्बन्धित मन्त्रालयलाई सहमती दिइएका विषय

१. भाषा आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२. राष्ट्रिय महिला आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
३. संघीय आकस्मिक कोषको व्यवस्था गर्न बनेको विधेयक
४. सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयक
५. वस्तु विनिमय बजार सम्बन्धी विधेयक
६. राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धी विधेयक
७. कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

यस मन्त्रालयबाट तर्जुमा गर्नुपर्ने ९ वटा विषयका विधेयकहरुको अवधारणापत्र तयार गरी नेपाल सरकार, मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमती प्राप्त भई प्रारम्भिक मस्यौदा तयार भएको छ। नयाँ विधेयक तर्जुमा सम्बन्धमा विभिन्न मन्त्रालयलाई ३८ वटा विषयमा सैद्धान्तिक सहमति दिइएको छ। जसको विवरण यस प्रकार छः-

तर्जुमा गर्नु पर्ने विधेयकहरुको अवधारणापत्र तयार गरी नेपाल सरकार (मन्त्रिपरिषद्)बाट सैद्धान्तिक सहमति प्राप्त भई प्रारम्भिक मस्यौदा तयार पारिएका विधेयकहरुः-

१. सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्वन्धी विधेयक,

२. संघीय संसद्का पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी विधेयक,

३. उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी विधेयक,

४. महान्यायाधिवक्ताको काम, कार्तव्य र अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,

५. महाअभियोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,

६. अपराध पीडितको हक सम्बन्धी विधेयक,

७. संघीय न्याय सेवा आयोगका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी विधेयक,

८. सरकारी वकिल तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी विधेयक, प्रदेश न्याय सेवा आयोगको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी विधेयक सम्बन्धमा अवधारणापत्र तयार भएको,

९. प्रदेश न्याय सेवा आयोगको गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी विधेयकको अवधारणा पत्र तयार गरेको।

लैङ्गिक समानता कायम गर्न तथा लैगिंक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

नेपाल सरकारले स्वीकृत गरेको लैगिंक हिंसा विरुद्धको राष्ट्रिय रणनीति तथा कार्य योजना, २०६९ मा रहेका मन्त्रालयसँग सम्बन्धित कानूनी सुधारका विषय, महिला विरुद्धका हिंसा नियन्त्रण गर्न विद्यमान नीति, कानून तथा प्रणालीमा सुधारको लागि अध्ययन गर्न गठित समितिको सुझाव तथा सर्वोच्च अदालतबाट भएका आदेश समेतलाई दृष्टिगत गरी हाल लागू रहेका विभिन्न ३१ वटा ऐनहरुमा संशोधन गरिएको छ। यस ऐनमा रहेका मुख्य मुख्य व्यवस्थाहरु देहाय बमोजिम छन् :

- मुलुकी ऐनमा संशोधन गरी महिला हिंसाको मुद्दालाई पनि अदालतमा सुनुवाईको क्रममा प्राथमिकता दिइने, पति पत्नी बीचमा सम्बन्ध विच्छेदको लागि समान आधार निर्धारण गर्ने, जबरजस्ती करणीको कसूरमा मुद्दा गर्ने हदम्याद बढाउने तथा त्यस्तो कसूरबाट पीडितले पीडकबाट क्षतिपूर्ति नपाउने अवस्थामा नेपाल सरकाबाट क्षतिपूर्ति पाउने गरी अदालतले आदेश दिनसक्ने, सम्पत्तिको विषयमा महिला र पुरुष बीचमा समान हक हुने, लैङ्गिक रुपमा समानता कायम गर्ने गरी अपुतालीको प्राथमिकताक्रम निर्धारण गर्ने तथा लैङ्गिक आधारमा भेदभाव गर्ने कार्य सामाजिक अपराध हुने गरी संशोधन गरिएको छ।
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा नेपाल सरकार वादी हुने, महिला, बालबालिका भएका मुद्दामा अपराधको सूचना दर्ता भएदेखि मुद्दाको फैसला कार्यान्वयन नभएसम्म मुद्दाका पक्ष, पीडितको समेत व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने समेतको व्यवस्था गर्न संशोधन गरिएको छ।
- कानूनी सहायता सम्बन्धी ऐन, २०५४ मा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध हुने व्यवस्था, वैदेशिक रोजगार ऐन, २०६४ मा लैङ्गिक हिंसा हुने अवस्था र त्यसको समाधानका उपाय सम्बन्धी विषयहरु अभिमुखीकरणको पाठ्यक्रममा राखेर जानकारी दिनु पर्ने तथा लैङ्गिक हिंसाबाट पीडितलाई उद्धारको लागि आवश्यक पहल गर्ने समेतका व्यवस्था समावेश गरिएको छ।
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६, छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८, राष्ट्रिय प्रसारण ऐन, २०४९ मा लैंगिक हिंसालाई बढावा दिने प्रकृतिका सामग्री प्रकाशन तथा प्रसारण गर्न नपाइने व्यवस्था समावेश गरिएको छ।
- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा महिलालाई जिस्काउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने गरी सामग्री प्रकाशन गर्न नपाउने व्यवस्था गर्न प्रस्ताव गरिएको छ।
- मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा पीडितले चाहेमा निजको तर्फबाट समेत कानून व्यवसायी राख्न पाउने, पीडितले भाषा नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने, पीडितको उद्धार गर्दा वा विदेशी मुलुकमा रहेको यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको न्यायिक कारबाहीमा पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न सकिने, कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिन सक्ने तथा मुद्दामा सरकारी पक्षबाट

अदालतमा उपस्थित भएका साक्षीलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनु पर्ने व्यवस्था समावेश गरिएको छ।

- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा घरेलु हिंसामा पर्ने शारीरिक यातना र मानसिक यातनाको परिभाषालाई समसामयिक बनाउने र शारीरिक यातनामा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने कार्यलाई समेत समेटिएको र त्यस्ता शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूरलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था गरी सरकारी र व्यक्तिगत अभियोजन प्रणालीलाई मान्यता दिने व्यवस्था प्रस्ताव गरिएको छ। साथै, पीडितले आफ्नो तर्फबाट समेत कानून व्यवसायी राख्न सक्ने, पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्ने, संरक्षण अधिकृत नियुक्ति गर्न वा तोक्न सक्ने, निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गर्दै सजायको हद समेत बढाइएको छ।

केही नेपाल कानूनलाई संशोधन तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

- प्रचलित कानूनमा रहेको राजतन्त्रको सन्दर्भ अन्त्य गरी गणतान्त्रिक व्यवस्थाको सन्दर्भ कायम गर्न, सर्वोच्च अदालतबाट अमान्य र बदर घोषित भएका कानूनी व्यवस्थालाई संशोधन तथा खारेज गर्न तथा हाल प्रचलनमा नरहेका र भविष्यमा पनि कार्यान्वयनमा नआउने विभिन्न कानूनहरु खारेज गरिएको छ।
- यस ऐनबाट अदालतले अमान्य र बदर गरेका मुलुकी ऐनका प्रावधानहरु, राहदानी ऐन, २०२४, गुठी संस्थान ऐन, २०३३, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, बालबालिका सम्बन्धी ऐन, २०४८, निजीकरण ऐन, २०५०, मानव अधिकार आयोग ऐन, २०६८ लगायत १६ वटा ऐनमा संशोधन गर्न र हाल प्रयोगमा नरहेका र भविष्यमा पनि प्रयोगमा नआउने ४५ भन्दा बढी नियमावलीलाई खारेज गरिएको छ।

अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा मानव अधिकार सम्बन्धी

- देहायका बिषयहरुमा वार्ता भई प्रारम्भिक हस्ताक्षर भएका मस्यौदामा राय र सम्पन्न सम्झौताहरुलाई प्रभावकारी बनाउन १७ वटा विषयमा कानूनी राय दिइएको छ।

अन्तर्राष्ट्रिय विकास संस्थासंग भएका सम्झौता

- Grid Solar and Energy Efficiency Project, Earthquake Housing Reconstruction Project सम्बन्धी,
- कावेली जलविद्युत आयोजना सम्बन्धी,
- उर्जा क्षेत्र सुधार तथा दिगो जलविद्युत आयोजना सम्बन्धी,
- विद्यालय क्षेत्र सुधार कार्यक्रमका लागि थप आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धी।

एशियाली विकास बैंकसँग भएका सम्झौता

- Earthquake Emergency Assistance Project सम्बन्धी,
- Disaster Risk Reduction and Livelihood Restoration for Earthquake Affected Communities सम्बन्धी,
- काठमाडौ उपत्यका खानेपानी सुधार आयोजनाका लागि थप ऋण प्रदान गर्ने सम्बन्धी।

विश्व बैंकसँग भएका सम्झौताहरु

- Post Disaster Second Financial Sector Stability Development Policy Financing सम्बन्धी।

अन्य संस्थासँग भएका सम्झौताहरु

- Emergency Housing Reconstruction का सम्बन्धमा JICA,
- Community Managed Irrigated Agriculture Sector Project (Phase II) का सम्बन्धमा र तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजनाका सम्बन्धमा OFID,
- Nepal Grid Development Programme का सम्बन्धमा European Investment Bank,
- Pokhara Regional International Airport Project का सम्बन्धमा Export –Import Bank of China।

- देहाय बमोजिमका सन्धि सम्झौताको मस्यौदा समेत ११२ वटा द्विपक्षीय/बहुपक्षीय सन्धि सम्झौताका मस्यौदामा राय सहमति व्यक्त गरिएको

भूकम्प पश्चात पुनर्निर्माण सम्बन्धी सम्झौता

- जर्मन सरकारले Special Commitment 2015 for FC Recovery Programme अन्तर्गत नेपाल सरकारलाई वित्तीय सहयोग सम्बन्धी,

- नेपाल र चीन सरकार बीच सम्पन्न हुने Post Disaster Reconstruction Aid Project Plan अन्तर्गत Targeted Cash Assistance कार्यक्रम सम्बन्धी,
- नेपाल र विश्व बैक बीच सम्पन्न हुने आपतकालीन भवन पुनर्निर्माण आयोजनाका सम्बन्धमा सम्पन्न हुने Financing Agreement सम्बन्धी,
- नेपाल र जापान बीच भूकम्प पुनर्स्थापना तथा पुनर्निमाण सम्बन्धी अनुदानका सम्बन्धमा, नेपाल सरकार र Japan International Cooperation Agency बीच आपतकालीन विद्यालय र आवास पुर्ननिर्माण आयोजना सम्बन्धी,
- नेपाल र एशियाली विकास बैक बीच सम्पन्न हुने Disaster Risk Reduction and Livelihood Restoration for Earthquake Affected Communities सम्बन्धी अनुदान सम्बन्धी,
- नेपाल सरकार र KfW बीच सम्पन्न हुने वित्तीय सहायता (पुनर्स्थापना कार्यक्रम-स्वास्थ्य क्षेत्र) सम्बन्धी,
- नेपाल र जनवादी गणतन्त्र चीन सरकार बीच अरनिको राजमार्ग स्तरोन्नति लगायतका परियजनाको सम्बन्धमा सम्पन्न हुने अनुदान सम्बन्धी,
- नेपाल र Korea International Cooperation Agency (KOICA) बीच Post-Disaster Health Service Recovery Program in Nuwakot District सम्बन्धी,
- नेपाल सरकार, KfW र नेपाल विद्युत प्राधिकरण बीच Reconstruction and Improvement of Electricity in Earthquake Affected Districts विषयक आयोजना तथा वित्तीय सम्झौता सम्बन्धी।

अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी सम्झौता

- नेपाल र कतार बीच सम्पन्न हुने Waiver of Visa Requirements for Holders of Diplomatic and Special/Official Passports" सम्बन्धी,
- नेपाल र ओमान सरकार बीच द्विपक्षीय संयन्त्र (Consultation Mechanism) स्थापना सम्बन्धी,
- नेपाल सरकार र ओमान सरकार बीच कूटनीतिक तथा विशेष राहदानी वाहक नागरिकलाई अर्को मुलुकमा भ्रमण गर्न प्रवेशाज्ञा छुट सम्बन्धी,
- नेपाल र इन्डोनेशिया बीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धी,
- नेपाल र South Asia Network of Economic Research Institute (SANEI) बीच सचिवालय स्थापना सम्बन्धी,
- नेपाल र इजरायल सरकार बीच परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धी,

- नेपाल सरकार र जनवादी गणतन्त्र चीन सरकार बीच तिब्बतमा नेपाली महावाणिज्य दूतावास स्थापना सम्बन्धी,
- नेपालले Shanghai Cooperation Organization (SCO) मा Dialogue Partner को रूपमा आबद्ध हुने सम्बन्धी,
- नेपाल सरकार र मोरक्को सरकार बीच परामर्श संयन्त्र स्थापना सम्बन्धी,
- नेपाल र कुवेत सरकार बीच सम्पन्न हुने Agreement on the Mutual Visa Exemption for Holders of Diplomatic and Special/Official Passport सम्बन्धी,
- नेपाल सरकार र कोलम्बिया सरकार बीच सम्पन्न हुने Memorandum of Understanding on Technical Co-operation सम्बन्धी,
- भारत दिल्ली स्थित साउदी अरबको दूतावासमा रहेको कूटनीतिज्ञको अन्तर्राष्ट्रिय कानून अनुसार हैसियत यकिन सम्बन्धी,
- नेपाल सरकार र गणतन्त्र गीनि सरकार बीच कूटनीतिक सम्बन्ध स्थापना गर्ने सम्बन्धी,
- नेपाल र इस्लामिक गणतन्त्र इरान बीच सम्पन्न हुने कूटनीतिक तथा विशेष राहदानी वाहक नागरिकलाई अर्को मुलकमा भ्रमण गर्न प्रवेशाज्ञा छुट सम्बन्धी,
- नेपाल सरकार र प्रजातन्त्रिक लाओस बीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धी,
- SAARC LAW को Regional Secretariat काठमाडौमा स्थापना गर्ने सम्बन्धी,
- SAARC Youth Charter सम्बन्धी,
- नेपाल र कोलम्बिया सरकार बीच कुटनीतिक तथा विशेष राहदानी वाहक नागरिकलाई अर्को मुलुकमा भ्रमण गर्न प्रवेशाज्ञा छुट सम्बन्धी,
- नेपाल सरकार र चीन सरकार बीच सम्पन्न हुने Framework Agreement Between the Government of Nepal and Government of the People's Republic of China on Supply of Petroleum सम्बन्धी,
- नेपाल र इन्डोनेशिया, भियतनाम र लाओससँग सम्पन्न हुने कूटनीतिक तथा विशेष राहदानी वाहक नागरिकलाई अर्को मुलुकमा भ्रमण गर्न प्रवेशाज्ञा छुट सम्बन्धी,
- नेपाल र चीन बीच ग्वान्जाउ शहरमा नेपालको महावाणिज्य दूतावास स्थापना सम्बन्धी,
- नेपाल सरकार र इजरायल सरकार बीच परामर्श संयन्त्र स्थापना सम्बन्धी,
- नेपाल र बुल्गेरिया सरकार बीच परामर्श संयन्त्र स्थापना सम्बन्धी।

कृषि, अर्थ र बाणिज्य सम्बन्धी सम्झौता

- नेपाल, International Bank for Reconstruction and Development र International Development Association बीच सम्पन्न हुने अनुदान सम्बन्धी,
- नेपाल सरकार र स्वीटजरल्याण्ड सरकार बीच "Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE) Phase I सम्बन्धी,
- नेपाल र युरोपियन युनियन बीच Partnership for Improved Nutrition in Nepal विषयक कार्यक्रमका लागि वित्तीय सहयोग सम्बन्धी,
- नेपाल र स्वीटजरल्याण्ड बीच नेपाल कृषि सेवा विकास कार्यक्रम (NASDP) र नेपाल कृषि बजार विकास कार्यक्रम (NAMDP) विषयक अनुदान सम्बन्धी,
- नेपाल सरकार र बेलायत सरकार बीच Evidence for Development Program सम्बन्धी,
- नेपाल सरकार र स्वीटजरल्याण्ड सरकार बीच "Decentralized Rural Infrastructure and Livelihood Project (DRILP-Phase III) सम्बन्धी,
- SAARC Limited Multilateral Agreement on Avoidance of Double Taxation and Mutual Administrative Assistance in Tax Matters को Protocol सम्बन्धी,
- नेपाल सरकार र Export-Import Bank of India बीच सम्पन्न हुने Dollar Credit Line Agreement सम्बन्धी,
- नेपाल सरकार र भारत सरकार बीच सम्पन्न हुने Utilization of the Grant Component of India's Assistance Package for Post-Earthquake Reconstruction in Nepal सम्बन्धी,
- नेपाल सरकार र युरोपेली संघ बीच सम्पन्न हुने Nepal-EU Action for Recovery and Reconstruction-NEARR (State Building Contract) सम्बन्धी,
- नेपाल सरकार र चीनको EXIM Bank बीच पोखरा क्षेत्रीय विमानस्थल निर्माण गर्न Government Concessional Loan Agreement सम्बन्धी,
- नेपाल सरकार र स्वीटजरल्याण्ड सरकार बीच सम्पन्न हुने मोटर गुड्ने (स्थानीय सडक) पुलहरू कार्यक्रम सम्बन्धी,
- नेपाल सरकार र भारत सरकार बीच पनौतिमा नेपाल प्रहरी प्रतिष्ठान स्थापना गर्ने सम्बन्धी,
- नेपाल र International Rice Research Institute (IRRI) बीच सम्पन्न हुने समझदारी सम्बन्धी,
- विश्व बैकको पूँजी वृद्धि गर्ने सम्बन्धी,

- Department of International Development (DFID) ले तयार पार्ने "Nepal Skills for Employment Programme" आयोजना कार्यान्वयन सम्बन्धी,
- अर्थ मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण, Export–Import Bank of China र Escrow Bank बीच सम्पन्न हुने Escrow Account Management सम्बन्धी,
- नेपाल सरकार र मिलेनियम च्यालेन्ज कर्पोरेशन बीच सम्पन्न हुने प्राविधिक सहायता सम्बन्धी,
- नेपाल सरकार र डेनमार्क सरकार बीच Development Cooperation Agreement (1995) को Supplementary Agreement सम्बन्धी।

जलस्रोत र सिचाई सम्बन्धी सम्झौता

- नेपाल, KfW तथा नेपाल विद्युत प्राधिकरण बीच त्रिशुली विद्युतको कुशल प्रशारण आयोजना सम्बन्धी,
- नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच ग्रामीण जलश्रोत व्यवस्थापन आयोजना तेस्रो चरण कार्यक्रमका सम्बन्धमा,
- नेपाल र युरोपियन इन्भेष्टमेन्ट बैक बीच नेपाल ग्रिड विकास कार्यक्रम अन्तर्गत २२० के भी त्रिशुली प्रसारण प्रणाली आयोजना सम्बन्धी,
- नेपाल र International Development Association बीच Power Sector Reform and Sustainable Hydropower Development Project सम्बन्धी,
- नेपाल र KfW बीच चिलिमे-त्रिशुली विद्युतीय प्रसारण प्रणालीको सम्बन्धमा सम्पन्न हुने वित्तीय तथा आयोजना सम्बन्धी,
- नेपाल सरकार र जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड बीच सम्पन्न हुने HIDCL Subsidiary Agreement र जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड र कावेली इनर्जी लिमिटेड बीच सम्पन्न हुने KEL Subsidiary Agreement सम्बन्धी।

स्वास्थ्य, शिक्षा र पूर्वाधार सम्बन्धी सम्झौता

- नेपाल सरकार र DFID बीच Support to Nepal Health Sector Programme III (NHSP III) सम्बन्धी,
- Department for International Development (DFID) को Nepal Health Sector Programme II सम्बन्धी,
- नेपाल सरकार र जापान सरकार बीच विद्यालय क्षेत्र सुधार कार्यक्रमका सम्बन्धमा सम्पन्न हुने अनुदान सम्झौता सम्बन्धी,

- नेपाल र विश्व बैक बीच विद्यालय क्षेत्र सुधार कार्यक्रमका लागि थप आर्थिक सहायता सम्बन्धी,
- नेपाल सरकार र KfW बीच Programme Improvement of Maternal and Child Care in Remote Areas सम्बन्धी,
- नेपाल सरकार, ग्लोवल फण्ड र सेभ द चिल्ड्रेनका बीच सम्पन्न हुने क्षयरोग, मलेरिया र एड्स रोग निदान तथा नियन्त्रणका कार्यक्रम सञ्चालन सम्बन्धी,
- नेपाल सरकार र जापान सरकार बीच Human Resource Development Scholarship Project सम्बन्धी,
- नेपाल सरकार र चीन सरकार बीच Construction Management and Maintenance of Xiarwa Boundary River Bridge सम्बन्धी,
- Strengthening of Road Infrastructure in the Terai Area of Nepal सम्बन्धी,
- काठमाडौं-तराई मधेश फाष्ट ट्र्याक निर्माण कार्य सम्बन्धमा लगानीकर्ता/प्रबर्द्धक कम्पनी ITNL Consortium (IL&FS) सँग सम्पन्न हुने Draft Concession Agreement सम्बन्धमा।

अन्तर्राष्ट्रिय सन्धि/सम्झौताको पक्ष बन्ने सम्बन्धी सम्झौता

- Open Government Partnership-OGP को सदस्यता सम्बन्धी,
- Asian Infrastructure Investment Bank को Article of Association को अनुमोदन सम्बन्धी,
- Trade Facilitation Agreement TFA को अनुमोदन सम्बन्धी,
- Committee on World Food Security को सदस्यता सम्बन्धी,
- Regional Integrated Multi Hazard Early Warning System for Africa and Asia (RIMES) को सदस्यता सम्बन्धी,
- Paris Agreement on UN Framework Convention on Climate Change सम्बन्धी।

सूचना प्रविधि तथा हवाई उड्डयन सम्बन्धी सम्झौता

- नेपाल टेलिभिजन र Russia Today Television बीच सम्पन्न हुने समझदारी सम्बन्धी,
- नेपाल दूरसञ्चार प्राधिकरण र टर्की दूरसञ्चार नियमक बीच सम्पन्न हुने समझदारी सम्बन्धी,
- रेडियो नेपाल र अल इण्डिया रेडियो बीच सम्पन्न हुने समझदारी सम्बन्धी,
- नेपाल र भारत बीच सम्पन्न हुने Orbit Frequency Coordination of "Satellite for SAARC Region" proposed at 48^0E सम्बन्धी,

- नेपालको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र Bangladesh Standards and Testing Institute बीच सूचना सहयोग आदानप्रदान गर्ने सम्बन्धी,
- नेपाल र भुटान सरकार बीच सम्पन्न हुने हवाई सम्झौता सम्बन्धी,
- नेपाल सरकार र जापान सरकार बीच मुख्य विमानस्थल हवाई उड्डयन सुरक्षा सम्बन्धी,

सुरक्षा तथा उद्योग सम्बन्धी सम्झौता

- नेपाल सरकार र रूसी महासंघको Civil Defence, Emergencies and Elimination of Consequence of Natural Disasters मन्त्रालय बीच Emergency Preparedness and Response सम्बन्धी,
- नेपाल सरकार र Federal Service of the Russian Federation for Narcotics Traffic Control बीच सम्पन्न हुने Cooperation in Combating Illicit Traffic of Narcotic Drugs, Psychotropic Substances and their Precursors सम्बन्धी,
- नेपालको उद्योग मन्त्रालय, खानी तथा भूगर्भ विभाग र Regional Integrated Multi Hazard Early Warning System in Asia and Africa (RIMES) बीच Joint Research on Seismic Risk Assessment सम्बन्धी,
- Nepal Bureau of Standards and Metrology (NBSM) तथा Bangladesh Standards and Testing Institution (BSTI) बीच सम्पन्न हुने Standards and Testing सम्बन्धी,
- नेपालको उद्योग मन्त्रालय र चीनको State Administration for Industry and Commerce बीच सम्पन्न हुने समझदारी सम्बन्धी,
- The Bureau of Indian Standards, Ministry of Consumer Affairs, Food and Public Distribution र Nepal Bureau of Standards and Metrology, Ministry of Industry बीच सम्पन्न हुने सम्झौता सम्बन्धी।

अन्य सम्झौता

- नेपालको वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र Korea Environment Corporation (KECO) बीच "Developing Large Size Biogas as Carbon Program in Nepal सम्बन्धी,
- नेपाल र The European Organization for Nuclear Research (CERN) बीच Scientific and Technical Cooperation in High-Energy Physics and Related Areas सम्बन्धी सहयोग सम्झौता, ILO को १०३ औं अधिवेशनमा पारित Forced Labour (Supplementary Measures) Recommendation, 2014 (No. 203) व्यवस्थापिका संसदबाट पारित गर्ने सम्बन्धी,

- नेपाल सरकार र साउदी सरकार बीच सम्पन्न हुने Domestic Service Workers Recruitment र Workers Recruitment सम्बन्धी,
- अन्तर्राष्ट्रिय श्रम संगठन र नेपाल सरकार बीच सम्पन्न हुने Framework Agreement for Cooperation सम्बन्धी,
- Convention on Settlement of Dispute between State and Nationals of other State 1965 अन्तर्गतको Competent court or other authorities तोक्ने सम्बन्धी,
- संयुक्त राष्ट्र संघीय विश्व पर्यटन संगठनमा चिनिया भाषालाई कामकाजको भाषा (Official Language) को रूपमा मान्यता दिने सम्बन्धी,
- नेपालको जनसंख्या तथा वातावरण मन्त्रालय र चीनको National Development and Reform Commission बीच जलवायु परिवर्तन सम्बोधन गर्नका लागि सामग्री उपलब्ध गराउने सम्बन्धी।
- नेपाल सरकार र जोर्डन सरकार बीच सम्पन्न हुने General Agreement on the Employment of Workers सम्बन्धी।

- देहाय बमोजिमका प्रतिवेदनको मस्यौदा परिमार्जन गरी सहमति व्यक्त गरिएको:
  - सार्क विकास लक्ष्य (SDG) अन्तर्गत नेपालले हासिल गरेको प्रगति प्रतिवेदन,
  - CEDAW समितिमा नेपालको तर्फबाट पेश गर्नुपर्ने छैठौ आवधिक प्रतिवेदन,
  - अन्तर्राष्ट्रिय अन्तर-सरकारी संस्था International Institute for Democracy and Electoral Assistance (IDEA) ले नेपालको संक्रमणकाल र संविधानको कार्यान्वयनमा सहयोग सम्बन्धी Project को Description for the Civic Participation in Peace Building and Democratic Development Project (November 2015-October 2017),
  - अन्तर्राष्ट्रिय श्रम संगठनका ५ महासन्धिहरू (Forced Labour Convention(1930), Abolition of Forced Labour Convention (1957), Minimum Age Convetion (1973), Tripartite Consultation Convention (1976), Worst forms of Child Labour Convention (1999),) अन्तर्गत २०१५ मा पठाइने आवधिक प्रतिवेदन,
  - प्रधानमन्त्रीको चीनको औपचारिक भ्रमणको समयमा हस्ताक्षर भएका विभिन्न सम्झौता कार्यान्वयन सम्बन्धमा तयार पारिएको कार्ययोजना।

वेरुजु फछ्र्यौट, गुनासो फछ्र्यौट र सूचनाको हक सम्बन्धी कार्यक्रमहरु

- मन्त्रालयको कायम भएको बेरुजु मध्ये ५० प्रतिशत बेरुजु फछ्र्यौट गर्ने वार्षिक लक्ष्य रहेकोमा कुल बेरुजु मध्ये ९७.५ प्रतिशत बेरुजु फछ्र्यौट भई लक्ष्य भन्दा ४७.५ प्रतिशत बढी प्रगति हासिल गरिएको।

- मन्त्रालयको कार्यक्षेत्र सम्बन्धी जम्मा १७६ वटा गुनासो प्राप्त भएकोमा सबै गुनासो फछ्र्यौट भई शत् प्रतिशत प्रगति हासिल भएको।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सूचना माग गरी २ वटा निवेदन प्राप्त भएकोमा २ वटै निवेदन फछ्र्यौट गरिएको।

- **मानव अधिकार तथा कानूनी सहायता सम्बन्धी कार्यक्रमहरु**
  - मानव अधिकार तथा कानून सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु, सिद्धान्त तथा मूल्य र मान्यताहरुको बारेमा कानून कार्यान्वयन गर्ने निकाय एवम् न्याय प्रशासनसँग सम्बन्धित सरकारी अधिकारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी चार वटा कार्यक्रमहरु ओखलढुङ्गा, ईलाम, कालीकोट र गोरखा जिल्लामा संचालन गरिएको छ।
  - धादिङ्ग, नुवाकोट, काठमाडौं, काभ्रेपलाञ्चोक, नवलपरासी, अछाम, बाजुरा, डोटी, खोटाङ्ग, सोलुखम्बु, उदयपुर, ताप्लेजुङ्ग, सिन्धुपाल्चोक, जुम्ला, कालीकोट, लमजुङ्ग, गोरखा, मनाङ्ग, कास्की, सिन्धुली, रामेछाप, मोरङ र सुनसरी जिल्लाका ३६ वटा स्थानीय तह (गाविस/नगरपालिका) र उच्च माध्यमिक विद्यालयमा मानव अधिकार र मानवीय कानूनका सम्बन्धमा सचेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गरिएको छ। स्थानीय तहका कार्यक्रमहरुमा हरेक वडाबाट समावेशी रुपमा प्रतिनिधित्व हुने गरी जनसाधारणको उपस्थिती रहेको थियो भने विद्यालय स्तरीय कार्यक्रमहरुमा कक्षा ८ देखि स्नातक तहसम्मका विद्यार्थीहरु, शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु समेतको उपस्थिति रहेको थियो। विभिन्न जिल्लामा गरिएका यस्ता कार्यक्रमहरुबाट ५,४६६ सहभागी लाभान्वित भएका छन्।
  - स्थलगत अनुगमन, अन्तरक्रिया, सेमिनार तथा जनचेतनाको माध्यमबाट कानूनी सहायता कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले कपिलवस्तु, सोलुखुम्बु, ताप्लेजुङ्ग, पाँचथर, ईलाम, मोरङ, लमजुङ्ग र जुम्ला जिल्लामा कानूनी सहायताको प्रभावकारिता सम्बन्धमा अन्तरक्रिया सम्पन्न गरिएको थियो। जिल्लास्थित अदालत, सरकारी वकिल कार्यालय, कानून व्यवसायी, गैर सरकारी निकाय, संचारकर्मी र कानूनी सहायतासँग सम्बन्धित अन्य सरकारी तथा गैरसरकारी सरोकारवालाहरुसँग कानूनी सहायताको प्रभावकारिता सम्बन्धमा गरिएको अन्तरक्रियामा ३९८ जनाको सहभागिता रहेको छ।
  - लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना अन्तर्गत कानूनी सुधार, सचेतना कार्यक्रम अन्तर्गत डोटी, खोटाङ्ग, झापा, मुगु, मनाङ्ग र कास्की जिल्लामा सचेतना कार्यक्रम संचालन गरिएको थियो। मानव अधिकार, महिला अधिकार, लैङ्गिक हिंसा, घरेलु हिंसा

विरुद्धका कानूनी उपचार आदिका बारेमा स्थानीय व्यक्तिहरुको सचेतना अभिवृद्धि गर्ने उक्त कार्यक्रमहरुमा ७७५ जनाको सहभागिता रहेको छ।

- कानूनी सहायता सम्बन्धी क्रियाकलापहरुलाई एकद्वार प्रणालीबाट संचालन गर्नको लागि एकिकृत नीतिको प्रारम्भिक मस्यौदा तयार भएको छ।
- मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन सिफारिश कार्यान्वयन सम्बन्धी कार्यक्रम अछाम, पाँचथर, काभ्रेपलाञ्चोक, मुगु, मोरङ र काठमाडौं जिल्लामा सम्पन्न गरिएकोमा ६४५ जनाको सहभागिता रहेको छ।
- विवाद समाधानका वैकल्पिक उपाय खासगरी मेलमिलाप सम्बन्धी कानूनी व्यवस्थाको प्रचारप्रसार सम्बन्धमा जुम्ला र कास्की जिल्लामा संचालन गरिएको कार्यक्रममा १८१ जनाको सहभागिता रहेको छ।
- पश्चिमाञ्चल र पूर्वाञ्चल क्षेत्रका न्यायाधीश, सरकारी वकील र स्रेस्तेदारहरुको लागि पारस्परिक कानूनी सहायता र सपुर्दगी सम्बन्धी अन्तरक्रिया कास्की र मोरङ जिल्लामा संचालन गरिएको छ।
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गतको कार्ययोजना कार्यान्वयन सम्बन्धी अन्तरक्रिया मोरङ र तनहुँ जिल्लामा संचालन गरिएकोमा १२० जनाको सहभागिता रहेको छ।
- हाम्रो संविधान समावेशी संविधान सम्बन्धी विशेष रेडियो कार्यक्रम- अन्तरक्रिया र नाटिका प्रसारण, अवधी, मैथिली, भोजपुरी, पूर्वीय थारु र पश्चिमा थारु भाषामा क्षेत्रीय प्रसारण गरिएको छ।
- गोरखापत्रको समावेशी पृष्ठमा अवधी, मैथिली, भोजपुरी, पूर्वीय थारु र पश्चिमा थारु भाषामा संविधानका मूलभूत प्रावधान संक्षिप्त चिनारी प्रकाशन र वितरण गरिएको छ।
- संविधानका मुख्य मुख्य विशेषताहरु सम्बन्धी पुस्तिका (नेपाली र अंग्रेजी) प्रकाशन र वितरण गरिएको छ।
- संविधानका मूलभूत प्रावधान संक्षिप्त चिनारी सम्बन्धी पुस्तिका (नेपाली, भोजपुरी, अवधि, मैथिली, पूर्वीय थारु र पश्चिमा थारु) प्रकाशन र वितरण गरिएको छ।
- संविधानले गरेका मूलभूत व्यवस्था र अन्य आधारभूत कानूनी व्यवस्था समेतको विषय समावेश गरी कानूनी शिक्षा सचेतना पुस्तिका प्रकाशन र वितरण गरिएको छ।
- मन्त्रालयले संचालन गर्ने कानूनी शिक्षा सचेतना तथा मानव अधिकार र मानवीय कानून सम्बन्धी सचेतनामूलक कार्यक्रममा वितरण गर्नको लागि तयार गरिएको कानूनी शिक्षा सचेतना पुस्तिकामा संविधानका मूलभूत व्यवस्था, बोक्सीको आरोप सम्बन्धी

अपराध सम्बन्धी कानून, कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारण सम्बन्धी कानूनका व्यवस्थाहरु थप गरी परिमार्जन गरी प्रकाशन र वितरण गरिएको छ।

- अपराधको वेसलाईन सर्वेक्षण प्रतिवेदनलाई अन्तिम रुप दिई सम्माननीय प्रधानन्यायधीश र माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीबाट सो प्रतिवेदन सार्वजनिकीकरण गरिएको छ।
- मन्त्रालयले संविधान कार्यान्वयन गर्ने कानून निर्माण तथा अन्य क्रियाकलापको सम्बन्धमा नियमित रुपमा पत्रकारसँग अन्तरक्रिया कार्यक्रम गरिएको छ। यस आ.व. मा यस्ता ५ वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।
- मन्त्रालयले जिल्ला र स्थानीय तहमा गर्ने कार्यक्रमहरु स्थानीय एफ/एमबाट प्रसारण गरिएको छ।
- मन्त्रालयबाट भएका काम कारवाहीको अद्यावधिक जानकारी नियमित रुपमा मन्त्रालयको वेबसाइटमा राखिएको छ।
- सन्धि सम्पन्न गर्ने कार्यमा संलग्न निकाय तथा पदाधिकारीको जिम्मेवारी र भूमिकालाई स्पष्ट गर्न तथा सन्धि सम्पन्न गर्ने कार्यविधिमा एकरुपता ल्याउनतर्जुमा गरिएको सन्धि सम्पन्न गर्ने निर्देशिका निर्णयको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएको छ।
- यस मन्त्रालयको केन्द्रीय अभिलेखमा ३८ वटा अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरु दाखिला गरिएको छ।
- शान्ति कोष अन्तर्गत संचालित "Implementation of NAP: Enhancing Access to Justice for Women, Girls and Conflict Affected Victims" कार्यक्रम अन्तर्गत संविधान र कानूनमा भएका समावेशी अधिकार, कानूनी सहायता र संचार माध्यमको भूमिका सम्बन्धी अन्तरक्रिया चितवन र नुवाकोट जिल्लामा संचालन गरिएकोमा ११५ जनाको सहभागिता रहेको छ।
- १० वटा जिल्लाहरु (डडेलधुरा, कैलाली, बर्दिया, सुर्खेत, दैलेख, ताप्लेजुङ्ग, खोटाङ्ग, सप्तरी, रुपन्देही र रुकुम) मा जिल्ला कानूनी सहायता समिति अन्तर्गत सामाजिक-कानूनी सहायता केन्द्र संचालनमा रहेका छन्।
- मन्त्रालयको संस्थागत सुधार र कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइएको छ। कानून तर्जुमा र सन्धि सम्झौता सम्बन्धी अन्तर्राष्ट्रिय तालिम (लण्डन विश्वविद्यालय) मा १३ जना अधिकृतहरुको सहभागिता रहेको छ। साथै, मन्त्रालयका कर्मचारी तथा कानून अधिकृतहरुको लागि कानून तर्जुमा र सन्धि सम्झौता तथा प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालीम आयोजना गरिएको छ।

- International Covenant on Civil and Political Rights को Optional Protocol अन्तर्गतको मानव अधिकार समितिमा नेपाल सरकार विरुद्ध दायर भएका Individual Complaints मा सो समितिका अभिमत (Views) लाई नेपाली भाषामा अनुवाद गर्ने जिम्मेवारी नेपाल सरकार मन्त्रिपरिषद्ले मन्त्रालयलाई दिएकोमा विभिन्न ११ वटा अभिमतहरुमध्ये ९ वटा अभिमतको अनुवादको कार्य सम्पन्न गरी प्रकाशनको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइएको र अन्य २ वटा अनुवादको क्रममा रहेको छ।

मन्त्रालयबाट भएका अन्य गतिविधिहरु

- यस मन्त्रालयको केन्द्रीय अभिलेखमा ३८ वटा अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरु दाखिला गरिएको छ।
- मन्त्रालय विरुद्ध परेका रिट निवेदन उपर अदालतबाट भएका आदेश बमोजिम विभिन्न ४२ वटा रिट निवेदनमा म्यादभित्रै लिखित जवाफ प्रेषित गरिएको छ।
- आम नागरिक एवं सरोकारवाला सबैको जानकारीको लागि ३८५ वटा सूचनाको सम्पादन गरी राजपत्रमा सूचना प्रकाशन गरिएको छ।
- फैसला कार्यान्वयनको लागि मन्त्रालयमा प्राप्त भएका १३ वटा आदेशमध्ये ११ वटा कट्टा गरी लेखी पठाइएको र २ वटा अन्य मन्त्रालयमा लगत सारी फैसला कार्यान्वयन सम्बन्धी कार्य सम्पन्न गरिएको छ।
- मन्त्रालय पारस्परिक कानूनी सहायता सम्बन्धी केन्द्रिय अधिकारीको रुपमा रहेको पारस्परिक कानूनी सहायताको लागि १३ वटा अनुरोध प्राप्त भएकोमा तत् सम्बन्धमा आवश्यक कारवाही भएको छ।

न्याय सेवा तालीम केन्द्र

- नेपाल न्याय सेवाका न्याय, सरकारी वकिल तथा कानून समूह रा.प.तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहको पदमा नयाँ नियुक्ति भई आएका कर्मचारीहरुका लागि एउटा सेवा प्रवेश तालीम सम्पन्न गरिएको छ।
- नेपाल न्याय सेवाका राजपत्रांकित कर्मचारीहरुका लागि २ वटा सेवाकालीन तालिम सम्पन्न गरिएको छ।
- नेपाल न्याय सेवा तथा अर्धन्यायिक निकाय राजपत्र अनंकित कर्मचारीहरुका लागि ३ वटा सेवाकालीन तालिम सम्पन्न गरिएको छ।

- गाउँ विकास समितिका सचिवहरुको लागि एक हप्ते क्षमता अभिवृद्धि सम्बन्धी ४ वटा तालिम सम्पन्न गरिएको छ।
- कानून तर्जुमा सम्बन्धी एक वटा व्यवहारिक प्रशिक्षण सम्पन्न गरिएको छ।
- कानून मिमांशा तथा स्रोत पुस्तिका प्रकाशन गरिएको छ।
- अर्धन्यायिक निकायको तालीम संचालन तथा व्यवस्थापन गरिएको छ।
- केन्द्रका कर्मचारीका लागि कम्प्युटर सम्बन्धी १ वटा तालिम सम्पन्न गरिएको छ।

कानुन किताब व्यवस्था समिति

नेपालको संविधानको नेपाली र अंग्रेजी पाठ, नेपाल ऐन संग्रह तथा नेपाल नियम संग्रहका विभिन्न खण्डहरु र कानूनसँग सम्बन्धित २९ विषयका किताबहरु प्रकाशन गरी न्यूनतम मूल्यमा बिक्री वितरण गरिएको छ।

७. भूमिसुधार तथा व्यवस्था मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलब्धिहरु हासिल भएको थियो ।

- जनतामा उपलब्ध गराउने सेवा प्रवाहमा सरलीकरण गर्ने सरकारको सोच, कम समय र छोटो दूरीमा सेवा प्राप्त गर्न पाउने जनतामा देखिएको अभिलाषा, बढ्दो जनसंख्या र सहरीकरणको कारण दिनानुदिन बढ्दै गईरहेको जग्गाको खण्डीकरणजस्ता कारणले गर्दा मालपोत र नापी कार्यालयहरुमा कामको चाप अत्यन्त बढ्न गएको परिप्रेक्ष्यमा भूमि प्रशासन सम्बन्धी कार्यलाई समयानुकूल अझ बढी प्रभावकारी, सेवामुखी र वैज्ञानिक बनाउन समय समयमा यस मन्त्रालय र अन्तर्गतका विभाग एवं कार्यालयहरुको संगठन संरचना र दरबन्दीमा समयानुकूल परिमार्जन हुदैं आएको छ। जनताको माग र आवश्यकतालाई समेत महसुस गरी देशका विभिन्न स्थानमा कार्यालय विस्तार गर्दै जाने क्रममा आर्थिक वर्ष २०७२/७३ मा नेपाल सरकार (म.प.) को मिति २०७२/०६/१४ को निर्णय बमोजिम देहायका जिल्ला र स्थानमा थप कार्यालय विस्तार गरी यसै आर्थिक वर्षको श्रावण १ गते देखि कार्यालय संचालन हुने गरी आवश्यक तयारी गर्न भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभागमा पत्राचार भएको छ। यी विस्तार भएका कार्यालय समेत देश भरि मालपोत, नापी र भूमिसुधार कार्यालयको संख्या २६९ पुगेको छ।

क्र.सं.	जिल्ला	कार्यालय रहने स्थान	क्र.सं.	जिल्ला	कार्यालय रहने स्थान
१.	इलाम	मंगलबारे	११.	बाँके	नरैनापुर
२.	तेह्रथुम	सक्रान्तिबजार	१२.	रुपन्देही	मझगवा
३.	भोजपुर	दिङ्गला	१३.	रोल्पा	घर्तिगाँउ
४.	खोटाङ	खोटाङबजार	१४.	प्यूठान	जसपुर
५.	ओखलढुङ्गा	खिजीफँलाटे	१५.	मकवानपुर	शिखरकोट
६.	सर्लाही	बलरा	१६.	गुल्मी	मजुवाबजार
		वरहथवा			
७.	रौतहट	मौलापुर	१७.	बारा	सिम्रौनगढ
		गरुडा			
८.	दाङ	लमही	१८.	बझाङ	झोता भैरव
९.	रुकुम	रुकुमकोट	१९.	धनुषा	ढल्केवर
१०	दैलेख	दुल्लु	२०.	काठमाडौ	टोखा सरस्वती

- चालु आर्थिक वर्ष २०७२/७३ मा जग्गा प्रशासन क्षेत्रबाट कूल रु. १६ अर्व ८ करोड ६६ लाख ६१ हजार ४ सय ३५ (घरजग्गा दस्तुर र अन्य - १३०४७८९४८८५।-, बागमती सभ्यता - ९६०७२३८१६।-, पूँजिगत लाभकर - २०७८०४२७३४।-) राजश्व असुली भई देशको राजश्वमा महत्वपूर्ण योगदान पुगेको छ।
- जग्गा प्रशासन सम्बन्धी सेवालाई सरलीकरण गरी चुस्त दुरुस्त र पारदर्शी सेवा प्रवाह गर्न ९ वटा मालपोत कार्यालयहरुमा LRIMS लागु भई अन्य कार्यालयहरुमा क्रमशः विस्तार गर्ने योजना रहेको छ।
- द्वन्द्वबाट ध्वस्त भएका अछाम, अर्घाखाँची, पाल्पा जिल्लामा नाप नक्सा गरी नक्सा श्रेस्ता पुनःस्थापना कार्यक्रम अन्तर्गत नापनक्सा चालु भई श्रेस्ता पुनःस्थापना कार्य भइरहेको छ।
- नेपाल भारत सीमालाई व्यवस्थित बनाउन नेपाल भारत संयुक्त सीमा सर्वेक्षण टोली ३ परिचालित भई सीमा सर्वेक्षणको काम चालु रहेको छ।

- एकसरो नापी हुँदा नापनक्शा हुन बाँकी रहेको गाँउब्लक क्षेत्रको नापनक्शा अन्तिम चरणमा रहेको छ।
- मालपोत कार्यालयहरुबाट प्रदान गर्ने सेवा प्रवाहलाई सहज बनाउन सेवाग्राहीमैत्री भवन निर्माण गर्ने क्रममा मालपोत कार्यालय दमक (झापा), बझाङ, टिकापुरको भवन निर्माण कार्य सम्पन्न भएको छ।
- सेवाग्राहीलाई मालपोतसँग सम्बन्धित सेवा प्रवाहबारे सु-सूचित गराउने उद्धेश्यले एफ.एम. रेडियोबाट जनचेतनामूलक सामाग्री प्रसारण गरिएको छ।
- सेवा प्रवाहमा हुन सक्ने ढिलासुस्ती र जनगुनासोलाई व्यवस्थापन गर्न कार्यालयहरुमा हेल्पडेस्क र जनगुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ।
- ४८ वटा मालपोत कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु भई कार्यालयवाट हुने सेवालाई पारदर्शी वनाउने व्यवस्था गरिएको छ।
- २१ वटा भूमिसुधार कार्यालयहरुमा ADSL इन्टरनेट सेवा जडान गर्ने व्यवस्था गरिएको छ।
- गाँउब्लक नापी १८३२.६५ हेक्टर भएको छ।
- पुनः नापी हेक्टर १८९८.०४ भएको छ।
- दूर सम्बेदन विधिबाट नक्सा अद्यावधिक - सिट (१०) भएको छ।
- जनगणना एटलास २०६८ तयार गरिएको छ।
- भौतिक पूर्वाधार विकासका लागि आवश्यक पर्ने खगोलीय नियन्त्रण विन्दुको सञ्जाल सुदृढीकरण विन्दु - प्रथम दर्जा (५) दोस्रो दर्जा (६०) तेस्रो दर्जा (१५) बनाइएको छ।
- भू-सूचना प्रणालीलाई कार्यान्वयन गर्न ४ वटा प्रणाली विकास गरिएको छ।
- ८२ मालपोत कार्यालयमा मोठ श्रेस्ता तथा ८१ नापी कार्यालयमा कित्तानापी नक्शाहरुको विद्युतीय अभिलेख तयार गरिएको छ।
- प्रणाली सञ्चालन गर्नका लागि लक्ष्य अनुसारका तालिम प्रदान गरी जनशक्ति विकास गरिएको छ।
- विभाग तथा कार्यालयहरुलाई प्रविधिमैत्री बनाउनका लागि यन्त्रउपकरणहरु उपलब्ध गराईंदै आएको छ।

- भू-उपयोग कार्यक्रम कार्यान्वयनमा स्थानीयस्तरबाट हुनसक्ने व्यवधान र विरोधको सम्बन्धमा त्यस्तो हुन नदिन जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ।
- सूचनाहरु Web Based प्रणाली मार्फत वितरण गर्ने व्यवस्था भएको छ।
- हालसम्म तयार भईसकेका नक्सा/डाटाहरुलाई सरोकारवालाको पहुँचमा सजिलै पुऱ्याउन आवश्यक देखिएकोले सूचना प्रविधिको माध्यमबाट त्यस्ता डाटा वितरण गर्ने प्रणाली निर्माण भई भू-उपयोग कार्यान्वयन गर्ने पूर्वाधार तयार भएको छ।

९. शान्ति तथा पुनर्निर्माण मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छ।

- स्वीकृत वजेट र कार्यक्रम अनुसार स्थानीय शान्ति समितिबाट माग गरिएका योजनाहरु उपर छलफल गरी ७५ जिल्लाको मागमा आधारित कार्यक्रम स्वीकृत भई अख्तियारी पठाईएको छ।
- स्थानीय शान्ति समितिको क्षमता अभिवृद्धि गर्ने अभिप्रायले संवाद मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन बिषयक ६ दिने तालिम संचालन भई ९० जना स्थनीय शान्ति समितिका पदाधिकारीहरु लाभान्वित भएका छन्।
- भापा, बाँके, सिन्धुपाल्चोक, कञ्चनपुर र लमजुङ जिल्लाका स्थानिय शान्ति समितिको पदाधिकारीहरुलाई मन्त्रालयको नीति, कार्यक्रम र नविन अवधारणा वारे जानकारी दिने उदेश्यले १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।
- स्थानीय शान्ति समितिका सचिवहरुलाई मन्त्रालयको नीति, कार्यक्रम र नवीन अवधारणा वारे १ दिने अभिमुखीकरण कार्यक्रम काठमाडौमा सम्पन्न गरिएको छ।
- यस मन्त्रालयको नियमित कार्यक्रमबाट शान्ति संवेदनशील विकास कार्यक्रम सम्वन्धि अनुशिक्षण कार्यक्रम रसुवा जिल्लामा सम्पन्न गरी स्थानीय शान्ति समितिका पदाधिकारी र रसुवाका कर्मचारी गरी करिव ६० जना लाभान्वित भएका छन्।
- मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना संचालनको लागि सेवा प्रदायक संस्था छनौट कार्य सम्पन्न भई झापा,मोरङ, चितवन, मकवानपुर, गोर्खा, कास्की, रुकुम, रोल्पा, कैलाली र कञ्चनपुर जिल्लामा परिचालन भइसकेको छ।

- मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना र यसका आधारभूत पक्ष वारे मन्त्रालयका अधिकृतहरुको लागि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।
- सूचनाको हक र नेपालमा सूचनाको हकको कार्यान्वयन अवस्था सम्वन्धि मन्त्रालयका अधिकृतहरुको लागि १ दिने अभिमुखीकरण कार्य सम्पन्न भएको छ।
- अनुगमन कार्यलाई प्राथमिकताको आधारमा निरन्तरता दिइएको छ।
- हेलो सरकारको उजुरी गुनासो फछ्र्यौट शत प्रतिशत भएको छ।
- मन्त्रालयमा प्रवक्ता, सूचना अधिकारी र सहायक सूचना अधिकारी समेत तोकिएको र मन्त्रालय मातहतका निकायमा सूचना अधिकारीको व्यवस्था गरिएको छ।
- Conflict Transformation and peace building though constitution making project संविधान सम्बन्धि अनुशिक्षण कार्यक्रम ५५ भन्दा वढी जिल्लाका २०० भन्दा वढी स्थानमा स्थानिय शान्ति समिति मार्फत संचालन भएको छ।
- स्थानियस्तरमा द्वन्द्व व्यवस्थापन तथा रुपान्तरण सम्बन्धी अनुशिक्षण कार्यक्रम धनकुटा, इलाम, उदयपुर, दाङ, सुर्खेत, डडेल्धुरा र पोखरामा सम्पन्न गरी-करीव ४०० जना लाभान्वित भएका छन्।
- शान्ति संवेदनशिल विकास सम्बन्धी अनुशिक्षण कार्यक्रम धनकुटा, इलाम, उदयपुर, दाङ, सुर्खेत, डडेल्धुरा र पोखरामा सम्पन्न गरी-करीव ४०० जना लाभान्वित भएका छन्।
- शान्ति संवेदनशिल विकासको अवधारणालाई वार्षिक योजनामा मुल प्रवाहीकरण सम्वन्धि कार्यक्रम ४५ केन्द्रीय निकायका peace focal person लाई प्रदान गरिएको छ।
- द्वन्द्व रुपान्तरण सम्बन्धी अनुशिक्षण मन्त्रालयका करिव ३५ जना कर्मचारीलाई दिइएको छ।
- नेपालको नयाँ संविधानका प्रमुख प्रावधान समेटेर Browser, booklet तयार गरी वितरण गरिएको छ।
- अन्तर्राष्ट्रिय शान्ति दिवस भव्य रुपमा ७५ वटै जिल्लामा विभिन्न कार्यक्रम गरी सेप्टेम्वर २१, २०१५ मा मनाइएको छ।
- संक्रमणकालीन न्याय व्यवस्थामा सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको भूमिका तथा कार्य, हालसम्मको प्रगति, भविष्यमा गर्नुपर्ने कार्य तथा चुनौती विषयक अन्तरक्रिया कार्यक्रम २०७२ आश्विनमा सम्पन्न भयो।

- Asia Pacific Peace Research Association (APPRA) संगको सहकार्यमा २०७२ असर २१ मा शान्ति सम्वन्धी अन्तराष्ट्रिय सम्मेलन (APPRA Conference) सम्पन्न भएको छ।
- संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी राष्ट्रिय कार्ययोजनाको पहिलो चरण २०७२ पौषमा सम्पन्न भएको र दोस्रो चरणको तयारी भइरहेको छ।
- आर्थिक वर्ष ०७१/०७२ सम्म कूल कायम भएको बेरुजु रु. २७,४२,२४,०००। मध्ये आ.व. २०७२/०७३ मा रु. ३,६७,००,०००। फछ्र्यौट भई १३.३८ प्रतिशत प्रगति हासिल भएको छ। गृह मन्त्रालय र म.ले.नि.का समेतको समन्वयमा यस मन्त्रालय स्तरमा गठित कार्यदलले जटिल प्रकृतिको भनी औल्याएको बेरुजु बाहेकको अन्य ६०% प्रगति भएको छ।
- शान्ति कोषको सहयोगमा संचालित प्रथम चरण र दोस्रो चरण अन्तर्गतका जम्मा ६५ वटा आयोजनामध्ये हालसम्म ६२ वटा सम्पन्न भई ३ वटा आयोजनाहरु संचालनमा रहेका छन्। त्यसैगरी तेस्रो चरण अन्तर्गत ७ वटा आयोजनाहरु कार्यान्वयन निकायहरुसँग सम्झौता भई हाल १० वटा आयोजनाहरु कार्यान्वयनमा रहेका छन्।
- संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनको लागि स्वीकृत राष्ट्रिय कार्ययोजना कार्यान्वयनार्थ १० वटा आयोजनाहरु मध्ये ७ वटा बाँकी रहेकामा यस आ.व. मा ७ वटै सम्पन्न भई सकेका छन्। यी आयोजनाहरु अन्तर्गत अन्तरक्रिया तथा अभिमुखीकरण, द्वन्द्वपीडित महिला तथा बालिकाका लागि सीपमूलक तालीम, सचेतनामूलक कार्यक्रम, क्षमता विकास कार्यक्रम लगायत राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सघाउ पुग्ने क्रियाकलापहरु संचालन गरिएका छन्। साथै प्रस्ताव नं. १३२५ र १८२० अन्तर्गतको रक्षा मन्त्रालयबाट संचालित आयोजना अन्तर्गत २ वटा शिशु स्याहार केन्द्र र नेपाली सेनाको पाँचखाल ब्यारेकमा १ महिला ब्यारेक भवन समेत निर्माण भएका छन्।
- Operation of Rehabilitation Centre at B. P. Koirala Institute of Health Sciences, बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान मार्फत संचालित आयोजना अन्तर्गत

पुर्वाञ्चलका १६ जिल्लाका द्वन्द्वबाट अपागंता भएका व्यक्तिहरु मध्ये यो आ.व. मा करीब २५० लाभान्वित भएका छन्।

पुनर्निर्माणतर्फः-

शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत पुनर्निर्माण तर्फको विवरण यस प्रकार छ।

क्र. सं.	आयोजनाको क्षेत्रगत विवरण	माग भएको कूल आयोजना संख्या	माग बमोजिमको लागत अनुमान (रु हजारमा)	पुनर्निर्माण गरिएका आयोजना खर्च		
				अ. व. २०७२।०७३ मा सम्पन्न आयोजना	कुल लागत	शुरु (०६३/६४) देखि आ.व. ०७२/७३ सम्म सम्पन्न भएका आयोजना संख्या
१.	विद्यालय भवन	४३९४	९१३७१२३	१०८	४४३०९०।-	२८४८
२.	गा.वि.स. भवन	२०७२	४४००७६७	६८	३४८३०५।-	१२५०
३.	सदरमुकाम स्थित सरकारी कार्यालय	९८६	५७२२८४८	५	३०९४००।-	५१०
४.	इलाका स्तरीय सरकारी कार्यालयहरु	१०८५	१९२९१४९	९	५०३५५।-	३८३
५.	जि वि स, न पा तथा जिल्ला प्राविधिक कार्यालय	१३०	४६८२४८५	३	११३७००।-	१००
६.	झोलुङ्गे पुल	१०१	२१२७८१	०	०	११
७.	अन्य	३७५८	९५९६०५३	५६	३०४८९९	१५६०
	पार्क स्मारक नमुनाबस्ती, प्रवेश द्वार, शालिक	७५८	२३७६०३५	३१	२७४२१०	३५३
	जम्मा	१३२८४	३८०५७२४१	२८०	१८४३९५९	७०१६

राहततर्फ

राहत तथा आर्थिक सहायता वितरण सम्वन्धी विस्तृत विवरण निम्नानुसार रहेको छः-

क्रं. स.	द्वन्द्व पीडित/ राहतको प्रकार	कुल संख्या	शुरु देखि हालसम्म राहत प्राप्त गर्ने व्यक्तिको संख्या र प्रदान गरिएको रकम (रु हजारमा)		कैफियत
			संख्या	रकम	
१	मृतकका हकदारलाई राहत -रु. १ लाख)	१७८८६	१४४१८	१४४१८००	
२	र्सवसाधारण मृतकका एकल महिला -रु. २५ हजारका दरले)	९०००	४६४९	११६२२५	
३	बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत -रु. १ लाखका दरले)	१५३०	१५३०	१५३०००	
४	विस्थापित भएकालाई आर्थिक सहायता	७९५७१	२५०००	२४०१४४	
५	व्यक्तिगत सम्पत्ति क्षति भएकालाई आर्थिक सहायता	१७४८४	९२९४	३४१९५६.६	
६	अङ्गभङ्ग अपाङ्ग भएकाहरुलाई आर्थिक सहायता	८१९१	८१९१	४८२३८४	
७	अपहरणमा परेका व्यक्तिलाई राहत -रु. २५ हजारका दरले)	३१४२	३१४२	७८५५०	
८	जनआन्दोलनका सहिदका परिवारलाई मासिक भत्ता	२६	२६	१५६२९.४	नियमित
९	जनआन्दोलनका घाइते -५०%) मासिक वृत्ति	३०	३०	१५३८७.४	नियमित
१०	जनआन्दोलनका घाइतेहरुका सन्तानलाई छात्रवृत्ति	४२	३८	४१२६	नियमित
११	ऐतिहासिक जनआन्दोलनका	३९८४	३२१६	४०६४७	

	घाइतेलाई राहत				
१२	५१ प्रतिशतभन्दा माथि अङ्गभङ्ग भएकालाई जीवन निर्वाह भत्ता	७४४	७४४	६२५४४.८	नियमित
१३	आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई राहत	६२०	६२०	१५६२५०	नियमित
१४	शान्ति सम्झौता पश्चातका घटनामा परी मृत्यु हुनेका हकदारलाई राहत	११०	५९	८८५०	
१५	**विशेष राहततर्फः**				
क	मृतकका हकदारलाई आर्थिक सहायता रु. २ लाख थप	११५००	१०८९०	२१४३७९३	
ख	बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत -रु. २ लाखका दरले)	१५३०	१५३०	३०६०००	
ग	बेपत्ता पारिएका व्यक्तिका पत्नीलाई थप आर्थिक सहायता रु. २५ हजारका दरले -एकमुष्ठ)	१०००	६५२	१६३००	
	३ लाख प्राप्त मृतकका हकदारलाई थप रु. २ लाख आर्थिक सहायता दिई रु. ५ लाख पुऱ्याइएको।	११५००	११३०२	२२६०४००	
	३ लाख प्राप्त बेपत्ताका हकदारलाई थप रु २ लाख आर्थिक सहायता दिई रु ५ लाख पुऱ्याइएको।	१२००	११६२	२३२४००	
१६	मानवअधिकार आयोगको सिफारिस बमोजिम राहत		१०८	१५३१५	

१७	रोजगार/स्वरोजगार		१४७१८	६२८१७२	
	जम्मा	१६९९०	१११३१९	६२५१६६६.८	

- ७५ जिल्ला स्तरीय, १३५ नगरस्तरीय र २७१७ गाउँ विकास समिति स्तरीय शान्ति समितिहरु गठन भई सक्रिय रुपमा क्रियाशील रहेका छन्। उक्त समितिहरुलाई क्रमशः रु. ५ लाख, ३६ हजार र २२ हजार उपलब्ध गराइएको छ। स्थानीय शान्ति समितिहरुले स्थानीयस्तरमा शान्ति तथा पुननिर्माण मन्त्रालयको सम्पर्क विन्दु (Focal Point) को रुपमा कार्य गर्दै आएका छन्।
- मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै विधिको शासन कायम राख्न, संक्रमणकालिन न्याय व्यवस्थाको लागि बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भई कार्य गरिरहेका छन्। उक्त दुई वटा आयोगहरुबाट सशस्त्र द्वन्द्वको क्रममा भएकामा मानव अधिकार उल्लंघनका गम्भीर घटनाका पीडितहरुको उजुरी संकलन भईरहेको छ। सत्य निरुपण तथा मेलमिलाप आयोगमा ५३ हजार ७ सय ८६ र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा २ हजार ८ सय ४६ उजुरी परेका छन्। ती उजुरी उपर छानविन कार्य भईरहेको छ।

१०. ऊर्जा मन्त्रालय

यस आयोगमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छ।

- प्रधानमन्त्रीको औपचारिक भारत भ्रमणका अवसरमा ढल्केबर मुजफ्फरपुर अन्तर्देशीय प्रसारण लाइनबाट जफ्फरपुरमु विधिवत रुपमा ८० मेगावाट विद्युत आयातको शुरुवात भएको छ।
- एक वर्षभित्र आधारभूत रुपमा विद्युतभार कटौती अन्त्य गर्ने तथा २ वर्षमा पूर्ण रुपमा अन्त्य गर्ने गरी ऊर्जासंकट निवारण कार्ययोजना अनुरुप कार्य भइरहेको छ। हाल आयातित विद्युतका अतिरिक्त थप ३०० मेगावाट विद्युत आयात गर्न भारत सरकारसंग समझदारी कायम गरिएको छ। सो अनुरुप आयातित विद्युत प्रसारण गर्न आवश्यक तयारी कार्य भईरहेको छ।
- राष्ट्रिय प्रशारण ग्रीड कम्पनी स्थापना भएको छ। राष्ट्रिय विद्युत उत्पादन कम्पनीको स्थापना गर्न मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृत, प्रबन्धपत्र र नियमावलीको मस्यौदामा सहमति प्राप्त भई कम्पनी दर्ताको लागि मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने तयारी भइरहेको

छ। विद्युत व्यापार कम्पनीको प्रवन्धपत्र र नियमावली तयार पारिएको र विभिन्न सरोकारवाला समूहहरुसँग छलफल भईरहेको छ।

- ऊर्जा सङ्कट निवारण विधेयकको मस्यौदा तयार भई अर्थ मन्त्रालय र कानून तथा संसदीय व्यवस्था मन्त्रालयमा राय सुझावको लागि पठाइएको छ। विद्युत नियमन आयोग सम्बन्धी विधेयक तर्जुमा गर्न मन्त्रिपरिषद्को सैद्धान्तिक स्वीकृति पश्चात् विधेयकको मस्यौदा तयार भई अर्थ र कानून मन्त्रालयमा पठाउनु अघि मस्यौदा उपर सम्बन्धित विशेषज्ञसँग छलफलको तयारी भईरहेको छ। विद्युत व्यापार कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रारम्भिक मस्यौदा तयार भई छलफलको क्रममा रहेको छ।
- **"राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र, २०७२"** मा उल्लेख भए अनुसार निर्णय प्रकृयामा सरलीकरण, संस्थागत पुनर्संरचना, तथा प्रशासनिक निर्णय एवम् प्रक्रियागत सुधारका कदमहरु प्राथमिकताकासाथ अगाडि बढाइएको छ।
- माथिल्लो सोलुखोला जलविद्युत आयोजना तथा माथिल्लो खोरुङ्गा खोला साना जलविद्धुत आयोजनाका प्रवर्द्धकहरुसँग विद्युत ऐन, २०४९ को दफा ३५ मा भएको व्यवस्था अनुसार ऊर्जा मन्त्रालयले करारका शर्तहरु निर्धारण गर्ने गरी करार गर्न स्वीकृति प्रदान गर्ने निर्णय बमोजिम यस मन्त्रालयको तर्फबाट विद्युत विकास विभागले मिति २०७३।३।१६ मा आयोजनाका प्रवर्द्धकहरु सँग करार सम्झौता भएको छ।
- जलविद्युतका क्षेत्रमा मिति २०७३।०४।११ सम्म नेपाल सरकारको लागतमा १ वटा (२०. मे वा.) आयोजनाको निर्माण कार्य अगाडि बढाइएको, सर्वेक्षण भइरहेको जलाशययुक्त आयोजना ७ वटा (३,१०४ मे. वा.) र रन अफ द रिभर आयोजना ३७ वटा (१,७८१ मे. वा.) रहेका छन्।
- नेपाल विद्युत प्राधिकरणबाट १५ वटा (४६६ मे. वा.) योजना संचालनमा रहेका छन् भने निर्माणाधीन ६ वटा (२१५ मे. वा.), उत्पादन अनुमतिपत्र दर्खास्त दिइएको १ वटा (८७ मे. वा.) र बहाल सर्वेक्षण अनुमतिपत्र ५ वटा (९९८ मे. वा.) रहेका छन्।
- निजी क्षेत्रबाट संचालनमा रहेका ३८ वटा (३१६ मे. वा.), उत्पादन अनुमतिपत्र जारी भई निर्माणको चरणमा रहेका, १०० वटा (२,४९२ मे. वा.), उत्पादन अनुमतिपत्रका लागि दरखास्त दिइएका ७० वटा (५,३७६ मे. वा.), वहाल सर्वेक्षण अनुमतिपत्र ८१ वटा (२,५७० मे. वा.) रहेका छन् भने निर्यात प्रयोजनका लागि २ वटा (१,८०० मे. वा.) आयोजनाको विकास संझौता भएको छ।

- विकास समिति मार्फत बुढी गण्डकी जलाशययुक्त आयोजना (१,२०० मे. वा.) निर्माणको चरणमा र नलसिंगाड जलाशययुक्त आयोजना (४१० मे. वा.) सर्वेक्षणको चरणमा रहेका छन्।
- द्विपक्षीय सन्धि वा संझौतातर्फ पञ्चेश्वर बहुउद्देश्यीय आयोजना (६,४८० मे. वा.) निर्माणको चरणमा र सप्तकोशी बहुउद्देश्यीय आयोजना (३,३०० मे. वा.) सर्वेक्षणको चरणमा रहेका छन्।
- यस आ.व. मा ६ वटा जलविद्युत आयोजनाहरु निर्माण सम्पन्न भई करिब ३१ मेगावाट विद्युत उत्पादन भएको छ। ग्रामीण तथा अन्य सामुदायिक विद्युतीकरण अन्तर्गत २८३ हजार घरधुरीहरुमा विद्युत सेवा उपलब्ध गराइएको छ।
- हालसम्म २,८९२ गा. वि. स. हरुमा विद्युतीकरणको सेवा विस्तार, २,८४८ कि. मि. प्रसारण लाइन निर्माण भइ, राष्ट्रिय विद्युत् प्रणाली तथा अन्य ऊर्जामा समेत गरी ७४ प्रतिशत जनसङ्ख्यामा विद्युत्को पहुँच पुगेको छ।
- वैदेशिक रोजगारबाट भित्रिने विप्रेषणको परिचालन ऊर्जा क्षेत्रको विकासमा समेत गर्ने उद्देश्यले दुई वटा (सिम्बुवा र घुन्सा) जलविद्युत् आयोजनाहरुको रेमिट हाइड्रो लिमिटेडलाइ सर्वेक्षण अनुमतिपत्र जारी भई ती आयोजनाहरुको क्रमशः अध्ययन तथा निर्माण पूर्व तयारीको कार्य अगाडि बढाइने छ।
- ग्रामीण क्षेत्रमा प्रसारण लाइन तथा सबस्टेशन निर्माण गरी विद्युतीकरण सेवा प्रदान गर्ने उद्देश्यले नियमित रुपमा वार्षिक बजेट विनियोजन भई "**सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण आयोजना**" अन्तर्गत कार्यक्रम सञ्चालन भईरहेको छ।
- अधिकतम जनतालाई जलविद्युत् आयोजनाको शेयर सुनिश्चित हुने गरी जनताको लगानीबाट बन्ने जलविद्युत आयोजनाहरुलाई "**जनताको विद्युत् जनताकै लगानी**" अवधारणामा कम्पनी स्थापना गरी सोही कम्पनी मार्फत अगाडि बढाउने क्रममा प्रबन्धपत्र र नियमावली तयार भएको छ।
- ५०० वाट वा सोभन्दा बढी जडित क्षमताका फोटोभोल्टेक सौर्य प्रणालीबाट उत्पादन भई बढी हुन जाने विद्युत् प्रयोगमा ल्याउने सम्बन्धमा राष्ट्रिय ग्रीडको पहुँच पुगेका स्थानहरुमा सम्भव भएसम्म Net Metering को व्यवस्था क्रमिक रुपमा गर्ने गरी कार्य अगाडि बढाइएको छ। २०० वाट वा सो भन्दा बढी क्षमताका सौर्य प्रणाली जडान गर्ने घरायसी तथा व्यावसयिक उपभोक्ताहरुलाई अनुदान स्वरुप रु. २०,०००/- र व्यवस्था भए बमोजिम सरल कर्जा उपलब्ध गराइने छ।

- चिनी उद्योगको बगासबाट सहउत्पादनका रुपमा उपलब्ध हुने विद्युत, उर्जा मन्त्रालयले करार गरी नेपाल विद्युत प्राधिकरणले खरीद गर्ने सम्बन्धमा विद्युत खरीद सम्झौताको मस्यौदाको लागि नेपाल विद्युत प्राधिकरणबाट र करार सम्झौताको मस्यौदा तयार गर्न विद्युत विकास विभागबाट कार्य भइरहेको छ। नेपाल विद्युत प्राधिकरण र एभरेष्ट सुगर मिलसँग connection agreement सम्पन्न भएको छ।
- बुढी गण्डकी जलाशययुक्त आयोजनाको निर्माण अगाडि बढाउने कार्यहरु तथा नलसिङ्गगाड जलविद्युत आयोजनाको सर्वेक्षणको कार्य सम्बन्धित विकास समितिहरुबाट अगाडि बढाइएको छ। आयोजनाको जग्गा अधिग्रहण तथा पुनर्वासको कार्य छुट्टै संयन्त्र मार्फत अगाडि बढाउने गरी तयारी भइरहेको छ।
- विद्युत विकास विभाग र नेपाल विद्युत प्राधिकरणबाट आँधि खोला, उत्तरगङ्गा, दुधकोशी सुनकोशी-३, नौमुरे आदि जलाशययुक्त आयोजनाहरुको अध्ययन कार्य अगाडि बढाइएको छ।
- Pancheshwor Development Authority, PDA को Governing Board को तेश्रो बैठक काठमाण्डौमा बसी कर्मचारी दरबन्दी र कार्यालय स्थापना सम्बन्धमा निर्णय भएको छ। साथै Governing Board को चौथो बैठक पोखरामा बसी आर्थिक विनियमावली (Financial Bi-Laws) पास गरेको छ।
- नेपाल र भारतका पदाधिकारीहरु सम्मिलित Pancheshwor Development Authority (PDA) बाट महेन्द्रनगरमा कार्यालय स्थापना गरी संयुक्त रुपमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको कार्य भईरहेको छ।
- Energy Efficiency Action Plan अन्तर्गत राष्ट्रिय उर्जा दक्षता कार्यान्वयन योजना प्रारम्भिक रुपमा MOEN र GIZ को संयुक्त प्रयासमा तयार भएको छ। Energy Efficiency संस्थागत गर्नकालागि MOEN र GIZ संयुक्त प्रयासमा Concept Note तयार भएको छ। उर्जा दक्षता सम्बन्धी संस्था स्थापनार्थ आवश्यक पर्ने Documentation गरिसकिएको र सो सन्दर्भमा अध्ययन प्रतिवेदन समेत तयार भएको छ। Energy Efficiency कार्यक्रम अन्तर्गत Energy Efficient उपकरणहरु नमूना (Piloting) को रुपमा मन्त्रालयमा जडान गरी मन्त्रालय भवनको दैनिक ऊर्जा बचतको जानकारी electronic display हुने व्यवस्था गरिएको छ।
- विद्युत महशुल निर्धारण आयोगको मिति २०७३।०२।१६ को १०८ औं बैठक बाट मिति २०७३ श्रावणदेखि लागु हुने गरी नेपाल विद्युत् प्राधिकरण मार्फत विद्युत सेवा

लिएका ग्राहकको विद्युत महशुल दर र बुटवल पावर कम्पनी मार्फत आँधि खोला वितरण प्रणाली अन्तर्गतका ग्राहकहरुकोलागि महशुल दरमा परिवर्तन गरिएको छ।

- उपत्यका भित्रका कुनैपनि महशुल संकलन केन्द्रबाट विद्युत महशुल बुझाउन सकिने व्यवस्था लागु भईसकेको छ।
- सार्वजनिक निर्माणको कार्यसँग सरोकारवाला निकायहरुलाई पहिचान एवं अध्ययन भएका जलाशययुक्त आयोजनाहरुको GIS Map तयार गरी सम्बन्धित केन्द्रीय निकायहरुलाई जानकारी गराइएको छ।
- सुशासन कायम गर्ने सम्बन्धमा मन्त्रालय र मातहतका निकायहरुबाट माँग भएका निवेदन अनुसार समयमै सूचना उपलब्ध गराउने गरिएको छ। जनगुनासो फछ्र्यौट गर्न मातहतका निकायहरुलाई निर्देशन दिने गरिएको छ।
- मन्त्रालय मातहतका निकायहरुका प्रमुखसंग कार्यसम्पादन सम्झौता गर्ने गरिएको छ। यसको लागि मन्त्रालयको कार्यसम्पादन सुचकाङ्क तयार गरी सोही अनुसार प्रगति मूल्याङ्कन हुने व्यवस्था गरिएको छ।
- यस आ.व. मा कायम रहेको बेरुजु फछ्र्यौट तर्फ ५२.७ प्रतिशत प्रगति हासिल भएको छ। जस अनुसार कुल बेरुजु रु. १७ करोड ९२ लाख ४२ हजार रहेकोमा रु. ९ करोड ४४ लाख ५६ हजार संपरीक्षण भई फछ्र्यौट भएको छ।
- आयोजनाहरुको प्रत्येक चौमासिक एवं वार्षिक प्रगति प्रतिवेदन तयारी, राष्ट्रिय योजना आयोगसंग निकटतम सम्पर्क राखी आयोजनाहरुको प्रगति समीक्षा, विकास आयोजनाहरुको अनुगमन एवं निरीक्षण गर्ने, निरीक्षण टोली खटाउने, मन्त्रालय र अन्तर्गतका निकायहरुको चौमासिक प्रगति समीक्षाको लागि मन्त्रालय स्तरीय समस्या समाधान समितिको बैठक बसाल्ने र आयोजनाका समस्या समाधान सम्बन्धमा भएका निर्णय निर्देशनहरु सम्बन्धित निकायमा लेखी पठाउने, राष्ट्रिय समस्या समाधान समितिको बैठकको लागि विवरणहरु तयार गरी पठाउने, आयोजना सम्पन्न भएपछि त्यसमा निहित उद्देश्य, लक्ष्य प्राप्ति भयो भएन भन्ने सम्बन्धमा वर्षिक कार्यक्रम अनुसार त्यसको उपलब्धि मूल्याङ्कन गर्ने गराउने, मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सम्पादित कार्यहरुको नियमित रुपमा प्रगति विवरणहरु तयार गरी सम्बन्धित निकायहरुमा पठाउने, अनुगमन तथा मूल्याङ्कन शाखाका काम कारवाही र कर्मचारीहरुलाई उपयोगी हुने विभिन्न गोष्ठी, सेमिनार, तालिम आदि कार्यक्रमहरु वार्षिक कार्यक्रम अनुसार सञ्चालन गर्ने गराउने गरिएको छ।

११. निर्वाचन आयोग

यस आयोग मार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छ।

- नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट आ.व. ०७१/७२ र ०७२/७३ मा साविकका महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाहरूको क्षेत्र विस्तार एवं नयाँ नगरपालिकाहरूको गठन भई क्षेत्र विस्तार र नयाँ नगरपालिकाहरूको गठन हुँदा साविकका गा.वि.स.का सबै मतदातालाई समेट्ने गरी कायम गरिएका मतदान स्थलहरू/मतदान केन्द्रहरू पुनः निर्धारण गर्नुपर्ने देखिएकाले मापदण्ड बनाई सोही मापदण्डका आधारमा मतदानस्थल/केन्द्रहरूको पुनः निर्धारण गर्ने कार्य अगाडि बढाइ निर्वाचन दिग्दर्शन तयार गरिएको छ।
- नेपालको निर्वाचन इतिहासलाई संस्थागत रूपमा संरक्षण गर्ने, निर्वाचन आयोगबाट निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा सम्पादन भएका क्रियाकलाप, लिइएका सुधारका कदमहरू र भएका सिकाइहरूलाई अभिलेख गर्ने, नेपालमा अभ्यास भएका निर्वाचन पद्धति, प्रणाली र प्रक्रियाको बारेमा सरोकारवालाहरूलाई जानकारी दिने उद्देश्यले "नेपालको निर्वाचन इतिहास" नामक पुस्तक तयार गरी सरोकारवालाहरूलाई नेपालमा निर्वाचनको इतिहासका बारेमा जानकारी लिन सहज भएको छ।
- नेपालको संविधानमा निर्वाचन आयोग र निर्वाचन प्रणाली सम्बन्धमा भएका व्यवस्थाहरूलाई आम मतदातामा जानकारी गराउने उद्देश्यले "संविधानमा निर्वाचन सम्बन्धी केही जानकारी" नामक हाते पुस्तिका तयार गरी प्रकाशन तथा वितरण गरिएको छ। यसले आम मतदाता एवं सरोकारवालाहरूलाई संविधानमा व्यवस्था भएका निर्वाचन प्रणाली र निर्वाचनका विषयमा जानकारी हासिल गर्न सहयोग पुगेको छ।
- मतदान स्थल/केन्द्रहरूलाई अपाङ्ग मैत्री बनाउँदै लैजाने उद्देश्यले यस आ.व. मा ३० जिल्लाका ५३ वटा मतदान स्थल/मतदान केन्द्रमा अपाङ्ग मैत्री र्‍याम्प थप निर्माण भइ १०९ वटा पुगेको छ।
- यस आ.व.मा ७५ जिल्लाका ३०४८ गा.वि.स./न.पा. वडामा मतदाता नामावली सङ्कलन (विशेष) कार्यक्रम सञ्चालन गरिएको छ। जसमा ७३,९०९ महिला र

१,०४,३३५ पुरुष गरी जम्मा १,७८,२४५ जनाको नाम दर्ता गरिएको छ। त्यसै गरी ७५ वटै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय, ७५ वटै जिल्ला प्रशासन कार्यालय र २६ वटा इलाका प्रशासन कार्यालयहरूमा वर्षैभरि निरन्तर मतदाता नामावली दर्ता कार्यक्रम सञ्चालन गरिएको थियो। जसमा १,६५,३६२ महिला र २,२२,९७४ पुरुष गरी जम्मा ३,८८,३३६ जनाको थप नाम दर्ता भएको छ। दुवै कार्यक्रमबाट २,३९,२७१ महिला र ३,२७,३०९ पुरुष गरी फोटो सहितको मतदाता नामावलीमा थप ५,९०,९२३ जनाको नाम दर्ता भइ फोटो सहितको मतदाता नामावलीमा मतदाताको संख्या १,३८,१७,७७६ पुगेको छ। उक्त मतदाता नामावलीको प्रशोधन गरी आयोगबाट स्वीकृत हुन बाँकी रहेको छ।

- निर्वाचन आयोगबाट सम्पन्न हुने सबै तहको निर्वाचनमा राजनीतिक दल, उम्मेदवार लगायत सबै सरोकारवालाहरूले पालना गर्नुपर्ने आचार संहिता, २०७२ निर्माण गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सरोकारवालाहरूबीच सार्वजनिकीकरण समेत गरिएको छ।
- राजनीतिक दलको आय-व्यय र निर्वाचन खर्चलाई पारदर्शी बनाउन सहयोग पुऱ्याउने उद्देश्यले निर्वाचन आयोगमा दल दर्ता भएका राजनीतिक दलहरूमध्ये १०८ वटा राजनीतिक दलका ११७ जना प्रतिनिधिको सहभागितामा २०७२ पौष १९-२४ गते सम्म "राजनीतिक दलको आय-व्ययको विवरणको लेखापरीक्षण तथा निर्वाचन खर्च सम्बन्धी विषय" मा प्रशिक्षण सञ्चालन गरिएको छ। यसबाट राजनीतिक दलहरूलाई आफ्नो दलको आय-व्ययको लेखा राख्ने, लेखापरीक्षण गराउने लगायतका विषयहरूमा ज्ञान हासिल गर्न सहयोग पुगेको छ।
- निर्वाचन आयोगमा दर्ता रहेका राजनीतिक दलहरूको दस्तावेज एवं अभिलेखहरू खोजेको बखत सजिलै प्राप्त गर्न सकियोस् र सरोकारवालाहरूले माग गरेको सूचना समयमा नै संप्रेषण गर्न सरल होस् भन्ने उद्देश्यले राजनीतिक दल व्यवस्थापन सम्बन्धी सफ्टवेयर निर्माण गरी पहिलो चरणमा व्यवस्थापिका संसदमा प्रतिनिधित्व रहेका ३० वटा राजनीतिक दलहरूको केन्द्रीय कार्यसमितिका सदस्यहरूको नाम-नामेसी, दलको विधान, नियमावली, घोषणापत्र तथा अन्य आवश्यक तथ्याङ्कहरूको प्रविष्टि गरिएको छ। यसबाट राजनीतिक दल सम्बन्धी सूचना एवं जानकारी प्रवाह गर्ने कार्य छिटो/छरितो बनाउन सहयोग पुगेको छ।

- राजनीतिक दल सम्बन्धी कानुनलाई एकीकरण गर्न बनेको विधेयकको मस्यौदाउपर विभिन्न सरोकारवालाहरूको राय सुझाव लिन विभिन्न स्थानमा अन्तरक्रिया सम्पन्न गरिएको छ।
- विभिन्न आर्थिक वर्षमा आय-व्ययको वार्षिक प्रतिवेदन आयोगमा पेश नगर्ने १२० राजनीतिक दलहरूलाई आयोगबाट रू. १००/- (एक सय रूपैयाँ) जरिमाना गर्नुका साथै निर्वाचन आयोग ऐन, २०६३ को दफा २४ (ख) ले दिएको अधिकार प्रयोग गरी राजनीतिक दल सम्बन्धी ऐन, २०५८ को दफा १२ अनुसार आफ्नो दलको वार्षिक आय-व्यय विवरण लगातार ३ वर्षसम्म आयोग समक्ष नबुझाउने १५ वटा राजनीतिक दलहरूको निर्वाचन प्रयोजनका निम्ति भएको दलको दर्ता खारेज गरी ती राजनीतिक दहरूले प्रयोग गरेका निर्वाचन चिह्न एक वर्षका लागि कुनै पनि राजनीतिक दलले प्रयोग गर्न नपाउने गरी फ्रिज गरिएको छ।
- निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयनका लागि "निर्वाचन आचार संहिता अनुगमन निर्देशिका" को मस्यौदा तयार गरी सरोकारवालाहरूबाट सुझाव सङ्कलन गर्ने कार्य भईरहेको छ।
- निर्वाचन आयोग ऐन, २०७३, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र मतदाता नामावली सम्बन्धी ऐन, २०७३ को मस्यौदा तयार गरी छलफल र स्वीकृतिका लागि गृह मन्त्रालय मार्फत व्यवस्थापिका संसदमा पठाइएको छ।
- नेपालको संविधान अनुरूप संघीय संसद, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचन सम्पन्न गर्न आवश्यक ऐनहरूको मस्यौदा तयार गर्ने प्रयोजनका लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७३, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७३, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७३ र स्थानीय तह निर्वाचन (कार्यविधि) ऐन, २०७३ का लागि सैद्धान्तिक सहमति लिन गृह मन्त्रालयमा लेखी पठाइएको छ।
- स्थानीय निकाय (कार्यविधि) ऐनको सशोधनका लागि संशोधनको मस्यौदा तयार गरी गृह मन्त्रालय मार्फत व्यवस्थापिका संसदमा पठाइएको छ।
- राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन सम्बन्धी ऐन र निर्वाचन (कसुर र सजाय) ऐनको प्रारम्भिक मस्यौदाको कार्य भइरहेको छ।
- Forum of Election Management Bodies of South Asia (FEMBoSA) को काठमाण्डौंमा सम्पन्न पाँचौं बैठकको घोषणापत्रको बुँदा नं. ३ अनुसार South Asian Institute for Democracy and Electoral Studies (SAIDES) नामक संस्था काठमाण्डौंमा सञ्चालन तथा व्यवस्थापनका लागि अवधारणा पत्र स्वीकृत भई स्थापना तथा

सञ्चालन सम्बन्धी कार्यका लागि विस्तृत परियोजना प्रस्ताव तयार गर्ने प्रयोजनार्थ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाताको नियुक्तिको कार्य भइरहेको छ।

- आयोगमा नयाँ पदस्थापन तथा सरुवा भई आएका कर्मचारी, राजनीतिक दलका प्रतिनिधिहरू तथा अन्य सरोकारवालाहरूको सहभागितामा राजनीतिक वित्त, निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयमा विभिन्न जिल्लाका २२ स्थानमा प्रशिक्षण सञ्चालन गरिएको छ।
- आयोग र अन्तर्गत कार्यरत कर्मचारीहरूमा नयाँ संविधानमा भएको निर्वाचन सम्बन्धी व्यवस्था र यसको सञ्चालन र व्यवस्थापन विषयमा बुझाइमा एकरूपता कायम गर्ने उद्देश्यले "संविधान र निर्वाचन" विषयक तालिम विभिन्न ९ स्थानहरूमा सञ्चालन गरिएको छ।
- बहिरा नागरिकहरूको निर्वाचन प्रक्रियामा सहभागिता अभिवृद्धि गर्न "बहिरा नागरिकहरूका लागि निर्वाचन शिक्षा" विषयक प्रशिक्षण र सीमान्तकृत तथा अतिसीमान्तकृत महिला/आदिवासी/जनजाति/दलित/अपाङ्ग आदिको निर्वाचन प्रक्रियामा सहभागिता बढाउने उद्देश्यले "निर्वाचन, लैङ्गिकता र समावेशीकरण" विषयक प्रशिक्षण विभिन्न जिल्लाहरूमा सञ्चालन गरिएको छ। यसबाट तत्-तत् समुदायको निर्वाचनमा सहभागिता अभिवृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।
- काठमाण्डौं, धनगढी (कैलाली) र पोखरा (कास्की) मा निर्वाचन शिक्षा तथा सूचना केन्द्र सञ्चालन र अन्य विभिन्न ९ जिल्लामा घुम्ती निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Mobile EEIC) मार्फत निर्वाचन शिक्षाका विषयमा जानकारी गराइएको छ।
- श्रव्य-दृश्यको माध्यमबाट आम मतदातामा निर्वाचन शिक्षा र मतदाता शिक्षा संप्रेषण गर्ने उद्देश्यले टेलिभिजन, रेडियो तथा एफ.एम.हरूबाट निर्वाचन शिक्षा सम्बन्धी सामग्री र सन्देशहरू संप्रेषण गरी मतदातालाई निर्वाचन शिक्षा र मतदाता शिक्षाका विषयमा ज्ञान हासिल गर्न सहयोग पुऱ्याइएको छ।
- २०७२ श्रावण महिनामा जिल्ला निर्वाचन कार्यालयमा कार्यरत जिल्ला निर्वाचन अधिकारी, लेखापाल र कम्प्युटर अपरेटरको सहभागितामा डडेल्धुरा, नेपालगञ्ज, रूपन्देही, कास्की, मकवानपुर, काभ्रेपलाञ्चोक, सुनसरी लगायतका स्थानहरूमा क्षेत्रीय समीक्षा गोष्ठीहरू गरिएको छ।
- २०७२ श्रावण २५ र २६ मा आयोगका पदाधिकारी, अधिकृत स्तरका कर्मचारी र ७५ वटै जिल्लाका जिल्ला निर्वाचन अधिकारीहरूको सहभागितामा केन्द्रीय समीक्षा गोष्ठी सम्पन्न गरिएको छ।

- २०७२ चैत्र महिनामा आयोग अन्तर्गतका क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूले प्रवाह गर्नुपर्ने सेवा, कार्यालयहरूको समग्र कार्यसम्पादन प्रक्रिया, कार्यालय व्यवस्थापन, जिन्सी व्यवस्थापन, सरकारी सम्पत्तिको अभिलेख, श्रेस्ता, कार्यालय भवन निर्माण तथा घर जग्गाको अवस्था, आर्थिक व्यवस्थापन, मतदान स्थलहरूको विवरण, सञ्चालित कार्यक्रमहरूको अवस्था लगायतका विषयहरूलाई समेटी आयोगमा कार्यरत पदाधिकारी, उच्चस्तरका कर्मचारीहरू र अधिकृत कर्मचारीको नेतृत्वमा अनुगमन टोली बनाई २२ वटा जिल्लामा सघन अनुगमन गरिएको छ। अनुगमनबाट प्राप्त प्रतिवेदनहरूलाई एकीकृत गरी केन्द्रीय अनुगमन प्रतिवेदन तयार गरी सार्वजनिक समेत गरिएको छ।
- जिल्ला निर्वाचन कार्यालयहरू क्रमशः झापा, मोरङ, मकवानपुर र दैलेखको कार्यालय भवन निर्माण सम्पन्न गरिएको छ। जिल्ला निर्वाचन कार्यालय ओखलढुङ्गा र सुर्खेतको कार्यालय भवन निर्माणको कार्य सम्पन्न हुने क्रममा रहेको र जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङ, उदयपुर, रामेछाप, सर्लाही, तनहुँ, पर्वत, म्याग्दी र बर्दियाका कार्यालय भवन निर्माणको कार्य प्रारम्भ गरिएको छ।
- विभिन्न ६ वटा जिल्ला निर्वाचन कार्यालयहरूको जग्गा सुधार र कम्पाउण्डवाल निर्माण गरी कार्यालयहरूको स्वामित्वमा रहेको जग्गा संरक्षण गरिएको छ।
- अधिकांश जिल्लाहरूमा आयोगको आफ्नै भवन नरहेको र जिल्ला निर्वाचन कार्यालयहरूको लागि जग्गा प्राप्ति गर्ने आयोगको नीति अनुरूप संखुवासभा, खोटाङ र सुनसरीका लागि जग्गा प्राप्त गरिएको र मुस्ताङ, मनाङ, दाङ लगायतका जिल्लाहरूमा कार्यालय भवन निर्माण प्रयोजनका लागि जग्गा प्राप्त गर्न गृह मन्त्रालय र उद्योग मन्त्रालयमा सिफारिश गरी पठाइएको छ।
- निर्वाचन आयोगको योजना, कार्यक्रम, आयोजना तथा बजेट तर्जुमा प्रक्रियालाई आयोगको पञ्चवर्षीय रणनीतिक योजनासँग तालमेल गर्दै सरल, व्यवस्थित र प्रभावकारी बनाउने, आयोगले कार्यान्वयनमा ल्याएका योजना, कार्यक्रम तथा आयोजनाहरूको लगानी, क्रियाकलाप, प्रक्रिया, प्रतिफल, असर र प्रभावको नियमित र व्यवस्थित अनुगमन तथा मूल्याङ्कन गर्ने लगायतका उद्देश्यले आयोगको "योजना तथा कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी एकीकृत निर्देशिका" निर्माण गरिएको छ।
- संवैधानिक व्यवस्था अनुरूप निर्वाचन मार्फत राज्यका सबै संरचनाहरूमा नागरिकहरूको समानुपातिक तथा समावेशी प्रतिनिधित्व गराउने तथा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, विश्वसनीय र पारदर्शी बनाउनका लागि निर्वाचन आयोगलाई लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट एउटा संवेदनशील संस्थाको रूपमा विकास गर्ने परिलक्ष्यका साथ जारी गरिएको आयोगको "लैङ्गिक तथा समावेशीकरण नीति, २०७०" को प्रभावकारी

कार्यान्वयन गर्न निर्माण गरिएको ५ वर्षीय लैङ्गिक तथा समावेशी रणनीति, २०७२ सञ्चालनमा रहेको र सोको एक वर्षीय लैङ्गिक तथा समावेशी कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनः २०७२ पौष देखि २०७५ आषाढसम्मका लागि लैङ्गिक तथा समावेशी कार्ययोजना निर्माण गरी कार्यान्वयनमा लगिएको छ।

- आयोगको लैङ्गिक तथा समावेशीकरण नीति तथा सोको रणनीति, लैङ्गिक तथा समावेशीमैत्री सञ्चार र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धमा आयोगमा कार्यरत १६४ जना कर्मचारीहरूलाई ४ समूहमा तालिम दिइएको छ।
- आयोगमा कार्यरत २९ जना अधिकृत स्तरका कर्मचारीहरूलाई लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक तथा समावेशी परीक्षण विषयमा तालिम दिइएको छ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने राष्ट्रिय अभियानमा राजनीतिक दलका प्रतिनिधिहरू, अन्तर पार्टी महिला सञ्जालका प्रतिनिधि, सञ्चार माध्यम, पर्यवेक्षक लगायत निर्वाचनका सरोकारवालाहरूको सहभागितामा "निर्वाचन तथा राजनीतिमा महिला सहभागिता एवं निर्वाचन प्रक्रियामा हुने लैङ्गिक हिंसा" विषयमा एक दिवसीय अन्तरक्रिया कार्यक्रम गरिएको छ।
- एकल, सीमान्तकृत तथा पिछडिएका एवं अपाङ्गता भएका महिलाहरूको सहभागिता अभिवृद्धिका लागि ३७ जना महिलाको सहभागितामा भक्तपुरमा एक दिवसीय अभिमुखीकरण/प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।
- निर्वाचनका सरोकारवालाहरूसँग विभिन्न मितिमा आयोजित ३ दिनको ब्रिज कार्यशाला अन्तर्गत पोखरा, काठमाण्डौं र सिन्धुलीमा "लैङ्गिक तथा समावेशिता" विषयको तथा चितवन र झापामा "निर्वाचन प्रक्रियामा पहुँच" विषयको कार्यक्रममा जम्मा १२५ जनाको सहभागिता रहेको छ।
- आयोग र अन्तरगत कार्यरत अधिकृत स्तरका ६२ जना कर्मचारीहरूलाई लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट नीति/कानुनको मस्यौदा लेखन र प्रशासनिक नेतृत्व विकास तालिम सञ्चालन गरिएको छ।
- आयोगका कर्मचारीहरूमा नेपाली भाषा शुद्ध लेखन क्षमता अभिवृद्धि गर्न २५ जना अधिकृत तथा सहायक स्तरका कर्मचारीहरूलाई "नेपाली भाषा शुद्ध लेखन" सम्बन्धी तालिम सञ्चालन गरिएको छ।
- सञ्चार माध्यम, जिल्लाका सक्रिय महिला संस्था, जिल्लाका सक्रिय राजनीतिक दलका प्रतिनिधि, जिल्लाका सक्रिय गैरसरकारी संस्थाहरू, आदिवासी, जनजाति, दलित, मधेशी र अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित संस्थाहरूको सहभागितामा विभिन्न ६ जिल्लामा २२८ जनाको सहभागितामा निर्वाचनमा लैङ्गिक तथा समावेशिता सम्बन्धी अन्तरक्रिया

सम्पन्न गरिएको छ। यसले तत् तत् समूहको निर्वाचन प्रक्रियामा सहभागिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

- Biometric Based Voter Registration System (BBVRS) तालिमको माध्यमबाट जिल्ला निर्वाचन कार्यालयका ४५ जना नयाँ कम्प्युटर अपरेटरहरूको क्षमता अभिवृद्धि गरी मतदाता नामावली सङ्कलन कार्यलाई सहज एवं प्रभावकारी बनाइएको छ।
- Geographic Information System (GIS) सम्बन्धी ११ दिनको मुख्य प्रशिक्षक प्रशिक्षण (MTOT) तालिमबाट केन्द्रका २४ जना कर्मचारीहरूले Arc GIS र Web GIS सम्बन्धी ज्ञान हासिल गरी निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई सहज बनाउन सहयोग पुगेको छ।
- Training on Data Center Management and Operation (CCNA, GSP, CISA, LINUX etc.) कार्यक्रम अन्तर्गत ToUAF तालिम ३ जना र Redhat Certified Engineering तालिम २ जना सम्बन्धित कर्मचारीहरूलाई प्रदान गरिएको छ।
- प्रविधिको प्रयोगमा नवीनता तथा प्रभावकारिता ल्याउनका लागि Email Server Installation, Management and Migration का माध्यमबाट आयोगले सुरक्षित मेल सर्भर स्थापना गर्न पहल गरी, सर्भरमा आधारित १५० युजर लाइसेन्सको Corporate Antivirus System प्राप्त गरी आयोगमा रहेका सर्भर, ल्यापटप र डेस्कटप कम्प्युटरहरू virus, spam आदिबाट सुरक्षित गरिएको, Wi-Fi इन्टरनेट व्यवस्थित गर्नका लागि Wireless Access Point आदि खरिद गरी जडान गरिएको छ।
- फोटो सहितको मतदाता नामावलीको डाटाबेसलाई ब्याकअप प्रयोजनका लागि NAS Storage (16TB) खरिद गरी डाटा सेन्टरमा जडान गरिएको छ।
- Geographic Information System (GIS)/Global Positioning System (GPS) तथा Electoral Risk Management (ERM) सम्बन्धी तालिम-पुस्तिका तयार भएको छ।
- आयोग र अन्तर्गत कार्यालयहरूको गरी यस आ.व.मा रू. १,५९,८२,३३ हजार बेरुजु कायम रहेकोमा रू. १,१२,६५,५५ हजार (७०.५%) बेरुजु फछ्र्यौट गरिएको छ।

१२. राष्ट्रिय सतर्कता केन्द्र

राष्ट्रिय सतर्कता केन्द्रबाट हासिल भएका मुख्य उपलब्धिहरु

- प्राविधिक परीक्षण प्रयोगशाला स्थापनाको लागि General Equipments प्राप्त भई जडानको प्रक्रियामा रहेको छ।

- आ.व. २०७२।७३ मा दर्ता भएका ७७२ र गत वर्षबाट जिम्मेवारी सरी आएका ५३६ गरी कूल १३०८ उजुरी रहेकोमा सो मध्ये ६८६ वटा उजुरी फछ्र्यौट भएका छन्।
- यस आर्थिक वर्षमा ६८६ वटा उजुरी फछ्र्यौट भएको जसमध्ये ५ वटा विषयमा ध्यानाकर्षण सतर्क गराइएको, ५ वटा निकायहरुलाई सुझाव प्रदान गरिएको, ५३ वटा उजुरीका सम्बन्धमा सम्बन्धित निकायहरुलाई निर्देशन दिइएको, ८५ वटा उजुरीको छानविन गर्दा उक्त उजुरीहरु अकुत सम्पत्ति सम्बन्धी वा भ्रष्टाचार भएको मान्न सकिने आधार प्रमाण फेला परेको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको र बाँकी ५३७ वटा उजुरी छानविन गर्दा उजुरीमा उल्लिखित व्यहोरामा सत्यता नदेखिएकोले पछि थप प्रमाण फेला परेमा पुनः कारवाही प्रक्रियामा लैजाने गरी तामेलीमा राखिएको छ।
- भ्रष्टाचार विरुद्धको जिल्लास्तरीय सचेतना गोष्ठी १४ वटा र प्राविधिक परीक्षण सचेतना गोष्ठी २ वटा सम्पन्न भएका छन्।
- २६ जना प्राविधिकहरुलाई प्राविधिक परीक्षण सम्बन्धी तालिम प्रदान गरिएको छ।
- उजुरी व्यवस्थापनको कार्यमा सघाउ पुऱ्याउन Complaint Management System सम्बन्धी सफ्टवेयर प्रयोगमा ल्याइएको छ।
- सामुदायिक सिंचाईतर्फका ३ वटा, रणनीतिक सडक संजालतर्फका १३ वटा, राष्ट्रिय गौरवका ७ वटा र अन्य आयोजनातर्फका १४ वटा गरी कूल ३७ वटा आयोजनाहरुको प्राविधिक परीक्षण कार्य सम्पन्न भएको छ।
- यस केन्द्रको प्राविधिक प्रयोगशाला सहितको निर्माणाधीन भवनको निर्माण कार्यको लक्ष्य अनुरुप प्रगति भएको छ।
- अनुगमन गर्दा देखिएका समस्या समाधान गर्न सम्बन्धित निकायहरुलाइ आवश्यक निर्देशन प्रदान गरिएको छ।
- सेवाग्राही सर्वेक्षण, कार्यालय समयपालना एवं तोकिएको पोशाक अनुगमन, नागरिक बडापत्र कार्यान्वयन अनुगमन, स्थलगत छानविन राट्रिय सतर्कता भित्तोको निर्माण, सिस्नुपानी राष्ट्रिय सतर्कता केन्द्र हास्यव्यंग्य यात्रा ,प्राविधिक परीक्षण सम्बन्धी वृत्तचित्र निर्माण गरिएको छ।

- नेपाल भारत नाकामा भएको अवरोधका समयमा कालो बजारी रोक्न ग्याँस तथा बजार अनुगमन सम्बन्धी कार्य गरिएको छ।
- प्राविधिक परीक्षणको क्रममा पाइएका अपरिपालना प्रतिवेदन (Non Conformance Reports) हरूलाई सरोकारवालाकै उपस्थितिमा केन्द्रमा प्रस्तुतीकरण गरी त्रुटि सच्याउन निर्देशन दिइएको छ।
- संघीय संरचनामा राष्ट्रिय सतर्कता केन्द्रको पुनर्संरचना सम्बन्धमा प्राविधिक समितिबट प्राप्त प्रतिवेदन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ मा आवश्यक संशोधनको लागि मस्यौदा तयार गरी प्रधानमंत्री तथा मन्त्रीपरिषदको कार्यालयमा पठाइएको छ। नेपाल सरकारबाट स्वीकृत तत्काल सुधारको कार्ययोजना कार्यान्वयन भइरहेको छ।
- केन्द्रबाट सरकारी तथा सार्वजनिक निकायहरुमा सुशासन कायम गर्न नागरिक बडापत्र कार्यान्वयन अनुगमनको कार्यलाई वार्षिक कार्यक्रममा समावेश गरी काठमाडौं उपत्यकाभित्रका विभागस्तरीय कार्यालयहरु र सार्वजनिक संस्थानका केन्द्रीय कार्यालयहरु एवं जिल्लास्तरीय कार्यालयहरुमा अनुगमन गरिएको छ।

१३. सार्वजनिक खरिद अनुगमन कार्यालय

यस निकाय मार्फत संचालित सार्वजनिक गतिविधिहरुबाट देहाय बमोजिमको उपलब्धि हासिल भएको छ।

- सार्वजनिक खरिद ऐन २०६३, पहिलो संशोधन स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- सार्वजनिक खरिद नियमावली, २०६४ मा चौथो संशोधनका लागि सुझाव संकलन गर्ने, पृष्ठपोषण लिने र प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य भइरहेको छ।
- विद्युतिय संचारको माध्यमवाट खरिद कारोवार हुन सक्ने व्यवस्थालाई कार्यान्वयन गर्ने सिलसिलामा आर्थिक वर्ष २०७२/०७३ मा विद्युतीय खरिद प्रणाली सञ्चालन मार्ग निर्देशिका, २०७३ तयार गरी जारी गरिएको छ। यस निर्देशिकासंगै विद्युतीय खरिद प्रणाली उपयोग निर्देशिका समेत जारी भएको छ। यस वमोजिम अनलाईन विद्युतीय खरिद प्रणाली लागु गर्ने सन्दर्भमा क वर्गका बाणिज्य बैङ्कहरु र नेपाल सरकारका पाँच विभागहरुमा विद्युतिय खरिद प्रणालीको अवलम्वन गरिएको छ।

- सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेका वोलपत्र पूर्व योग्यत र प्रस्ताव सम्वन्धी कागजातहरु साविकमा अंग्रेजी भाषामा मात्र उपलव्ध हुने गरेकोमा यस आर्थिक वर्षमा सिलवन्दी दरभाउपत्रको नमूना कागजात नेपालीमा अनुवाद कार्य सम्पन्न भएको छ।
- सार्वजनिक निकायको खरिद कारवाहीको तथ्याङ्क संकलन गरी यो ऐन वा अन्तर्गत वनेको नियम वा निर्देशिका अनुरुप भए नभएको अनुगमन गर्ने सम्वन्धमा पाँच जिल्लाका प्रतिनिधि कार्यालय छनौट गरी खरिद इकाइको प्रभावकारी कार्यान्वयनको अवस्था वुझ्न कार्यमूलक अनुसन्धानको कार्य सम्पन्न भएको।
- वोलपत्रदाता वा खरिद कार्यमा संलग्न हुने कर्मचारीका लागि क्षमता विकास सम्वन्धी क्रियाकलापहरु वार्षिक कार्यक्रममा समावेश गरी नियमित प्रशिक्षण कार्यक्रम संचालन गर्ने गरीएको छ।
- अनलाईन विद्युतीय प्रणाली पूर्ण रुपमा कार्यान्वयन गर्न पूर्वाधार स्थापना गर्ने कार्य शुरु गरिएको छ। यसका लागि Open Contracting Data Standard को अन्तराष्ट्रिय मापदण्डको सूचना प्रवाह गर्ने गरी पोर्टल स्थापना गर्न Open Contracting Partnership नामक अन्तर्राष्ट्रिय संस्थासँग सहयोग लिई नेपालको सार्वजनिक खरिदको पारदर्शिताको लागि अग्रसरता (Public Procurement Transparency in Nepal-PPTIN) कार्यक्रमका लागि सम्झौता सम्पन्न भएको छ।

१४. लोकसेवा आयोग

यस निकाय मार्फत संचालित सार्वजनिक गतिविधिहरुबाट देहाय बमोजिमको उपलब्धि हासिल भएको छ।

- पाठ्यक्रम, वार्षिक कार्यतालिका, परीक्षाफल, बुलेटिन आदि वेभ साइटबाट हेर्न र डाउनलोड गर्न सक्ने व्यवस्था, उत्तर पुस्तिका परीक्षणको लागि अप्टिकल मार्क रिडर (OMR) को प्रयोग, Online मार्फत उम्मेदवारहरुको दरखास्त संकलन र अन्तर्वार्तामा सहभागी उम्मेदवारहरुले प्राप्ताङ्क हेर्न पाउने व्यवस्था गरेको हुँदा आफ्ना कृयाकलापहरु आधुनिक प्रविधि अपनाई संचालन गर्ने दिशामा अग्रसर रहेको छ।

आगामी दिनमा आयोगको काम कारवाही पूर्ण रुपमा Automation मा आधारित हुने गरी काम कारवाहीहरु अगाडि बढिरहेका छन्।

- सरकारी निकायहरुका कर्मचारीहरु लोक सेवा आयोगबाट प्रतिष्पर्धात्मक परीक्षा मार्फत सिफारिस भएका व्यक्तिहरु हुन्छन्। कर्मचारीलाई पदोन्नतिको बेला आर्जन गरेका अङ्क गणना लगायतका प्रकृयाहरुमा अन्याय परेमा त्यस्तो सिफारिस लोक सेवा आयोगले उल्टाउन सक्छ। यसरी प्रक्रिया नपुगी बढुवाका सिफारिसहरु भएको अवस्थामा उल्टाउने निर्णयहरु भएका छन्। अनियमित बरखास्ती लगायतका विभागीय कारवाहीहरु हुन लागेमा वा निजामती सेवा ऐन नियम आदिमा अन्यायपूर्ण संशोधन हुन लागेमा पनि आयोगले यसलाई रोक्न सरकारलाई सल्लाह दिन सक्छ। आयोगको यो अभिभावकीय भूमिका र सामाजिक छविको कारण अन्यत्र मन्त्रालय, विभाग, कार्यालय आदि सार्वजनिक निकायका कर्मचारीहरुले लोक सेवा आयोगप्रति सहयोगात्मक र सकारात्मक दृष्टिकोण सिर्जना भएको छ।
- आयोगको पाँचै विकास क्षेत्रहरुमा क्षेत्रीय निर्देशनालय तथा चौध अञ्चलहरुमा अञ्चल कार्यालयहरु छन्। यी कार्यालयहरु मार्फत राजपत्र अनंकित पदहरुको विज्ञापन देखि उम्मेदवार छनौटको साथै आयोगले सम्पादन गर्नु पर्ने अन्य कार्यहरु संचालन गर्न पर्याप्त मात्रामा अधिकार प्रत्यायोजन गरिएको छ। आगामी आर्थिक वर्षदेखि आयोगको क्षेत्रीय निर्देशनालयहरुलाई राजपत्र अनंकित तर्फका पदहरुको नतिजा प्रकाशन गर्ने गरी व्यवस्था मिलाइएको छ। गत आ.व. देखि दूर्गम र सडक यातायातले नछोएका डोल्पा र हुम्ला जिल्लाका सदरमुकाम र जनघनत्व बढी भएको सिरहा जिल्लाको लहानमा राजपत्र अनंकित तर्फका अप्राविधिक पदहरुको परीक्षा केन्द्रहरुको विस्तार गरिएको छ।
- आयोगका खुल्ला प्रतियोगितात्मक परीक्षाहरुमा सहभागिता र गुणस्तर वढाउन गरिएका प्रयासहरु
  - समावेशी सिद्धान्तको अवलम्वन
  - अनलाईन दरखास्त दिने व्यवस्था
  - परीक्षा केन्द्रहरुको विकेन्द्रीकरण र विस्तार
  - पाठयक्रममा निरन्तर परिमार्जन

- एउटै पदपूर्तिका लागि दुई चरणमा परीक्षा सञ्चालन
- अप्टिकल मार्क रिडर (Optical Mark Reader) मेसिनद्धारा उत्तर पुस्तिका परीक्षण
- लोकसेवा आयोगका परीक्षाहरुका लागि तयारी कक्षाहरु सञ्चालन।

- आयोगको परीक्षालाई विश्वसनीय, निष्पक्ष र मर्यादित बनाउन गरिएको व्यवस्था
  - एउटा प्रश्नको चार सेट वा सो भन्दा कच्चा प्रश्न विभिन्न विज्ञवाट तयार गरी सो को अर्कै विज्ञले मोडरेशन गरी फेरि चार सेट निर्माण गरी राख्ने गरिएको छ।
  - परीक्षाको दिन मात्रै अध्यक्षले कुनै एक प्रश्न को सेट छान्ने परम्परा छ।
  - उत्तर पुस्तिका मा दोहोरो सांकेतीकरणको व्यवस्था गरिएको छ।
  - एउटा उत्तरपुस्तिका फरक फरक दुई व्यक्तिले आयोगमा नै वसेर परीक्षण गर्ने व्यवस्था मिलाइएको छ।
  - एउटा शाखाको कोर काममा अर्को शाखा असंलग्न रहने व्यवस्था गरिएको छ।
  - शाखाको काम Team based मा रहेर गर्ने परिपाटी बसालिएको छ।
  - दोस्रो कोडमा लिखित परीक्षा नतिजा आउने (अंक थाहा हुने तर नाम थाहा नहुने) तर नतिजा प्रकाशन शाखालाई व्यक्तिको नाम थाहा हुने तर अंक थाहा नहुने गरी व्यवस्थित गरिएको छ।
  - लिखित परीक्षाको नतिजा वर्णानुक्रममा प्रकाशित गरिने गरेको छ।
  - अन्तरवार्तामा ४०-७० को बीचमा रहेर मूल्यांकन गर्ने पद्धति अपनाइएको छ।
  - अन्तरवार्तामा आउने विज्ञलाई अन्तरवार्ताकै दिन मात्र जानकारी दिइने गरिएको छ।
  - आफ्नो मान्छे परीक्षा दिने भएमा गोप्य (Key) कार्यमा कर्मचारी संलग्न हुन नपाउने परिपाटी छ।
  - कोचिङ पढाउने विज्ञहरुलाई लोक सेवा आयोगको Core कार्यमा संलग्न नगराइने व्यवस्था छ।

- सुधार गरिएका अन्य पक्षहरु
  - आयोगले अवलम्बन गर्दै आएको समयसापेक्ष प्रविधि उन्मुख कार्यहरुका लागि विद्यमान ३ जी.बी. क्षमताको वेबसाइट अपर्याप्त भएकोले १० जी.बी. क्षमता हुने

गरी तथा प्रयोगकर्ताहरुलाई सहज हुने गरी वेबसाइटको स्वरुप र क्षमतामा परिवर्तन गरिएको छ।

- आयोगको कार्यालयमा नै उत्तरपुस्तिका परीक्षण गराउने काम रा.प.प्रथम (सहसचिव) र रा.प.द्वितीय (उपसचिव) का लागि मात्र भइरहेकोमा अब उप्रान्त शाखा अधिकृत (रा.प.तृतीय) को उत्तरपुस्तिका पनि आयोगमै परीक्षण गराउने गरिएको छ। सह–सचिव र उप–सचिव (अप्राविधिक) तर्फको आन्तरिक र खुल्ला प्रतियोगितान्मक परीक्षाको उत्तरपुस्तिकाको परीक्षण साविकमा एक जना विज्ञबाट मात्र गराउँदै आएकोमा आयोगले दुईजना विज्ञबाट परीक्षण गराई औसत अंक कायम गर्ने व्यवस्था गरेको छ।
- आयोगले आफ्ना काम कारबाहीलाई क्रमशः पारदर्शी बनाउँदै लैजाने नीति अनुरुप लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा सम्मिलित सबै उम्मेदवारहरुको कुल प्राप्तांक सम्बन्धित उम्मेदवारले मात्र हेर्न सक्ने गरी Website मार्फत प्रकाशन गर्ने व्यवस्था गरिएको छ।
- आयोगले अप्राविधिक पदमा जस्तै प्राविधिक पदहरुमा लिखित परीक्षा र अन्तर्वार्ताको बीचमा लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुलाई पनि समूहगत छलफल (Group Discussion) गर्ने परीक्षण विधि थप गरेको छ।
- दृष्टिविहीन परीक्षार्थीहरुका लागि विभिन्न परीक्षामा सोधिने मनोवैज्ञानिक परीक्षणको खण्डमा रहने विभिन्न Reasoning Test मध्ये Abstract/ Pictorial Reasoning का प्रश्नहरुको जवाफ दिनु नपर्ने तथा सहयोगी लेखक आवश्यक हुने विषयगत लिखित परीक्षाको लागि प्रति घण्टा १० मिनेटका दरले थप समय प्रदान गर्ने व्यवस्था गरिएको छ।
- नेपालको संविधानले प्रदान गरेको थप जिम्मेवारी पूरा गर्न आयोगको संगठनात्मक पुर्नसंरचना गरी कार्यसम्पादन गरिएको छ।
- अप्राविधिक सेवातर्फ राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदमा प्रथम चरणको परीक्षामा प्राप्त गरेको प्राप्तांकको शतप्रतिशत अंक तथा द्वितीय चरणको परीक्षाको प्राप्तांक जोडी कूल अंकको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने तथा राजपत्र अनंकित प्रथम श्रेणी नायब सुब्बा वा सो सरह तथा

राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरह (अप्राविधिक) पदहरुको लागि प्रथम र द्वितीय चरणको गरी लिखित परीक्षा लिने र प्रथम चरणको परीक्षामा प्राप्त गरेको प्राप्तांकको शतप्रतिशत अंक तथा द्वितीय चरणको परीक्षाको प्राप्तांक जोडी कुल अंकको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने व्यवस्था गरिएको छ।

- उम्मेदवारले परीक्षामा नेपाली वा अंग्रेजी वा दुवै भाषामा उत्तर लेख्न सक्ने व्यवस्था गरिएको छ।
- आयोगले परीक्षण प्रणालीलाई थप वैज्ञानिक बनाउन उच्च तहका पदहरुका लागि प्रारम्भ गर्ने गरी Assessment Center Methodology क्रमशः लागु गर्न थालेको छ।

परिच्छेद - ४
आर्थिक र योजना क्षेत्रको निकायगत उपलब्धिहरु

१. अर्थ मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलब्धिहरु हासिल भएको छ।

प्रशासन महाशाखा

- राजस्व समूहमा कायम रहेको शैक्षिक योग्यता परिमार्जनका लागि अवधारणा पत्र तयार गरी सामान्य प्रशासन मन्त्रालयमा पठाइएको छ।
- जिन्सी निरीक्षण कार्य समाप्त गरी प्रतिवेदन तयार गरिएको छ।
- पुस्तकालयको सुदृढीकरण कार्य सम्पन्न गरिएको छ।
- मन्त्रालयको विद्युतीय हाजिर प्रणालीको स्तरोन्नतिको कार्य प्रारम्भ गरिएको छ।
- मन्त्रालयमा दर्ता, चलानी र पत्र व्यवस्थापनमा Office Automation System सञ्चालन गर्न परीक्षण (Live Testing) को कार्य सुरु भएको छ।
- केन्द्रीय आर्थिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने कार्य सम्पन्न भएको छ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त विभिन्न उजुरीहरूको छानबिन कारबाहीका सम्बन्धमा तदारुकता देखाइएको साथै मन्त्रालयलाई भएका निर्देशनहरू नियमित रुपमा कार्यान्वयन गरिएको छ।
- मन्त्रालयमा कार्यरत जनशक्तिको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम संचालन
  गरिएको छ।
- मन्त्रालयका गतिविधिहरू सार्वजनिक गर्न नेपाल टेलिभिजनबाट अर्थको अर्थ कार्यक्रम सञ्चालन
  गरिएको छ।
- मन्त्रालयमा कायम रहेको सूचना प्रविधिलाई व्यवस्थित गर्ने सिलसिलामा नेटवर्क सर्भर स्तरोन्नति, सूचना प्रविधि उपकरणका सम्बन्धमा Reduntant Internet, VMware Vcentre लाइसेन्स खरिद र एन्टीभाइरस क्यास्परस्की सफ्टवेयर खरिद गरी सेवालाई सुचारु, शसक्त एवं स्तरोन्नति गरिएको साथै आर्थिक नीति विश्लेषण महाशाखासँग सम्बन्धित Public Debt Operations & Managent Software (DOMS) को अन्तर्राष्ट्रिय

बोलपत्र आह्वानबाट प्रस्तावित बोलपत्रहरूको प्राविधिक विषयमा मूल्यांकन गर्ने कार्य भइरहेको छ।

- मन्त्रालयको सूचना प्रविधि प्रणालीमा सुधार गरी महाशाखा प्रमुखबाट अनुगमन गर्ने प्रणालीको विकास गरिएको छ।
- सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएका अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय तथा लोक सेवा आयोगको वार्षिक प्रतिवेदनमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित विषयहरू कार्यान्वयन गरिएको छ।
- नेपाल सरकारको National Portal मा अर्थ मन्त्रालयको तर्फबाट समावेश गर्नुपर्ने विषयहरू समावेस गर्ने व्यवस्था मिलाइएको छ।
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि एवं राष्ट्रिय कार्ययोजना बमोजिम यस मन्त्रालयका तर्फबाट सम्पादन गर्नुपर्ने कार्यहरू यथासमयमा नै पूरा गरिएको छ।
- मन्त्रालयको दैनिक कार्य संचालनमा Online System शुरुवात गरिएको छ।
- मन्त्रालय र मातहतका निकायमा कार्यरत कर्मचारीहरूको सरुवा काज तथा पदस्थापनाका लागि मापदण्ड स्वीकृत गरिएको छ।
- मन्त्रालयमा काम नलाग्ने भएका पुराना कम्प्युटर, फर्निचर लगायतका पूँजिगत सम्पत्तिहरूको लिलामीका लागि अन्य प्रकृया पूरा गरी सूचना प्रकाशन गरिएको छ।
- सूचना प्रविधि सम्बन्धी उपकरण खरिदका लागि खरिद प्रकृया अगाडि बढाइएको साथै बिगुल संचालनको लागि Software खरिदको सम्झौता गरिएको छ।
- अर्थ मन्त्रालयमा ऋण व्यवस्थापन महाशाखा गठन गर्नको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरिएको छ।
- मन्त्रालयको भवनमा पर्याप्त स्थानको अभावलाई परिपूर्ति गर्न नयाँ संरचना प्रिफेब निर्माण गर्न प्रकृया अगाडि बढाइएको छ।
- आर्थिक प्रशासन सम्बन्धी Software मा आर्थिक प्रशासनका आम्दानी एवं खर्च विवरणलाई प्रविष्टि गरी वित्तीय अनुशासन र कुशलतालाई प्रबर्द्धन गरिएको छ।

राजस्व व्यवस्थापन महाशाखा

- देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी स्वेतपत्रको कार्यान्वयन तथा सीमा नाका अवरोधका कारण हुन गएको राजस्व क्षतिको परिपूरणका लागि अर्थ मन्त्रालय एवं मातहतका विभागहरूले समय सारिणी सहितको कार्यान्वयन तथा वैकल्पिक कार्ययोजना बनाई कार्यान्वयनमा ल्याएको छ।

- सीमा नाका अवरोध तथा आपूर्ति असहजताका कारण सिर्जना भएका समस्याका सम्बन्धमा निजी क्षेत्रका प्रतिनिधि संस्था एवं उद्यमी व्यवसायी र सरकारी निकायहरूबाट अर्थतन्त्रको सबलीकरणका लागि प्राप्त विभिन्न माग एवं सुझावहरूमा नेपाल सरकार (मा. अर्थमन्त्रीस्तर) को मिति २०७२।०८।२८ को निर्णायानुसार तत्कालीन अवस्थाको विश्लेषण गरी उपयुक्त सुझाव दिन निजी क्षेत्र समेतको प्रतिनिधित्व रहने गरी सचिव (राजस्व) को संयोजकत्वमा गठित उच्चस्तरीय राहत सिफारिस समितिले मिति २०७२।०९।१२ मा विभिन्न सुझावसहित पेश गरेको प्रतिवेदनमा सिफारिश गरिएका सुझावहरू कार्यान्वयन र सहजीकरणका लागि विभिन्न निकायहरूमा पठाइएको र सुझावहरूका हकमा अर्थ मन्त्रालयबाट समेत कार्यान्वयन र सहजीकरण व्यवस्था गरिएको छ।
- अर्थ मन्त्रालयका सचिव र मातहत विभागहरूका महा-निर्देशकहरूबीच यस आर्थिक वर्षका लागि लक्षित राजस्व असुली पूरा गर्न, सम्भावित राजस्व चुहावट नियन्त्रण कार्यमा सक्रिय रहन र कार्यात्मक लक्ष्यहरू प्राप्त गर्न कार्य सम्पादन सम्झौता सम्पन्न गरिएको छ।
- राजस्व असुली कार्य र राजस्व चुहावट नियन्त्रण कार्यमा संलग्न अर्थ मन्त्रालय अन्तर्गतका आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागका प्रमुखले आ-आफ्ना मातहत कार्यालयका कार्यालय प्रमुखहरूसँग तत् तत् कार्यालयहरूका लागि तोकिएका सबै प्रकारका वार्षिक लक्ष्य हासिल गर्नेगरी कार्य सम्पादन सम्झौता सम्पन्न गरिएको छ।
- आर्थिक वर्षको प्रारम्भमै राजस्व व्यवस्थापन महाशाखाले अर्थ मन्त्रालय र मातहतका सबै विभागहरूले चालु आर्थिक वर्षमा सम्पादन गर्ने प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न मुख्य मुख्य कृयाकलापहरू समय-सारिणी सहितको कार्यान्वयन कार्ययोजनाको तयार गरिएको छ।
- अर्थ मन्त्रालय अन्तरगत स्वायत्त निकायको रुपमा रहनेगरी केन्द्रीय राजस्व बोर्डको गठनका लागि कानुनको तर्जुमा गर्न परामर्शदाताको छनौट भई कार्य भईरहेको छ।
- राजस्व सम्बन्धी ऐनहरूलाई अद्यावधिक गरी एकीकृत कर संहिता (Tax Code) तयार गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त विज्ञ सम्मिलित कार्यटोलीले मस्यौदा तयार गर्ने कार्य भईरहेको छ।
- E-commerce र कर प्रणाली सम्बन्धी अवधारणापत्र स्वीकृत भई अध्ययनको चरणमा रहेको छ।

- सरकारले राजस्व छुट प्रदान गर्न गरेका निर्णयहरू विद्युतीय माध्यममा अभिलेखिकरण गरी सुरक्षित राख्ने, सार्वजनिकीकरण गर्ने एवं जन प्रतिनिधिहरू समक्ष यथा समयमा प्रस्तुत गर्न सरल हुने गरी राजस्व छुट सम्बन्धी सफ्टवेयर तयार भई परीक्षणको चरणमा रहेको छ।
- राजस्व संकलनको एकीकृत तथ्याङ्क प्रणाली स्थापना गर्ने क्रममा काठमाण्डौ उपत्यका बाहिर ११ जिल्लामा Revenue Management Information System लागु भइसकेको छ।
- मन्त्रालयका उच्च नेतृत्व तहबाट राजस्व असुली तथा चुहावट नियन्त्रण कार्यमा कार्यरत कार्यालयहरूको स्थलगत अनुगमन, अवलोकन तथा निरीक्षण भ्रमण गरी राजस्व असुली तथा कार्यात्मक लक्ष्यहरू हासिल गर्न मौखिक एवं लिखित निर्देशन प्रदान गरिएको छ।
- मूल्य अभिवृद्धि करमा दर्ता भई वार्षिक रु. ५ करोड भन्दा बढी कारोवार गर्ने करदाताहरूले रु. १ लाख भन्दा बढीको खरिद विक्रीको विवरण कर विवरण दाखिला गर्दकै अवस्थामा पेश गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइएको छ।
- वार्षिक रु. ४० लाख भन्दा बढी आय आर्जन गर्नेले अनिवार्य रुपमा आय विवरण पेश गर्नुपर्ने प्रावधानका सम्बन्धमा आय विवरणको ढाँचा तयार भई कार्यान्वयनमा आएको छ।
- करदाताहरूले पेश गर्नु पर्ने कर विवरण, आय विवरण र सोका सहयोगी विवरण तथा फारामहरूमा समयानुकूल परिमार्जन गरी करदाता मैत्री, सरल एवं राजस्व संरक्षित पारिएको छ।
- कर वक्यौता व्यवस्थापन गर्न गत आर्थिक वर्षमा गठन भएको कर फछ्र्यौट आयोग समक्ष १७२६ निवेदनहरू बक्यौता फछ्र्यौटका लागि दर्ता भएकोमा १०६९ निवेदन उपर कारबाही गरी रु. ९ अर्ब ५५ करोड रकम दाखिला गराउने अन्तिम निर्णय गरी आयकर मूल्य अभिवृद्धि कर र अन्तःशुल्क सम्बन्धी बक्यौताको समायोजन गरिएको छ।
- कर प्रणालीलाई सरलीकृत गर्न यस आर्थिक वर्षमा जग्गा तथा घरजग्गा निसर्गमा पूँजीगत लाभ कर सम्बन्धी निर्देशिका र क्यासिनोको आकस्मिक लाभकर सम्बन्धी निर्देशिका जारी गरिएको छ।
- आर्थिक ऐन, २०७२ ले व्यवस्था गरेको २०६० साल असार मसान्तसम्म लगत कायम भई असुल उपर हुन नसकेका आयकर, होटल कर, मनोरञ्जन कर, ठेक्का कर र विक्री कर बक्यौता मध्ये प्रति लगत रु. २० हजार सम्मको बक्यौता अपलेखन गर्ने

प्रावधान बमोजिम कुल ३६०१६ वटा लगतबाट रु. १५ करोड ७८ लाख ३९ हजार ५४५ बराबरको वक्यौता अपलेखन गरिएको छ।

- कर वक्यौता व्यवस्थापन गर्नका लागि स्थायी प्रकृतिको विवाद निरुपण संयन्त्र गठन गर्ने सम्बन्धमा अध्ययन कार्यदल गठन गरी अध्ययन प्रतिवेदन पेश गर्ने क्रममा रहेको छ।
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ राजस्व चुहावट नियन्त्रण ऐन २०५२, आयकर ऐन २०५८, अन्तःशुल्क ऐन २०५८, तथा भन्सार ऐन, २०६४ बमोजिम तर्जुमा गर्नुपर्ने निर्देशिका एवं कार्यविधिहरू तर्जुमा गर्ने तथा जारी भईसकेका निर्देशिकाहरू तथा कार्यविधिहरूमा समयानुकूल परिमार्जन गर्ने कार्य भईरहेको छ।
- आर्थिक ऐनले प्रदान गरेका छुट सुविधा एवं सहुलियतका योजना (Scheme) हरूको कार्यान्वयन गरिएको छ।
- गत आर्थिक वर्षमा गठन भएको उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले दिएका सुझावहरू कार्यान्वयन गर्ने सम्बन्धमा कार्यटोली गठन भई कार्यान्वयनको समयबद्धता सहितको प्रतिवेदन पेश भएको छ।
- करदाताहरूले बुझाउनु पर्ने कर रकम विद्युतीय माध्यमबाट भुक्तानी गर्ने, आय विवरण बुझाउने म्याद थपको सूचना तथा आय विवरण बुझाउने सम्बन्धी सन्देश र कर चुक्ता प्रमाण पत्र जारी सम्बन्धी व्यवस्था एकीकृत कर प्रणालीबाटै हुने गरी पूर्वाधार तयार पारी करदाताको कर परिपालना लागत कम गराउने कार्य भईरहेको छ।
- अर्थ मन्त्रालय र मातहतका विभागहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठनात्मक पुनर्संरचना गर्ने कार्य भइरहेको छ।
- विभिन्न मुलुकहरूसँग दोहोरो कर मुक्ति सम्झौता गरी लगानी आकर्षित गर्ने क्रममा मित्रराष्ट्र बंगलादेशसँगको सम्झौता प्रकृया अन्तिम चरणमा रहेको छ।
- आर्थिक वर्ष २०७२।७३ को शुरुदेखि सबै भन्सार कार्यालयहरूको कार्यमूलक कार्यप्रणाली (Functional System) लागू गरिएको छ।
- अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण ल्याउन स्वचालित अनुगमन प्रणालीको विकास, आसिकुडा++ बाट आसिकुडा वर्ल्डमा स्तरोन्नति जस्ता आधुनिक प्रविधिको विकास र विस्तार गरी भन्सार प्रशासनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउने कार्य भईरहेको छ।
- भन्सार कार्यालयबाट आयात निर्यात हुने मालवस्तुको संकेत नम्बर, महशुलदर आदिको जानकारी दिन Mobile Apps को निर्माण भई कार्यान्वयनमा ल्याइएको छ।
- मेची र विराटनगर भन्सार कार्यालयमा Time Release Study सम्पन्न भएको छ।

- भन्सार मूल्याङ्कन निर्देशिका, २०६८ लाई संशोधन गरी मिति २०७२।०८।०१ देखि कार्यान्वयनमा ल्याइएको छ र PCA Guidelines परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ।
- Nepal National Single Window कार्यान्वयनका लागि पूर्वाधार तयार भइरहेको छ।
- आयातकर्ता र निर्यातकर्ताहरूलाई आयात र निर्यातमा नियन्त्रण र सहजीकरण गर्नको लागि IE code को निर्माण भइरहेको छ।

आर्थिक नीति विश्लेषण महाशाखाः

- ADB को अनुदान सहयोगमा सञ्चालित Capital Market and Infrastructure Capacity Support Project सञ्चालन भईरहेको छ।
- सार्वजनिक निजी साझेदारी नीति नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७२ असोज महिनामा स्वीकृत भई लागू गरिएको छ। सार्वजनिक निजी साझेदारी ऐन निर्माणको कार्य अगाडि बढाइएको छ।
- सार्वजनिक निजी साझेदारी नीति, २०७२ कार्यान्वयनको सिलसिलामा क्षमता अभिवृद्धिको लागि बंगलादेश र फिलिपिन्सको अध्ययन भ्रमण सम्पन्न भएको छ।
- सार्वजनिक निजी साझेदारी केन्द्र (PPP Centre) को स्थापना र उक्त केन्द्रको संरचना र कर्मचारी व्यवस्थापनको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण भइरहेको छ।
- सार्वजनिक ऋण व्यवस्थापन महाशाखा (PDMU) स्थापनाको लागि आवश्यक संरचना र कर्मचारी व्यवस्थापनको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण भईरहेको छ।
- सार्वजनिक ऋण व्यवस्थापन (PDMU) महाशाखाको लागि आवश्यक पर्ने सफ्टवेयर खरिद गर्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट प्रस्ताव माग गरी सोको मूल्याङ्कनको कार्य भईरहेको छ।
- परियोजनाको परामर्शदाताबाट सार्वजनिक निजी साझेदारी र सार्वजनिक ऋण व्यवस्थापन सम्वन्धमा संरचनागत, कानूनी र प्रकृयागत सुझाव सहितको प्रतिवेदन प्राप्त भई सोमा सम्बन्धित सरोकारवाला निकायहरूबीच अन्तरक्रियात्मक छलफल गरी अन्तिम प्रतिवेदन प्राप्त हुने क्रमश रहेको छ।
- बेलायत सरकारको सहयोग निकाय (DFID) द्वारा संचालित वित्तीय पहुँच कार्यक्रम (Access to Finance Programe) अन्तर्गत वित्तीय पहुँच लगायत आर्थिक नीतिका सम्वन्धमा सरोकारवाला वीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।
- Anti-Money Laundering and Countering Financing of Terrorism (AML-CFT) सम्बन्धी Asia Pacific Group (APG) को ३८ वटा देश तथा १० वटा अन्तर्राष्ट्रिय

संघ संस्था सहभागी भएको APG Typologies and Capacity Bulding Workshop (16-20 November 2015) मा सम्पन्न गरिएको छ।

- सम्पत्ति शुद्धीकरण अनुसन्धानको सम्पर्क महाशाखाको हैसियतले राष्ट्रिय जोखिम मूल्याङ्कन तथा सम्पत्ति शुद्धीकरण निवारण नियमावलीको मस्यौदा तयार गर्न सहजीकरण र अन्य समन्वयात्मक भूमिका वहन गरिएको छ।
- प्रस्तावित पूर्वाधार विकास बैंकको स्थापना सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरी अर्थमन्त्री समक्ष पेश गरिएको छ।
- दातृ निकायहरूले विभिन्न आयोजनाहरू संचालन गर्न उपलब्ध गराएको ऋण तथा अनुदान रकम उक्त आयोजना संचालन गर्न जिम्मेवारी पाएका निकायहरूलाई उपलब्ध गराउन नेपाल सरकारको निर्णयानुसार निम्न निकायहरूवीच सहायक ऋण तथा अनुदान सम्झौता सम्पन्न भएको छ।
- कावेली ए जलविद्युत आयोजनाको भाग १ कार्यान्वयनको लागि मिति २०७२।१२।०४ मा नेपाल सरकार र नेपाल जलविद्युत विकास कम्पनी बीच सहायक ऋण सम्झौता सम्पन्न भएको छ।
- मिति २०७२।०८।१८ मा नेपालका केही जलविद्युत आयोजनाहरू पुनःर्स्थापना गर्नका लागि नेपाल विद्युत प्राधिकरणसँग सहायक ऋण सम्झौता सम्पन्न भएको छ।
- मिति २०७२।०८।१८ मा राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम आयोजना कार्यान्वयनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग सहायक ऋण सम्झौता सम्पन्न भएको छ।

संस्थान समन्वय महाशाखाः

- सार्वजनिक संस्थानहरूलाई व्यावसायिक निकायको रुपमा प्रतिस्पर्धी, दिगो र अर्थतन्त्रमा यथोचित योगदान दिन सक्ने बनाउन एउटै कार्यप्रकृतिका संस्थानहरूलाई एकआपसमा गाभ्ने तथा समान प्रकृतिको सेवा वितरण गर्ने संस्थानहरूलाई होल्डिङ कम्पनी अथवा छाता संगठनको रूपमा एकीकरण गरी सञ्चालन गर्ने सम्बन्धमा विभिन्न संस्थानका तालुक मन्त्रालयहरूबाट सुझाव संकलन गरिएको छ।
- सार्वजनिक संस्थानहरूको स्वायत्तता तथा त्यस उपर सरकारी नियन्त्रणको स्पष्ट लक्ष्मणरेखा कोरी सरकारको स्वामित्व तथा व्यवस्थापकीय नियन्त्रणमा सञ्चालन गरिनुपर्ने संस्थानहरूमा व्यवस्थापन, मूल्य निर्धारण र वितरणजस्ता कार्यमा स्वायत्तता र नियन्त्रणको सीमा सम्बन्धी स्पष्ट नीति अवलम्बन गरी सञ्चालन गर्ने काम अगाडि बढाइएको छ।

- बजारमा प्रतिष्पर्धा गर्न असक्षम, निजी क्षेत्र आकर्षित नहुने र तलबभत्ता समेत ऋण लिएर वितरण गर्ने अवस्थामा पुगेका संस्थानका कर्मचारीहरूले पाउने सुविधा दिएर अवकाश (Pay-off) गर्ने नीति लिई यस्ता संस्थानहरू विघटन गर्ने काम अगाडि बढेको छ।
- बजार अनुगमन, मूल्य नियन्त्रण र एकाधिकार व्यापारमा नियमन गर्ने कार्यमा सरकार केन्द्रित रहने र सरकारले सञ्चालन गर्न आवश्यक नभएका तथा निजी क्षेत्र आकर्षित हुने संस्थानहरूलाई उपयुक्त विधि र तरिका अपनाई निजी क्षेत्रलाई सञ्चालन गर्न दिने नीति मुताविक सरकारको सेयर स्वामित्व क्रमशः घटाउने काम भएको छ।
- सार्वजनिक संस्थानहरूको पुनर्संरचना तथा व्यवस्थापकिय सुधार गरी व्यावसायिक सिद्धान्तको आधारमा संगठन र व्यवस्थापन सर्वेक्षण गरी कर्मचारीको संख्या ठिक्क आकारमा राख्न संस्थानको कार्यप्रकृती, हाल सम्पादित कार्यसम्पादनस्तर र प्राप्त प्रतिफलको विश्लेषण गरी अनिवार्य अवकाश र स्वैच्छिक अवकाश कार्यक्रमहरू अवलम्बन गर्न निर्देशन दिइएको छ।
- कर्मचारी भर्ना र बढुवामा लोकसेवा आयोगको संलग्नता अनिवार्य भएकाले संस्थानहरूको यस सम्बन्धी कानुन तुरुन्तै अद्यावधिक गर्न लेखी पठाइएको छ।
- नेपाल सरकार (मन्त्रिपरिषद्) बाट बोनस ऐन, २०३० को दफा ५(३) बमोजिम देहायका शर्तहरू पालना गरेको अवस्थामा मात्र बोनस वितरण गर्ने निर्णय गर्न सम्बद्ध सबै सार्वजनिक संस्थानहरूलाई जानकारी दिइएको छ।
  - प्रोदभावी आधार (Accrual basis) मा खर्च लेखिएको रकम अर्को आर्थिक वर्ष भित्रमा तिरिसकेको हुनुपर्ने छ।
  - हरेक आर्थिक वर्षको सम्भावित दायित्व (Contingent Liabilities) यकिन गरेर कोष खडा गरी रकम जम्मा गरेको हुनुपर्ने छ।
  - नेपाल सरकारसँग लिएको ऋण वा नेपाल सरकार जमानत बसी लिएको ऋण रकम ऋण लिंदा गरेको तमसूकको भुक्तानी तालिका बमोजिम चुक्ता गरिसकेको हुनुपर्ने छ।
- सार्वजनिक संस्थानहरूका कर्मचारीहरूलाई उपलब्ध गराइएका सेवासुविधाको विवरण माग गरिएको तथा सार्वजनिक संस्थानमा कर्मचारी नियुक्ति, सेवाको शर्त, पारिश्रमिक र सुविधा सम्बन्धमा अपनाउनुपर्ने सिद्धान्त तथा नीति तय गर्न आधार (TOR) तोकी अध्ययन गर्न सार्वजनिक संस्थान निर्देशन बोर्डमा पठाइएको छ।

- सार्वजनिक संस्थान निर्देशन बोर्डको विद्यमान कानुनी पक्ष, संरचनागत व्यवस्था र कार्यक्षेत्र, गठन विधि लगायतका विषयमा गर्नुपर्ने सुधार सम्बन्धमा सुझाव दिन अर्थ मन्त्रालयबाट गठित समितिबाट देहायानुसार सुझाव प्राप्त भएका छन् :-
  - सार्वजनिक संस्थान निर्देशन बोर्डको कानुनी पक्षमा गर्नुपर्ने सुधारः – बोर्डको काम, कर्तव्य र अधिकारको बारेमा समय-समयमा कानुनी प्रश्न उठ्ने गरेको र गठन आदेशले संस्थान सञ्चालन सम्बन्धी विषयगत ऐनको व्यवस्था भन्दा पृथक ढङ्गले काम गर्न नसक्ने भएकोले बोर्ड गठन सम्बन्धी छुट्टै ऐन तर्जुमा गर्ने। तत्काल ऐन बनाउन नसकिएमा कुनै ऐनमा आधारित भएर गठन आदेश जारी गरी विद्यमान गठन आदेशमा भएका व्यवस्थाहरूलाई ख्याल गरी संशोधन गर्ने।
  - सार्वजनिक संस्थान निर्देशन बोर्डको कार्यक्षेत्रमा गर्नुपर्ने सुधारः– बोर्डबाट खासगरी सार्वजनिक संस्थानको व्यवस्थापनका सम्बन्धमा नेपाल सरकारलाई नीतिगत पृष्ठपोषण दिने।
  - बोर्डको प्रणालीगत पक्षमा गर्नुपर्ने सुधार - नेपाल सरकारका विभिन्न निकायमा अभ्यास गरिए जस्तै Public Corporation Information System (PCIS) को व्यवस्था गरी सरोकारवालाले गरेका कार्यहरू प्रविष्टि गर्नुपर्ने व्यवस्था लागु गर्ने।
  - सार्वजनिक संस्थान निर्देशन बोर्डबाट गरिने नियुक्तिका पक्षमा गर्नुपर्ने सुधारः – सार्वजनिक संस्थानहरूको सञ्चालक समितिमा बहुमत सदस्य र कार्यकारी प्रमुख बोर्डको सिफारिशमा मात्र नियुक्ति गर्ने पद्धति लागू गर्ने।

अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाः

- वैदेशिक सहायताको प्रतिबद्धताः विभिन्न २७ वटा परियोजना कार्यान्वयनको लागि रु १ खर्व ९५ अर्व ६० करोड बराबरको वैदेशिक सहायता सम्झौता भएको छ। यसमध्ये रु. ७९ अर्व २० करोड ३७ लाख अनुदान (४०.४९%) र रु. १ खर्ब १६ अर्व ३९ करोड ५० लाख (५९.५१%) वरावरको सहुलियत ऋण सहायता रहेको छ।
- भूकम्प पछिको पुनर्निमाणको लागि अन्तर्राष्ट्रिय सहायता परिचालनलाई प्रभावकारी बनाउन स्थानीय विकास साझेदारहरुसँगको बैठक सम्पन्न भएको छ।
- बैदेशिक सहायता अन्तर्गत विगत वर्षौं देखिको सोधभर्ना हुन बाँकी रकम मध्ये रु. ३७ अर्व ८५ करोडभन्दा बढी शोधभर्ना प्राप्त भएको छ।
- वैदेशिक सहायतामा संलग्न आयोजनाहरूको प्रगति समीक्षा बैठकः–

वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको कार्यान्वयनको वर्तमान अवस्थाको समीक्षा र भावी कार्यदिशाको पहिचान गर्ने प्रमुख उद्देश्यका साथ २०७२ भाद्र २५ (११ सेप्टेम्बर, २०१५) मा Nepal Portfolio Performance Review (NPPR) को बैठक सम्पन्न भयो। बैदेशिक सहायता रकमलाई नतिजा उन्मुख र प्रभावकारी रुपमा परिचालन गर्ने सरकारी प्रयास स्वरुप हरेक वर्ष अर्थ मन्त्रालयले यस किसिमका बैठकहरू आयोजना गर्ने गरेको छ। बैठकमा कृषि, उर्जा, शिक्षा, स्थानीय विकास र यातायातलाई मुख्य क्षेत्रको रुपमा छनौट गरी ती क्षेत्रको सार्वजनिक बित्तीय व्यवस्थापन, खरिद, मानव संशाधन व्यवस्थापन, विकास नतीजाको लागि व्यवस्थापन र सामूहिक उत्तरदायित्व विषयमा सम्बन्धित विषय विज्ञहरूको प्रस्तुतीकरण सहित चालु वर्षमा हासिल गर्न सकिने नतीजा (Result Achievable) कार्य योजना पारित भएको छ।

- **विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक बैठक:**

  सन २०१५ को विश्व बैकका समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठक २०७२ आश्विन २२-२४ (९-११ अक्टुवर,२०१५) मा पेरुको राजधानी लिमामा सम्पन्न भयो। विश्वका १८८ वटा देशका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त बैठकमा नेपालले मौसम परिवर्तनका क्षेत्रमा गरेका महत्वपूर्ण प्रयासहरूका वारेमा V-२० समूहलाई जानकारी गराउँदै आगामी दिनमा नेपालले सक्रिय रुपमा भूमिका निर्वाह गर्ने कुराको जानकारी गराइएको थियो। विश्व बैंकको संयुक्त वार्षिक बैठकले गरिबीको अन्त्य गर्ने र समुन्नति आपसमा बाँड्ने विश्व बैंकका दुई प्रमुख उद्देश्यहरू प्राप्तिमा भएका प्रगतिहरू र आगामी रणनीतिहरूमा छलफल भएको थियो। यसका अतिरिक्त नेपालले विभिन्न दातृ मुलुक तथा संस्थाहरूसँग भएका दुईपक्षीय बैठकहरू मार्फत विनाशकारी भूकम्प र दक्षिण नाकामा भएको अवरोधको कारण आपूर्ति व्यवस्थामा देखापरेको असहज अवस्था र सो को प्रभावको विषयमा अन्तर्राष्ट्रिय समुदायलाई यथार्थ जानकारी दिने अवसर र विश्व बैंक समूह लगायत जापान अमेरिकाजस्ता मुलुकहरूबाट समेत पुनर्निर्माण सहायतामा अझ बढी सहयोग गर्ने आश्वासन प्राप्त भएको छ।

- **स्थानीय दाता समूह बैठक (Local Donor Meeting):**
  - नयाँ संविधान जारी भएको विषयमा जानकारी दिने उद्देश्यले अर्थ मन्त्रालयमा मिति २०७२ आश्विन ७ (२४ सेप्टेम्बर २०१५) मा स्थानीय दातृ समूहसँग बैठक सम्पन्न भयो। बैठकमा अर्थ मन्त्रीले संविधानको मुख्य विशेषताहरूको बारेमा जानकारी दिनुभएको थियो। धर्म निरपेक्षता र समावेशी, संघीय संरचनायुक्त संविधान जारी भएको र यसको कार्यान्वयनलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता

व्यक्त गर्नुभएको छ। बैठकमा दातृ समूहका प्रतिनिधिहरूबाट नेपाली जनताको लामो समयदेखिको पर्खाइमा रहेको लोकतान्त्रिक संविधान जारी भएकोमा खुसी व्यक्त गर्दै अब नेपालले संविधानको कार्यान्वयनमा जोड दिंदै आर्थिक विकासको गतिलाई तीव्रता दिई जनताको जीवनस्तर उकास्ने काममा क्रियाशील हुनुपर्ने सुझाव दिंदै यसको लागि दातृ समूहको तर्फबाट सहयोगको प्रतिबद्धता ब्यक्त भएको छ।

- मुलुकको वर्तमान अवस्था तथा पेट्रोलियम पदार्थ लगायत अत्यावश्यक वस्तुहरूको आपूर्ति व्यवस्थामा देखिएको समस्या, त्यसबाट विकास आयोजना कार्यान्वयनमा पर्न गएको प्रतिकूल अवस्थाको सम्बन्धमा स्थानीय दातृ समूहहरूलाई जानकारी गराउने उद्देश्यले अर्थ मन्त्रालयमा मिति २०७२ मंसिर ९ (२५ नोभेम्बर, २०१५) मा विशेष स्थानीय दाता बैठक सम्पन्न भयो। बैठकमा अर्थ मन्त्रीबाट हालै देशमा जारी भएको संविधान र तत्पश्चात तराई मधेसमा देखिएको असन्तुष्टिबाट आपूर्ति व्यवस्थामा पर्न गएको असुविधा तथा सो बाट समग्र अर्थतन्त्र र सम्पूर्ण नेपाली जनताले ब्यहोर्नु परेको असहज परिस्थितिको बारेमा स्थानीय दातृ समूहहरूलाई अवगत गराइयो। बैठकमा दातृ समूहका प्रतिनिधिहरूले नेपालमा हालै जारी भएको संविधान, नेपालको शान्ति, स्थायित्व र समृद्धिका लागि कोशे ढुंगाको रुपमा रहेको विचार व्यक्त गर्दै मुलुकमा देखिएको असहज परिस्थिति चाँडै अन्त्य भई भूकम्प पछिको पुनर्निर्माण तथा विकास आयोजनाको कार्यान्वयनमा तीव्रता आउने विश्वास व्यक्त गर्नु भएको छ।

- **नेपाल र चीन सरकारबीच द्विपक्षीय बैठकः**

नेपाल सरकार तथा जनवादी गणतन्त्र चीन सरकारबीच २०७२ श्रावण ७ (२३ जुलाई २०१५) मा अर्थ मन्त्रालयमा द्विपक्षीय बैठक सम्पन्न भयो। नेपालको विपद् पश्चातको पुनर्निर्माणको योजनासँग सम्बन्धित उक्त बैठकमा मूलत नेपालमा भूकम्प पश्चातको पुनर्निर्माण कार्यान्वयन गर्न चीन सरकारद्वारा २०७२ आषाढ १० (२५ जुन २०१५) मा भएको नेपालको पुनर्निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा घोषणा गरे अनुरुप चिनियाँ अनुदान सहायता (२०१६-२०१८) सम्बन्धमा छलफल गरियो। सो बैठकमा विपत पश्चातको पूनर्निर्माणको योजनाको समझदारी पत्रमा हस्ताक्षर सहित अमेरिकी डलर १० मिलियन अर्थात करिब १ अर्ब नेपाली रुपैयाँ बराबरको नगद सहायता साथै बि.पी. कोइराला क्यान्सर अस्पतालको लागि स्वास्थ्य सामग्री हस्तान्तरणको पत्र पनि आदान प्रदान भएको छ।

- **सार्क अर्थमन्त्री तथा अर्थ सचिवहरूको सातौं बैठकः**

  सार्क सदस्य राष्ट्रहरूका वीचमा आपसी आर्थिक सहयोग अभिवृद्धि गर्ने, दक्षिण एशियाली क्षेत्रको समसामयिक आर्थिक तथा वित्तीय सहयोगको अवस्थाको समीक्षा गर्ने, छैठौं सार्क अर्थमन्त्री तथा अर्थ सचिवहरूको बैठकबाट सिफारिस गरिएका विषयको कार्यान्वयनको प्रगति समीक्षा गर्ने, सार्क सदस्य राष्ट्रहरूबीच अधिकतम पूँजी प्रवाह र क्षेत्रीय तहमा दीर्घकालीन लगानी बढाउने, सदस्य राष्ट्रहरू वीच स्थानीय मुद्रामा व्यापारिक कारोबार गर्ने विषयमा मुद्रा सट्टेवाजी प्रबन्ध (Currency Swap Arrangement) मा छलफल गर्ने, सार्क विकास कोष सुदृढीकरण गरी सामाजिक, आर्थिक तथा पूर्वाधारसँग सम्बन्धित क्षेत्रमा उपयोग गर्ने र सार्क लगानी प्रवर्द्धन तथा लगानीको सुरक्षा सम्बन्धी विषयहरूमा छलफल गरी निर्णय लिन २०७२ भाद्र २-३ (१९-२० अगष्ट २०१५) मा सार्क अर्थमन्त्री तथा अर्थ सचिवहरूको सातौं बैठक काठमाडौंमा सम्पन्न भयो। उक्त बैठकमा South Asian Economic Union सम्बन्धी अवधारणालाई प्रभावकारी ढँगले अगाडि सार्न आवस्यक पहल गर्ने र सार्क क्षेत्रको पूर्वाधार विकास र SAARC Development Fund (SDF) अन्तर्गत हालसम्म Social Windows मात्र क्रियाशील रहेकोमा अन्य दुई Economic र InfrastructureWindows लाई पनि क्रियाशील गर्न मौजुदा SDF Charter मा यस कोष अन्तर्गत संचालन गरिने परियोजना दुई देशभन्दा वढी सदस्य राष्ट्रमा कार्यान्वयन हुनु पर्ने प्रावधान रहेकाले परियोजना छनौट गरी लगानी गर्न समस्या भएको हुँदा मौजुदा व्यवस्थामा संशोधन गरी कुनै एक देश वा एक भन्दा बढी देशमा कार्यान्वयन हुने र त्यसको प्रत्यक्ष फाईदा एकभन्दा बढी सदस्य राष्ट्रलाई पुग्ने परियोजनामा कोषको रकम लगानी गर्न सकिने व्यवस्था गर्ने सहमति भयो। यो संशोधन अनुकूल हुने गरी Economic र Infrastructure Windows अन्तरगत परियोजना छनौट गरी लगानीगर्ने कार्य तत्काल अगाडि वढाउन कोषलाई निर्देशन समेत दिएको छ।

- **सार्क विकास कोषको बैठकः**

  सार्क विकास कोषको सुदृढीकरण गरी सामाजिक, आर्थिक तथा पूर्वाधारसँग सम्बन्धित क्षेत्रमा उपयोग गर्ने र सार्क लगानी प्रवर्द्धन तथा लगानीको सुरक्षा सम्बन्धी

विषयहरूमा छलफल गरी निर्णय लिन २०७२ भाद्र २-३ (१९-२० अगष्ट २०१५) मा सार्क विकास कोषको बैठक सम्पन्न भएको छ।

- **Line of Credit (LOC) को संयुक्त प्रगति पुनरावलोकन बैठक:**
  भारतीय निर्यात-आयात बैकको सहुलियतपूर्ण ऋण सहायतामा नेपालमा सञ्चालित विकास आयोजनाहरूको कार्यान्वयन अवस्थाको समीक्षा गर्न नेपाल र भारत सरकारका प्रतिनिधिहरूको सहभागितामा LOC Third Review Meeting २०७२ श्रावण १८ (३ अगष्ट २०१५) मा काठमाण्डौंमा सम्पन्न भयो। उक्त बैठकमा भारतीय निर्यात आयात बैंकको ऋण सहायताको प्रभावकारी परिचालनको लागि प्रक्रियागत सरलीकरण गर्ने विषयमा दुई पक्षबीच छलफल गरिएको थियो। यो बैठकले अघिल्लो बैठकले पारित गरेको प्रकृया सरलीकरणको सूचीलाई अझै सुधार गर्ने सहमति भयो। यसबाट भारतीय निर्यात-आयात बैंकको सहुलियतपूर्ण ऋण सहायतामा सञ्चालित विकास आयोजनाहरूको कार्यान्वयनमा तीव्रता आएको छ।

- **Global Monitoring Survey 2015 Kick Off Meeting:**
  वैदेशिक सहायतालाई कसरी अझ बढी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा १७ डिसेम्बर २०१५ (०२ पौष २०७२) मा यस मन्त्रालमा Global Monitoring Survey, 2015 Kick Off Meeting को दोस्रो चरणको बैठक सम्पन्न भएको छ। जसमा यस मन्त्रालय लगायत DFID, UNDP, FNCCI, साथै NGOs, का पदाधिकारीहरूको उपस्थिती रहेको थियो।

- **NPPR First Progress review बैठक:**
  आयोजना कार्यान्वयन प्रगति समीक्षा (NPPR) को वार्षिक बैठकले पारित गरेको कार्य योजनाको प्रथम पुनरावलोकन बैठक ३ फेब्रअरी, २०१६ (२० माघ, २०७२) मा अर्थ मन्त्रालयमा सम्पन्न भयो। बैठकले ५ वटा मन्त्रालयहरू कृषि, शिक्षा, उर्जा, भौतिक पूर्वाधार तथा यातायात र संघीय मामिला तथा स्थानीय विकासले तयार गरेका कार्य योजनाको प्रगतिको सूक्ष्म पुनरावलोकन गरेको थियो। उक्त बैठकमा दातृ पक्ष र अन्य सम्बद्ध निकायका पदाधिकारीहरूको सहभागिता रहेको थियो। प्रगती समीक्षाले आगामी बैठकहरूमा स्वीकृत कार्ययोजनामा रहेका परिसूचकहरूमा मात्र सीमित रही सकेसम्म पूर्ण तयारीका साथ प्रगतिलाई अंकमा प्रस्तुत गर्न सभागीहरूलाई अनुरोध गरियो। आगामी दिनहरूमा प्रणाली भित्रैबाट अनुगमन गर्ने प्रयासस्वरुप राष्ट्रिय विकास समस्या समाधान समितिका बैठकहरूमा पनि यिनै कार्ययोजनालाई अगाडि राखेर छलफल गरिने कुरा सहभागीहरूलाई जानकारी गराइएको छ।

- **बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग (DFID) को नेपाल सहायता रणनैतिक योजना २०१६ –२०२१ सम्बन्धी छलफलः**

  बेलायत सरकारले नेपाललाई प्रदान गर्दै आइरहेको सहायता रकमको प्राथमिकीकरण गर्ने विषयमा २०७२ माघ १३ गते द्विपक्षीय छलफल काठमाडौंमा सम्पन्न भयो। बैठकमा बेलायत सरकारले नेपाल सरकारलाई पुनर्निर्माण, जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, आर्थिक वृद्धि र विकास, स्थानीय स्तरमा रोजगारी र पूर्वाधारको विकास, शासकीय सुधार तथा संस्थागत सुदृढीकरण लगायतका विभिन्न क्षेत्रहरूमा वार्षिक करिब १०० मिलियन पाउण्ड अनुदान सहायता उपलब्ध गराउने र उक्त सहायता सरकारी कोष प्रणाली अन्तर्गत एवं DFID स्वयंले प्राविधिक सहायताको मिश्रित रुपमा प्रवाह गर्ने विषयमा छलफल एवं जानकारी गराइएको छ।

- **Second ADF12 Replenishment Meeting:**

  अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको आयोजनामा फाल्गुण १२ देखि १५, २०७२ तदनुसार 24-27 February, 2016 सम्म काठमाडौंमा Second ADF12 Replenishment Meeting सम्पन्न भयो। एसियाली विकास बैंक लगायत अन्य अन्तर्राष्ट्रिय संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा स्वागत मन्तव्य दिदै माननीय अर्थ मन्त्रीले Asian Development Fund को सहयोग एसिया तथा प्रशान्त क्षेत्रको गरिबी न्यूनीकरण, आर्थिक तथा सामाजिक विकास तथा जलवायु परिवर्तन र सो को प्रभाव न्यूनीकरणका लागि सान्दर्भिक रहेको र नेपालको भूकम्प पछिको पुनर्निर्माण तथा पुनस्थापनाको लागि Asian Development Fund को थप सहयोग को आवश्यकता रहेको बारेमा अवगत गराउनु भएको थियो।

- **अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई AMP पुनर्ताजगी तालिम :**

  अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको आयोजनामा २०७२ आश्विन ४, ६ र ७ (२१, २३-२४ सेप्टेम्बर २०१५) मा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई AMP पुनर्ताजगी तालिम संचालन गरियो। ७५ जना सहभागीले सहभागिता जनाएको उक्त तालीममा विवरण प्रविष्टि गर्ने तथा प्रतिवेदन तयार गर्ने तरीका बारे जानकारी प्रदान गरिएको थियो। सो अवसरमा अर्थ मन्त्रालयद्वारा प्रकाशित विकास सहायताको प्रतिवेदनबाट अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले देश विकासको लागि दिएको योगदानहरूको बारेमा विश्लेषणात्मक प्रस्तुति गरिएको थियो।

- **विकास सहायता प्रतिवेदन (Development Cooperation Report, DCR) प्रकाशन**

  सहायता सूचना व्यवस्थापनका सम्बन्धमा नेपाल सरकारलाई आर्थिक वर्ष सन् २०१४/०१५ मा वैदेशिक सहायता प्रदान गर्ने द्विपक्षीय तथा वहुपक्षीय दातृ निकाय, वैदेशिक सहायता परिचालनको क्षेत्रगत विवरण, सहायता रकम मध्ये अनुदान तथा ऋण रकमको तुलनात्मक विवरणका साथै वैदेशिक सहायता परिचालनको अवस्था लगायतका वैदेशिक सहायता सम्बन्धी विश्लेषणात्मक विवरण समावेश भएको विकास सहायता प्रतिवेदन (Development Cooperation Report, DCR) प्रकाशन गरिएको छ। विकास सहायता परिचालनको समग्र अवस्थाबारे चित्रण गर्ने विश्लेषणात्मक प्रतिवेदन विगत चार वर्षदेखि प्रकाशन हुँदै आएको छ। यस किसिमको प्रतिवेदन प्रकाशनबाट वैदेशिक सहायता वापत प्राप्त भएको रकम कहाँ र कसरी उपयोग भईरहेको छ भन्ने विषयमा वैदेशिक सहायता परिचालनमा चासो राख्ने पत्रकार, अनुसन्धानकर्ता, विश्लेषक र सर्वसाधारणको पहुँच बढन गई सहायता प्रभावकारिता र पारदर्शितामा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

- **एसियन पूर्वाधार लगानी बैंकको संस्थापक सदस्य**

  विकासको आधारस्तम्भ मानिने पूर्वाधारको विकास विशेषतः एशियाली मुलुकहरुमा अपेक्षित रुपमा हुन नसकेको र पूर्वाधारमा लगानीको थप आवश्यकता रहेको परिप्रेक्ष्यमा चीन सरकार लगायत क्षेत्रीय तथा गैर क्षेत्रीय ५७ देशको अग्रसरतामा बहुपक्षीय एसियन पूर्वाधार लगानी बैंक (Asian Infrastructure Investment Bank (AIIB) को यही जनवरी १५, २०१६ (माघ २, २०७२) मा चीनको बेइजिङ्गमा औपचारिक उद्घाटन सम्पन्न भै सोही दिन देखि बैंकको विधिवत स्थापना तथा कारोवार प्रारम्भ भएको थियो। उक्त कार्यक्रममा नेपालबाट अर्थमन्त्रीको नेतृत्वमा गएको टोलीले भाग लिएको थियो। उक्त बैक स्थापना गर्नै सिलसिलामा नेपाल प्रारम्भदेखि नै स्थापना प्रकृयामा सहभागी भएको थियो। अधिकृत पूँजी एक खर्ब अमेरिकी डलर र हाल जारी पूँजी तथा चुक्ता पूँजी कुल बीस अर्ब अमेरिकी डलर रहेको उक्त बैंकमा नेपालले संस्थापक सदस्यको हैसियतले जम्मा ८०९ शेयर प्राप्त गरी हालको जारी पूँजीको आधारमा नेपालले १० किस्तामा १० वर्षमा एक करोड एकसठ्ठी लाख असी हजार अमेरिकी डलर बुझाउनु पर्ने हुन्छ। यस बैंकको स्थापनाबाट नेपालले आर्थिक तथा पूर्वाधार विकासमा लागि सामना गरिरहेको पूँजीको आवश्यकता र पूर्ति बीचको खाडल व्यवस्थापन गर्न सहज हुने अपेक्षा गरिएको छ। यस बैकको विधान सम्झौता (Articles of Agreement) व्यवस्थापिका संसदबाट मिति २०७२।०९।१३ मा अनुमोदन भई नेपाल उक्त बैकको बोर्ड अफ डाईरेक्टरमा निर्वाचित हुन सफल भयो।

वित्तीयक्षेत्र व्यवस्थापन महाशाखाः

- विनाशकारी भूकम्प २०७२ बाट पीडित ऋणीको रु. ५० हजारसम्मको ऋण मिनाहा सम्बन्धी कार्यविधि तयार भएको छ।
- प्रस्तावित बीमा ऐनको मस्यौदा उपर छलफल भइरहेको छ।
- विदेशी विनिमय नियमित गर्ने ऐन र विदेशमा लगानी गर्न प्रतिवन्ध लगाउने ऐन संशोधन गर्ने सम्बन्धी अवधारणा पत्र तयार भई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भई मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने प्रकृयामा रहेको छ।
- पूर्वाधारमा लगानी वृद्धि गर्न सक्षम हुने गरी एन्. आई. डि. सी. बैंक र जल विद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको पुनर्संरचना गर्ने सम्बन्धमा संक्षिप्त प्रतिवेदन प्राप्त भएको छ।
- पूर्वाधार विकास बैंक स्थापना गर्ने सम्बन्धी अध्ययन गर्न कार्यदल गठन गरी प्रतिवेदन प्राप्त गरी सो बैंक स्थापना गर्न कारवाही अगाडि बढाइएको छ।
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली परिमार्जन गरी स्वीकृतिको प्रक्रियामा रहेको छ।
- आर्थिक पुनरूद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२ मन्त्रिपरिषद्बाट मिति २०७२।०९।२१ मा स्वीकृति भएको छ।
- राष्ट्रिय वित्तीय साक्षरता नीति, २०७२ को मस्यौंदामा आवश्यक परिमार्जन गरी मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने प्रक्रियामा रहेको छ।
- वित्तीय क्षेत्र विकास रणनीति, २०७२/७३-०७७/७८ को मस्यौंदामा आवश्यक परिमार्जन गरी मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने प्रक्रियामा रहेको छ।
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ संशोधन भएको छ।

कानुन तथा परामर्श महाशाखाः

- यस मन्त्रालयबाट नयाँ तथा संशोधन मस्यौदा तयार भई व्यवस्थापिका संसदमा पेश भएका विधेयकहरू निम्न बमोजिम छन्ः
  - ❖ बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ (व्यवस्थापिका-संसदको अर्थ समितिमा विचाराधीन) छ।
  - ❖ नेपाल राष्ट्र बैंक (दोस्रो संशोधन) विधेयक, २०७१ (व्यवस्थापिका-संसदको अर्थ समितिमा विचाराधीन) छ।

- ❖ निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७२ (व्यवस्थापिका-संसदको अर्थ समितिमा विचाराधीन) छ।
- ❖ बैंकिङ्ग कसुर तथा सजाय (पहिलो संशोधन) विधेयक, २०७१ (व्यवस्थापिका-संसदको अर्थ समितिमा विचाराधीन) छ।
- ❖ कर्मचारी संचयकोष (नवौं संशोधन) विधेयक, २०७१ (व्यवस्थापिका-संसदको अर्थ समितिमा विचाराधीन) छ।
- ❖ लेखापरीक्षण (पहिलो संशोधन) विधेयक, २०७१ (व्यवस्थापिका-संसदको अर्थ समितिमा विचाराधीन) छ।

- नेपालको संविधान जारी भएको सन्दर्भमा यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पर्ने नयाँ ऐन तर्जुमाको लागि नेपाल सरकार (मन्त्रिपरिषद्मा) सैद्धान्तिक स्वीकृतिको लागि प्रस्ताव पेश गरिएका विधेयकहरू निम्न बमोजिम छन्:
  - ❖ संघीय आर्थिक कार्यविधि सम्बन्धी विधेयक, २०७२;
  - ❖ संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासन सम्बन्धी विधेयक, २०७२;
  - ❖ प्रदेश तथा स्थानीय तहको बजेट पेश गर्ने समय सम्बन्धी विधेयक, २०७२;
  - ❖ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग विधेयक, २०७२;
  - ❖ ऋण तथा जमानत सम्बन्धी विधेयक, २०७२;
  - ❖ संघीय आकस्मिक कोष सम्बन्धी विधेयक, २०७२;
  - ❖ संघीय लेखापरीक्षण ऐन, २०७२; र
  - ❖ अन्तर सरकारी वित्तीय व्यवस्थापन विधेयक, २०७२;
- कानुनी राय उपलब्ध गराइएकोः

  भक्तपुर कटुन्जे स्थित गणेशमान सिंहको प्रतिमा संग्रालय, भ्यूटावर निर्माण र मनोरञ्जन स्थलको प्रवेश शुल्क सम्बन्धी स्वीकृती बेगर शुल्क निर्धारण गर्ने लगायतका विविध विषयमा कानुनी राय प्रदान गरिएको छ।
- सूचना सम्पादन तथा प्रकाशनः

  भ्रमण खर्च (चौथो संशोधन) नियमावली, २०७२ को मस्यौदा, कर फछ्र्यौट आयोग, २०७१ को कार्य अवधि संवत् २०७२ साल असोज मसान्तसम्म थप गर्ने निर्णय, कर विवरण तथा कर बुझाउने म्याद थप, सिलबन्दी कन्टेनर लगायत विभिन्न प्रकारका भन्सार महसुल, कर महसुल तथा शुल्क छुट लगायतका विविध विषयमा

सूचना सम्पादनका लागि कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालयमा र प्रकाशनका लागि मुद्रण विभागमा अनुरोध गरिएको छ।

- आ. व. २०७२।७३ को बजेट वक्तव्य बमोजिम मस्यौदा तयार गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट सैद्धान्तिक स्वीकृति प्राप्त भएका विषयहरू :
  - योगदानमा आधारित निवत्तिभरण कोष सम्बन्धी विधेयक, २०७२,
  - राजश्व बोर्ड गठन विधेयक, २०७२,
  - कर संहिता (Tax Code) को विधेयक, २०७२

अनुगमन तथा मूल्याङ्कन महाशाखाः

- अर्थमन्त्रीको अध्यक्षतामा यस मन्त्रालय र अन्तर्गत निकायहरुबाट आर्थिक वर्ष २०७०/७१ मा संचालित आयोजनाहरुको वार्षिक समीक्षा बैठक (MDAC) को आयोजना भएको छ।
- अर्थमन्त्रीको अध्यक्षतामा आ.व. २०७१/७२ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रम र ठूला आयोजनाहरुको कार्यान्वयन सम्वन्धी छलफल कार्यक्रमको आयोजना भएको छ।
- अर्थ मन्त्रीको समुपस्थितिमा चालु आर्थिक वर्ष २०७१/७२ को बजेटको हालसम्मको पूँजीगत खर्चको अवस्था सम्बन्धमा छलफल कार्यक्रमको आयोजना गरिएको छ।
- अर्थ मन्त्रीको आव्हानमा देशको वर्तमान आर्थिक स्थिति तथा समसामयिक विषयमा जानकारी दिन पत्रकार सम्मेलनको आयोजना गरिएको छ।
- अर्थ मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालयहरुको काम कारवाहीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी सेवा प्रवाहमा पारदर्शिता चुस्तता र छिटो छरितो कायम गर्नका लागि विगुल नामक गुनासो सुनुवाइ कक्ष (Grievance Handling Desk) संचालनमा ल्याइएको छ।
- मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक आयोजन गरी आ.ब. २०७१।०७२ को दोस्रो चौमासिक अवधिमा अर्थ मन्त्रालय अन्तर्गत संचालित विकास आयोजनाहरुको प्रगति समीक्षा भएको छ।
- चालू आ.व. मा संचालित विकास आयोजनाहरुको २०७१ चैत्र सम्मको कार्यान्वयन अवस्था र बजेट खर्चको स्थितिको समीक्षा गर्ने क्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, कृषि विकास मन्त्रालय तथा ऊर्जा मन्त्रालयसंग सम्बन्धित आयोजनाहरुका सम्बन्धमा मन्त्रालयका सचिव तथा सम्बन्धित आयोजना प्रमुखहरुसंग विशेष अन्तरक्रिया तथा छलफलको आयोजना भएको छ।

- चालु आ.व.को बजेट कार्यान्वयनलाई तीव्रता दिने सम्बन्धमा अर्थ सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालयहरुका योजना महाशाखा प्रमुख तथा आयोजना प्रमुखहरुसंग छलफल गरी चालु आ.व.को बाँकी अवधिमा बजेटको वित्तीय र भौतिक लक्ष्य प्राप्त गर्नका लागि सबै मन्त्रालयहरुलाई निर्देशन जारी गरिएको छ।
- विकास आयोजनाहरुको स्थलगत अनुगमन गर्ने कार्य अन्तर्गत गौतमबुद्ध क्षेत्रीय विमानस्थल र लुम्बिनी विकास कोष, को स्थलगत निरीक्षण गरी प्रतिवेदन दिइएको छ।
- मन्त्रालय अन्तर्गतका महाशाखाहरु तथा विभागहरुबाट प्रत्येक महिना सम्पन्न गरिने प्रस्तावित २ बुँदे विशेष कार्यक्रमहरुको प्रस्ताव र समीक्षा बैठक गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

वजेट तथा कार्यक्रम महाशाखा

- लगानी र अनुदान नीति, वित्तीय जवाफदेहीता र योगदानमा आधारित निवृत्तभरण सम्बन्धी कानुनको मस्यौदा तयार भइरहेको छ।
- आर्थिक कार्यविधि ऐन र नियमावलीमा गर्नुपर्ने समसामयिक सुधारका कार्य भई रहेको छ।
- सूचना प्रविधिमा आधारित बजेट निर्माण गर्ने कार्यलाई मूर्तरुप दिन पूर्ण रुपमा Line Ministry Budget Information System (LMBIS) मार्फत बजेट तयारी भइरहेको छ।
- भ्रमण खर्च सम्बन्धी समसायमिक बिषयलाई सम्बोधन गर्ने गरी भ्रमण खर्च नियमावली, २०६४ मा समसामयिक संशोधन गरिएको छ।
- बजेट कार्यन्वयन वर्ष प्रभावकारी बनाउन कार्यक्रम स्वीकृती र संशोधन LMBIS मार्फत गर्ने व्यवस्था मिलाइएको र अख्तियारी दिने व्यवस्था सरलीकरण गर्न आवश्यक कानुनमा संशोधनको तयारी भईरहेको छ।
- बजेट प्रणालीसँग सम्बन्धित विभिन्न उपप्रणालीहरूको एकीकरण गर्न लागिएको छ। FMIS-BMIS-RMIS-TSA र AMP वीच एकीकरणको गृहकार्य भैरहेको छ। यसवाट अनलाइन बजेटिङमा प्रभावकारिता आउने, LMBIS बाट बजेट तयार हुने, कार्यक्रम स्वीकृत गर्नु नपर्ने र अख्तियारी दिनु पर्ने प्रकृयामा पनि सरलीकरण गरिएको छ।
- विनाशकारी भूकम्पबाट प्रभावितहरूलाई न्यानो कपडा खरिद गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयको आधारमा रु. ७ अर्ब १४ करोड ९६ लाख १० हजार निकासा गरिएको छ।

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई रु. ७० अर्ब खर्च गर्ने अख्तियारी सहित रकम निकासा गराइएको छ।
- राष्ट्रिय गौरवका आयोजना र ठूला आयोजनाहरूलाई श्रोतको सुनिश्चितता प्रदान गरिएको र आवश्यकता अनुसार रकम निकासा गराइएको छ।
- देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी श्वेतपत्र जारी गरिएको छ।

भन्सार विभाग

- नेपाल र चीन भन्सार प्रशासनका वीच काठमाण्डौमा सम्पन्न उपमहानिर्देशकस्तरीय बैठकले मुलुकका उत्तरतर्फका ९ वटा नाकाहरू संचालन गर्न आवश्यक पूर्वाधार सेवाको विकास गर्नुका साथै रसुवा भन्सार कार्यालयमा सुख्खा बन्दरगाह निर्माण गरी संचालनमा ल्याउने विषयमा सम्झौता सम्पन्न भएको छ।
- दक्षिण एसियाली क्षेत्रीय आर्थिक सहयोग कार्यक्रम अन्तर्गतको भन्सार सहयोग अभिवृद्धि कार्यक्रम बमोजिम भारत तथा बंगलादेशबाट पैठारी हुने मालवस्तुहरूको निकासी/पैठारी सम्बन्धी कागजात र सूचना आदान प्रदान गर्ने कार्य थालनी गरिएको छ।
- मेची भन्सार कार्यालयमा जनवरी २६, २०१६ देखि ASYCUDA WORLD कार्यान्वयनमा ल्याइएको र अन्य भन्सार कार्यालयहरूमा समेत ASYCUDA WORLD क्रमश कार्यान्वयन गर्ने गृहकार्य भइरहेको छ। ASYCUDA WORLD ले नसमेट्ने Revenue Exemption System र Deposit Management को Sub modules तयार गरिएको छ।
- भन्सार प्रशासनका कार्यहरूलाई सूचना प्रविधिमैत्री बनाउँदै विद्युतीय भन्सारमा रुपान्तरण गर्ने उद्देश्यले ५ वटा सुख्खा भन्सार कार्यालय लगाएत मेची, भैरहवा, कृष्णनगर र नेपालगंज भन्सार कार्यालयहरुको विभागबाट अनुगमन गर्न आई. पि. क्यामेरा जडान गरिएको छ। थप ५ वटा भन्सार कार्यालयमा आई.पि. क्यामेरा जडान गर्न खरिद प्रक्रिया अन्तिम चरणमा रहेको छ।
- भन्सार एजेन्ट नियुक्ति सम्बन्धी प्रक्रिया थालनी गर्न पाठ्यक्रम र कार्यविधि तयार गरिएको छ।
- वर्तमान संविधान जारी भएपछि संविधानको प्रावधान बमोजिम हालको भन्सार ऐनमा संशोधन गरिएको छ।
- निकासीमूलक उद्योगलाई प्रदान गरिएको बण्डेडको सुविधाको म्याद सीमा क्षेत्रमा भएको असहजताका अवस्थामा थप गर्ने नीतिगत निर्णय गरिएको छ।

- भन्सार दरबन्दी सम्बन्धी Mobile Apps तयार गरी कार्यान्वयनमा ल्याइएको छ। उक्त Apps, Apps Center वा www.customs.gov.np बाट Download गर्न सकिने व्यवस्था मिलाइएको छ।
- नेपालको भन्सार प्रक्रिया एवं प्रचलनहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउँदै लैजाने उद्देश्यले मेची भन्सार कार्यालयमा Time Release study गर्न Environmental Scanning र Test Run को कार्य सम्पन्न गरिएको छ।
- भन्सार मूल्यांकनलाई थप सरल, व्यवस्थित, वैज्ञानिक तथा पारदर्शी बनाउँदै लैजाने उद्देश्यले भन्सार मूल्यांकन निर्देशिका, २०६८ लाई संशोधन एवं अद्यावधिक गरी कार्यान्वयनमा ल्याइएको छ।
- भन्सार विभागमा डाटा सेन्टर स्थापना गर्ने कार्य भईरहेको छ।
- विपद् र विपद्जन्य अवस्थामा मुलुकमा प्राप्त हुने खोज, राहत तथा उद्धार सम्बन्धी, मालवस्तुको भन्सार जाँचपास सम्बन्धी प्रक्रियालाई सरल सहज बनाउन खोज, राहत तथा उद्धार सामग्री जाचँपास सम्बन्धी कार्यविधिको मस्यौदा तयार भई स्वीकृतिको अन्तिम चरणमा रहेको छ।
- २०७२ साल श्रावण महिनादेखि सबै भन्सार कार्यालयमा कार्यमूलक कार्यप्रणाली लागू गरिएको छ।
- National Single Window कार्यान्वयनका लागि ६२ भन्दा बढी सरकारी तथा गैरसरकारी निकायहरूको पहिचान गरी ती निकायहरूको भूमिका समेत निर्धारण गरिएको छ।
- आयात/निर्यात संकेत नं. लागू गर्न प्रणाली विकासका लागि परामर्शदाता छनौट भई व्यापार तथा निकासी प्रर्वद्धन केन्द्रवाट कार्य भइरहेको छ।
- आयात/निर्यात कोडको कार्यविधि स्वीकृत भएको छ।
- विभागका उपमहानिर्देशक, निर्देशक तथा भन्सार कार्यालयका प्रमुखहरूसँग कार्य सम्पादन करार सम्झौता गरिएको छ।
- विभागले चालु आ.व.मा १७ वटा वण्डेड वेयर हाउसको इजाजतपत्र नवीकरण गरिएको तथा १२ वटा बण्डेड वेयर हाउसको नयाँ इजाजतपत्र वितरण गरेको छ।
- सीमा क्षेत्रमा भएको असहज अवस्थालाई मध्यनजर राखी वीरगंज भन्सार कार्यालयमा आएका सामाग्रीको विलम्ब शुल्क मिन्हा गरिएको छ। अन्य भन्सार कार्यालयहरूको हकमा पनि सोही व्यवस्थाका लागि पहल गरिएको छ।
- पुराना मालवस्तुहरूको (सवारी साधन तथा अन्य कार्यालय समान) लिलाम बिक्रीबाट रु.२ लाख ७ हजार ९ सय राजस्व असुल भएको छ।

आन्तरिक राजस्व विभागः

- आन्तरिक राजस्व विभागका महानिर्देशक र अर्थ सचिव बीच कार्यसम्पादन करार सम्झौता सम्पन्न भएको र सोही बमोजिम महानिर्देशक र मातहत कार्यालयका कार्यालय प्रमुखहरू बीच पनि सम्झौता सम्पन्न भएको छ।
- कर प्रणालीलाई सरलीकृत गर्न यस आर्थिक वर्षमा जग्गा तथा घरजग्गा निःसर्गमा पूँजीगत लाभ कर सम्बन्धी निर्देशिका र क्यासिनोको आकस्मिक लाभकर सम्बन्धी निर्देशिका जारी गरी २०७२ असोजदेखि कार्यान्वयनमा ल्याइएको छ।
- मूल्य अभिवृद्धि कर निर्देशिका परिमार्जन गरी अर्थ मन्त्रालयमा पेश गरिएको छ।
- आयकर निर्देशिका परिमार्जन गरी मार्गदर्शनका लागि अर्थ मन्त्रालयमा पठाइएको छ।
- GIZ को सहयोगमा ICAN, FNCCI सँग Piloting को रुपमा ५ जिल्लामा १० जनालाई प्रशिक्षक प्रशिक्षण तालिम दिने कार्य सम्पन्न भएको छ।
- दोहोरो कर मुक्ति सम्झौताको लागि बंगलादेशलाई अन्तिम मस्यौदा तयार गरी पठाइएको छ।
- कर अधिकृतहरूको लागि कर परीक्षण तथा अनुसन्धान सम्बन्धी तालिम सम्पन्न गरिएको छ।
- विभाग र मातहत कार्यालयहरूको १ अर्ब २५ करोड ९४ लाख बेरुजु फछ्र्यौट गरिएको छ।
- भैरहवामा Disaster Recovery Center संचालनमा ल्याइएको छ।
- अन्तःशुल्क सफ्टवेयर परिमार्जन गरी लागू गरिएको छ।
- आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नम्बर १, २ र ३ मा वार्षिक ५ करोड भन्दा बढी कारोवार गर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले १ लाख भन्दा बढीको खरिद बिक्रीको विवरण कर विवरण दाखिला गर्दाकै अवस्थामा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था लागू गरिएको छ।

राजस्व प्रशासन तालिम केन्द्रः

- तालिम निर्देशिका तयार गरिएको छ।
- समसामयिक आर्थिक विषयमा सम्बन्धित विज्ञहरूका बीचमा समय समयमा बहस कार्यक्रम (Talk Program) संचालन गरिएको छ।
- तालिम केन्द्रको संगठन संरचना पुनरावलोकन गर्ने सम्बन्धमा कार्यदल गठन भई कार्य शुरु भएको छ।

- तालिम केन्द्रका लागि नयाँ भवन तथा प्रिफेव भवन समेत नभएको हुँदा कर्मचारी संचय कोषसँग घर भाडा सम्झौता गरी तालिम केन्द्रको भवनलाई भत्काउने/हटाउने सम्बन्धमा प्राविधिक अध्ययन भइरहेको छ।
- आर्थिक प्रशासन, राजस्व प्रशासन साथै अन्य सेवा समूहका कर्मचारीहरूलाई आधारभूत, सेवाकालीन, अल्पकालीन लगायतका तालिम ८१० जनालाई प्रदान गरिएको छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

- छापा माध्यमबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी जनचेतनामूलक प्रचार प्रसार ७० पटक गरिएको छ।
- रेडियोबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी जनचेतनामूलक श्रव्य दृश्य सामग्री प्रसारण ७२५० पटक गरिएको छ।
- विभिन्न स्थानमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ।
- नेपाल समुन्द्रपार निकासी पैठारी संघको आयोजनामा संघका पदाधिकारी तथा सदस्य लगायत अन्य व्यवसायी समेतको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।
- विभाग र वित्तीय जानकारी इकाइ, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, विमा समिति लगायतको सहभागितामा २०७२ साल माघ २४ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण सम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कन सम्बन्धी अन्तरक्रिया सम्पन्न गरिएको छ।
- विभागको आयोजनामा काठमाडौंमा अनुसन्धान अधिकृतहरू (Compliance Officers) हरूसँग उच्च पदस्थ अधिकारीहरू (PEPS) को कारोबारको अनुगमन तथा जोखिम मूल्याङ्कन सम्बन्धी अन्तरक्रिया सम्पन्न गरिएको छ।
- मिति २०७२ कार्तिक ३० गते देखि ऐ मंसिर ४ गतेसम्म विभागको आयोजनामा APG Typolgies & Capacity Bulding सम्बन्धी अन्तर्राष्ट्रिय कार्याशाला सफलतापूर्वक सम्पन्न भएको छ।
- विभागका कर्मचारीहरूलाई सकारात्मक सोच सम्बन्धी एक दिने तालिम तथा Art of Living सम्बन्धी १ हप्ते तालिम प्रदान गरिएको छ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलाप निवारण सम्बन्धी ५ वर्षे रणनीति (२०६८-०७३) अन्तर्गत विभिन्न समिति तथा उपसमितिहरूको बैठक सञ्चालन गर्ने सिलसिलामा अनुसन्धान उपसमितिको बैठक १ पटक सम्पन्न भएको छ।

- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलाप निवारणका लागि समेत पाँच वटा साझेदार निकायहरूसँग अन्तरनिकाय समन्वयका लागि समझदारी पत्रमा हस्ताक्षर गरिएको छ।

राजस्व अनुसन्धान विभागः

- २८१ वटा करदाताको कारोवारको छानबिन तथा ११७ वटा मालवाहक गाडीहरुको भौतिक चेकजाँच गरिएको छ।
- नियमित राजमार्ग अनुगमन र द्रुतगस्ति परिचालन गरिएको छ।
- राजस्व जोखिम सम्बन्धी परिसूचकका सूचनाहरु विश्लेषण गरी अनुसन्धान गर्ने कार्य प्रारम्भ गरिएको छ।
- राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ मा सामयिक संशोधन गरिएको छ।
- राजस्व अनुसन्धान निर्देशिका तयार गरिएको छ।
- ७९ प्रतिशत वेरुजु फछ्र्यौट गरिएको छ।
- मुद्दाको क्रममा रहेका बाहेक गोदाममा रहेका अन्य सबै मालवस्तु लिलाम गरिएको छ।
- विदेशी विनिमय अपचलन सम्बन्धी ६० वटा मुद्दा दायर गरिएको छ।
- अनुसन्धान कार्यको अभिलेख Automation को कार्य शुरु गरिएको छ।

महालेखा नियन्त्रक कार्यालयः

- ७९ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयहरु मार्फत सबै जिल्लामा एकल खाता कोष प्रणाली (Treasury Single Account System-TSA) लागु गरिएको छ। यस बाट नेपाल सरकारको खर्च तथा राजस्वको एकिन विवरण तत्काल थाहा पाउने ब्यवस्था भएको छ।
- विविध समूह अन्तरगत ८०० वटा ख ६ समुहका खाताहरु बन्द गरी TSA प्रणालीमा आवद्ध गरिएको छ। यसले नेपाल सरकारको गैर बजेटरी खर्चलाई समेत खर्चको प्रतिवेदनमा समावेश गरी प्रतिवेदन गर्ने प्रणालीको विकास भएको छ।
- नेपाल सरकारको वित्तीय प्रतिवेदनलाई अन्तराष्ट्रिय मापदण्ड अनुरुपको बनाउने उदेश्यका साथ International Public Sector Accounting Standard-IPSAS अनुरुप Nepal Public Sector Accounting Standard-NPSAS प्रणाली लागु गरी आ.व. २०७२/७३ मा विभिन्न १५ वटा केन्द्रीय स्तरका निकायहरु (मन्त्रालयहरु) को वित्तीय प्रतिवेदन NPSAS अनुरुप तयार गरिएको छ।

- नेपाल सरकारले आर्जन गर्ने सबै प्रकारका राजस्वहरुको विवरण कम्प्युटर प्रणालीमा अभिलेखन गर्ने गरी देशका विभिन्न १५ जिल्लाहरु र विदेश स्थित सबै कुटनीतिक नियोगहरुमा कम्प्युटर प्रणालीमा आधारित राजस्व ब्यवस्थापन प्रणाली (Revenue Management Information System-RMIS) लागु गरिएको छ। कुल राजस्वको ९१ प्रतिशत राजस्व प्रणालीमा अभिलेखन भएको छ। यो प्रणाली लागु भए पश्चात नेपाल सरकारको राजस्व आर्जनको अवस्था तत्कालै थाह पाउन सकिने भएको छ।
- नेपाल सरकारको सेवाबाट सेवा निवृत्त हुने राष्ट्र सेवकहरुको निवृत्तिभरण सम्बन्धित निवृत्त ब्यक्तिको पायक पर्ने स्थानको बैंङ्क बाट भुक्तानी पाउन सक्ने गरी कम्प्युटर प्रणालिमा आधारित निवृत्तिभरण ब्यवस्थापन प्रणाली (Pension Management System-PMS) लागु गरिएको छ। यो प्रणाली लागु भए पश्चात निवृत्तिभरण ब्यवस्थापनमा उल्लेख्य सुधार भएको छ।
- नेपाल सरकारलाई तिर्न/बुझाउन बाँकी रकम असुल गर्ने कार्य प्रभावकारी भएको छ।
- आर्थिक प्रशासन संचालनसंग सम्बद्ध विभिन्न कर्मचारी/पदाधिकारीहरु तथा सरोकारवालाहरुको क्षमता विकासका लागि विभिन्न तालीमहरु संचालन गरिएको छ। आर्थिक प्रशासन क्षेत्रमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने उदेश्यले ३० जना कर्मचारीहरुलाई Advance Diploma in PFM Course (ACCA-England) संग सम्झौता गरी अध्यापन गराईएको छ।
- सबै मन्त्रालयहरु तथा केन्द्रीय स्तरका निकायहरुलाई आफ्नो मातहत निकायको आर्थिक कारोवारको अवस्था बारे सूचना पाउन सक्ने गरी Financial Management Information System-FMIS मा पहूँच सुनिश्चित गरिएको छ।
- दोश्रो चरणको सार्वजनिक वित्तिय ब्यवस्थापन रणनीति तर्जुमा गरी स्वीकृत भई कार्यान्वयन थालिएको छ।
- आन्तरिक लेखा परीक्षण कार्यलाई थप प्रभावकारी बनाउने उदेश्यले विभिन्न क्षेत्रिय तालीम तथा अभिमुखीकरण तालीम प्रदान गरिएको छ। यसले आन्तरिक लेखा परीक्षण कार्यलाई प्रभावकारी बनाउदै आर्थिक अनुशासन कायम राख्ने कार्यमा उल्लेखनीय योगदान पुऱ्याएको छ।
- नेपाल सरकारका तर्फ बाट हुने सबै खाले भुक्तानी सिधै सम्वन्धित पक्षको बैंक खातामा जम्मा हुने गरी E-Payment प्रणाली लागु गर्ने सम्वन्धी कार्यविधि तथा प्रणालिका सम्वन्धमा अध्यन कार्य सम्पन्न भएको छ। यो प्रणाली कार्यान्वयन भए पश्चात सरकारी कारोवार नगद परिणत हुन लाग्ने समय कम हुने छ भने आर्थिक कारोवारमा पारदर्शिता अभिवृद्धि हुने छ।

- सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरु तथा अन्य केही कार्यालयहरुमा कम्प्युटर प्रणालीमा आधारित सरकारी लेखा प्रणाली (Computerized Government Accounting System-CGAS) लागु गरिएको छ। यस बाट नेपाल सरकारको खर्चको विवरण तत्काल थाहा पाउने व्यवस्था भएको छ।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलब्धिहरु हासिल भएको छ।

- गतवर्षको विनाशकारी भूकम्पबाट क्षति पुगेका पुरातात्विक सम्पदाहरुको पुनर्निर्माणका लागि मन्त्रालयमा केन्द्रीय पुनर्निर्माण आयोजना कार्यान्वयन इकाइ र पुरातत्व तथा पर्यटन विभागमा स्थानीय पुनर्निर्माण आयोजना कार्यान्वयन इकाइ गठन गरी पुनर्निर्माण कार्य शिघ्रताका साथ अघी बढाइएको छ।
- मुलुककै एक प्रमुख साँस्कृतिक धरोहरको रुपमा रहेको धरहरालाई पुनर्निर्माण गर्न "मेरो धरहरा म बनाउँछु" कार्यक्रम अन्तर्गत विस्तृत Drawing, Design, Specification तयार गरी जग्गा अधिग्रहण गरी पुनर्निर्माण प्रकृया अगाडी बढेको छ।
- भुकम्पबाट क्षति पुग्न गएका पदयात्रा मार्गहरुको पुनः निर्माण तथा मर्मत सम्भारका लागि स्थलगत सर्वेक्षण गरी मर्मतबाट पूर्वावस्थामा ल्याउने कार्य भएको छ।
- राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएका १०४ वटा कार्यक्रम मध्ये क्षतिग्रस्त सम्पदाहरुको संरक्षण तथा पुनर्निर्माणका लागि ५१ वटा कार्यक्रम राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा स्वीकृति प्राप्त गरी ४९ वटा कार्यक्रमको बोलपत्र आह्वान गरिएको छ भने बाँकी ५० वटा सम्पदाहरुको विस्तृत Drawing डिजाईन तयार भई रहेको छ।
- यूनेस्कोको आर्थिक सहयोगमा काठमाण्डौं उपत्यकामा रहेका पाटन, भक्तपुर र हनुमानढोका दरवार क्षेत्रमा क्षतिग्रस्त सम्पदाहरुको संरक्षण तथा पुनर्निर्माण कार्यलाई सहज बनाउन तथा ऐतिहासिक, सांस्कृतिक तहहरु (Chronology) पत्ता लगाउन वेलायतस्थित दूरहाम विश्वविद्यालय, पुरातत्व विभाग, विशेषज्ञ र सम्बन्धित नगरपालिकाको सहभागितामा अन्वेषण, उत्खनन् तथा अनुसन्धान कार्य पूरा भएको छ।
- २५६० औं बुद्ध जयन्तीका अवसरमा अन्तराष्ट्रिय स्तरको बौद्ध गोष्ठी मिति २०७३ जेठ ६, ७ र ८ गते सम्पन्न भएको छ। जसले नेपाल गौतमबुद्धको जन्मस्थल तथा बुद्ध दर्शनको उद्‌गमस्थल भएको तथ्यलाई स्वीकार गर्दै १० बुँदे अन्तर्राष्ट्रिय घोषणापत्र जारी गरी Global Buddhist Forum समेत गठन गरिएको छ।

- वेलायतस्थित दूरहाम विश्वविद्यालयको सहयोगमा कपिलवस्तुको तिलौराकोटमा उत्खनन् कार्य भईरहेको छ। पशुपतिनाथ, लुम्बिनी, जनकपुर र मुक्तिनाथ क्षेत्रको वृहत गुरुयोजना बनाउन कार्यदल गठन भई कार्य अगाडी बढेको छ।
- कला, संस्कृति तथा साहित्यलाई प्रोत्साहन गर्न क्षेत्रीय पुरस्कार वितरण निर्देशिका बनाई मापदण्डका आधारमा पुरस्कार वितरणको गरिएको छ।
- साहित्यकार झमक कुमारी घिमिरेको शारीरिक असक्तता एवं स्वास्थ्यको स्थितीलाई समेत ध्यान दिई उपयुक्त आवासको निर्माण र मासिक वृत्ति पच्चीस हजार रुपैयाका दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय भएको छ।
- नेपालका विविध जनजातिका जीवन्त सांस्कृतिक संग्रहालय स्थापनाको लागि अध्ययन प्रक्रिया अघि बढाई कार्य प्रारम्भ गरिएको छ।
- सांस्कृतिक सम्पदाहरुलाई अनुदान दिन कार्यविधिको तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।
- पुष्पलाल राष्ट्रिय पुरस्कार, देवकोटा पुरस्कार र क्षेत्रीय प्रतिभाहरुलाई पुरस्कृत गर्ने कार्य भइरहेको तथा सर्वजित पुरस्कार वितरण गरिएको छ।
- नागरिक उड्डयन सुरक्षा नियमावली, २०७२ को मस्यौदा तर्जुमा भइसकेको छ भने भाषा आयोग ऐन, २०७३ को मस्यौदा तर्जुमा मन्त्रिपरिषद्बाट स्वीकृत भई संसदमा विचाराधीन रहेको छ।
- नेपालमा पहिलोपल्ट संचालन भएको विद्युतीय शवदाह गृहको मिति २०७२/६/१५ मा कार्य निर्देशिका स्वीकृत भई २०७२/१०/१० देखि विद्युतीय शवदाह संचालन भएको छ।
- विद्युतीय शवदाहगृहमा ३० वटा शव अटाउने चिस्यान कोठा (Mortuary Chamber) निर्माण भई संचालनमा आएको छ।
- पशुपतिनाथ मन्दिर नजिकै हुने गरेको पार्किङ्ग क्षेत्रलाई दर्शनार्थी, तीर्थयात्रीको ध्यानमा राखी वनकाली क्षेत्रमा सार्ने कार्यको व्यवस्था मिलाइएको छ।
- भूकम्पबाट क्षतिग्रस्त मन्दिर, विश्वरुपा, राजराजेश्वरी सत्तल, कूलानन्द झा गुठीघर, शंखनारायण सत्तललाई नेपाली सेनाको विपद् व्यवस्था टुकडीको सहयोगमा भत्काइएको छ। पाँचवटा गेट, धर्मशाला बनाउने विगत १० वर्षदेखि जकडिएको समस्या तथा विवाद समाधान गरी अन्तर्राष्ट्रिय पशुपति सर्किट तयार गरिएको छ।
- पशुपतिनाथ मन्दिरको बाह्य परिसरमा सी.सी. टि.भी. जडान गरिएको छ।
- राष्ट्रिय ललितकला प्रदर्शनी -२०७३ आयोजना गरिएको छ।

- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार नेपालको राष्ट्रिय पर्यटन प्रबर्द्धन रणनीति (२०१६-२०२५) तर्जुमा गरी १० वर्षे सोंच सहितको कार्यक्रम शुरु गरिएको छ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निर्देशन अनुसार तत्काल सुधार कार्ययोजना कार्यान्वयनका लागि कार्ययोजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ।
- मनास्लु र ल्होत्से हिमाल आरोहणको ६० वर्ष पुगेको अवसरमा हिरक महोत्सव मनाई नेपालमा पर्वतीय पर्यटनको प्रबर्द्धन गरिएको छ।
- ग्रामीण पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउन ग्रामीण क्षेत्रका समुदायको सहभागितामा SAARC Regional Conference on Rural Tourism सन् २०१६, जुन २ र ३ मा नेपालमा सम्पन्न गरिएको छ।
- सगरमाथाको सन् २०१५ को Spring Season मा आरोहणका लागि अनुमति लिई बैशाख १२ को भूकम्पका कारण आरोहण गर्न नपाएका आरोहण दलका सदस्यहरुलाई वि.स २०७३/७४ को बसन्त ऋतुसम्म एक पटकका लागि लागि पुनः सलामी दस्तुर नलिई आरोहण अनुमतिको व्यवस्था विस्तार गरिएको थियो। जसबाट करीब ४५० आरोहीले यस वर्ष सगरमाथा आरोहण गर्न सफल भएका छन्।
- पर्यटन प्रवर्द्धनका विभिन्न प्रचारमूलक सामग्रीहरुको प्रकाशन गरी विदेशस्थित नेपाली दुतावास र महावाणिज्य दूतावास मार्फत र विभिन्न सूचना केन्द्रहरुबाट वितरण गरिएको छ। पर्यटन प्रबर्द्धनका लागि नेपाल सरकार, नेपाल पर्यटन बोर्ड र गैर आवासीय नेपाली संघ बीच Memorandum of Understanding (MOU) भएको छ।
- सन् २०१८ लाई नेपाल भ्रमण वर्ष मनाउने तथा वि.सं. २०७३ लाई घुमफिर वर्ष मनाउने निर्णय गरी अभियान अघि बढाइएको छ।
- पर्यटन विभागद्वारा सम्पन्न हुने दैनिक कामकारवाहीहरु छिटो र प्रभावकारी रुपमा सम्पादन गरी सेवाग्राहीहरुलाई सुविधा प्रदान गर्न Tourism Service लाई Online पद्धतिको माध्यमले विकास गर्न अन्तर्राष्ट्रिय वित्त निगम (IFC) संग सम्झौता सम्पन्न भइसकेको छ।
- हेलिकप्टरको चार्टर हवाई भाडा निर्धारण गरी मन्त्रालयको वेवसाइटमा राखिएको छ।
- विराटनगर र धनगढी विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा विकास गर्ने कार्यको थालनी भएको छ।
- ICAO ले टर्किमा आयोजना गरेको आठौं ICAN बैठकको अवसरमा नेपालले २ नयाँ मुलुकहरु न्यूजिल्याण्ड र भियतनामसंग नयाँ हवाई सेवा सम्झौता गरेको तथा सोही

बैठकमा पाकिस्तान, साउदी अरव र यू.ए.ई. संग समेत हवाई सेवा सम्झौता पुनरावलोकन गरेको छ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार एवं विकासका लागि विमानस्थलको पूर्वतर्फको करिव १४९ रोपनी जग्गा अधिग्रहण गर्नका लागि नेपाल सरकारबाट स्वीकृति प्राप्त भए बमोजिमको जग्गा अधिग्रहणको प्रकृया अगाडि बढाइएको छ।
- ताप्लेजुङ्ग विमानस्थलमा धावनमार्ग, ट्याक्सी-वे एप्रोन कालोपत्रे कार्य सम्पन्न भएको छ। चौरजहारी विमानस्थलमा धावनमार्ग, ट्याक्सी-वे एप्रोन कालोपत्रे कार्य सम्पन्नभएको छ। डोल्पा (जुफाल) विमानस्थलको धावनमार्ग, ट्याक्सी-वे, एप्रोन वेश कोर्ष कार्य सम्पन्न भएको छ।
- भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल को रन-वे, Full Length मा Top Soil सम्पन्न भई Earth Filling कार्य भईरहेको छ। नेपाल सरकारबाट १४० विगाहा जग्गा अधिग्रहण गर्ने निर्णय भई प्रारम्भिक काम सम्पन्न भएकोछ। यसै गरी उक्त विमानस्थललाई आवश्यक पर्ने थप २८८ विघा जमिन अधिग्रहण गर्ने प्रकृया अघि बढाइएको छ।
- बाराको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको चार किल्लाभित्र पर्ने सरकारी ऐलानी र व्यक्तिगत सहित करिव ११८७५ विगाहा जग्गा र सो जम्गामा बनेको १६३१ घर टहरा अधिग्रहणको लागि नेपाल सरकार म.प.बाट स्वीकृत प्राप्त भएको छ। आयोजना क्षेत्रमा कंक्रिट वार लगाउने कार्य सम्पन्न भएको छ। चार किल्ला भित्रको घर जग्गा पहिचान तथा नाप नक्साको कार्य पूर्ण रुपमा सम्पन्न भई, नापी तथा मालपोत कार्यालय बारा बाट जग्गा धनी स्रेस्ता उत्तार उपलब्ध भईसकेको छ। सो जग्गामा निर्मित घर टहराहरुको अधिग्रहण गरी मुआब्जा वितरणको लागि प्रशासनिक कार्य भईरहेको छ।
- पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका लागि चालु आ.व. मा सम्पन्न ३८० रोपनी जग्गा र ३१ वटा घरको अधिग्रहणको मुआब्जा वितरण सहित अधिग्रहण गर्नुपर्ने ५२१ रोपनी जग्गा मध्ये हाल सम्म करिव करिव कार्य सम्पन्न भईसकेको छ।

३. वाणिज्य मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छः-

नीति तथा रणनीतिहरुको तर्जुमा र कार्यान्वयनको अवस्था

- वाणिज्य नीति, २०७२ मा प्रस्ताव गरिएका कार्यक्रमहरु र नेपाल व्यापार एकीकृत रणनीति २०१६(२०७३) समेत कार्यान्वयनमा आएको छ। उक्त रणनीतिले पहिचान गरेका निर्यात योग्य वस्तुहरु मध्ये चार वस्तुहरुको वस्तु विकास रणनीति तयार भइरहेको र रणनीतिको आधारमा सम्बद्ध निकायहरुले आवधिक बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छन्।

द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार अभिवृद्धि

- केन्याको नैरोबीमा मंसिर २९ देखि पौष ३, २०७२ (तदनुसार १५-१८ डिसेम्बर, २०१५ सम्म) आयोजना भएको विश्वव्यापार संगठनको दशौं मन्त्रिस्तरीय सम्मेलनमा वाणिज्य मन्त्रीको नेतृत्वमा नेपालको सहभागिता रहेको थियो। सो सम्मेलनले Special Safeguard Mechanism, उत्पत्तिको नियममा थप सुविधा, सेवा व्यापारमा छुट लगायतका विषयमा भएका निर्णयको कार्यान्वयन गरी त्यसबाट फाइदा लिने सम्बन्धमा आवश्यक गृहकार्य भइरहेको छ।
- नेपाल व्यापार एकीकृत रणनीति, २०१० पुनरावलोकन गरी व्यापार एकीकृत रणनीति, २०१६ तर्जुमा भई कार्यान्वयनमा आएको छ।
- नेपाल र भारतका वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समूहको बैठक जुन २८ र २९, २०१६ मा सम्पन्न भइ दुवै देश वीचको व्यापार सहजीकरणलाई थप मजवुत बनाउने पहल भएको छ।
- व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार (TRIPS) सम्झौताको अति कम विकसित देशको हितमा रहेको दफा ३१ को संशोधन सम्बन्धी Protocol लाई व्यवस्थापिका संसदबाट स्वीकृति गराई WTO मा जानकारी गराइएको छ।
- अति कम विकसित मुलुकको नाताले नेपालले विकसित मूलकबाट प्राप्त गर्ने सेवा व्यापारमा छुटको विषयलाई अध्ययन गरी कार्यान्वयनको क्रममा रहेको छ।
- नेपाल सरकार र बंगलादेश सरकार बीच वाणिज्य सचिवस्तरीय वार्ता गरी निम्न उपलब्धी हासिल भएका छन्:
  - नेपाल र बंगलादेश बीच व्यापार हुने वस्तुहरुको सन्दर्भमा एक आपसमा Duty Free/Preferential market उपलब्ध गराउने सम्बन्धमा छलफल गरी प्राविधिक समितिको बैठकबाट अन्तिम रुप दिने सहमति भएको छ।

- Harmonization of SPS र TBT को सम्बन्धमा विस्तृत छलफल भई नेपाल बंगलादेश बीच TBT को MOU मा हस्ताक्षर भएको छ।
- व्यापार सहजीकरणका अन्य विषयहरुमा छलफल गरी सरलीकरण गर्ने निर्णय भएको छ।

- जेनेभामा २०१६ जुन २३ देखि २४ सम्म आयोजना भएको अतिकम विकसित तथा भूपरिवेष्ठित राष्ट्रका (LLDC) वाणिज्य मन्त्रीहरुको पाँचौ बैठकमा नेपालको तर्फबाट वाणिज्य मन्त्रीले भाग लिनु भई भूपरिवेष्ठित राष्ट्रको रुपमा नेपालले व्यहोर्नु परेको समस्याहरु बैठकमा उठाउनुका साथै आगामी दिनमा यस्ता समस्याहरुसँग सामुहिक रुपमा जुध्नको लागि छलफल र निर्णयहरु भएका छन्।
- अमेरिकी सरकारबाट नेपाली उत्पादनका ६६ वटा वस्तुहरुलाई कोटा रहित सुविधा प्रदान गर्ने नीति अनुरुप नेपालले उक्त सुविधा सहज रुपमा प्राप्त गर्न TIFA Council को दोश्रो बैठकमा व्यापार क्षमताको अभिवृद्धि, पूर्वाधार निर्माण, सेवा व्यापार, भन्सार तथा व्यापार सहजीकरण लगायतका विषयमा छलफल भई आगामी तेश्रो TIFA Council को बैठकमा त्यसको प्रगति बारेमा छलफल हुने निर्णय भएको छ।
- उत्पत्तिको प्रमाण पत्र जारी गर्ने निर्देशिका तर्जुमाको कार्य प्रकृया अगाडि बढेको छ।
- बंगलादेशको राजधानी ढाकामा १०-११ मे २०१६ मा नेपाल तथा बंगलादेशका वाणिज्य सचिवस्तरको तेस्रो बैठक सम्पन्न भई द्विपक्षीय व्यापार तथा लगानी प्रवर्द्धन, पारवहन सहजीकरण लगायतका विभिन्न महत्वपूर्ण विषयहरूमा निर्णय भएको छ। उक्त बैठकको दौरान नेपाल गुणस्तर तथा नापतौल विभाग र बंगलादेश स्ट्याण्डर्ड एण्ड टेष्टिङ्ग इन्ष्टिच्युसनबीच Technical Barriers to Trade (TBT) क्षेत्रमा पारस्परिक सहयोग विस्तार गर्न एक समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर भएको छ।
- अमेरिकाको राजधानी वासिङ्गटन डि.सी.मा १० जुन २०१६ मा नेपाल र संयुक्त राज्य अमेरिकाका वाणिज्य मन्त्रीहरूबीच Trade and Investment Framework Agreement (TIFA) काउन्सिलको दोस्रो बैठक सम्पन्न भई द्विपक्षीय व्यापार तथा लगानी विस्तारलाई प्रवर्द्धन गर्ने विषयमा विभिन्न समझदारी भएको छ। TIFA Council को तेस्रो बैठक सन् २०१७ को पहिलो चौमासिकमा काठमाण्डौमा आयोजना गर्ने गरी हाल प्रारम्भिक प्रक्रिया अघि बढाइएको छ।
- इटालीको मिलानमा १ मे २०१५ देखि ३१ अक्टोवर २०१५ सम्म आयोजित EXPO Milano मा नेपालको तर्फबाट सहभागिता जनाइएको छ। निजी क्षेत्रसित समन्वय गरी नेपाली पेभेलियनमा प्यागोडा शैलीको मन्दिर निर्माण, नेपाली खाद्य

परिकारहरूको प्रदर्शनी तथा नेपाली कला र संस्कृति झल्किने प्रस्तुतिहरु मार्फत युरोपियन बजारमा नेपालको पर्यटन प्रवर्द्धनको कार्य गरिएको छ।

व्यापारजन्य सूचना व्यवस्थापन सम्बन्धी

- Nepal Foreign Trade Statics र Glimpse of Nepal's Foreign Trade प्रकाशन र CD निर्माण कार्य सम्पन्न भएको छ।
- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रमा रहेको Trade Data Management Program निर्माण गर्ने तथा Web- page मा Export Import Data Bank लाई परिमार्जन गरिएको छ।
- भन्सारमा व्यापार तथ्याङ्क संकलन तथा नेपालबाट भईरहेको निकासी एवं पैठारी भएका प्रमुख वस्तुहरुको बारेमा स्थलगत अध्ययन गरिएको छ।

निर्यात प्रर्वद्धन सम्बन्धी

- नेपाली कफीको नर्वे, कोरिया, हङकङ, जापान, सिंगापुर, क्यानडा, ई.यू. र स्वीटजरल्याण्डमा Collective Trade Mark दर्ता भईसकेको छ।
- नेपाली अलैंचीको अन्तर्राष्ट्रिय स्तरमा सामूहिक व्यापार चिन्ह दर्ता गर्ने प्रकृयामा रहेको छ।
- सन् २०१५ नोभेम्बर, १७-१९ सम्म काठमाडौको भृकृटीमण्डपमा १५ औ नेपाल-चीन तिब्बत आर्थिक तथा व्यापार मेलामा चीन तर्फको ५० र नेपाली तर्फको २० स्टल गरी जम्मा ७० स्टलमा सामाग्री प्रदर्शन गरी सम्पन्न गरिएको छ।
- ४-८ सेप्टेम्बर, २०१६ मा भुटान चेम्बर अफ कमर्शले आयोजना गरेको Bhutan International Trade Fair 2015 मा नेपाली व्यापारी, फर्म/कम्पनीहरुले ६९ स्टल सहित सहभागिता जनाएका थिए।
- जर्मनीको ह्यानोभरमा १६-१९ जनवरी २०१६ मा आयोजना भएको Domotex-2016 मा एक स्टल नेपाल प्याभिलियनको रुपमा खडा गरी सहभागिता गर्न उक्त मेलाको अवसरमा नेपाल साँझ Nepal Evening, (Business Meeting) कार्यक्रमको आयोजना गरी सम्पन्न भएको छ।
- १२-२२ फेब्रुअरी २०१६ मा निजी क्षेत्रसंगको लागत सहभागितामा Bengal National Chamber of Commerce & Industry ले भारतको कोलकाता शहरमा आयोजना गरेको Industry India Trade Fair 2016 मा नेपाली उत्पादनलाई अन्तराष्ट्रिय बजारीकरणको लागि तीन वटा फर्म/कम्पनीलाई सहभागी गराइएको छ।

वस्तु विकास तथा बजारीकरण सम्बन्धी

- FNCCI/कृषि उद्यम केन्द्रसंग समन्वय गरेर स्थानीय कृषक व्यवसायीसँगको लागत साझेदारीमा धनकुटा, खोटाङ, ओखलढुङ्गा, रामेछाप, गोरखा, दोलखा, लमजुङ्ग, सोलुखुम्बू लगायका ८ जिल्लाहरुमा अलैंचीलाई आधुनिक किसिमले सुकाउन डबलड्रम ड्रायर ४५ थान खरिद गरी जडान गरिएको छ।
- FNCCI/कृषि उद्यम केन्द्रसंग Memorandum of Understanding (MoU) गरेर स्थानीय कृषक व्यवसायीसँग र निजीक्षेत्रको लागत साझेदारीमा अदुवाको सुरक्षित भण्डारण गर्नको लागि स्याङ्जा, धादिङ्ग, खोटाङ, नुवाकोट, सिन्धुली, प्यूठान, गोरखा, रामेछाप, ओखलढुङ्गा, लमजुङ्ग लगायतका १० जिल्लाहरुमा ७० थान सेलार निर्माण गरिएको छ।
- FNCCI/कृषि उद्यम केन्द्रसंग Memorandum of Understanding (MoU) गरेर स्थानीय कृषक व्यवसायीसंग र निजीक्षेत्रको लागत साझेदारीमा स्याङ्जा, धादिङ्ग, खोटाङ, नुवाकोट, सिन्धुली, प्यूठान, गोरखा, रामेछाप, ओखलढुङ्गा, लमजुङ्ग, झापा लगायतका ११ जिल्लाहरुमा २०५०० के.जी. उच्च गुणस्तरीय अदुवाको बिऊ वितरण गरिएको छ।
- FNCCI/ कृषि उद्यम केन्द्र जिल्ला उद्योग वाणिज्य संघ ओखलढुङ्गासंग सहकार्य गरी निजी क्षेत्रको लागत साझेदारी हुनेगरी ओखलढुङ्गा उद्योग वाणिज्य संघले निर्माण गरेको भवनमा चिराईतो प्रशोधनको लागि ड्रायर मेसिन उपलब्ध गराइएको छ।
- सुर्खेत स्थित निर्माणाधीन जडिबुटी संकलन केन्द्रको भवन निर्माण कार्य सम्पन्न गर्नका लागि सुर्खेत स्थित उद्योग वाणिज्य संघसंग Memorandum of Understanding (MoU) गरी रकम उपलब्ध गराइएकोमा सम्झौता बमोजिमको कार्य सम्पन्न गरिएको छ।
- परम्परागत स्थानीय उत्पादनहरुलाई प्रोत्साहन तथा कृषक, उद्यमी व्यवसायीहरुको क्षमता अभिबृद्धि गरी स्थानीयस्तरमा रोजगारी सृजना तथा निर्यात वृद्धि गर्ने उद्वेश्यले विभिन्न जिल्लाहरुमा बाँसका जराबाट हस्तकलाका समाग्रीहरु निर्माण गर्ने, महिलाहरुलाई पोतेबाट चुरा, पर्स, व्याग, जुत्ता र अन्य वस्तुहरु बनाउने, चाँदीका गरगहना बनाउने, हाते कागज बनाउने, ढाकाको कपडा बुन्ने, अल्लो प्रशोधन गरी कपडा तथा अन्य आवश्यक सामाग्रीहरु बनाउने लगायतका सीपमूलक तालीमहरु संचालन गरिएकोमा त्यस्ता तालिमहरुबाट लगभग १५०० कृषक, उद्यमी, व्यवसायी तथा गृहिणी महिलाहरु लाभान्वित भएका छन्।
- WTO/EIF को सहयोगमा जडीबुटी प्रवर्द्धन परियोजना (MAPS) सञ्चालनमा रहेको छ।

- युरोपियन युनियनको सहयोगमा Trade and Private Sector Development Project (TPSD) मार्फत वाणिज्य नीतिको कार्यान्वयन तथा निर्यातजन्य वस्तुको गुणस्तर सुधारको लागि विभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन्।
- नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ, नेपाल सुनचाँदी व्यवसायी महासंघ र नेपाल हस्तकला महासंघको संयुक्त लागत सहभागितामा नेपालमा उत्पादन हुने अन्तर्राष्ट्रियस्तरका सुनचाँदी एवं रत्न जडित गरगहना सम्बन्धी नेपाल अन्तराष्ट्रिय जेम एण्ड ज्वेलरी एक्पो, २०७३ ज्येष्ठ ७-९ सम्म आयोजना गरिएको छ।
- डिसेम्वर ४-६, २०१५ मा पाकिस्तानको लाहोरमा आयोजना भएको 12th SAARC Trade Fair मा सूचना तहका लागि १८ स्वायर मिटरको स्टल सहित सहभागिता जनाएको छ।
- चीनको सिनिङ्ग शहरमा जुन २-६, २०१६ आयोजना भएको China Sanghai International Carpet Exhibition -2016 मा नेपाली गलैचासंग सम्बन्धित १२ वटा फर्म/कम्पनीहरु सहित नेपाल गलैचा निकासीकर्ता संघ र केन्द्रीय गलैचा उद्योग संघ गरी जम्मा १४ वटा स्टल लिइ सहभागिता जनाइएको छ।
- नेपाल उद्योग वाणिज्य महासंघ संग लागत साझेदारीमा मिति २०७२ चैत्र ४-८ गतेसम्म भृकुटीमण्डपमा नेपाल अन्तराष्ट्रिय व्यापार मेला आयोजना गरिएको छ।

व्यापारजन्य पूर्वाधार तथा व्यापार सहजीकरण सम्बन्धी

- काठमाडौंको चोभारमा कन्टेनर फ्रेट स्टेशन निर्माण गर्न सर्भे तथा डिजाइन र निर्माण सम्बन्धी कामको ड्राफ्ट मास्टर प्लान तयार भई Site Clearance को कार्य सुरु गरिएको छ।
- एस.पि.एस. प्रयोगशालाहरुको विकासका लागि परामर्श सेवा लिइएकोमा सो को ड्राफ्ट रिपोर्ट प्राप्त भएको छ। प्रयोगशालाहरुको विकासका लागि लिइएको परामर्श सेवाबाट प्राप्त प्रतिवेदनका आधारमा प्रयोगशाला स्थापना सम्बन्धी कार्यलाई अगाडि वढाइने छ।
- ट्रेड पोर्टलको Hosting तथा Data Migration को कार्य अगाडि बढाइएको छ।
- सिंगल विन्डो कार्यान्वयनका लागि क्वालिटी एडभाइजरी फर्मको छनौट भई फर्मले Bidding Document तयार पारेको र सो सूचना प्रकाशनको तयारीमा रहेको छ।
- भैरहवामा रहेको सुख्खा वन्दरगाहको स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ।
- वीरगंजमा सुख्खा बन्दरगाह निर्माण कार्य सुचारु रहेको छ। दोस्रो पटक REOI प्रकाशनको चरणमा रहेको छ।
- एक्सेल लोड उपकरण खरिद गर्न आपूर्ति सम्बन्धी संझौता भइसकेको, बस रुट अध्ययनका लागि परामर्शदाताबाट इन्सेप्सनन रिपोर्ट प्राप्त भइसकेको, एक्सल लोड

कन्ट्रोलका स्टेशन स्थापनाको लागि उपयुक्त जग्गाको छनौट भइसकेको तथा जग्गा खरिदका लागि नेपाल सरकारका तर्फबाट बजेटको व्यवस्था गरिएको छ। साथै, सडक दुर्घटना सूचना व्यवस्था प्रणाली स्थापना गर्नका लागि कार्यक्रम तयार गरी स्वीकृतिको लागि विश्व बैंक समक्ष पठाइएको छ।

- भारतको कोलकाता स्थित Indian Leather Products Association र केरलाको Kerala Chamber of Commerce & Industry ले गर्दै आएको कार्यहरुको बारेमा अध्ययन तथा अनुसन्धान गरिएको छ।

बेरुजु फछ्र्यौट सम्बन्धी

- रु. एक करोड एकासी लाख बेरुजु फछ्र्यौट भएको छ।

विश्व व्यापार संगठन सम्बन्धी

- अनिवार्य ईजाजत (Compulsory Licensing) बाट उत्पादन गरिएका औषधिजन्य (Pharmaceutical) वस्तुहरुको निर्यात गर्न सकिने गरी ट्रिप्स सम्झौतामा संशोधन गर्ने प्रस्ताव (Protocol Amending the TRIPs Agreement) व्यवस्थापिका संसदबाट अनुमोदन भई विश्व व्यापार संगठनमा जानकारी गराइएको छ।
- जेनेभास्थित अन्तर्राष्ट्रिय व्यापार केन्द्र (International Trade Center) को आर्थिक तथा प्राविधिक सहयोगमा नेपालबाट निर्यात हुने चार वस्तुहरु (चिया, कफी, अलैंची र हाते कागज) को क्षेत्रगत निर्यात रणनीति (Sector Export Strategy) र विभिन्न १० वटा निर्यातयोग्य वस्तुहरुमा लाग्दै आएका गैर-भन्सारजन्य उपायहरुको पहिचान (Non Tariff Measures Survey) सम्बन्धी कार्य भईरहेको छ।

विविध

- WTO/EIF को सहयोगमा झापाको धुलाबारीमा निर्माणाधीन अदुवा प्रशोधन परियोजनाको निर्माण कार्य सम्पन्न भई नेपाल अदुवा व्यवसायी महासंघलाई हस्तान्तरण भएको छ।

वाणिज्य विभाग अन्तर्गतका उपलब्धि

- बजार अनुगमनको प्रभाव स्वरुप व्यवसायीहरुमा मूल्यसूची राख्ने, साईनबोर्ड राख्ने, व्यवसाय दर्ता गर्ने तथा नवीकरण गर्ने, सरसफाइमा सुधार, भ्याट प्यानको प्रमाण लिने कार्यमा अभिवृद्धि गरिएको छ।
- व्यवसायिक फर्महरुको डिजिटाईजेशन गरी व्यवसायिक फर्महरुको अनलाईन दर्ता प्रक्रिया अगाडि बढाइएको छ।

- विभागमा सूचना प्रविधिको विकासका लागि IT DESK स्थापनाका लागि सर्भर खरिद गरी high speed internet जडान भई online प्रणाली मार्फत सेवा सुरुवात गरिएको छ।
- विभागको साविकको वेभसाइटलाई सेवाग्राही मैत्री बनाइएको छ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र अन्तर्गतका उपलब्धि

- नेपाली अलैंचीको सामूहिक व्यापार चिन्ह उद्योग विभागमा दर्ता गरी अन्तर्राष्ट्रिय बजारमा दर्ता गर्न प्रकृया शुरु गरिएको छ।
- नेपाली वस्तुहरुको निर्यात प्रवर्द्धन गर्न विभिन्न ८ देशहरुमा संचालन भएका व्यापार मेलाहरुमा सहभागिता जनाइ Business to Business (B2B) बैठकहरुको आयोजना र नेपाली वस्तुहरुको Demand Order मा बृद्धि भएको छ।
- नेपाल र मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतबीच छैठौं व्यापार सहजीकरण बैठकको निर्णय अनुसार नोभेम्बर १७-२१, २०१५ मा नेपाल-चीन (तिब्बत) व्यापार मेला काठमाडौंमा सम्पन्न भई नेपाली स्थानीय मौलिक वस्तुहरुको निर्यात प्रवर्द्धन तथा प्रचार प्रसार समेत गरिएको छ।
- काठमाण्डौमा सार्वजनिक निजी साझेदारीमा अन्तर्राष्ट्रिय स्तरको व्यापार मेला, नेपाल हस्तकला व्यापार मेला, नेपाल जडीबुटी मेला र पाँच वटै विकास क्षेत्रहरुमा व्यापार मेला तथा महोत्सवहरु सम्पन्न भई नेपालमा उत्पादित वस्तुहरुको बजारीकरण, निर्यात प्रवर्द्धन तथा प्रचार प्रसार समेत गरिएको छ।
- २०७२ चैत्र १९ देखि २१ सम्म काठमाण्डौमा International Women Trade and Expo सम्पन्न भइ महिला उद्यमीहरुलाई उत्पादन, व्यापार र आय आर्जनको लागि प्रोत्साहन गरिएको छ।
- क्षेत्रीय तथा बहुपक्षीय व्यापारको प्रवर्द्धनको लागि विभिन्न देशहरुमा Business to Business (B2B) तथा Government to Government (G2G) बैठकहरुको आयोजनाबाट नेपाली वस्तुहरुको बजारीकरण भई नेपाली वस्तुहरुको Demand Order मा वृद्धि भएको छ।

नेपाल इन्टरमोडल यातायात विकास समिति अन्तर्गतका उपलब्धिहरु

- सुख्खा बन्दरगाह निर्माणका लागि The Architectural Reconnaissance and Design Institute of Tibet Autonomous Region, China संग डिजाइन सम्झौता गरिएको छ।

- दोधारा चांदनी क्षेत्रको कञ्चनभोजमा सुख्खा बन्दरगाह निर्माणका लागि वाणिज्य मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, भन्सार विभाग तथा समिति लगायत विभिन्न निकायको अध्ययन भ्रमणबाट प्रारम्भिक रुपमा स्थान छनौट गरिएको छ।
- व्यवस्थापिका संसद विकास समितिका सदस्यहरुसंगको संयुक्त टोलीमा सहभागी भई तातोपानी नाकाको स्थलगत अवलोकन गरिएको छ।
- भैरहवा सुख्खा बन्दरगाह परिसरमा भवन निर्माण गर्ने र जाँचपास सेडको मर्मत तथा सम्भार कार्य सम्पन्न भएको छ।

पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड अन्तर्गतका उपलब्धीहरु

- कम्पनीको आ.व. २०७१/७२ को लेखा परीक्षणको कार्य सम्पन्न भएको छ।
- शाखा कार्यालय, कोलकत्ताबाट क्लियरिङ्ग/फरवार्डिङ्ग सेवा/सि.आई.एफ./अण्डरटेकिङ्ग तर्फ रु. २ करोड ०४ लाख २ हजार आम्दानी र खर्च तर्फ रु.१ करोड ६६ लाख ४६ हजार भई रु. ३७ लाख ५६ हजार नाफा भएको छ।
- शाखा कार्यालय, काँकडभित्ताबाट क्लियरिङ्ग/सि.आई.एफ./अण्डरटेकिङ्ग तर्फ रु. २ करोड २५ लाख ८२ हजार र खर्च तर्फ रु.३१ लाख ०८ हजार भई १ करोड ९४ लाख ७४ हजार नाफा भएको छ।
- शाखा कार्यालय, वीरगंजबाट गोदाम तथा तौलपुल सेवा कार्य तर्फ आम्दानी रु.१ करोड १८ लाख ८२ हजार र खर्च तर्फ रु.३३ लाख ८५ हजार भई रु. ८४ लाख ९७ हजार नाफा भएको छ।

४. आपूर्ति मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएका छन्ः-

- सीमा नाकाको अवरोध तथा विभिन्न कठिनाईका वाबजुद एल.पी.ग्याँस तथा अन्य पेट्रोलियम पदार्थको आयात र वितरण क्रमशः सहज गराउन उच्चस्तरीय पहल गरी आयात बढाउन तथा वितरण सहज बनाउन अनुगमन लगायतका कार्यहरु गरिएको छ।
- प्रधानमन्त्रीको मित्र राष्ट्र चीनको उच्चस्तरीय भ्रमणमा पेट्रोलियम पदार्थ आयात विविधीकरण सम्बन्धमा चिनियाँ पक्षसँग छलफल भएको छ। "Framework Agreement between the Government of Nepal and the Government of The Peoples

Republic of China on Supply of Petroleum Products" को मस्यौदा तयार गरी परराष्ट्र मन्त्रालयमा पठाइएको छ। यसैगरी चीनबाट पेट्रोलियम पदार्थको आयात गर्न सम्भाव्यता अध्ययनको लागि २ वटा प्राविधिक टोली खटिई टोलीले प्रतिवेदन दिएको छ।

- पेट्रोलियम पदार्थको आपूर्ति र वितरण प्रणालीमा सुधार ल्याउन मन्त्रीबाट समय–समयमा छड्के निरीक्षण भएको छ। यसबाट बजारमा सकारात्मक प्रभाव परेको छ।
- चीन सरकारबाट प्राप्त १०,००० थान इन्डक्सन कुकर नेशनल ट्रेडिङ्ग लिमिटेडलाई हस्तान्तरण गरिएको छ।
- कर्णाली अंचलका विभिन्न क्षेत्र तथा गा.वि.स.मा परेको खडेरी तथा अनावृष्टिबाट उत्पन्न खाद्य संकट तत्काल समाधानार्थ ३० हजार क्वीन्टल खाद्यान्न ढुवानी गर्न लाग्ने रकम रु.१०,२३,८२,०००।–ढुवानी अनुदान नेपाल खाद्य संस्थानलाई उपलव्ध गराइएको छ।
- मिति २०७२ माघ १२ र १७ गते नेपाल सरकार पूर्वाधार आयोजना अनुगमन तथा निर्देशन उच्चस्तरीय समितिको निर्णय वमोजिम नेपाल आयल निगम लिमिटेडको पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धि गर्न नुवाकोटको बट्टार, काभ्रेपलान्चोकको पाँचखाल तथा तनहुँको खैरेनीटारमा पेट्रोलियम पदार्थको स्टोरेज बनाउन सम्भाव्यता अध्ययन गरिएको छ। उपरोक्त कार्यको लागि आर्थिक तथा प्राविधक सहयोग जुटाउन अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पत्राचार गरिएको छ। नेपाल सरकारको मिति २०७२।०७।११ को निर्णयानुसार एलपी ग्यास सिलिण्डरमा १४.२ कि.ग्रा. को सट्टा ७.१ कि.ग्रा. दिने गरी भएको निर्णयलाई आपूर्ति मन्त्रीको अध्यक्षतामा मिति २०७२।११।०६ मा भएको निर्णयानुसार पुनः यस व्यवस्थालाई नियमानुसार १४.२ कि.ग्रा.नै गर्ने गरी निगमलाई निर्देशन दिने र व्यावसायीहरुलाई सोही बमोजिम गर्न लगाउने निर्णय भई कार्यान्वयन भएको छ।
- मिति २०७२।११।१० गतेका दिनबाट लागू हुने गरी पेट्रोलियम पदार्थमा लगाइएको परिमाणात्मक बन्देज हटाउने निर्णय भएको छ।
- नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७२।११।०५ को पत्रबाट अनुरोध भई आए अनुसार उक्त मन्त्रालयबाट विगतमा विभिन्न समयमा नेपाल आयल निगम लिमिटेडलाई ऋण लगानी स्वरुप उपलब्ध गराएको रकम रु १२ अर्व ६४ करोड १० लाख र सोको व्याज समेत भुक्तानी गर्ने गरी नेपाल आयल निगम लिमिटेडलाई निर्देशन गरिए बमोजिम नेपाल आयल निगमले ऋण चुक्ता गरेको छ।

- मन्त्रालयवाट हुने नियमित वार्षिक कार्य अनुरुप चौधौं योजना २०७२-०७४ र दीर्घकालिन सामाजिक आर्थिक विकासको रणनीति २०८७ को अवधारणापत्र राष्ट्रिय योजना आयोगमा पठाइएको, आर्थिक सर्वेक्षण २०७२।७३ तथा मध्यकालीन खर्च संरचना आ.व. २०७३।७४-२०७५।७६ को मस्यौदा अर्थ मन्त्रालयमा पठाइएको र मन्त्रालयको मौजुदा कार्य विभाजनलाई परिमार्जन गरी स्वीकृतका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ।
- आपूर्ति व्यवस्थापनसँग सम्वन्धित मातहतका सार्वजनिक संस्थानहरु लगायत सरोकारवालाहरुसंग वर्तमान आपूर्ति व्यवस्थापन सहजीकरण सम्वन्धी छलफल तथा समन्वयात्मक कार्यहरु निरन्तर रुपमा गर्ने गरिएको छ।
- आगामी आ.व. २०७३।७४ को बजेट तथा कार्यक्रम र आयोजना LMBIS मा प्रविष्ट गरिएको छ।
- नेपाल–भारत बीच रक्सौल–अम्लेखगन्ज (४१ कि.मि.) पेट्रोलियम पाइपलाइन निर्माण कार्य अघि बढाइएको छ।
- आपूर्ति मन्त्रालयसँग सम्बन्धित नीति नियमको संशोधनको लागि समिति गठन गरिएको छ।
- उपभोक्ता जागरण अभियानको प्रारम्भिक कार्य सुरु गरिएको छ।
- दैनिक बजार अनुगमन र कन्ट्रोल रुमबाट अनुगमन भइरहेको छ।
- सरुवा मापदण्ड, २०७३ तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी पठाईएको छ।
- वैकल्पिक इन्धन (पेट्रोल) उत्पादन गर्ने प्लान्ट नुवाकोटको बट्टारमा स्थापना गर्नका लागि चीन सरकारको स्वामित्वमा रहेको CEEDI नामको कम्पनीबाट नेपाल आयल निगम मार्फत पेश भएको प्रस्तावमा मिति २०७३।३।२३ गते सरोकारवाला निकायहरुका प्रतिनिधि बीच छलफल भई आपूर्ति सचिवको नेतृत्वमा पाँचसदस्यीय टोलीले चीन भ्रमण भएको छ।
- संघीयता कार्यान्वयनका सन्दर्भमा मन्त्रालयका सहसचिवको संयोजकत्वमा पाँच सदस्यीय प्राविधिक समितिको गठन गरिएको छ।
- यस मन्त्रालय अन्तर्गतका संस्थानहरुमा संस्थागत प्रतिनिधित्व हुने पदाधिकारीहरु तोकिएको छ।
- संवैधानिक निकाय एवं अन्य मन्त्रालयबाट लेखी आएबमोजिम कार्यसहजीकरण र समन्वयका लागि Focal Person तोकी पठाइएको छ।

- मन्त्रालयको गठन पश्चात आवश्यक जनशक्तिको लागि ओ एण्ड एम (O & M) सर्भे तयार गरी सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भएको छ।

५. उद्योग मन्त्रालय

उद्योग मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलब्धिहरु हासिल भएको छन्ः-

- कम्पनी ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी विधेयक, नेपाल एक्रिडिटेशन सम्बन्धी विधेयक, खानी तथा खनिज पदार्थ नियमावली आदिको संशोधन परिमार्जन भइरहेको छ।
- विशेष आर्थिक क्षेत्र विधेयक र औद्योगिक व्यवसाय विधेयक संसदमा पेश भएको छ।
- भूकम्पबाट अति प्रभावित ११ जिल्ला मध्ये ९ जिल्लाका ११७ वटा वस्तीहरुको भौगर्भिक जोखिमको अध्ययन गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा प्रतिवेदन पठाइएको छ।
- चीन सरकारको सहयोगमा १० वटा साइस्मिक स्टेशनहरु स्थापना गर्ने सम्झौता भएको छ।
- बाराको सिमारा सेजमा अन्य उद्योगका साथै Garment Processing Zone (GPZ) निर्माण गरी आगामी ३ वर्ष भित्रमा सञ्चालनमा ल्याउने गरी सम्झौता भई निर्माण कार्य सुरु गरिएको छ।
- महिला उद्यमशीलता विकास कोष २६ जिल्लामा सञ्चालन गरिएको छ।
- कम्पनी रजिष्ट्रार कार्यालयबाट प्रदान गरिने सेवा Online मार्फत गरिएको छ।

उद्योग विभाग अन्तर्गतका उपलब्धिहरु

- ४१० वटा उद्योग दर्ता गरिएको छ।
- ३३९ उद्योगमा विदेशी लगानी स्वीकृत गरिएको छ।
- विभागको सेवालाई अनलाईनमा लैजान GIDC र कम्पनी रजिष्ट्रारको कार्यालयसँग Link गरिएको छ।

घरेलु तथा साना उद्योग विभाग अन्तर्गतका उपलब्धिहरु

- महिला उद्यमशीलता विकास कोष २६ जिल्लामा विस्तार गरिएको छ।

खानी तथा भूगर्भ विभाग अन्तर्गतका उपलब्धिहरु

- १०५ खानी खोजतलास अनुमति पत्र प्रदान र १४४ वटा नवीकरण गरिएको छ।
- चुनढुङ्गा १, क्वार्जाइट १ गरी २ वटा नयाँ खानी खोजतलास अनुमति पत्र प्रदान गरिएको छ।

नेपाल गुणस्तर तथा नापतौल विभाग तथा कार्यालयहरु अन्तर्गतका उपलब्धिहरु

- ११ वटा NS चिन्ह प्रदान गरिएको छ।
- ८२ क्यालीब्रेशन सेवा प्रदान गरिएको छ।
- Product certification र System certification को नवीकरण कार्य सम्पन्न भएको छ।
- ८५२२ वटा नापतौल यन्त्र प्रयोगको लागि नयाँ अनुमति प्रदान गरिएको छ।

कम्पनी रजिष्ट्रारको कार्यालय अन्तर्गतका उपलब्धिहरु

- पब्लिक लि. ५४, प्रा.लि. १४९३५ र विदेशी कम्पनी १९ वटा कम्पनीहरु दर्ता भएका छन्।

घरेलु तथा साना उद्योग विकास समिति अन्तर्गतका उपलब्धिहरु

- १६० जनालाई व्यवसायमूलक तथा सीप विकास प्रशिक्षण प्रदान गरिएको छ।
- अन्तर्राष्ट्रिय स्तरको घरेलु विक्री तथा प्रदर्शनी कक्ष निर्माण गर्न शिलान्यास भएको छ।

घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र अन्तर्गतका उपलब्धिहरु

- ३९९ जनालाई व्यवसायमूलक तथा सीप विकास प्रशिक्षण प्रदान गरिएको छ।

लघु उद्यम विकास कार्यक्रम (MEDEP)

- ६९ जिल्लामा विस्तार गरि लघु उद्यम विकास कार्यक्रम १६० जनालाई ब्रिकेट उत्पादन सम्बन्धी तालिम प्रदान गरिएको छ।

सैनिक सामाग्री उत्पादन निर्देशनालय अन्तर्गतका उपलब्धिहरु

- नेपाली सेनाको लागि आवश्यक एम्युनिशन (७.६२ मि.मि., ५.५६ मि.मि र ९ मि.मि.) का साथै आवश्यकता अनुसार हतियारका पाटपूर्जा समेत उत्पादन गरिएको छ।
- नेपाली सेनाको लागि आवश्यक प्लाष्टिक ह्याण्ड गृनेट तथा प्लाष्टिक ब्लेङ्क एम्युनिशन उत्पादन गरिएको छ।
- विभिन्न एम्युनिशन बम तथा प्रोपेलेन्ट उत्पादन गर्ने मेशिनहरु, त्यसका स्पेयर पार्टस्, टुल्स तथा सो मेशिनहरु राख्न भवनहरु निर्माण गरिएको छ।

औद्योगिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका उपलब्धिहरु

- भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन गर्ने कार्यविधि संशोधनको कार्य अगाडी बढाइएको छ। २३ वटा उद्योगले उद्योग स्थापना गर्न प्रस्ताव पेश गरेका छन्।
- सिमेन्ट उद्योग पहुँचमार्ग अन्तर्गत ९.२ कि.मी. Back cutting गरेको, २३ वटा कलभर्ट निर्माण, ५८१० मि. नाली निर्माण र १७८९ र .मी. टेवा पर्खाल निर्माण गरिएको छ।

वातावरणीय क्षेत्र सहयोग कार्यक्रम (उर्जा कार्यक्रम समेत)

- उद्योगहरुमा Waste to Energy Conversion सम्बन्धी सम्भाव्यता अध्ययन गरिएको छ।

खनिज अन्वेषण तथा विकास आयोजना

- साधारण निर्माणमुखी ९२, खानी र धातु, अधातु १५, खानीको उद्योग प्रबर्द्धन data package तयार गरिएको छ। ४० खानीहरुको वातावरणीय अनुगमन तथा निरीक्षण भएको छ।

भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना

- फ्रान्स सरकारको सहयोगमा देशका २१ वटै seismic station डिजिटल प्रविधिमा रुपान्तरण गर्ने कार्य जारी भएको छ।

पेट्रोलियम अन्वेषण परियोजना

- पेट्रोलियम पदार्थ सम्बन्धी विस्तृत अध्ययन, अनुसन्धानका लागि चीन सरकारसँग Government to Government (G2G) चिनिया र नेपाली प्राविधिकहरुको संयुक्त टोलीबाट प्रारम्भिक संभाव्यता अध्ययन भएको छ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

- उद्यमशीलता विकास तालिम १३७ जनालाई र उद्यमी विकास सहजकर्ता तालीम ३२ जनालाई दिइएको छ।

औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम

- बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी नीतिको प्रारम्भिक खाका तयार भई सरोकारवाला बीच छलफल भईसकेको र अन्तिम मस्यौदा तयार गरिएको छ।
- विभिन्न व्यवसायमा कार्यरत ५५ जना उत्कृष्ट महिला उद्यमीहरुलाई सम्मान गरिएको छ।

- औद्योगिक प्रतिष्ठानहरुको लैंगिक परीक्षण गर्ने कार्य सम्पन्न भएको छ।
- औद्यिगिक पूर्वाधार विकास कार्यक्रम (सिमेन्ट उद्योग खानीस्थल पँहुचमार्ग तथा विद्युतीकरण) को वृत्तचित्र निर्माण गरिएको छ।

६. कृषि विकास मन्त्रालय

यस मन्त्रालय मार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिलभ एका छन्ः-

- आ.व. २०७१।७२ को तेश्रो चौमासिक तथा वार्षिक प्रगति समीक्षा र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको पहिलो बैठक मिति २०७२।०५।०८ गते, आ.व. २०७२।७३ को पहिलो चौमासिक प्रगति समीक्षा र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको दोश्रो बैठक मिति २०७२।०९।०६ गते र आ.व.२०७२।७३ को दोश्रो चौमासिक प्रगति समीक्षा र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको तेश्रो बैठक २०७३।०१।०७ गते सम्पन्न गरिएको छ। यसबाट कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या समाधानमा सहयोग पुगेको छ।
- सम्माननीय राष्ट्रपतिज्यूबाट संसदमा प्रस्तुत नेपाल सरकारको आ.व. २०७२।७३ को नीति तथा कार्यक्रमहरुको कार्यान्वयन योजना र नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको प्रगति मासिक रुपमा क्रमशः प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अर्थ मन्त्रालयमा Online web-portal मार्फत् पठाइएको छ।
- आ.व. २०७२।७३ को चौमासिक/वार्षिक प्रगति विवरणहरु राष्ट्रिय योजना आयोगको सचिवालय र व्यवस्थापिका संसदको कृषि तथा जलश्रोत समितिले माग गरेका विवरणहरु समयमै पठाइएको छ।
- नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा सचिवहरुको बैठकमा भएका निर्णयहरुको कार्य प्रगतिहरुको बिबरण मासिक रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको छ।
- मन्त्रालय र अन्तर्गतका नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र मन्त्रालय अन्तर्गतका आयोजनाहरुमा सरुवा मापदण्ड लागू गरी कार्यान्वयनमा आएको छ।
- मन्त्रालय र अन्तर्गतका नेपाल कृषि अनुसन्धान परिषद्, बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र, कृषि विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, व्यवसायिक कृषि तथा

व्यापार आयोजना, कृषि सामग्री कम्पनी लिमिटेड र कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति लगायतका निकायहरुमा विद्युतीय हाजिरी लागु गरिएको छ।

- मन्त्रालय र अन्तर्गतका निकायहरुमा प्रत्येक महिनाको १४ गते सुशासन र बेरुजु सम्बन्धी बैठक संचालन गर्ने गरिएको छ।
- मन्त्रालय र अन्तर्गतका निकायहरुमा कुल रु. १ अर्ब ६७ करोड १३ लाख ६४ हजार बेरुजु रहेकोमा रु. १ अर्ब ७ करोड ५६ लाख ३३ हजार अर्थात् ६४.४ प्रतिशत बेरुजु फछ्र्यौट गरिएको छ।
- मन्त्रालय र अन्तर्गतका निकायहरुमा प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोकिएको छ।
- सुर्खेत, कालिकोट, काठमाण्डौ, ललितपुर, ओखलढुङ्गा, सोलुखुम्बु, मुस्ताङ्ग, बाग्लुङ्ग, प्यूठान र अर्घाखाँची गरी १० जिल्लाहरुमा व्यवस्थापन परीक्षण सम्पन्न गरिएको छ।
- जिल्ला एवम् क्षेत्रीय कार्यालयहरुमा नागरिक बडापत्र र Flex print/Hoarding Board तथा Website मार्फत् कार्यालयबाट प्रदान गरिने सेवा सुविधा तथा अनुदानका विवरणहरु सार्वजनिक गरी सार्वजनिक सुनुवाइ गरिएको छ।
- मन्त्रालय र अन्तर्गतका निकायहरुको सङ्गठन संरचना परिमार्जनको लागि O & M कार्य सम्पन्न गरिएको छ।
- कुल ३०७ वटा उजुरी परेकोमा १८४ वटा अर्थात् ६० प्रतिशत उजुरी फछ्र्यौट गरिएको छ।

उजुरी परेको निकाय	उजुरी संख्या	उजुरी फछ्र्यौट संख्या	प्रतिशत
अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१९८	१५२	७७
राष्ट्रिय सतर्कता केन्द्र	२७	१०	३७
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१७	७	४१
कृषि विकास मन्त्रालय	६५	१५	२३
जम्मा	**३०७**	**१८४**	**६०**

- Hello सरकार कक्षबाट प्राप्त ११५ वटा जनगुनासो मध्ये शत प्रतिशत गुनासो फछ्र्यौट गरिएको छ।
- प्रत्येक महिनामा सचिव बैठकको भोलिपल्ट स्टाफ बैठक मन्त्रालय र अन्तर्गतका विभागीय प्रमुखहरुको र प्रत्येक महिना २८ गते मन्त्रालयको आन्तरिक स्टाफ बैठक हुने गरेको छ।

- काठमाण्डौ, रुपन्देही, बाँके र बारा गरी ४ जिल्लामा किसान कल सेन्टर (Agro Call Center) मन्त्रालयमा Audio Notice Board (१६१८०७०७७७७७९) स्थापना गरिएको छ।

७. वन तथा भू-संरक्षण मन्त्रालय

यस मन्त्रालय मार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलब्धिहरु हासिल भएका छन्:-

- दिगो विकासका लागि जैविक विविधता भन्ने नाराका साथ अन्तर्राष्ट्रिय जैविक विविधता दिवस २०७२ को अवसरमा वन तथा भू-संरक्षण मन्त्रालय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाको आर्थिक सहयोगमा नगरकोट नगरपालिका वडा नं. ७ मा निर्मित जैविक विविधता मैत्री सामुदायिक भवन वन तथा भू-संरक्षण मन्त्रालय र नगरकोट नगरपालिका बीच भएकव समझदारी पत्र बमोजिम संरक्षण, सञ्चालन र व्यवस्थापन हुने गरी २०७२।०८।२५ देखि नगरकोट नगरपालिकाको कार्यालय, भक्तपुरलाई अन्तर्राष्ट्रिय पर्वतीय दिवसका दिन आयोजित कार्यक्रममा हस्तान्तरण गरिएको छ।
- मिति २०७२।०८।२५ मा जिल्ला वन कार्यालय, मोरङ र विराटनगर उप महानगरपालिकाबीच ५ वर्षमा वातावरण मैत्री उप महानगरपालिका बनाउनको लागि ५०,००० विरुवा रोप्न लाग्ने खर्चको १० प्रतिशत जिल्ला वन कार्यालय, मोरङले र ९० प्रतिशत विराटनगर उप महानगरपालिकाले व्यहोर्ने गरी Memorandum of Understanding (MOU) भएको छ।
- Landscape Conservation and Resilient Society विषयक अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने सम्बन्धमा आशय पत्र (Concept Paper) मिति २०७२।०९।१४ मा स्वीकृत भएको छ।
- मिति २०७२।०९।२३ मा वन तथा भू-संरक्षण मन्त्रीको अध्यक्षतामा National Wildlife Crime Control Coordination Committee बैठक सम्पन्न भई विभिन्न निर्देशन भएको छ।
- नेपाल २०१६, Nature and Culture वेलायतको २०० वर्षको दौत्य सम्बन्ध भएको उपलक्ष्यमा राष्ट्रिय वनस्पति उद्यान गोदावरी भित्र Bio-Diversity Education Garden को निर्माण कार्य शुरु भएको छ।
- सम्माननीय राष्ट्रपतिज्यूले समुद्घाटन गर्नुभएको चौथो "World Wood Day 21st to 25th March, 2016, Nature and Culture theme" मा १०६ मुलुकका प्रतिनिधिको सहभागितामा सम्पन्न भएको छ।

- राष्ट्रिय प्राणी उद्यान, भक्तपुरको प्रधानमन्त्रीबाट शिलान्यास भई निर्माण कार्य प्रारम्भ भएको छ।
- चितवन राष्ट्रिय निकुञ्जबाट वदिया राष्ट्रिय निकुञ्जमा गैंडा स्थानान्तरण भई १ वटा केटा गैंडा जन्मिएको छ।
- **"गैंडाको शून्य शिकार वर्ष"** यस वर्ष समेत गरी ४ पटक मनाइएको छ।
- पोखरा उपत्यकाका ९ तालहरुलाई रामसार क्षेत्रमा सुचिकृत भई कार्ययोजना तयारीको चरणमा रहेको छ।
- चुरे संरक्षण तथा विकासको लागि गुरुयोजना अन्तिम तयारी गरिएको छ।
- भू तथा जलाधार संरक्षण विभाग मार्फत जापान सरकारको सहयोगमा ५०० टन तार जाली प्राप्त भई वितरण गरिएको छ।
- वन्यजन्तुको अंगको वार कोडिङ शुरु गरिएको छ।

८. पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकारले पहिलो पटक २०७२ पौष ९ गते पशुपन्छी विकास मन्त्रालयको स्थापना गरेको छ। मन्त्रालयले स्थापना देखि नै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ भने पशु सेवासंग सम्बन्धित ऐन नियम परिमार्जन, कार्यविधिहरुको परिमार्जन, ४० बुँदे प्रतिवद्धता संगै सल्लाहकार समितिहरुको गठन गरी मन्त्रालयको स्थापनाको १०० दिनको प्रगति सार्वजनिक गरिएको छ। यस मन्त्रालयबाट सम्पादन गरिएका कार्यहरु र वार्षिक कार्यक्रमहरुको कार्यान्वयन अन्तर्गत भए गरेका मुख्य मुख्य उपलब्धिहरु निम्न अनुसार रहेका छन्:-

- नेपालको इतिहासमा पहिलो पटक पशुपन्छी विकास मन्त्रालयको स्थापना (२०७२ पौष ९ गते)
- मन्त्रालयको संगठन संरचना र दरवन्दी स्वीकृती (२०७२ पौष २९ गते)
- मन्त्रालयको प्रतिबद्धता सार्वजनिकीकरण (२०७२ माघ १३ गते)
- मन्त्रालय स्थापनाको १०० दिनको कार्य प्रगति सार्वजनिक गरिएको (२०७२ चैत १ गते देखि)
- स्वच्छ मासु सप्ताहव्यापी अभियान कार्यक्रम देशभर संचालन गरिएको (२०७२ चैत १४ गते देखि)

- डेरी पसलहरुको सप्ताहव्यापी अनुगमन (उपत्यका भित्र २०७३।३।८ देखि)।
- ५०० जना पशुसेवा प्राविधिक करारमा भर्ना गरी सेवा संचालन गरिएको छ।
- राष्ट्रिय पशुपालन नीतिको मस्यौदा तयार गरिएको छ।
- ऐन नियम परिमार्जनको थालनी गरिएको छ।
- राष्ट्रिय सल्लाहकार समितिहरु गठन भई प्रथम राष्ट्रिय सभा सम्मेलन गरिएको (२०७२।१२।२२) छ।
- नि:शुल्क उपलब्ध गराउने पशुपन्छीको औषधीको सूची सार्वजनिक गरिएको छ।
- प्रयोगशालामा काम गर्ने कर्मचारीले पाउने जोखिम भत्ताको निर्णय गरिएको छ।
- घुम्तीकोष निर्देशिका परिमार्जन कार्य अघि बढाइएको छ।
- कर्मचारी सरुवा तथा तालिम अध्ययनमा मनोनयनको कार्यविधि तयार भएको छ।
- पशुहरुबाट मानिसमा सर्न सक्ने जुनोटिक रोगहरुको न्यूनीकरण गर्ने कार्य गरिएको छ।
- दूध, फुल, मासुको गुणस्तर तथा स्वच्छता कायम भएवाट जन स्वास्थ्यको संरक्षण र सम्बर्द्धन गरिएको छ।
- उपत्यका भित्र सप्ताहव्यापी दूध, मासु पसलहरुको अनुगमन गरिएको छ।
- नागढुँङ्गामा पशुपन्छी ढुवानी मापदण्ड कार्यान्वयन भए/नभएको सप्ताहव्यापी अनुगमन गरिएको (२०७३।३।२१ देखि) छ।
- हेलो सरकारमार्फत प्राप्त जनगुनासोहरु शतप्रतिशत फछ्र्यौट गरिएको छ।
- काभ्रे जिल्लालाई दूधमा आत्मनिर्भर रहेको जिल्ला घोषणा गरिएको छ।

पशु स्वास्थ्य तर्फ भएका मुख्य मुख्य उपलब्धिहरुः

पशु स्वास्थ्य सुदृढीकरणको लागि पशु स्वास्थ्य निर्देशनालयले पशुपन्छी संग सम्बन्धित विभिन्न महामारी रोगहरुको विरुद्ध खोपहरु उत्पादन गर्दै आइरहेको छ। सो उत्पादित खोपहरु वितरण गरी पशुपन्छीहरुमा महामारी रोगहरु फैलिनबाट बचावट गर्दै आईरहेको र सो अनुसार उत्पादित खोपहरुको विवरण निम्न अनुसार छन्।

- रेबिज बिरुद्ध खोप उत्पादनः- ३५ हजार १०० डोज
- अन्य विभिन्न खोप उत्पादनः- २५८०४ हजार डोज

- पशु खोप गुणस्तर परीक्षणः- ३१६ बटा
- राष्ट्रिय पि. पि. आर.कार्यक्रमको खोप कार्य संचालनः- ३५०० हजार
- राष्ट्रिय खोरेत रोग नियन्त्रण खोप कार्य संचालनः- १२०० हजार
- स्वाइन फिवर रोग नियन्त्रण खोप व्यवस्थापनः ३०० हजार
- क्वारेन्टाइन जाचः- ३६,६१४ संख्या
- पशु स्वास्थ्य नियमन अन्तरगत अनुगमनः- २२५ पटक

पशु नश्ल सुधारतर्फ भएका मुख्य मुख्य उपलब्धिहरुः

उत्पादनमूलक उन्नत पशु नश्ल गाई तथा भैंसीको संख्या बढाई देशमा दूध तथा मासुको माग तथा आवश्यकतालाई परिपुर्ति गर्नको लागि राष्ट्रिय पशु प्रजनन् केन्द्रवाट जमेको विर्य, तरल नाईट्रोजन उत्पादन तथा वितरण गरी विभिन्न उपलब्धिहरु हासिल गरेकाछन्। ती हासिल गरेका मुख्य मुख्य उपलब्धिहरु निम्न अनुसार छन्ः-

- जमेको बिर्य उत्पादनः ६४५.३ हजार डोज
- तरल नाइट्रोजन वितरणः १०५.६ लि
- कृत्रिम गर्भाधानः ४ लाख ९१ हजार ५०
- सामुदायिक बाख्रा श्रोत केन्द्र स्था./व्यः १० वटा
- बंगुरको मल्टिप्लिकेशन हर्ड स्थापनाः १० जिल्लामा १०० वटा

पशुआहारा तर्फ भएका मुख्य मुख्य उपलब्धिहरुः

- पशुपालन क्षेत्रले देशको कूल गाहर्स्थ उत्पादनमा ११ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा पशुपालन क्षेत्रमा आहाराको विशेष महत्व राख्दै आएको छ र पशु विकासका चार पिल्लर मध्ये एक पिल्लर पशु आहारा पनि रहेको छ। जसको लागि विभिन्न कार्यक्रमहरु संचालनको साथै फोरेज मिशन संचालन भइरहेको र जस अन्तरगत भए गरेका उपलब्धिहरु निम्न अनुसार छन्ः-
  - फोरेज मिसन कार्यक्रम अन्तरर्गत विभिन्न जिल्लाहरुमा ७३९५ हेक्टर क्षेत्रफलमा उन्नत घाँस लगाई ७५९५० मे. टन सुख्खा पर्दाथ उत्पादन भई पशु आहारामा सुधार आएको छ।

- फरेज मिसन कार्यक्रम अन्तरर्गत ३ वटा चरण तथा घाँसेवाली बीउ वृद्धि फार्ममा संचालन गरिएको कन्ट्रयाक्ट फार्मिङ्गवाट २.२ मे.टन हिउँदे र १. ३ मे.टन वर्षे घाँसको बीउ उत्पादन गरिएको छ।

पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम तर्फ भएका मुख्य मुख्य उपलब्धिहरुः

पशुपालन क्षेत्रमा बजारको विशेष महत्व राख्दछ र उत्पादनलाई बजारसम्म पुऱ्याइ बजारीकरण गरी उत्पादित बस्तुहरुको बिक्री प्रवर्द्धन गर्न उतिकै आवश्यक हुन्छ जसको लागी देशको विभिन्न स्थानहरुमा बधस्थल, मासु ढुवानी, डेरी प्रबर्द्धन तथा विविधीकरण गर्नको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ र सो संग सम्बन्धित भए गरेका मुख्य मुख्य उपलब्धिहरु निम्न अनुसार रहेका छन्:-

- देशका विभिन्न ६ क्षेत्रमा स्थापित मासु चिस्यान घरहरुमा ६०० टन मासु उचित तापक्रममा भण्डारण हुनेछ।
- मासु ढुवानीका लागि २ निजी उद्योगलाई refrigerated van खरिद साझेदारी मार्फत उचित तापक्रममा मासु ढुवानी हुनेछ।
- १८ वटा व्यवस्थित पशु बधस्थल तथा मासु प्रशोधन उद्योग स्थापना भई उपभोक्तालाई स्वस्थकर मासु तथा प्रशोधित मासुको उपलब्धता बढेको छ।
- ५ साना डेरी उद्योग प्रवर्द्धन भई दूध संकलन र विविधिकरणमा सहयोग पुऱ्याउँदै Milk holiday कम गर्न सहयोग पुगेको छ।
- ३ मासु उद्योग प्रवर्द्धनद्वारा मासुको प्रकार विविधीकरण भई मासुको उपभोग प्रवर्द्धन भएको छ।

पशु विकास फार्मतर्फका उपलव्धीहरुः

नेपाल सरकार पशुपन्छी विकास मन्त्रालय अन्तरगत विभिन्न पशुविकास फार्महरुवाट विशेषगरी अनुवांशिक श्रोत संरक्षण, न्यूक्लियस हर्ड स्थापना तथा उन्नत नश्ल पशुपन्छीहरुको उत्पादन तथा विभिन्न क्षेत्रहरुमा माग र आवश्यकतालाई परिपूर्ति गर्न फार्महरुवाट विभिन्न पशुवस्तुहरुको उत्पादन र माग अनुसार वितरणको कार्यलाई प्राथमिकतामा राखी वितरण गर्दै आईरहेका छन् र ती कार्यहरुको उपलब्धिहरु निम्न अनुसार रहेका छन्:-

- बाच्छा/बाच्छी उत्पादनः ३८ वटा

- पाडा/पाडी उत्पादनः ४७ वटा
- बंगुरको पाठापाठी उत्पादनः १०१० वटा
- भेडा/बाख्राको पाठापाठी उत्पादनः ४०४ वटा

कर्णाली पशु विकास कार्यक्रम तर्फ उपलव्धीहरुः

कर्णालीका किसानहरुको आर्थिक उन्नतिका लागि कर्णाली पशु विकास कार्यक्रम संचालन गरिएको छ। उक्त कार्यक्रम अन्तरगत विभिन्न पशुहरु वितरण गरिएको र वितरित पशुवस्तुहरु निम्नअनुसार रहेका छन्ः-

- भेडा वितरणः १०० वटा
- बंगुर वितरणः १० वटा
- याक वितरणः ७ वटा
- थुमा वितरणः २० वटा
- बाख्रा वितरणः १५० वटा
- बोका वितरणः ३१ वटा

कुल पशुवस्तुहरु वितरण जम्मा ३०८ वटा

पशुपन्छी बीमा तर्फ उपलव्धीहरुः

कृषकहरुको पशुधन रक्षाको लागि विभिन्न रोगब्याधीहरुवाट हुने हानी नोक्सानीहरुवाट बचाउन तथा पशुधन सुरक्षणको लागि बीमा ऐन, २०४९ को दफा ८ (घ २) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा बली तथा पशु बीमा निर्देशन जारी गरेको छ र सो अनुसार पशुपालक कृषकहरुले पशुपन्छीहरुको बीमा गर्दै आएको छ। क्षेत्रगत रुपमा सो बीमा अनुसार पशु र पन्छी तर्फ निम्न बमोजिम विमा गर्ने कार्य सम्पन्न भएको छ। पूर्वाञ्चल पशु ४६४६ र पंक्षी ५००००, मध्यमाञ्चल पशु २२३१० र पंक्षी ३७८५०, पश्चिमाञ्चल पशु ४९६६६ र पंक्षी ५३०५०, मध्य पश्चिमाञ्चल पशु १२२७२ र पंक्षी २००७०, सुदुर पश्चिमाञ्चल पशु ५१४८ र पंक्षी १००० गरी कुलजम्मा पशु ९४०९२ र पन्छी १६१९७० बीमाङ्क रकम रु. ४ अर्ब ६३ करोड ५२ लाख १ हजार बराबरको पशुपन्छी बिमा गर्ने कार्य सम्पन्न भएको छ।

सहकारी खेतीतर्फका उपलब्धीहरुः

– बंगुरको पाठा पाठी खरिद तथा वितरण	संख्या	१९००
– बंगुरको खोर निर्माण अनुदान/खरिद तथा वितरण	वटा	३८
– कुखुराको चल्ला खरिद तथा वितरण	संख्या	९०००
– कुखुराको खोर निर्माण अनुदान	वटा	९

९. राष्ट्रिय योजना आयोग

मूलुकको समग्र विकास योजनाका लागि नीति तर्जुमा गरी संचालित आयोजनाहरुको अनुगमन तथा मूल्यांकनमा सल्लाह दिने केन्द्रीय निकायको रुपमा राष्ट्रिय योजना आयोगको महत्वपूर्ण भूमिका रहेको छ। यस कामका लागि आयोगलाई सहयोग पुऱ्याउन सचिवालय प्रयासरत रहने गरेको छ। आयोगबाट सञ्चालित क्रियाकलापहरु र यसले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा आयोग आफैंले समीक्षा गरी यसको संस्थागत पक्षमा सुधार गर्दै जानुपर्ने हुन्छ। गत आ.व.मा बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ३३ औं बैठकले आयोगले परम्परागत रुपमा तर्जुमा गर्ने गरेको जिल्लास्तरीय कार्यक्रम र चौमासिक विभाजन सहितको वार्षिक कार्यक्रम स्वीकृतिका सम्बन्धमा सुधार गर्ने निर्णय लिएको थियो। सो निर्णय कार्यान्वयन यस आ. व. देखि शुरु गरिएको छ। साथै उक्त बैठकले चौधौं योजना तर्जुमा सम्बन्धमा महत्वपूर्ण सुझावहरु दिएको छ।

चौधौं योजनाको आधारपत्र तयारका लागि विकास परिषदको बैठक सम्पन्न गरी सहभागितामूलक प्रक्रियाको अवधारणा अनुरुप सल्लाह र सुझाव समेटेर यसै अवधिमा चौधौं योजनाको आधारपत्र तयार गरिएको छ। यसैगरी राष्ट्रिय विकास स्वयंसेवक सेवाको निरन्तरता एवं प्रभावकारिता वृद्धि गर्ने, सूचना प्रविधिको अधिकतम प्रयोग तथा नेपालका लागि आवश्यक सूचना तथा तथ्याङ्कलाई भरपर्दो, स्तरीय तथा समसामयिक बनाउने उद्देश्य समेटिएका कार्यक्रमलाई जोड दिइएको छ। आयोगका उपलब्धिहरु यसप्रकार रहेका छन्:

- देशको कुल गार्हस्थ उत्पादनको अनुमान सार्वजनिक गरिएको छ भने संस्थागत कुखुरापालन सर्वेक्षण र नेपाल फ्लोरिकल्चर सर्वेक्षणको अन्तिम नतिजा पनि सार्वजनिकीकरण गरिएको छ। कृषिसँग सम्बन्धित बालीहरुको क्षेत्रफल निकाल्नका

लागि नेपालमा पहिलोपटक परीक्षण भएको स्याम्प्लिंगको नतिजा सार्वजनिकीकरण गरिएको छ।

- नेपाल श्रमशक्ति सर्वेक्षण तेस्रोको लागि तालिम लगायत अन्य प्रारम्भिक कार्यहरु सम्पन्न गरिएको छ।
- वार्षिक घरपरिवार सर्वेक्षण सञ्चालन गरिएको तथा शहरी जनसंख्या सर्वेक्षणको स्थलगत तथ्यांक संकलन कार्य सञ्चालन गरिएको छ। महिला तथा बालबालिका सम्बन्धी बहुसूचकांक सर्वेक्षणको अन्तिम नतिजा सार्वजनिकीकरण गरिएको छ।
- नेपाल सरकारबाट अनुरोध भई आए बमोजिम गत वर्षको विनाशकारी भूकम्पबाट प्रभावित घर परिवारहरुको पहिचानको लागि केन्द्रीय तथ्यांक विभागको ठूलो जनशक्ति परिचालन गरी सो सम्बन्धी लगत संकलनको कार्यमा समन्वय गरिएको छ।
- राष्ट्रिय तथ्यांक प्रणालीलाई सुदृढ गर्ने उद्देश्यले विगत केही वर्षदेखि तयारीको चरणमा रहेको तथ्यांक विकासका लागि राष्ट्रिय रणनीति पत्रको अन्तिम मस्यौदा तयार भई सरोकारवाला निकायहरुमा विचाराधीन रहेको छ। विभिन्न सामाजिक तथा आर्थिक सर्वेक्षणहरु संचालनार्थ आवश्यक पर्ने मास्टर स्याम्पलफ्रेमको आधार दस्तावेज तयार गरिएको छ।
- जिल्लास्थित तथ्यांक कार्यालयहरुको भौतिक पूर्वाधार विकासतर्फ तथ्यांक कार्यालय मकवानपुरको भवन निर्माण सम्पन्न भई कार्यालय स्थानान्तरण गरी दैनिक कार्य सञ्चालन आफ्नै भवनबाट हुन थालेको छ। त्यस्तै स्याङ्जा, कास्की र बाग्लुंगका कार्यालय भवनहरु निर्माणको कार्य अन्तिम चरणमा रहेको छ।
- ठेक्का व्यवस्थापनलाई जवाफदेही र वस्तुनिष्ठ वनाउन बहुवर्षीय ठेक्का व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७३ तर्जुमा गरिएको छ।
- नेपाललाई अतिकम विकसित राष्ट्रको सूचीबाट विकासशील राष्ट्रको सूचीमा स्तरोन्नति गर्ने तेन्हौं योजनाको मूलभूत उद्देश्य हासिल गर्न रणनीतिक योजना तर्जुमा, विकाससँग सम्वन्धित विभिन्न क्षेत्रमा विज्ञहरुको परामर्श सेवा तथा आयोजनाहरुको तेस्रो पक्षवाट मूल्यांकन गराउने कार्यहरु गरिएको छ। मुलुकले लिने आगामी दिनका लागि Vision Paper तर्जुमाका सिलसिलामा Envisioning Nepal, 2030 सम्बन्धी अन्तर्राष्ट्रिय सेमिनार सम्पन्न भएको छ।

- योजना र विकाससँग सम्बन्धित विषयहरुमा बहस एवं पैरवी गर्ने साझा मञ्चका रुपमा प्रारम्भ गरी १२ वटा विकास वहस कार्यक्रम निर्माण एवम् प्रसारण गरिएको छ।
- राष्ट्रिय विकास स्वयंसेवक सेवाबाट ११४३ जना स्वयंसेवकहरु परिचालन गरिएको छ। जम्मा १०४७ वटा सार्वजानिक सेवा केन्द्रहरुमा स्वयंसेवकको पहुँच पुगेको छ।

परिच्छेद - ५
भौतिक पूर्वाधार क्षेत्रको निकायगत उपलब्धिहरु

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यस मन्त्रालय मार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलब्धिहरु हासिल भएका छन्ः-

- सडक संजाल विस्तार भई यातायात आगमनमा सहजता भएको छ।
- सड़क संजालसंग जोडिन बाँकी जिल्ला सदरमुकामहरु डोल्पा र हुम्लामा सड़क निर्माणको लागि नेपाली सेना र सड़क बिभागबाट उच्चतम प्रयास भईरहेको छ।
- यस आ.व.मा ६३९ कि.मी. माटे सडक निर्माण, ३४५ कि.मी. सडक खण्डास्मित र २६४ कि.मी. सडक कालोपत्रे स्तरमा स्तरोन्नती भएको र करिब ९२०० कि.मी. सडकको नियमित तथा पटके मर्मत संभार गरिएको छ।
- देशको द्रुत गतिमा आर्थिक विकास गरी सन २०२२ सम्ममा नेपाललाई अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा परिणत गर्न नयाँ सडक निर्माण, निर्माण सम्पन्न भएका सडकहरुको स्तरोन्नति, सुदृढीकरण, सडक सेवास्तर तथा सुरक्षा अवस्थामा सुधार एवं संघीय व्यवस्था सुहांउदो सडक सञ्जालको विकास गरी देशको आर्थिक सामाजिक विकासमा प्रभावकारी र दिगो रुपमा टेवा पुऱ्याउन समृद्ध नेपालका लागि सडक, रेल तथा यातायात विकासको पाँच वर्षे रणनीतिक योजना, २०७३–२०७८ तयार भई नेपाल सरकारबाट स्वीकृत भइसकेको छ।
- मध्य पहाडका २५ जिल्लाहरुका २१५ वस्तीहरु जोड्दै निर्माण हुने र मध्य-पहाडमा बसोबास गर्ने करीब ७० लाख जनताको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने मध्य पहाडी (पुष्पलाल) लोकमार्गको कालोपत्रे गर्न बांकी रहेको १०७९ कि.मि. सडकलाई दुई लेनको कालोपत्रे स्तरमा स्तरोन्नति गर्नका लागि यसै आ.व. वाट निर्माण प्रक्रिया आरम्भ गर्ने गरी यस अवधिमा ४२८ कि.मि. सडक स्तरोन्नती कार्यको लागि ठेक्का व्यवस्थापन प्रक्रिया अर्थ मन्त्रालयको सहमतिमा अगाडि वढाइएको छ साथै यस आ.व.मा २२ कि.मि. सडक कालोपत्रे, ५५ कि.मि. सडक ग्रावेल तथा १२ वटा पुलहरुको निर्माण कार्य सम्पन्न भएको छ।

- हुलाकी राजमार्गको प्रथम चरणका १९ वटा सडकहरुको कुल ६०७ कि.मि. स्तरोन्नती गर्नको लागि भारत सरकारसंग सन २०१० जनवरीमा सम्झौता भएता पनि कैलालीका २ वटा सडकहरु वाहेक अन्य स्थानहरुमा निर्माण कार्य अगाडि बढ्न नसकेको अवस्थामा नेपाल सरकार र भारत सरकारबीच २० फेब्रुअरी २०१६ मा भएको सम्झौता अनुसार बांकी १७ वटा सडकहरुको ५१८ कि.मि. स्तरोन्नति कार्यको लागि नेपाल सरकारलाई भारतीय रु. ५ अर्ब अनुदान दिने सहमति भएको छ र ९ वटा सडकहरुको २८२ कि.मि. स्तरोन्नति कार्यको लागि ठेक्कापट्टा व्यवस्थापन शुरु भइसकेको छ। अन्य सडकको पनि ठेक्कापट्टा व्यवस्थापन पूर्वका प्रक्रियाहरु सुचारु रहेको छ। यस आ.व.मा ३३ कि.मि. सडक (कैलाली जिल्ला) कालोपत्रे तथा ८ वटा पुलहरुको निर्माण सम्पन्न भएको छ।
- भूकम्पले क्षतिग्रस्त भएका सडकहरु मध्ये अरनिको राजमार्गको बाहृविसे–कोदारी र बेत्रावती– धुन्चे–स्याफ्रुवेशी–रसुवागढी सडकहरुको पहिरो पन्छ्याई यातायात सुचारु गरिएको छ। दोलखा-सिंगटी, पांचखाल-मेलम्ची र धादिङ्ग-आरुघाट-गोरखा गरी १३५ कि.मि. सडकलाई भूकम्प पछिको पुनर्निर्माणको नमूना सडकको रुपमा स्तरोन्नति तथा पुनर्निर्माण कार्यको लागि डिजाईन भई दोलखा-सिंगटी सडकको ठेक्कापट्टा समेत भईसकेको छ। लामोसाँघु–कोदारी सडक पुर्नस्थापनाका लागि चीन सरकारलाई अनुरोध गरिएको छ साथै नेपाल सरकारवाट मर्मत सुधार कार्य चालु भइरहेको छ।
- सवारी साधनको चाप अनुरुप प्रमुख राजमार्गहरुको विस्तार गर्ने उद्धेश्य अनुरुप पुर्व–पश्चिम राजमार्गको काकरभिट्टा–पथलैया खण्डलाई चार लेनमा, सिद्धार्थ राजमार्गको बुटवल–पोखरा तथा रत्न राजमार्गको कोहलपुर–सुर्खेत खण्ड लाई दुई लेनमा विस्तारकार्यको अध्ययन कार्य भइरहेको छ।
- रणनैतिक र स्थानीय पुल निर्माणतर्फ ६५० वटा पुलहरुको निर्माण कार्य सुचारु रहेकोमा चालु आ.व. मा स्थानीय सडक पुलतर्फ ३८ वटा, रणनैतिक सडक पुलतर्फ ५ वटा, हुलाकी राजमार्गतर्फ ८ र मध्यपहाडी लोकमार्गतर्फ १२ वटा गरी जम्मा ६३ वटा पुलहरु निर्माण सम्पन्न भई सम्बन्धित क्षेत्रका जनतालाई यातायातको सुविधा प्राप्त भएको छ।

- पूर्व-पश्चिम रेलमार्ग मध्ये बर्दिवास-सिमरा-तमसरिया-बुटवल खण्ड (३०० कि.मि.) तथा सिमरा-बीरगंज (२८ कि.मि.) बुटवल-भैरहवा लिंक (४४ कि.मि.) गरी जम्मा ३७२ कि.मी. को विस्तृत अध्ययन प्रतिवेदन तयार भएको छ।
- बर्दिवास-काकडभिट्टा (२४७ कि.मि.) खण्डको विस्तृत अध्ययन प्रतिवेदन तयारीको लागि दुईवटा परामर्शदाता नियुक्त भएको छ।
- बुटवल-गड्डाचौकी खण्डको (४२१ कि.मि.) विस्तृत अध्ययन प्रतिवेदन तयारीको लागि परामर्शदाताहरुको संक्षिप्त सुची तयार भएको छ।
- काठमाण्डौ मेट्रो ७८ कि.मी. को सम्भाव्यता अध्ययन सम्पन्न भई हाल लगानी बोर्डको जिम्मामा रहे पनि रेल विभागले DPR को लागि कार्यक्रममा समावेश गरेको छ।
- बर्दिवास-सिमरा (१०८ कि.मि.) को ३० कि.मी. क्षेत्रमा १० वटा ठेक्का मार्फत ट्र्याक बेड पुल पुलेसा आदिको निर्माण भईरहेको छ। ठूला पुल २ वटा निर्माणाधीन RUB ३ वटा सम्पन्न ५ वटा निर्माणाधीन छन्। Box Culvert, Animal Crossing ९ वटा सम्पन्न ९ वटा निर्माणाधीन छन्। रातु खोला नियन्त्रणको ७०% कार्य सम्पन्न भएको छ।
- भारत सरकारको सहयोगमा निर्माण भईरहेको जनकपुर-जयनगर-वर्दिवास (६९ कि.मि.) मध्ये जयनगर जनकपुर बिजुलापुरा (५२ कि.मि.) को ट्र्याक बेड तथा स्ट्रकचरको ८० प्रतिशत कार्य सम्पन्न भएको छ।
- बिजुलपुरा बर्दिवास (१७ कि.मि.) खण्डको जग्गा अधिग्रहण सम्वन्धी कार्य भइरहेको छ।
- कटहरी विराटनगर बथनाहा (१८ कि.मि.) रेलमार्गको ट्र्याकबेड तथा स्ट्रकचरको ८०% कार्य सम्पन्न भएको छ।
- आ. व. ०७२/७३ मा सडक विभाग अन्तर्गतका विकास आयोजना तर्फ विनियोजित (संसोधन सहित) कुल रकम रु. ४९ अर्ब ३२ करोड ४१ लाख ८७ हजार मध्ये तेस्रो चौमासिक विनियोजन रु. ३१ अर्ब ८८ करोड १९ लाख ४६ हजार भएकोमा कुल वार्षिक खर्च रु. ३४ अर्ब ४१ करोड ८१ लाख २ हजार (६९.७८ %) भएको छ।

सडक विभाग अन्तर्गतका उपलब्धिहरु

- सडक विभागको तेस्रो चौमासिक भौतिक प्रगति ७३.५५% भएको छ भने वार्षिक भौतिक प्रगति ६८.९९ प्रतिशत भएको छ।
- सडक विभागको तेस्रो चौमासिक वित्तीय प्रगति ८२.९२ % भएको छ भने वार्षिक वित्तिय प्रगति ६९.७८ प्रतिशत प्रगति भएको छ।
- विकास निर्माणलाई उच्च प्राथमिकता दिदैं वैकल्पिक मार्ग निर्माण गर्ने उद्धेश्य अनुरुप पूर्व-पश्चिम राजमार्गको विकल्पमा हेटौंडा पूर्वको वैकल्पिक राजमार्गको रुपमा धरान-चतरा-गाईघाट- कटारी- सिन्धुली बजार-हेटौंडा सडक (३१८ कि.मि.) लाई दुई लेनमा स्तरोन्नती गर्न अर्थ मन्त्रालयबाट सहमति प्राप्त भई ठेक्का व्यवस्थापनको कार्य भइरहेको छ।
- सडक दुर्घटना न्यूनीकरण गर्न सडक सुरक्षाको लागि विश्व बैंकको सहयोगमा स्तरोन्नति भएका सडकहरु जस्तै बैतडी–दार्चुला सडक, खोडपे–बझाङ्ग सडक तथा सुर्खेत जुम्ला सडकमा क्र्यास व्यारियर लगाउने कार्य भईरहेको छ, साथै दुर्घटना न्युनीकरणका लागि आवश्यक चिन्ह, ट्राफिक संकेत लगाउने कार्यलाई व्यापक रुपमा अगाडी वढाईएको छ। आ.व. ०५१/५२ वाट शुरु भई हालसम्म उपेक्षित रहेको सगरमाथा लोकमार्गको गाईघाट–दिक्तेल खण्डको १०१ कि.मि. सडक स्तरोन्नति कार्यको लागि यसै अवधिमा अर्थ मन्त्रालयवाट रु. २ अर्ब ६८ करोड बजेटको सहमति प्राप्त भई ठेक्का व्यवस्थापन प्रक्रिया अन्तिम चरणमा छ। प्राकृतिक विपद्को सामना गर्न र असहज स्थितिमा समेत यातायात अवरुद्ध हुन नदिनको लागि थप ५०० मिटर वेलीवृज खरिद कार्य अगाडि बढाइएको छ।
- काठमाण्डौ उपत्यकालाई तराईसँग जोड्ने वैकल्पिक सडकमध्ये महत्वपुर्ण रहेको कान्ती लोकमार्ग (९२ कि.मि.) को सम्पूर्ण खण्डलाई दुई लेनमा कालोपत्रे स्तरमा स्तरोन्नतिको ठेक्का व्यवस्थापन सम्पन्न भइसकेको छ। चालु आ.व.मा कालोपत्रे कार्यको लागि २५ कि.मि. सडकमा ग्राभेल वेस कार्य सम्पन्न भएको छ।
- एडिवी अन्तर्गत संचालित उपक्षेत्रीय यातायात अभिवृद्धि आयोजना मार्फत यस अवधिमा ओखलढुङ्गा-सल्लेरी, नेपालगंज-कोहलपुर र चैनपुर-खांदवारी सडक कालोपत्रे सम्पन्न भएको छ।

- एडिवी अन्तर्गत संचालित सासेक रोड कनेक्टीभिटी प्रोजेक्ट मार्फत यस आ.व.मा नदाहा कोशीपुल चतरा रुपनगर सडक, लेगुवाघाट भोजपुर सडक र रामेछाप मन्थली सडक कालोपत्रे स्तरमा स्तरोन्नति कार्यको लागि २४ कि.मि. सडकमा ग्रावेल वेस कार्य सम्पन्न भएको छ।
- सवारी साधनको चाप अनुरुप काठमाण्डौं उपत्यकाभित्रका विस्तार गर्न सकिने संभाव्य सडकहरु मध्ये २६ कि.मि. सडक विस्तार गरिएको छ।
- भारतीय नाकाहरुलाई पूर्व-पश्चिम राजमार्गसंग जोडी उपभोग्य वस्तुहरुको परिवहनमा सहजता ल्याउन व्यापारिक मार्ग विस्तार कार्यक्रम अन्तर्गत ६ लेनमा सडक विस्तार गर्ने कार्यक्रम अन्तर्गत निम्न कार्यहरु भएका छन्:
  - वेलहिया-बुटवल सडकको सम्पूर्ण खण्ड २४ कि.मि. सडकलाई ६ लेनमा विस्तारको लागि ठेक्कापट्टा व्यवस्थापन सम्पन्न भई यस आ.व.मा २.१ कि.मि. सडक विस्तार सम्पन्न भई हालसम्म ८.१ कि.मि सडक विस्तार सम्पन्न भएको छ। विराटनगर-ईटहरी २७ कि.मि. सडक विस्तारको लागि अर्थ मन्त्रालयवाट सहमति प्राप्त भई द्रुत गतिमा निर्माण भईरहेको छ।
  - वीरगंज-पथलैया सडक (२८ कि.मि.) सडक विस्तार कार्यको ठेक्का व्यवस्थापन कार्य सम्पन्न भएको छ।
  - जटही-जनकपुर-ढल्केवर १३.८ कि.मि. सडकको विस्तार कार्य सुचारु रहेको छ।

२. सहरी विकास मन्त्रालय

यस मन्त्रालय मार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएका छन्:-

मुख्य उपलब्धिहरू

- भूकम्प पछिको अवस्थामा NBC २०२, २०३, २०४ र २०६ लाई परिमार्जन भएको छ।
- २१७ नगरपालिका र १००० भन्दा बढि घरधुरी भएका गा.वि.स.हरुमा राष्ट्रिय भवन संहिता लागु गर्ने निर्णय भएको छ।
- वागमती सफाइ कार्यक्रम मिति २०७२।१२।१३ गते १५० औं सप्ताह मनाईयो र जोरपाटी देखि गुहेश्वरीसम्म वागमती नदीमा ढल मुक्त भइसकेको छ।

- भूकम्प पछिको पुननिर्माणको लागि भूकम्प प्रतिरोधी किसिमको ग्रामिण आवास भवनहरुको १७ वटा विभिन्न नमुना डिजाईन गरी उपलब्ध गराईएको छ।
- जनता आवास कार्यक्रमबाट करिब ८५३ आवास ईकाईहरुको निर्माण सम्पन्न गरी पिछडिएका र लक्षित वर्गहरुलाई हस्तान्तरण गरिएको छ।
- शहरी विकास तथा भवन निर्माण विभागमा प्राप्त अख्तियारी अनुसार एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत विभिन्न जिल्लामा ४२ वटा भवन निर्माण सम्पन्न भएका छन्।
- तराई-मधेश-पहाड-हिमालका विभिन्न जिल्लाहरुमा गरी ८ वटा घनावस्ती र ७२ वटा एकीकृत वस्ती विकासको कार्यक्रमहरु शुरु गरिएको छ।
- भूकम्प प्रतिरोधि भवन निर्माण प्रविधि सम्वन्धी करिव ८९०० सिकर्मी, डकर्मीहरुलाई कालिगढ तालिम दिने कार्य भइरहेको छ।
- भूकम्प पछिको पुननिर्माणका लागि इन्जिनियर, सब-इन्जिनियर र असिष्टेण्ट सब-इन्जिनियर गरी २५७१ प्राविधिक जनशक्तिको पदपूर्तिका लागि सूचना प्रकाशित भएको छ।
- काठमाण्डौ उपत्यका विकास प्राधिकरणद्वारा ६० कि.मि. बाटो खोलिएको छ।
- मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली लागु गर्न निर्देशिका तयार गरिएको छ।
- Habitat III को कार्ययोजना तयार भई Indonesia बैठकमा प्रस्तुत भएको छ।
- बस्ती विकास मापदण्ड, २०७२ स्वीकृत भई लागू भएको छ।

यस मन्त्रालय अन्तर्गत खानेपानी तथा सरसफाई मन्त्रालय छुट्टिएर अलग भएपछि संशोधित नेपाल सरकार कार्यविभाजन नियमावली २०७२ लागू भए अनुसार देशको आर्थिक, सामाजिक, राजनितीक क्षेत्रमा योगदान पुगी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा निम्न उपलब्धिहरु हासिल भएका छन्:-

- विकासको दृष्टिले पछाडि परेका समुदाय एवं लोपोन्मुख सीमान्तकृत, दलित आदिलाई आवास निर्माण गरी आर्थिक तथा प्राविधिक सहयोग गरिएको छ।
- भूकम्प पछि सरकारी भवन तथा निजी आवासलाई पुनः निर्माणमा राष्ट्रिय भवन संहिता तथा प्रचलित मापदण्ड अनुसार भूकम्प प्रतिरोधि बनाउन कार्य शुरु भएको छ।
- काठमाण्डौं उपत्यकामा ३ वटा Satellite City अध्ययन गर्ने काम भएको र तराईका विभिन्न जिल्लाका सदरमुकाम र शहरहरुको भौतिक संचरना सडक विस्तार ढल

ब्यवस्थापन आदिका लागि १८ वटा एकीकृत पूर्वाधार विकास योजना शुरु गरिएको छ।

- नँया सोच तथा दुरगामी दृष्टिकोणले स्वच्छ, सफा, हराभरा र प्रदूषण मुक्त सहर एवं वस्ती विकासको शुरुवात गरिएको छ।

निकायगत उपलब्धिहरुः

सहरी विकास तथा भवन निर्माण विभागः

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र अन्य व्यक्तिहरु मार्फत प्राप्त उजुरीहरुको समयमै सम्बोधन भई उजुरी व्यवस्थापन प्रभावकारी भएको छ। सूचना अधिकारीको व्यवस्था गरी विभागबाट सम्पादित कार्यमा पारदर्शिता कायम गर्न सहयोग पुगेको छ। वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरी जनतालाई सुसूचित गराइएको छ। सार्वजनिक खरिदमा ई-विडिङ् अवलम्बन गरिएको छ। विभागमा खरिद व्यवस्थापन महाशाखाको व्यवस्था गरिएको छ। खरिद योजना बनाउने गरिएको छ। राष्ट्रिय स्तरको पत्रपत्रिका मार्फत बोलपत्रको सूचना सार्वजनिक गर्ने गरिएको छ। विद्यमान कानुन अनुरुप लेखा सम्बन्धी स्रेस्ता अभिलेख वित्तीय विवरण तथा सार्वजनिक खर्च र राजस्व सम्बन्धी विवरण तयार गर्ने गरिएको छ। सहरी विकास तथा भवन निर्माण विभागको वेवसाइट निर्माण भई सञ्चालनमा रहेको र विभागले सम्पादन गरेका क्रियाकलापहरु प्रचलित कानून बमोजिम वेवसाइटमा अद्यावधिक भईरहेको छ।
- आ.व. ०७२/७३ मा क्रमागत तथा नयाँ गरी देशका विभिन्न स्थानहरुमा ५२८ वटा मन्दिर परिसर र २१ वटा गुम्बाहरुको परिसर मर्मत सम्भार गरिएको छ।
- वैदेशिक सहायतामा मझौला एकीकृत शहरी वातावरणीय सुधार आयोजना, एकीकृत सहरी विकास आयोजना, सहरी शासकीय क्षमता तथा विकास कार्यक्रम र क्षेत्रीय शहरी विकास आयोजना संचालन गरिएको छ। सहरी सडक, ढल, Landfill site, खानेपानी, पार्क आदि निर्माण भएका छन्।

- विकासका दृष्टिले पछाडि परेका समुदायहरुलाई प्राथमिकता दिई उनीहरुको लागि आवास निर्माण गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने जनता आवास कार्यक्रमलाई २७ जिल्लाबाट विस्तार गरी आ.व. २०७२/७३ मा ४२ जिल्ला पुऱ्याइएको छ। आ.व. २०७२/७३ मा क्रमागत तर्फ १२१७ मध्ये ६५२ आवास इकाईको निर्माण सम्पन्न भएको र नयाँतर्फ १३१६ मध्ये १८८ आवास इकाईको निर्माण सम्पन्न भइ जम्मा ८४० वटा अवास इकाइ निर्माण सम्पन्न भएको छ। बाँकी आवास इकाइहरु निर्माणको विभिन्न चरणमा रहेको छ। शहरी न्यून आय वर्गका लागि आवास कार्यक्रम संचालन गरिएको छ।
- कुल बजेटको बीस प्रतिशत योगदान गर्ने गरी बाटो, सामुदायिक भवन, सूचना केन्द्र, मठ मन्दिरहरुको मर्मत आदि निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत गर्ने गरिएको छ।

३. खानेपानी तथा सरसफाइ मन्त्रालय

यस मन्त्रालय मार्फत संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएका छन्:-

खानेपानी तथा ढल निकास विभाग

- व.उ.शि.न. ३,४७,८०२ बाट १३१ वटा आयोजनाहरु सम्पन्न र ३,४७,८०५ बाट २ वटा आ. सम्पन्न भई ३,९३,५५९ जनसंख्या लाभान्वित भएका छन्।
- अर्घाखाची, ताप्लेजुङ जिल्लाका २ वटा दोस्रो साना सहरी खानेपानी आयोजना १८,००० जनसंख्या लाभान्वित भएका छन्।
- ५ वटा दोस्रो साना सहरी खानेपानी आयोजनाहरुमा स-साना केही कामहरु बाँकी भएपनि पानी वितरण कार्य प्रारम्भ भई ९१,००० जनसंख्या लाभान्वित भएका छन्।
- सामुदायिक वर्षातको पानी सङ्कलन आयोजनाबाट २,८५३ जनसंख्या लाभान्वित भएका छन्।
- सरकारी विद्यालयमा नमुना वर्षातको पानी सङ्कलन आयोजना सम्पन्न भई ५,००० विद्यार्थी लाभान्वित भएका छन्।
- आ.व ०७२/०७३ मा १३७९ आयोजनाहरू वार्षिक कार्यक्रममा समावेश गरिएकोमा ८,५१ वटा आ. मा पुनःनिर्माण सुरु गरी २९७ वटा सम्पन्न भएका छन्।

- चालू आ.व. मा १२ जिल्लाहरू, ४६ न.पा., ४१० गाविसहरू ODF घोषित भएको छ। हाल सम्म कूल २ अञ्चल, ३८ जिल्लाहरू, ११८ न.पा. र २१७५ गाविस हरू ODF घोषित भएका छन्।
- आ.व. ०७२/०७३ मा भूकम्पबाट क्षतिग्रस्त खानेपानी आयोजनाहरु मध्ये १३७९ वटा आयोजनाहरू वार्षिक कार्यक्रममा समावेश गरिएकोमा ८५१ वटा आयोजनामा पुनः निर्माण सुरु गरी २९७ वटा सम्पन्न भएको छ।

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति

- १२३ वटा ग्रामीण खानेपानी आयोजनाहरु सम्पन्न भई ९२,३७३ जनसंख्या लाभान्वित भएका छन्।
- ५५३ आयोजनाहरूको विकास चरणको सम्झौंता सम्पन्न भई परिचालन भईसकेको छ।

मेलम्ची खानेपानी आयोजना

- कुल २७ कि.मि मध्य १८ कि.मी. सुरुङ्ग निर्माण मध्ये यस अवधिमा करिव ५ कि.मी. सुरुङ्ग निर्माण भएको छ।
- यस अवधिमा पानी प्रशोधन केन्द्रको २०.२५% निर्माण कार्य सम्पन्न भई जम्मा ९१.२५% प्रगति हासिल भएको छ। विभिन्न ईकाईहरुमा ६,६५० घ.मी. समेत गरी जम्मा १८,००५ घ.मी. कंक्रीट ढलान कार्य सम्पन्न भएको छ।
- पानी प्रशोधन केन्द्रमा उपकरण जडान कार्य भइरहेको छ।
- आयोजना प्रभावित ३५ गा.वि.स. मा सामुदायिक उत्थान सम्वन्धी कार्यक्रम संचालन भइरहेको छ।

आयोजना कार्यान्वयन निर्देशनालय

- कुसुन्ती, वानेश्वर, तथा कालोपुल क्षेत्रमा नमुना सन्जाल खानेपानी पाइपलाइन निर्माण कार्य करिब १२१ कि. मी. सम्पन्न गरिएको छ।
- १९ स्थानमा ट्युवेल निर्माण कार्य गरिएको छ।
- सुन्दरीजलदेखि महाङ्कालचौर सम्म ९.५ कि.मि. मुख्य प्रशारण पाइपलाइन निर्माण कार्य सम्पन्न गरिएको छ।

- विद्यमान ढल प्रणालीको सर्वेक्षण कार्य भइरहेको छ।
- ११.०३४ कि.मी. थोक वितरण प्रणाली विस्तार गरिएको छ।
- ५०,००० घन मी. पानी पोखरीको निर्माण भएको छ।
- पाइप बिच्छ्याउने कार्य जम्मा ६७० कि.मि मध्ये ३७२.०७९ कि.मि. सम्पन्न भएको छ।
- धारा जडान कार्य जम्मा ८३,५४९ मध्ये २५,८३५ सम्पन्न भएको छ।
- काठमाण्डौं उपत्यका खानेपानी सुधार आयोजना (क) अन्तर्गत वितरण प्रणाली संजाल सुधार कार्य कूल ६७० कि.मि. मध्ये हाल सम्म ३८१.०६ कि.मि. सम्पन्न भएको छ। थोक वितरण प्रणाली निर्माण कार्य कूल ५१ कि.मि. मध्ये हालसम्म १३ कि.मि. सम्पन्न भएको छ। पानी पोखरी निर्माण कार्य ६ वटा, कूल क्षमता ५०,००० घ.मी., ६० प्रतिशत सम्पन्न भएको छ। ट्युवेल निर्माण कार्य कूल २० वटाको ५० प्रतिशत काम सम्पन्न भएको छ।
- काठमाण्डौं उपत्यका खानेपानी सुधार आयोजना (ख) अन्तर्गत वितरण प्रणाली संजाल सुधार कार्यको सर्भेक्षण तथा डिजाईन कार्य अन्तिम चरणमा पुगेको छ। थोक वितरण प्रणाली निर्माण कार्यको कूल १७ कि.मि. को पाईप उपलब्धि गर्ने कार्य भइरहेको छ। पानी पोखरी निर्माण कार्य ३ वटा, (कूल क्षमता १५,००० घ.मी.) कार्य प्रारम्भ भएको छ। सडक पुनः निमार्णकार्यको आर्थिक वोलपत्र मूल्याङ्कन कार्य भईरहेको छ।
- काठमाडौ उपत्यका ढल व्यवस्थापन आयोजना अन्तर्गत हनुमन्ते मुख्य ढल लाइनको २७ मार्च २०१६ मा निर्माण सम्झौता भई निर्माण कार्य शुरु भएको छ। गुह्येश्वरी प्रशोधन केन्द्र निर्माण सम्झौता १९ मे २०१६ मा निर्माण व्यवसायीवाट डिजाईन कार्य भइरहेको छ। सल्लाघारी, कोडकु र धोबिघाट प्रशोधन केन्द्रको आर्थिक बोलपत्र खोल्ने प्रकृयामा रहेको, मनोहरा मुख्य ढल लाइनको आर्थिक बोलपत्र मूल्याङ्कन भईरहेको छ। संकलन ढल लाइनहरुको सम्भाव्यता अध्ययन भइरहेको छ।

काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

- २/२ स्थानमा जग्गा सुरक्षाको लागि कम्पाउण्ड वाल निर्माण कार्य भइरहेको छ।
- २५/२२ स्थानमा होडिङ वोर्ड लगाउने कार्य भएको छ।

- ५०/४५ स्थानमा वर्षातको पानी संकलन प्रविधि जडान कार्य भएको छ।
- अन्य स्थानमा प्रविधि जडान कार्यको लागि सम्भाव्यता अध्ययन तथा अनुगमन सम्वन्धी कार्य भइरहेको छ।
- KUKL को ५०/५० वटा भूमिगत पानीका श्रोतको अनुगमन भइसकेको छ।
- ट्युववेलहरुको डिजिटल म्याप राख्ने कार्य सम्पन्न भएको छ।
- १००/ ५० वटा भूमिगत जलश्रोत अनुमति पत्र प्रदान गरिएको छ।
- भूमिगत श्रोतको निरीक्षण र वेलको अवस्था अध्ययनको लागि अवश्यक उपकरण खरिद गरिएको छ।

नेपाल खानेपानी संस्थान

- २०७२।४।०१ देखि कास्की जिल्ला स्थित हेम्जा क्षेत्रमा सेवा सञ्चालनको लागि कार्यालय स्थापना गरी कार्य क्षेत्र थप गरिएको छ।
- महोत्तरी जिल्लाको गौशाला खानेपानी आयोजना सञ्चालन गर्न नेपाल खानेपानी संस्थानलाई हस्तान्तरण पश्चात संस्थानले सञ्चालन गरी कार्य क्षेत्र थप गरिएको छ।
- कपिलवस्तुको बहादुरगञ्ज खानेपानी आयोजना संस्थानलाई हस्तान्तरण गर्ने प्रकृयाको लागि मुल्याङ्कन कार्यदल गठन भएको छ। सो हस्तान्तरण कार्य चांडो सम्पन्न भई संस्थानको सेवा क्षेत्र थपिने अपेक्षा गरिएको छ।
- अन्य नगर क्षेत्रहरुबाट पनी खानेपानी आयोजना हस्तान्तरण गरी सेवा उपलब्ध गराउन संस्थानलाई अनुरोध गरिएको छ।
- पोखराको खानेपानी सूधारको लागि मर्दि मुहानको पानी प्रशोधन तथा अन्य निर्माण कार्यको लागि जाईकाबाट प्रारम्भिक अध्यान सम्पन्न भइसकेको छ। उक्त कार्यको लागि आवश्यक पर्ने जग्गा प्राप्ति सम्बन्धी कार्य अघि बढेको छ।
- बक्यौता असुली गर्न संस्थानले बक्यौता असुली नीति तयार गरी शाखा कार्यालयहरुमा परिपत्र गरिसकिएको छ। जसबाट बक्यौता असुलीमा केही सहजता भएको छ।
- २०७१।०१।०१ देखि लागु हुने गरी क्षतिपूर्ति सहितको वडापत्र लागु गरिएको छ।

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

- ईन्टेकहरू सुधार गरी पानी उत्पादनमा कमी हुन नदिएको र बोडे मुहान पुननिर्माण गर्न सम्भौता भई कार्य भइरहेको छ।
- पानी प्रशोधन केन्द्रहरू सुधार गरी पानीको गुणस्तरमा सुधार गरीएको छ। ल्याव ईक्विपमेण्ट खरिद गर्न सम्झौता भई कार्य भइरहेको छ।
- चापागाँउ स्थित खसीमारा मुहानको पानी लिन स्थानीय स्तरमा छलफल भई कार्यान्वयन गर्न सहमति पत्र प्राप्त भएको छ।
- सिहदरवार परिसर भित्र निर्माण कार्य सुरु भइरहेको छ।
- महादेव खोला वेल न. १, साङ्गलेखोला, बङ्गुरपालन आदि टेष्ट ट्यूववेलहरुबाट १.८ एम.एल.डि.थप पानी उत्पादन गरिएको छ। पुरानो ट्यूववेलमा पम्प जडान गरी पानी उत्पादनमा कमी हुन दिईएको छैन।
- १० कि.मि. खानेपानी लाईन विस्तार गरिएको छ।
- ४५० मि. ढलको पाईप लाईन विस्तार गर्नुपर्नेमा ७०% सम्पन्न गरी बाँकी कार्यको लागि बोलपत्र सम्झौता भएको छ।
- सुख्खा मौसम कार्यक्रम अन्तर्गत समानुपातिक पानी वितरण गर्न ईन्टरकनेक्सन, भल्व तथा पम्प जडान गर्ने कार्य सम्पन्न गरिएको छ। चुहावट नियन्त्रण अन्तर्गत सतहमा देखिएको चुहावट मर्मत तथा पानी प्रदूषण नियन्त्रण गरिएको छ।

४. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

- पुनर्निर्माण तथा पुनस्थापना सम्बन्धी योजनाको खाका, स्वीकृत संगठन संरचना तथा कानूनी व्यवस्था अनुरुप पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यलाई अघि बढाउनका निम्ति आवश्यक पर्ने अर्को सबैभन्दा महत्वपूर्ण पक्ष भनेको समग्र जनशक्ति व्यवस्थापन नै हो। यस सम्बन्धमा प्राधिकरणले तत्काल संगठन व्यवस्थापन सर्वेक्षण गरी आफ्नो स्थापनाको १५ औं दिनमै मिति २०७२ साल पुष २७ गते जनशक्ति व्यवस्थापन योजना तथा दरबन्दी स्वीकृत गऱ्यो। प्राधिकरणको ऐनको व्यवस्था अनुरुप आवश्यक पर्ने कर्मचारीहरु नेपाल सरकारले उपलब्ध गराउनु पर्ने, तर सरकारले नियमित दरबन्दीमा रहेका कर्मचारीहरुबाट प्राधिकरणका लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था मिलाउनुपर्ने भएका कारण प्राधिकरणमा चरणवद्ध रुपमा

जनशक्ति व्यवस्थापन गर्नुपर्ने अवस्था रह्यो। तथापि सरकारले हालसम्म जम्मा ९७ जना स्थायी सेवा अन्तर्गत कर्मचारी उपलब्ध गराएको छ भने प्राधिकरणले २८ जना करार सेवा अन्तर्गत व्यवस्था गरेको छ। त्यस्तै प्राधिकरणलाई आवश्यक पर्ने विज्ञ जनशक्तिको व्यवस्थापन विभिन्न दातृ संस्थाको सहयोगमा मिलाइएको छ।

- नेपाल सरकारबाट तत्काल उपलब्ध जनशक्तिबाट मात्र आवश्यक जनशक्ति पूर्ति हुन नसक्ने भएकाले करार सेवा अन्तर्गत जनशक्ति व्यवस्था मिलाइएको छ। यसरी नेपाल सरकार एवं करार सेवामा गरी हाल सम्म प्राधिकरणमा जम्मा १२५ जना, सहरी विकास मन्त्रालय अन्तर्गत जम्मा २७२६ जना, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत ४७६ जना, शिक्षा मन्त्रालय अन्तर्गत जम्मा १६८ जना तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत जम्मा ८३ जना गरी कूल ३५७८ जना कर्मचारी तथा विज्ञ जनशक्ति पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा संलग्न छन्।
- पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी योजनाको खाकाले उक्त कार्यका लागि कम्तिमा ८ सय ३८ अर्ब रुपैयाँ आवश्यक पर्ने आंकलन गरेको छ। विभिन्न दातृ निकाय तथा अन्तर्राष्ट्रिय समुदायबाट नेपालको भूकम्प पश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापना कार्यका लागि गत २०७२ साल असार १० गते भएको अन्तर्राष्ट्रिय सम्मेलनमा करिव ४१० अर्ब रुपैयाँको प्रतिबद्धता व्यक्त गरिएको भएतापनि पहिले नै अन्य क्षेत्रमा प्रतिबद्धता गरिएका नियमित योजना तथा कार्यक्रमका लागि छुट्टाइएको रकम घटाउँदा जम्मा करिव ३ सय ५० अर्ब रुपैयाँ मात्रको वास्तविक प्रतिबद्धता देखिन्छ। हालसम्म विभिन्न मुलुक तथा दातृ निकायहरुबाट १ खर्ब ८३ अर्ब रुपैयाँ बराबरको वित्तीय सहयोग सम्बन्धी सम्झौता सम्पन्न भइसकेको छ भने थप ८५ अर्ब रुपैयाँ बराबरको वित्तीय सहयोगका लागि सम्झौता अन्तिम चरणमा पुगेको छ।
- पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्य सरकारको एक्लो प्रयासले मात्र सम्पन्न गर्न कठीन हुन्छ। यस कार्यमा गैरसरकारी संस्था, निजी क्षेत्र तथा स्थानीय समुदायहरुको परिचालनलाई समेत विशेष जोड दिनु पर्दछ। यस कुरालाई ध्यानमा राख्दै प्राधिकरणले गैरसरकारी संस्थाहरुको परिचालन सम्बन्धी निर्देशिका तयार पारी लागू गरेको छ भने भूकम्प प्रभावित क्षेत्रका स्थानीय समुदायहरुको परिचालनका लागि पुनर्निर्माण सामुदायिक समिति सम्बन्धी निर्देशिका कार्यान्वयनमा ल्याएको छ।

- स्थानीय जनताको घर दैलोमा बैंकिङ सेवाद्वारा आवास अनुदान तथा सहुलियत ऋण उपलब्ध गराउने व्यवस्थाका साथै भविष्यमा विभिन्न प्रकारका जीविकोपार्जन तथा उद्यमशीलता विकास सम्बन्धी कार्यमा बैंकिङ क्षेत्रलाई परिचालन गर्ने गरी आवश्यक व्यवस्था मिलाइएको छ। यस कार्यमा भूकम्प प्रभावित क्षेत्रका क, ख र ग वर्गका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुलाई परिचालन गरिएको छ। त्यस्तै निजी क्षेत्रको पुनर्स्थापनाका लागि सरकारले एक खर्ब रुपैयाँको पुनर्स्थापना कोष स्थापना गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छ।
- नेपाल सरकार र दातृ निकायका बीच भएको सम्झौता अनुसार विस्तृत घरधुरी सर्वेक्षणका लागि United Nations Organization for Project Services (UNOPS) ले सर्भेक्षणका लागि आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउनुपर्ने व्यवस्था भए बमोजिम प्राधिकरणले सम्बद्ध निकायहरुलाई उक्त कार्य छिटो सम्पादन गराउन आवश्यक कार्ययोजना तयार पारी जनशक्ति परिचालन गर्न निर्देशन दिएको छ। जसको फलस्वरुप काठमाडौं उपत्यका बाहेकका भूकम्प अतिप्रभावित ११ जिल्लामा करिव १७ सय जना इन्जिनियरहरु एकसाथ परिचालन गरिएका छन्।
- विस्तृत घरधुरी सर्वेक्षणबाट हालसम्म ५ लाख ३३ हजार ४ सय ५४ घरपरिवारहरु दुई लाख रुपैयाँ नीजि आवास अनुदान प्राप्त गर्ने सूचीमा परेका र उनीहरुको सूची सम्बद्ध गाविस तथा नगरपालिकाहरुमा प्रकाशन गरिसकिएको छ। २०७३ साल साउन ५ गतेसम्म २ लाख ६० हजार ८ सय २८ लाभग्राही घरधनीहरुसँग निजी आवास अनुदान सम्झौता गरिसकिएको छ भने ३९ हजार ७ सय २ घरधनीको पहिलो किस्ता बराबरको ५० हजार रुपैयाँ बैंक खातामा जम्मा भइसकेको छ।
- सरकारबाट प्राप्त भएको अनुदान, गैरसरकारी संस्थाको सहयोग र आफ्नै लगानी समेत गरी करिव १० हजार भूकम्प प्रतिरोधी घरहरु निर्माणको प्रक्रियामा रहेका छन्। भूकम्प प्रतिरोधी घर निर्माण कार्यलाई थप सहज बनाउन ठाउँ ठाउँमा मोडेल घरहरु तयार पार्ने काम भइरहेको छ।
- जोखिमयुक्त बस्तीबाट विस्थापित हुन पुगेका र हालसम्म पनि टेन्ट एवं पालमा बसिरहेका भूकम्प पीडित घरपरिवारहरुलाई स्थायी आवासको व्यवस्था नहुँदासम्म सामूहिक आवासमा राख्ने व्यवस्था मिलाउनका लागि जिल्ला दैवी प्रकोप उद्धार समितिले स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु सहितको सहभागितामा गरेको निर्णय अनुसारको संख्या र स्थानमा सामूहिक आवास निर्माण गरिएको छ। यस अवधारणा

अनुसार हालसम्म नेपाली सेनाद्वारा ३६ वटा र सहरी विकास मन्त्रालयद्वारा ४६ वटा सामूहिक आवासको निर्माण कार्य गरिएको छ। उक्त आवास भवनहरुलाई भविष्यमा आपत्कालीन उद्धार केन्द्र वा सामुदायिक भवनका रुपमा उपयोग गरिनेछ।

- आवास अनुदान सम्झौता गर्दा आउने गुनासो सुनुवाई सम्बन्धी कार्यविधि बनाई गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था मिलाइएको छ। यसका लागि गाविस तहमा गाविस सचिव, सामाजिक परिचालक तथा सम्बन्धित वडा नागरिक मञ्चका अध्यक्ष रहने समितिबाट, जिल्ला तहमा प्रजिअको संयोजकत्वमा गठित समितिबाट र प्राधिकरण तहमा प्राधिकरणका कार्यकारी समिति सदस्य संयोजक रहने समितिबाट गुनासो सुनुवाई गर्ने गरी आवश्यक संरचना सहित गुनासो सुनवाई कार्य अघि बढाइएको छ।
- प्राधिकरणको केन्द्रीय कार्यालयमा गुनासो सुनुवाईका लागि दुई जना सहसचिवको नेतृत्वमा २२ जना तालिम प्राप्त इन्जिनियहरुको टोली परिचालन गरिएको छ। सर्वेक्षण सम्पन्न भइसकेका भूकम्पबाट अति प्रभावित ११ जिल्लाबाट प्राप्त हुने गुनासोहरुको सम्बोधन सहित आवश्यकता अनुसार Verification गर्ने कार्ययोजना अनुरुप गुनासो सम्बोधन प्रकृया अघि बढाइएको छ।
- भूकम्पबाट अति प्रभावित १४ जिल्ला अन्तर्गत काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर तथा भक्तपुर जिल्लामा विस्तृत घरधुरी सर्वेक्षण Verification Model मा सुरु गरिएको छ। यस कार्यमा करिव ४ सय ५० जना इन्जिनीयरहरुको परिचालन गरिएको छ। यस्तै गरी भूकम्प प्रभावित ३१ जिल्ला मध्ये १७ वटा जिल्लामा समेत सर्वेक्षणका लागि गृहकार्य अगाडि बढाइएको छ।
- भूकम्पबाट क्षतिग्रस्त घरहरुको पुनर्निर्माणका निम्ति आवश्यक पर्ने इन्जिनियर लगायतका प्राविधिक जनशक्तिहरुको व्यवस्था मिलाइएको छ। त्यसका लागि भूकम्प अति प्रभावित १४ जिल्लाका प्रत्येक गाविसमा दुई जना इन्जिनियर, एक जना सब इन्जिनियर र एक जना एसिस्टेन्ट सब इन्जिनियरहरुको व्यवस्था हुने गरी सहरी विकास मन्त्रालयमार्फत १ हजार ३ सय ४६ जना इन्जिनियर, ५ सय २१ जना सब इन्जिनियर तथा ५ सय ७५ जना असिस्टेन्ट सब इन्जिनियरहरु परिचालन गरिएको छ। यसरी खटिएका प्राविधिकहरुले सम्बन्धित घरधनीहरुलाई घर निर्माण गर्ने स्थलमै पुगी भूकम्प प्रतिरोधी बलियो घर सम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराउनेछन्। सम्बन्धित घरधनीले अनुदान सम्झौताका बखत प्राधिकरणद्वारा स्वीकृत १७ प्रकारका डिजाइन वा तोकिएको मापदण्डको सूचीका आधारमा घर बनाउने गरी

छनौट गर्न सक्नेछन् वा भूकम्प प्रतिरोधी डिजाइन अनुरुप आफै घर नक्सा समेत पेश गर्न सक्दछन्। गाविस तहमा घर निर्माणका लागि नक्सा पास गर्नु नपर्ने तथा भूकम्प प्रतिरोधी घर निर्माण गर्ने गरी अनुदान सम्झौता गर्नुपर्नेछ भने नगरपालिका क्षेत्रका लागि सम्बन्धित घरधनीले स्थानीय स्वायत्त शासन ऐनमा रहेको प्रावधान अनुसार नक्शा पासका लागि पेश गर्नु पर्नेछ।

- नगरपालिका क्षेत्रमा बन्ने घरहरु प्राधिकरणद्वारा स्वीकृत डिजाइनभित्र रहेमा सोही बमोजिमको नक्शाको डिजाइन मात्र पेश गरे पुग्छ भने नयाँ फरक नक्शा डिजाइन अनुसार गर्न चाहेमा मात्र नयाँ नक्शा पेश गर्नुपर्नेछ।
- भूकम्पको तत्काल पश्चात् केन्द्रीय दैवी प्रकोप उद्धार समिति एवं खानी तथा भूगर्भ विभागद्वारा पहिचान गरिएका करिव ४ सय ७५ वटा जोखिमपूर्ण बस्तीहरुको वृहत अध्ययन गरी वास्तविक जोखिम युक्त बस्तीहरुको पहिचान गर्नका लागि प्राधिकरणको संयोजनमा खानी तथा भूगर्भ विभाग, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग तथा भूसंरक्षण विभाग सहितको टोली परिचालन गरिएको छ। उक्त टोलीले हालसम्म १ सय १७ वटा बस्तीहरुको अध्ययन गरी ५६ वटा बस्तीहरु सार्नुपर्ने, ४० वटा बस्तीहरुलाई सुरक्षित गराउन सकिने तथा २१ वटा बस्तीहरु सुरक्षित रहेको प्रतिवेदन सहित असुरक्षित बस्तीहरुको स्थानान्तरणका निम्ति सम्भावित स्थानहरुको सिफारिस गरेको छ भने थप बस्तीहरुको अध्ययनका लागि आवश्यक कार्य अघि बढाइएको छ।
- अध्ययनका आधारमा स्थानान्तरण गर्नुपर्ने बस्तीहरुका लागि सम्भावित स्थानहरुको छनौट सहित प्रथम चरणमा विभिन्न २१ स्थानमा एकीकृत सघन बस्ती विकास गर्नका लागि सहरी विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाइले अध्ययन कार्य अघि बढाएको छ। त्यसरी स्थानान्तरण गर्नुपर्ने बस्तीहरुलाई Smart Village का रुपमा विकास गर्ने सोच अनुरुप बजेट व्यवस्था मिलाइएको छ। यसको पहिलो नमूना बस्तीका रुपमा गैरआवासीय नेपाली संघको सहकार्यमा गोरखाको लाप्राक बस्तीलाई गुप्सीपाखामा सारी एकीकृत बस्ती विकास गर्ने गरी योजना तयार पार्ने कार्य अघि बढाइएको छ भने भूकम्पको केन्द्र बिन्दुका रुपमा रहेको गोरखाको बारपाकलाई Smart Village का रुपमा विकास गर्नका लागि एकीकृत योजना तयार पार्ने कार्य यही श्रावण मसान्तसम्ममा सम्पन्न गरी आगामी वर्षभित्रै निर्माण कार्य गर्ने लक्ष्य राखिएको छ।

- भूकम्प प्रभावित घरधनीहरु मध्ये पूर्णरुपमा क्षति भएका घरधनी लाभग्राहीहरुलाई दुई लाख रुपैयाँ अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था रहेको तर आंशिक क्षति भएका घरधनीहरुलाई सरकार एवं प्राधिकरणले कुनै पनि सहयोग नगरेको भनी व्यापक जनगुनासो आइरहेको सम्बन्धमा प्राधिकरणको निर्देशक समितिले त्यसरी आंशिक क्षति भएका र मर्मत सम्भार तथा प्रवलीकरण (Retrofitting) गर्नुपर्ने घरधनीहरुलाई उक्त कार्य गर्नका लागि ५० हजार रुपैयाँ अनुदान सहयोग गर्ने निर्णय गरेको छ। यस व्यवस्थाले भत्किएका वा भत्काएर पुनर्निर्माण गर्नुपर्ने घरहरुका लागि दुई लाख रुपैयाँ र नभत्किएका तर आंशिक क्षति भई मर्मत सम्भार वा प्रवलीकरण गर्नुपर्ने घरधनीका लागि ५० हजार रुपैयाँ उपलब्ध हुनेछ।
- भूकम्प प्रभावित धादिङ तथा गोरखा जिल्लामा पर्ने बुढी गण्डकी आयोजनामा पर्ने भूकम्प प्रभावित लाभग्राही घरधनीलाई डुबान क्षेत्रभन्दा बाहिर स्थायी घर निर्माण गर्न तथा डुबान क्षेत्र भित्र अस्थायी घर निर्माणका लागि दुई लाख रुपैयाँ अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस व्यवस्थाले त्यस क्षेत्रका बासिन्दाले लामो समयदेखि गरेको मागको सम्बोधन भएको छ।
- गैर सरकारी संस्था परिचालन निर्देशिकामा रहेको व्यवस्था अनुसार हालसम्म १ सय ४ वटा प्रस्तावहरु स्वीकृत भई १९ हजार ४ सय ५२ वटा निजी आवास पुननिर्माणका लागि १७ वटा विभिन्न गैरसरकारी संस्थाहरुबाट प्राप्त प्रस्तावहरु स्वीकृत गरिएको छ। निजी आवास निर्माण सहित विभिन्न कार्यक्रम सञ्चालनका लागि स्वीकृत गरिएका प्रस्तावहरु करिव ४० अर्ब रुपैयाँ बराबरका छन्।
- आ.व. २०७२/७३ मा राष्ट्रिय पुनर्निर्माण प्रधिकरणबाट विभिन्न निकायहरुमा तपशील बमोजिमको खर्च गर्ने अख्तियारी पठाइएको छ।

शिक्षातर्फ

- निजी आवास पछाडि सबै भन्दा धेरै क्षति भएको शिक्षा क्षेत्रसँग सम्बन्धित विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुको पुननिर्माण कार्यलाई विशेष महत्वका साथ अघि बढाइएको छ। विद्यालय भवनको स्थायीय लाग्ने भएकाले विद्यार्थीहरुले पढ्न पाउने अवस्था सिर्जना होस् भन्ने उद्देश्यले उक्त निर्माण अवधिसम्मलाई हुने गरी अस्थायी विद्यालय भवनहरु (Temporary Learning Centers, TLCs) को निर्माण कार्यलाई द्रुतगतिमा अघि बढाइएको छ। करिव ९ हजार विद्यालयका १९ हजार भन्दा बढी

कक्षा कोठाहरु पूर्ण रुपमा क्षतिग्रस्त भएका र ११ हजार भन्दा बढी कक्षा कोठाहरु आंशिक रुपमा क्षतिग्रस्त भएकामा हालसम्म जम्मा आठ हजार विद्यालयका लागि अस्थायी कक्षाकोठाहरुको निर्माण कार्य सम्पन्न गरिएको छ।

- एसियाली विकास बैंक तथा जाइकाद्वारा ६०० वटा विद्यालयहरुको पुनर्निर्माण गर्ने गरी वित्तीय सहयोगका लागि सम्झौता भएकामा हालसम्म ६२ वटा विद्यालयहरुको बोलपत्र भई निर्माण कार्य अघि बढाइएको छ। ५०० सय वटा विद्यालयका लागि डिजाइन तथा लागत अनुमान तयार भइरहेको छ।
- भूकम्पका कारण अन्यन्त ठूलो संख्यामा विद्यालय भवनहरु क्षतिग्रस्त भएका र सो को पुनर्निर्माणका लागि ठूलो धनराशी आवश्यक पर्ने तथा टेण्डर प्रक्रियाबाट मात्र निर्माण कार्य अघि बढाउँदा समयमा निर्माण कार्य सम्पन्न हुन नसक्ने स्थिति देखिएकाले प्राथमिक एवं निम्न माध्यमिक तहका विद्यालय तथा दुई करोड रुपैयाँसम्मको लागत पर्ने माध्यमिक एवं उच्च माध्यमिक विद्यालयहरुको पुनर्निर्माण कार्य सम्बन्धित विद्यालय व्यवस्थापन समितिद्वारा गर्ने गरी आवश्यक कार्यविधि तयार गरिएको छ। यस व्यवस्था अनुसार सम्पूर्ण विद्यालय भवनहरुको पुनर्निर्माण आगामी तीन वर्षभित्रमा सम्पन्न गरिने छ। हालसम्म १४७६ वटा विद्यालय भवनहरु पुनर्निर्माण क्रममा रहेका छन् भने बाँकी ४ हजार ७ सय ६ वटाका लागि डिजाइन कार्य भइरहेको छ।
- विभिन्न विद्यालय तथा शैक्षिक संस्थाहरुको पुनर्निर्माणका लागि विभिन्न साझेदार संस्थाहरुसँग त्रिपक्षीय सम्झौता भई ३३७ वटा विद्यालय पुनर्निर्माण कार्य अघि बढाइएको छ।

स्वास्थ्यतर्फ

- भवनहरु क्षतिग्रस्त भएका छन्। स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रका भवनहरुको पुनर्निर्माण कार्य तत्काल अघि बढाउनु पर्ने कुरालाई हृदयगंम गर्दै सम्भव भएसम्म प्रिफेव संरचना निर्माण गर्ने गरी कार्य अघि बढाइएको छ। यस अवधारणा अनुसार हालसम्म ८३ वटा स्वास्थ्य संस्थाका भवनहरु पुनर्निर्माण कार्य सम्पन्न गरिएको छ भने ६३ वटाको स्थायी भवन निर्माण भईरहेको तथा १६३ वटाको निर्माण कार्यका लागि डिजाइन तयार भइरहेको छ।

- स्वास्थ्य क्षेत्रका भवनहरुको पुनर्निर्माणका लागि हालसम्म ३९ वटा गैरसरकारी संस्था तथा दातृ निकायबाट ४४४ वटा अस्पताल तथा स्वास्थ्य केन्द्रहरुको निर्माणका लागि सम्झौता गरिएको छ। जसमध्ये हालसम्म ८२ वटा सम्पन्न भईसकेका छन् भने ११५ वटा स्थायी रुपमा, २६२ वटा प्रिफेव संरचनामा, २७ वटा मर्मत सम्भार र ४० वटा अस्थायी रुपमा निर्माण कार्य गर्ने गरी सम्झौता भएका छन्। त्यसैगरी २५२ वटा स्वास्थ संस्थाका भवनहरु प्रिफेब संरचनामा र ३८ वटा अस्थायी संरचनामा निर्माण भइरहेका छन् भने २९ वटा प्रिफेव संरचना आ.व. ०७३/७४ मा निर्माण गर्ने गरी कार्य अघि बढाइएको छ।
- ३२ वटा अस्पताल तथा स्वास्थ्य संस्थाका भवनहरुको मर्मत, सुधार तथा प्रवलीकरण भइरहेका छ भने २९१ वटाका लागि लागत अनुमान तयार पारी कार्य अघि बढाइएको छ ।

पुरातात्विक सम्पदाहरुको पुनर्निर्माण तर्फ

- गत २०७२ साल माघ २ गतेको राष्ट्रिय भूकम्प दिवसको सन्दर्भ पारेर सम्माननीय राष्ट्रपतिज्यूबाट रानीपोखरीको पुनर्निर्माण कार्यको गुरुयोजनाको अनावरण सहित शिलन्यास गरेसँगै पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरुको पुनर्निर्माण कार्यको औपचारिक रुपमा थालनी गरियो भने सोही दिन प्रधानमन्त्रीद्वारा काठमाडौं उपत्यकाको अत्यन्त पुरानो बस्तीका रुपमा रहेको बुङमतीको गुरु योजनाको अनावरण गरी परम्परागत तथा सांस्कृतिक महत्वको बस्तीको एकीकृत तथा योजनाबद्ध विकास गर्ने कार्यको थालनी गरियो। उक्त आयोजनाहरु मध्ये रानी पोखरीको पुनर्निर्माण कार्यको टेण्डर स्वीकृत भई निर्माण व्यवसायीमार्फत आगामी भाइटिका सम्ममा कार्य सम्पन्न गर्ने गरी द्रुत गतिमा कार्यञ भईरहेको छ भने बुङमती बस्तीमा विस्तृत घरधुरी सर्वेक्षण सम्पन्न भई अनुदान सम्झौता कार्य भइरहेको छ। स्थानीय उपभोक्ता समितिद्वारा चरणबद्ध रुपमा पुनर्निर्माण गर्ने गरी हाल बसपार्कको निर्माण कार्य भइरहेको छ।
  - भूकम्पका कारण करिव ७ सय ५७ वटा पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरु पूर्ण रुपमा क्षतिग्रस्त भएकामा पुरातत्व विभागबाट हालसम्म ५१ वटा सम्पदाहरुको पुनर्निर्माण कार्यका लागि टेण्डर भई १७ वटा सम्पदाहरुको पुनर्निर्माण कार्य भइरहेको छ।

- पुरातात्विक महत्वका बुङमती, खोकना, साँखु लगायतका बस्तीहरु तथा करिव २३ वटा सम्पदाहरुको पुनर्निर्माण कार्यका लागि भारत सरकारको सहयोग प्राप्त हुने भएको छ भने चीन सरकारको सहयोगमा वसन्तपुर दरबार क्षेत्र अन्तर्गतका नौ तले वसन्तपुर दरबार तथा नुवाकोट दरबार सहितका पुरातात्विक सम्पदाहरुको पुनर्निर्माण गर्ने गरी सम्झौता भइसकेको छ।
- २०७३ वैशाख १२ गतेका दिन भूकम्पको वार्षिक कार्यक्रमको सन्दर्भ पारेर प्रधानमन्त्रीबाट शिलान्यास गरिएको स्वयम्भूको अनन्तपुरको पुनर्निर्माण कार्य भइरहेको छ। यस्तै गरी सोही दिन विभिन्न प्रमुख राजनैतिक दलका नेतृत्व तहबाट शिलान्यास भएका सांस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाहरु पाटनको मणिमण्डप, भक्तपुरको फसिदेग तथा हनुमान ढोकाको वंशगोपाल मन्दिरहरुको पुनर्निर्माण कार्य द्रुतगतिमा अघि बढाइएको छ।
- हाम्रो धरोहरका रुपमा रहेको धरहराको पुनर्निर्माण कार्य नेपाली जनताबाट संकलन गरेको रकमबाट गर्ने सोच अनुरुप "मेरो धरहरा मै बनाउँछु" अभियान अन्तर्गत धरहरा पुनर्निर्माण कोषमा करोड ९८ लाख ७८ हजार १ सय ३२ रुपैयाँ जम्मा भईसकेको छ भने नेपाल एसबीआई बैंकले ५ करोड २१ लाख चेक हस्तान्तरण गरिसकेको छ। विशेष गरी धरहरा पुनर्निर्माण योजनाको खाका तयारी पश्चात् रकम संकलन अभियानलाई वृहत ढंगले सञ्चालन गर्न सकिने सुझावहरु प्राप्त भएको सन्दर्भमा पुरातत्व विभागमार्फत धरहराको डिजाइनका लागि परामर्शदाता छनौट भई डिजाइन कार्य भईरहेको छ। यसका लागि हाल नेपाल राष्ट्र बैंकको टक्सार कार्यालय भएको जग्गा र सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतको गोश्वारा हुलाक रहेको जग्गा समेत समेट्ने गरी धरहराको निर्माण कार्य अघि बढाउने सम्बन्धमा मन्त्रिपरिषद्वाट निर्णय भैसकेको छ धरहराको प्रारम्भिक मोडेल डिजाइन तयार भएको छ।
- भक्तपुरको दरबार क्षेत्र तथा अन्य पुरातात्विक एवं सांस्कृतिक सम्पदाहरुको पुनर्निर्माण कार्य जर्मन सरकारको करिव १ अर्ब १० करोड रुपैयाँ बराबरको सहयोगमा भक्तपुर उपमहानगरपालिका मार्फत भइरहेको छ।
- पाटन दरबार क्षेत्रको पुनर्निर्माण कार्य काठमाडौं उपत्यका संरक्षण कोष (Kathmandu Valley Preservation Trust) मार्फत भइरहेको छ। उक्त कार्यका लागि युएसएआइडीद्वारा वित्तीय सहयोग उपलब्ध गराइएको छ।

- बौद्धनाथ स्तूपाको पुनर्निर्माण कार्य बौद्धनाथ क्षेत्र विकास समितिमार्फत करिव १८ करोड रुपैयाँ लागतमा भइरहेको छ।
- ललितत्रिपुरा सुन्दरी मन्दिर क्षेत्र लगायत थापाथलीदेखि त्रिपुरेश्वरसम्मको बागमती किनारका पुरातात्विक सम्पदाहरुको पुनर्निर्माण कार्य काठमाडौं विश्वविद्यालय, गुठी संस्थान, कामनपा तथा पुरातत्व विभागद्वारा गर्ने गरी कार्य अघि बढाइएको छ।
- माथि उल्लेख गरिए बाहेकका पुरातात्विक महत्वका सम्पदाहरुको पुनर्निर्माण कार्यका लागि विभिन्न दातृ संस्थाहरुसँग छलफल अघि बढाइएको छ।
- काठमाडौं उपत्यका लगायतका पुराना बस्तीहरुको पुनर्निर्माण कार्यका लागि आवश्यक योजना तथा भवन मापदण्ड समबन्धी प्रस्ताव तयार पारी छलफल अघि बढाइएको छ भने यसका लागि प्राधिकरणका कार्यकारी सदस्यको संयोजकत्वमा मापदण्ड निर्धारण समिति गठन गरिएको छ।

सरकारी एवं सुरक्षा निकायका भवन तथा संरचनाहरुको पुनर्निर्माणतर्फ

- केन्द्रीय प्रशासनिक भवनका रुपमा रहेको र पुरातात्विक महत्व बोकेको सिंहदरबारको पुनर्निर्माण सम्बन्धी डिजाइन कार्य तथा राष्ट्रपति एवं उपराष्ट्रपति भवनको डिजाइन कार्य अघि बढाइएको छ। त्यस्तै गरी नेपाल राष्ट्र बैंक, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय न्याय प्रशिक्षण प्रतिष्ठान, निजामती किताबखाना र राष्ट्रिय पुस्तकालयको भवन पुनर्निर्माणका लागि सहरी विकास मन्त्रालय अन्तर्गतको आयोजना कार्यान्वयन इकाई मार्फत परामर्शदाता छनौट कार्य अघि बढाइएको छ। राष्ट्रपति भवन पुनर्निर्माण कार्यमा समय लाग्ने भएकाले उक्त अवधिका लागि हुने गरी प्रिफेव भवन निर्माण कार्यका लागि टेण्डर भई बोलपत्र मूल्यांकनको क्रममा रहेको छ।
- नेपाली सेनाको मुख्यालय लगायतका ११०९ वटा ब्यारेक/भवनहरु क्षतिग्रस्त भएकोमा हाल नेपाली सेनामार्फत सैनिक मुख्यालय लगायतका २१ वटा भवन तथा ब्यारेकहरुको पुनर्निर्माण कार्य भइरहेको छ भने बाँकी १०८८ वटा ब्यारेक/भवनका लागि डिजाइन भइरहेको छ।

- नेपाल प्रहरीतर्फ १२० वटा प्रहरी चौकी एवं २३ वटा इलाका प्रहरी कार्यालयहरु क्षतिग्रस्त भएकामा हाल डिजाइन कार्य अघि बढाइएको छ।
- सशस्त्र प्रहरीतर्फ करिव ३५ वटा भवन तथा संरचनाहरु क्षतिग्रस्त भएकामा हाल डिजाइन कार्य भइरहेको छ।

- भूकम्पका कारण करिव २६५६ वटा सरकारी भवनहरु पूर्ण रुपमा क्षतिग्रस्त भएकामा हाल १७८ वटा सरकारी भवनहरु प्रिफेव सामग्री प्रयोग गरी पुनर्निर्माण गरिंदै छ भने स्थायी संरचना निर्माणका लागि डिजाइन कार्यलाई पनि अघि बढाउने काम जारी रहेको छ।
- स्थानीय निकायतर्फ ४ वटा जिविस भवनहरु, ७७ वटा नगरपालिका र नगरपालिका वडा कार्यालय भवन तथा १७२ वटा गाविस भवनहरु क्षतिग्रस्त भएकामा हाललाई नगरपालिका भवन तथा गाविस भवनहरुको अस्थायी व्यवस्था मिलाउने गरी बजेट व्यवस्था सहित कार्य अघि बढाइएको छ।

सडक, खानेपानी लगायतका पूर्वाधारहरुको पुनर्निर्माणतर्फ

- रणनैतिक सडकहरु मध्ये १४० कि.मी. सडक निर्माण गर्नुपर्नेमा सडक विभागमार्फत हाल २ वटा सडकको बोलपत्र मूल्यांकन भइरहेको र अन्य सडकहरुको पुनर्निर्माण कार्य भईरहेको छ।
- जिल्ला स्तरीय सडकहरुतर्फ ६६ वटा सडक अन्तर्गत १०६० कि.मी. सडक क्षतिग्रस्त भएकामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईमार्फत हाल २ वटा सडकहरुको पुनर्निर्माण कार्य अघि बढाइएको छ भने अन्य सडकहरुको डिजाइन भइरहेको छ। यसका लागि एसियाली विकास बैंकबाट २५ वटा सडक अन्तर्गत ४७० कि.मी. निर्माणार्थ सहयोग प्राप्त भएको छ भने डिअफआडीमार्फत ७ वटा सडक अन्तर्गत ११८ कि.मी. सडकका लागि सहयोग प्राप्त हुने प्रकृयामा रहेको छ। यस्तै गरी पर्यटनका निम्ति तथा ग्रामीण यातायातका निम्ति महत्वपूर्ण हबमा रहेका पदयात्रा मार्गहरुको पुनर्निर्माण गर्नुपर्ने भएकामा केही पदमार्गहरुको पुनर्निर्माण गरिएको छ भने थप पदमार्गहरुका लागि डिएफआइडी लगायतका दातृ निकायसँग छलफल अघि बढाइएको छ।
- खानेपानी तथा सरसफाइतर्फ ५२०० आयोजनाहरु क्षतिग्रस्त भएकामा हालसम्म १३७९ आयोजनाहरुको पुनर्निर्माण कार्य भइरहेको छ भने बाँकीको डिजाइन कार्य अघि बढाइएको छ।

आयआर्जन तथा रोजगारी सिर्जना तर्फ

- भूकम्पबाट प्रभावित कृषकहरुको जीविकोपार्जन तथा आर्थिक आयआर्जनको लागि २१ जिल्लाहरुमा उन्नत जातका १८१२ वटा बोकाहरु तथा १०० वटा राँगाहरु वितरण

गरिएको छ। त्यस्तै उत्पादनमा बृद्धि गरी कृषकहरुको कृषि उत्पादनमा सहयोग पुऱ्याउने विभिन्न कार्यक्रमहरु मार्फत ४ करोड १५ लाख ४२ हजार बरावरको अनुदान बितरण गरिएको र २ करोड बरावरको मकैको बिउ वितरण गरिएको छ।

५. सिंचाइ मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएका छन्:-

- मातहतका सबै निकायमा सेवा प्रवाह हुने सबै विषयमा स्पष्ट विवरण सहितको नागरिक बडापत्र जारी गरिएकोले कार्य सम्पादन सुव्यवस्थित गरिएको छ।
- मौखिक वा लिखित निवेदनका आधारमा तुरुन्त सुनुवाइ गरी समाधानको यथाशीघ्र पहल गरिएकोले समयमै समस्या समाधान गरिएको छ।
- व्यक्तिगत सम्पर्क, कार्यालयका सूचना पाटी, पत्रपत्रिका एवं वेभसाईट मार्फत वजेट, कार्यक्रम तथा अन्य विवरणहरु प्रसारण गरिएकोले सरोकारवालाहरु सुसूचित भएका छन्।
- आयोजना संचालन गर्नु अघि स्थानीय स्तरमा भेला गरिएको तथा केन्द्रीय र क्षेत्रीय स्तरमा गरिने गोष्ठी तथा सेमिनारमा विभागका प्रकाशनहरु, वार्षिक कार्यक्रम एवं प्रगति विवरणहरु प्रस्तुत गर्ने गरिएकोले जनसहभागिताको साथै सरोकारवालाहरु सुसूचित भएका छन्।
- यस मन्त्रालय र अन्तर्गतका निकायहरुबाट भएका कामको सार्वजनिकीकरण गर्न मन्त्रालयमा प्रवक्ताको व्यवस्था गरिएको छ।
- यस मन्त्रालय र अन्तर्गतका निकायहरुबाट भए गरेका कामको जानकारी सहज रुपमा उपलब्ध गराउने उद्देश्यले मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरिएको छ।
- यस मन्त्रालय र अन्य विभिन्न मन्त्रालयहरुबीच समन्वय गर्ने कार्यको लागि मन्त्रालयमा Focal Person हरुको व्यवस्था गरिएको छ।
- आयोजनाहरुको कार्यान्वयनको क्रममा सामाजिक तथा वातावरणीय प्रभावलाई ध्यान दिने गरिएको छ।
- मन्त्रालयबाट "हेलो सरकार" मार्फत प्राप्त गुनासोहरुलाई प्रभापकारी रुपमा व्यवस्थापन गर्ने गरिएको छ।
- ठेक्काहरुको बोलपत्र आह्वान विद्युतीय प्रणाली (E-bidding) बाट गर्ने व्यवस्था गरिएको छ।

६. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएका छन्:-

- ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम लागु भएका दूर्गम २१ जिल्लामा चालू आ.व. मा ७८९ मेट्रिक टन खाद्यान्न वितरण गरिएको छ।
- यस मन्त्रालय अन्तर्गत वैदेशिक सहायतामा सञ्चालित प्रमुख आयोजनाहरुबाट आ.व. ०७२।७३ मा झण्डै २८,३९,९२० कार्यदिन रोजगारी सिर्जना भएको छ।
- ४० गा.वि.स. र २७ न.पा. मा online व्यक्तिगत घटना दर्ता सम्बन्धी सफ्टवेयर जडान तथा सञ्चालन गरिएको छ।
- भवन निर्माण विनियमावली तथा बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ तयार एवं कार्यान्वयन गरिएको र २० वटा न.पा.हरूमा भवन निर्माण विनियमावली अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ।
- ६ वटा जिल्ला र ५ वटा न.पा.हरुको DRR Plan तयार भएको छ।
- ३१४१४ वटा नागरिक मञ्च र ८४८४ वटा नागरिक सचेतना केन्द्र गठन भई स्थानीय जनसहभागिता परिचालन अभिवृद्धि भएको छ।
- राष्ट्रिय सरसफाइ अभियानको पहिलो चरण अन्तर्गत पूर्व-पश्चिम राजमार्गका आसपासका १९ जिल्ला र ६० नगरपालिकाहरुमा मिति २०७२।०९।०९ देखि २०७२।०९।१६ गते सम्म सप्ताहव्यापी सरसफाइ अभियान सम्पन्न भएको छ।
- विकास निर्माण कार्यको गुणस्तरीयता अभिवृद्दिका लागि ७५ वटै जिल्लामा १/१ वटा प्रारम्भिक चरणको प्रयोगशाला स्थापना भएको छ। १५ जना प्राविधिकहरूलाई ल्याव टेक्निसियन तालीम प्रदान गरिएको छ।
- २७ जि.वि.स., २७ न.पा. र ३२ गा.वि.स. को सघन अनुगमन गरी समस्या समाधानार्थ सहजीकरण एवं कार्यसम्पादनमा सुधार गर्न निर्देशन दिइएको छ।
- विराटनगर उपमहानगरपालिका र मोरङ जिल्लाको तितेरिया गा.वि.स. लाई बालमैत्री न.पा./गाविस घोषणा र प्यूठान जिल्लाको भिङ्ग्री गाविस लाई घोषणा गर्ने तयारी गरिएको छ।
- नगरपालिकाहरुको गठन तथा पुर्नगठन पश्चातको तथा गाउँ विकास समितिहरुको नक्शाङ्कन सहितको संक्षिप्त विवरण पुस्तिका प्रकाशन गरिएको छ।
- सबै प्रकारका सरकारी, व्यापारिक, संस्थागत, सम्मेलन भवन निर्माण गर्दा कूल उर्जा खपतको २५ प्रतिशत वा १५०० वाट (Watt) मध्ये जुन बढी हुन्छ सोही क्षमतामा

जडान गर्ने गरी अनिवार्य रुपमा सौर्य उर्जा प्रणाली जडान गर्ने व्यवस्था लागू गरिएको छ।

७. सूचना तथा सञ्चार मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएका छन्:-

मन्त्रालयतर्फ

- रेडियो नेपाल, राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, नेपाल टेलिभिजन, नेपाल टेलिकमको व्यवस्थापन सुधार कार्ययोजना घोषणा गरिएको, हुलाक सेवा विभाग, प्रेस काउन्सिल नेपाल, नेपाल दूरसञ्चार प्राधिकरण र चलचित्र विकास वोर्डको व्यवस्थापन सुधार कार्ययोजना तयार गरिएको छ।
- नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानललाई विज्ञापन रहित बनाउने प्रयोजनका लागि नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७३।४।७ मा विज्ञापन रहित नीति, २०७३ स्वीकृत गरिएको छ।
- सूचना तथा सञ्चार मन्त्रालयमा आ.ब. २०७२/७३ को अन्त सम्ममा ९० प्रतिशत गुनासो फछ्र्यौट भएको छ।
- सूचना र संचार क्षेत्रको १४ औ योजनाको आधारपत्र २०७३/०७४-०७५/७६ स्वीकृत भई विस्तृत योजनाको मस्यौदा तयार भएको छ।
- विभागगत वेरुजु फछ्यौट ५२ प्रतिशत भइ २८ करोड ६८ लाख ५९ हजार म.ले.प मा फछ्र्यौटको निम्ति लेखी गएको तर फछ्र्यौट हुन नसकेको र समितिगत ६.३५ प्रतिशत प्रगति भएको रु. २९,०५५७ हजार म.ले.प मा फछ्र्यौटको निम्ति लेखी गएको तर फछ्र्यौट हुन सकेको छैन।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि यस मन्त्रालयसंग सम्बन्धित सूचनाहरु उक्त दफाको उपदफा (४) बमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ।
- नेपालको संविधान बमोजिम संशोधन गर्नु पर्ने यस मन्त्रालयसंग सम्बन्धित ऐन, नियमहरुमा गर्नु पर्ने संशोधन विधेयक तयार गरी केही नेपाल ऐन संशोधन गर्ने विधेयकमा समावेस गरी दिन नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति

२०७२।१२।२१ को निर्णयानुसार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ।

- नेपाल सरकार (मन्त्रिपरिषद्) बाट अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७२ स्वीकृत भइ संशोधनको प्रकृयामा रहेको छ।
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा ११ बमोजिम गठित न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिश बमोजिम सबै सञ्चार प्रतिष्ठानहरुमा काम गर्ने श्रमजीवी पत्रकार, कामदार र कर्मचारीहरुको लागि न्यूनतम पारिश्रमिक नेपाल सरकारबाट स्वीकृत भएको छ।
- मन्त्रालय र अन्तर्गतका निकायहरुको नियमित रुपमा समीक्षा सम्पन भइ समस्या समाधानमा पहलहरु भएका छन्।
- लोककल्याणकारी विज्ञापनको वितरण सम्वन्धी कार्यविधि २०७२ स्वीकृत भई लागु भएको छ।
- १९ वटा टेलिभिजन तथा ३७५ वटा एफ.एम./रेडियोहरु मार्फत लोककल्याणकारी विज्ञापन प्रशारण गरी सो बापतको रकम भुक्तानी गरिएको छ।
- १५ वटा विद्यालय छनौट तथा सम्झौता भई १२ वटा सामुदायिक विद्यालयमा सामुदायिक सूचना केन्द्र स्थापना गर्ने कार्य सम्पन्न भएको छ।
- सामुदायिक सूचना केन्द्र तथा टेलिसेन्टरहरुको क्षमता विकास तालिम ५ वटै विकास क्षेत्रमा सम्पन्न भएको छ।
- २०७३ वैशाख २४ गतेलाई राष्ट्रिय पत्रकारिता दिवस घोषणा भई सोही दिन सम्माननीय राष्ट्रपतिज्यूको बाहुलीबाट राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मान वितरण भएको छ।
- पत्रकारिता तथा आमसञ्चारसंग सम्बन्धित विभिन्न संघ संस्थाहरुलाई तोकिएको मापदण्ड अनुरुप आर्थिक सहायता प्रदान गर्ने काम सम्पन्न भएको छ।
- नेपाल सरकारका विभिन्न मन्त्रालय/आयोग/सचिवालय/ कार्यालयका प्रवक्ताहरु र विभिन्न छापा एवं विद्युतीय आम सञ्चार गृहका पत्रकारहरुबीच भेटघाट (Meet The Press) कार्यक्रम सञ्चालनमा रहेको छ।
- श्री तारिणी प्रसाद कोइराला स्मृतिग्राम स्थापनाको लागि विराटनगर उपमहानगरपालिकाले उपलब्ध गराउने जग्गामा भवन निर्माणका लागि नक्सा,डिजाइन, लागत इष्टिमेट लगायतका कार्य गरी प्रक्रिया अगाडि बढाउने प्रयोजनका लागि सो उपमहानगरपालिकासंग समझदारी गर्न रेडियो नेपाललाई सैद्धान्तिक सहमति दिइएको छ।

- Asia Pacific Telecommunity (APT) बाट अनुरोध भई आए बमोजिम 3rd Meeting of APT Preparatory Group for WTSA-16 (APT WTSA16-3) १४ देखि १७ जुन २०१६ सम्म काठमाण्डौमा आयोजना भएको छ।
- ८ वटा टेलिभिजन र ३५ वटा एफ.एम. लाई इजाजत प्रदान गरिएको छ।
- फ्रिक्वेन्सीको प्रयोगको प्राविधिकस्तर अनुसार नियमित रुपमा अनुगमन, निरीक्षण भइरहेको छ।
- एमेच्योर रेडियो कन्ट्रोल अपरेटर एमेच्योर रेडियो संचालनको लाइसेन्सको लागि लिखित तथा प्रयोगात्मक परीक्षा संचालन गरिएको छ।
- संस्थानहरुमा पदाधिकारी नियुक्तिको मापदण्ड तयार पारी मन्त्रिपरिषद्मा मिति २०७३/३/२१ मा निर्णयका लागि मन्त्रिपरिषद्मा पेश भएको छ।
- दूरसञ्चार क्षेत्रको सुधार कार्ययोजना २०७३ कार्यान्वयनका लागि मिति २०७३/३/१७ मा सहमति भएको छ।
- भुकम्पबाट क्षति भएका १२ वटा सामुदायिक सूचना केन्द्रहरुको पुनर्स्थापना गरिएको छ।
- भुकम्प पश्चातको पुननिर्माणतर्फ जिल्ला हुलाक कार्यालय मुद्रण विभाग तथा प्रेश काउन्सिल नेपालको भवन मर्मत कार्य भइरहेको भवन पुन निर्माणको लागि आवश्यक विवरण र लागत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पेश गरिएको छ।
- भूकम्प पश्चात् आकस्मिक रेडियो संचार उपकरणहरु आयात सिफारिस भएको छ।
- भूकम्प पश्चात् उद्धार तथा पुनस्थापनाको लागि विभिन्न निकायवाट प्राप्त भएका संचार उपकरणहरु आयात गरी सम्वन्धित निकायहरुमा हस्तान्तरण गरिएको छ।

राष्ट्रिय सूचना आयोग

- सूचनाको हकको संरक्षण गर्न Help line को शुरुवात भएको छ।
- ३१ वटा मन्त्रालयको RTI Audit गरिएको छ।
- कार्यालय प्रमुख, सूचना अधिकारी, पत्रकार, अभियन्ता, नागरिक समाजका प्रतिनिधिहरूलाई प्रशिक्षण/अभिमुखीकरण तालिम दिइएको छ।

मुद्रण विभाग

- २००८ -२०७० साल सम्मका नेपाल राजपत्रहरुको वेभसाइटमा प्रकाशन भएको जसवाट सूचना माथिको पहुँच सरल र नेपाल सरकारको नीति नियम कानूनको वारेमा सर्वसाधरणलाई जानकारी भएको छ।
- नेपाल राजपत्रहरुको नियमित प्रकाशनको कार्य गरिएको छ।

- सुरक्षण मुद्रण विकास समिति (गठन), आदेश २०७३ तयार पारी स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश भएको छ।
- बजेटसँग सम्वन्धित करिव १५/१६ प्रकृतिका गोप्य पुस्तक सामाग्रीहरु छपाइ कार्य सम्पन्न भएको छ।

सूचना विभाग

- नेपालको संविधानलाई जनस्तरसम्म पुऱ्याउन सारांश तयार गरी वर्गीकरणमा परेका ८४० पत्रिका मार्फत सार्वजनिक गरिएको छ।
- सूचना विभागवाट प्रदान गरिने सेवाका सम्वन्धमा जानकारी दिन विभागको Audio Notice Board 1618-014112551 संचालनमा रहेको छ।
- मिडिया डाइरेक्टरी २०७२ लाई APPs को रुपमा विकास गरी BETA Version को रुपमा सूचना तथा संचार मन्त्रीवाट सार्वजनिक गरिएको छ।
- पत्रकार परिचयपत्र वितरण Online मार्फत गर्न सफ्टवेयर निर्माण भएको छ।
- १४४९ पत्रकारहरुको एकवर्षे दुर्घटना बीमा गरिएको छ।
- पत्रकारहरुलाई फिल्डस्तरमा पत्रकार परिचयपत्र वितरण गरिएको छ।
- वर्गीकरणमा परेका पत्रपत्रिकाहरु कार्यालयमा ल्याउन Software निर्माण भएको छ।

हुलाक सेवा विभाग

- हुलाक बचत बैंकको कार्य प्रणालीलाई आधुनिकीकरण गरी व्यवस्थित बनाउन यन्त्र उपकरणको व्यवस्था गरी Software सहितको कम्प्युटर प्राणालीमा ३४ हुलाक बचत बैंक शाखाको डाटा ईन्ट्री कार्य सम्पन्न भएको छ। आगामी आ.व.मा बाँकी शाखाहरुको Data Entry सम्पन्न गरी Central Server सँग लिंक गर्ने गरी कार्ययोजना तयार गरिएको छ।
- उपत्यका भित्रको महानगरपालिका र नगरपालिका क्षेत्रभित्रका हुलाक सेवालाई गोश्वारा हुलाक कार्यालयको कार्यक्षेत्र भित्र राखी प्रभावकारी सेवा संचालन गर्ने गरी व्यवस्थित र चुस्त संगठनको रुपमा विकास गर्न प्रतिवेदन तयार गरी छलफल भईरहेको छ। गोश्वारा हुलाकको कार्य प्रणालीमा सिफ्ट व्यवस्था खारेज गरी सुधार गरिएको छ।
- तेह्रौं योजनाको लक्ष्य अनुसार UPU अन्तर्गतको EMS Co-operative को सदस्यता लिईएको छ।
- भूकम्प प्रभावित हुलाक कार्यालयहरुको सहयोगको लागि UPU ले Emergency Assistance Fund मार्फत गरेको ९५,०००/- CHF (करिब एक करोड नेपाली रुपैयाँ

बराबर) को वस्तुगत सहायता उपलब्ध गराउने गरी भएको सम्झौता बमोजिम वस्तुगत सहयोग प्राप्त हुन सुरु भएको छ।

- UPU को सहयोगमा Multiyear Integrated Project संचालन गरी हुलाक सेवाको सुदृढीकरणको लागि वस्तुगत सहायता उपलब्ध गराउने व्यवस्था मिलाईएको छ।
- टिकट व्यवस्थापनको लागि Software तयार गर्न लगाई प्रयोगमा ल्याईएको छ।

गोरखापत्र संस्थान

- विभिन्न ३० भाषामा समावेशी प्रकाशन नियमित रुपमा प्रकाशन भई विभिन्न भाषा भाषीको सम्बर्द्धन भई सूचनामा सबै नागरिकको समान पहुँच पुगेको छ।
- गोरखापत्र संस्थानको महत्वपूर्ण तथ्याङ्क विवरणहरु Digital Archive गर्ने कार्य शुरु गरिएको छ।
- क्षेत्रीय प्रकाशनका लागि विराटनगरमा भवन निर्माण गर्न सम्झौताको प्रकृयामा रहेको सुदुरपश्चिमका लागि बाँकेको कोहलपुरवाट गर्न सरकारी जग्गाको खोजी भइरहेको छ।
- अत्याधुनिक Computer-To-Plate (C-T-P) मेशीन खरिद भएको छ।

नेपाल टेलिभिजन

- नेपाल टेलिभिजनको तेस्रो च्यानल २०७२/०७/०१ देखि २४ घण्टा प्रसारण भइरहेको छ।
- Satellite मार्फत नेपाल टेलिभिजनका Channel हरु (राष्ट्रिय प्रसारण, एन.टि.भी. प्लस र एन.टि.भी. समाचार) नियमित प्रसारण भइरहेको छ। मुलुकभर र विश्वका १४९ मुलुकहरुमा हेर्न सकिने छ।
- नेपाल टेलिभिजनको पहुँच जनसंख्याको ७२ प्रतिशत र भौगोलिक हिसावले ५० प्रतिशतमा पुगेको छ।
- नेपाल टेलिभिजनवाट कोहलपुर क्षेत्रीय प्रसारण केन्द्रमा कार्यक्रम उत्पादन तथा प्रसारणको लागि तयारी भइरहेको छ।
- जलेश्वर, रोल्पा र गोरखा प्रसारण केन्द्रहरुमा डिजीटाईजेशन अन्तर्गत आवश्यक उपकरणहरु खरिदको कार्य भइरहेको छ।

- राष्ट्रिय प्रसारणमा शनिवार राति ८:५० वजे कार्यक्रम "सिधा कुरा प्रधानमन्त्रीसँग" नामक कार्यक्रम संचालन गरिएको छ।

रेडियो नेपाल

- रेडियो नेपालको पहुँच ८७ प्रतिशत जनता र ९० प्रतिशत भूभागमा पुगेको छ।
- V –Sat Link को स्तरोन्नति गर्ने कार्य भइरहेको छ।
- प्रसारण सेवा विस्तारको लागि तनहुंको बन्दिपुर, उदयपुर तथा दोलखामा स्थलगत अध्ययन भईरहेको छ।
- प्रसारण सेवा सुदृढीकरणको लागि दाउन्ने, रेसुङ्गा र खोड्पे एफ.एम. रिले केन्द्रको लागि केही पार्टपूर्जा खरिद भएको तथा केहीको लागि खरिद गर्ने प्रकृयामा रहेको छ।

राष्ट्रिय समाचार समिति

- राष्ट्रिय समाचार समितिका ग्राहक संख्या विद्युतीय छापा र अनलाइन गरी १७५ पुगेको छ।
- राष्ट्रिय समाचार समितिमा अनलाइन सफ्टवेयर अपग्रेड भएको छ।
- स्ट्रिन्जर समाचारदाता राख्ने कार्यलाई निरन्तरता दिइएको छ।
- राष्ट्रिय समाचार समितिको वुलेटिन आर्काइभ निर्माण गर्न सफ्टवेयर निर्माण गर्ने कार्य भइरहेको छ।

प्रेश काउन्सिल नेपाल

- विद्युतीय र छापा संचारमाध्यमको पत्रकार आचारसंहिता अनुगमनका लागि प्रेस काउन्सिल नेपालले छुट्टा छुट्टै कार्यसमूह गठन गरी सो सम्वन्धी कार्यको शूरुवात गरिएको छ।
- पत्रकार आचार संहिता उल्लंघनका विषयमा प्रत्येक दिन अनुगमन कार्य भइरहेको छ।
- पत्रकारिता प्रवेश परीक्षा, साइवर क्राइम, अनलाइन पत्रकारिता आदि विषयमा पत्रकारसँग छलफल कार्यक्रम सञ्चालन गरिएको छ।
- बारा, पर्सा, रौतहट, सर्लाही, धनुषा, महोत्तरी, सुर्खेत, रोल्पा र प्युठानमा आचारसंहिता जागरण तथा पत्रकारसँग सम्वाद तथा छलफल कार्यक्रम गरिएको छ।

न्यूनतम पारिश्रमिक निर्धारण समिति

- राष्ट्रिय क्षेत्रीय र जिल्ला गरी २० वटा पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

चलचित्र विकास वोर्ड

- चलचित्र भवनमा E-ticketing प्रणाली लागू गर्न तालिम प्रदान गर्ने कार्य सम्पन्न भएको छ।
- चलचित्रकर्मीहरुको परिचय खुल्ने गरी Celebrity Card तयार गरिएको छ।
- नेपाली चलचित्रको इतिहासको पाण्डुलिपि तयार भएको छ।
- राष्ट्रिय चलचित्र वोर्डको चलचित्र हललाई आधुनिकीकरण र प्रविधियुक्त बनाउन बोर्डको प्रेक्षालयमा सबै प्रकृतिका चलचित्रहरु प्रदर्शन गर्न मिल्ने सर्भर, प्रोजेक्टर, स्क्रिन, कुर्सीहरु जडान गर्ने कार्य भइरहेको छ।
- १३३ जना चलचित्रकर्मीहरुको छायाङ्कन अवधि भरका लागि दुर्घटना बीमा गरिएको छ।
- चलचित्रकर्मी परिचयपत्र वितरण सम्बन्धी मापदण्ड, २०७२ नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७२।१२।१२ मा स्वीकृत गरी लागू भएको र सो लागू भए पश्चात् ४५ जना विशिष्ट चलचित्रकर्मीहरुलाई विशिष्ट श्रेणीको चलचित्रकर्मी परिचयपत्र वितरण गरिएको छ।
- चलचित्र नीति कार्यन्वयन तथा अनुगमन समिति गठन गरिएको छ। बरिष्ठ चलचित्रकर्मी यादव खरेलको संयोजकत्वमा रहेको सो समितिले कार्य प्रारम्भ गरेको छ।

नेपाल दूरसंचार प्राधिकरण

- दूरसंचार सेवाको गुणस्तरसम्वन्धी विनियामावली २०७२ को मस्यौदा तयार भएको छ।
- ब्रोडव्याण्ड सेवाको पहुँच ७२ जिल्लाहरुमा पुगेको छ।
- ४९ जिल्ला सदरमुकामसम्म अप्टिकल फाइवर संजाल पुगेको छ।
- भूकम्प प्रभावित १४ जिल्लाहरुमा पुर्ननिर्माण हुने बस्तीहरुमा ग्रामिण दूरसंचार विकास कोष (RTDF) परिचालन गरी ब्रोडव्याण्ड सेवाका लागि आबश्यक दूरसञ्चार पूर्वाधार

निर्माण गर्न राष्ट्रिय पुनःनिर्माण प्राधिकरणसंगको सहकार्यमा कार्य अगाडि बढाइएको छ।

- Broadband Master Plan तयार गर्ने Consultant नियुक्त भई कार्य भइरहेको छ।
- सबै जिल्ला सदरमुकामहरुमा अप्टिकल फाइबर नेटवर्कको सञ्जाल बिस्तार गर्न District Optical Fiber Network कार्यक्रम अनुरुप मध्यपहाडी लोकमार्गको पूर्व खण्डमा अप्टिकल फाइबर बिछ्याउनका लागि NTC संग प्रस्ताब माग गरिएको तथा पश्चिम खण्डमा OPFC बिछ्याउनका लागि सेवा प्रदायक छनौट गर्न Tender Document तयार गरिएको छ।
- रेडियो फ्रिक्वेन्सी नीतिमा समसामयिक संशोधन गरी प्रविधि तटस्थता नीति अवलम्वन गरिएको छ। दूर संचार प्रदायक कम्पनीहरुले नयां पुस्ताको 4G सेवा संचालन गर्न सक्ने गरी नीतिगत व्यवस्था भएको छ। दूरसंचार पूर्वाधारहरुको सह प्रयोग गर्न सक्ने गरी नीतिगत व्यवस्था गरिएको छ। फ्रिक्वेन्सी नवीकरण दस्तुरमा समसामयिक सुधार गरी राजस्व वृद्धि गरिएको छ।
- छिमेकी मित्रराष्ट्र चीनको केरुङ्गमा नेपाल – चीन अप्टिकल फाइबर लिंक गर्ने कार्य सम्पन्न भएको छ।
- ग्रामिण दूरसञ्चार कोषको रकम प्रयोग गरी सबै सामुदायिक विद्यालय, कलेज, स्वास्थ्य केन्द्रमा इन्टरनेट सुविधा पुऱ्याउने गरी कार्य अघि बढेको छ।

नेपाल टेलिकम

- मौसम पूर्वानुमान गरी जल तथा मौसम विज्ञान विभागवाट प्राप्त हुने सूचनालाई दूर संचार प्रदायक कम्पनीहरुवाट प्रभावित जनताहरुलाई मोवाइल SMS प्रवाह गर्ने व्यवस्था मिलाइएको छ।
- टेलिफोन प्रयोगकर्ताको घनत्व १०९ प्रतिशत पुगेको छ।
- इन्टरनेट प्रयोग कर्ताको घनत्व ४६.०४ पुगेको छ।
- नेपाल टेलिकमको ४१ स्थानमा जग्गाको स्वामित्व तथा भोगाधिकार प्रदान गर्ने सम्बन्धमा मन्त्रिपरिषद्बाट निर्णय भई कार्यान्वयनको क्रममा रहेको छ।
- Telecommunication Infrastructure हरुको GIS Based Management Information System तयार भएको छ।
- नेपाल टेलिकमको CRTB VOMs बाट ADSL, GSM Postpaid, PSTN line को Web मार्फत Bill भुक्तानी गर्ने कार्य सम्पन्न भएको छ।

- नेपाल दूर सञ्चार कम्पनीबाट त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा विदेशी पर्यटकहरुलाई निशुल्क सिम वितरण गर्ने कार्यको थालनी गरिएको छ। जनआन्दोलनका घाइते, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुलाई निशुल्क सिम कार्ड उपलब्ध गराउने कार्यको थालनी गरिएको छ।
- नेपाल टेलिकमको गुणस्तर सुधार गरी देश भरि नै टेलिफोन एंव मोबाइलको पहुँच बिस्तार गर्न नयाँ BTS टावर निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको छ। ग्रामीण क्षेत्रमा गुणस्तरीय 3G सेवा विस्तार गर्ने कार्य गरिएको छ।
- नेपाल टेलिकमका कर्मचारीहरुका लागि VRS कार्यक्रमलाई निरन्तरता दिईएको, यसबाट टेलिकमको दीर्घकालीन दायित्वमा कमी हुने अपेक्षा गरिएको छ।

८. विज्ञान तथा प्रविधि मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छन्।

विज्ञान प्रविधिको विकास र विस्तारको क्षेत्रमा प्राप्त भएका मुख्य उपलब्धिहरु

- वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्न र वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्न DNA Extractor, Sample Diluter लगायतका वैज्ञानिक उपकरणको व्यवस्था गरी विधि विज्ञान प्रविधिको क्षमता अभिवृद्धि भएको यसबाट ५०० (पाँच सय) जना व्यक्ति लाभान्वित भएका छन्। अन्तरिक्ष प्रविधि तथा विज्ञान सम्बन्धी चेतना जगाउने र विज्ञहरुको सुझाव लिने उद्देश्यले प्रधानमन्त्री, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव तथा भौतिक विज्ञानका विद्यार्थी र वैज्ञानिकहरुको सहभागितामा ३ (तीन) दिवसीय गोष्ठी सम्पन्न भएको छ। विद्यार्थीहरुमा भौतिक विज्ञान सम्बन्धी ज्ञान तथा सीप प्रदान गर्न तनहुँको भिरकोटमा अवस्थित बाल विकास उच्च मा. वि. मा विज्ञान तथा प्रविधि मन्त्री, खगोलविद् समेत करीब २५० जनाको सहभागितामा २ दिवसीय गोष्ठी सम्पन्न भएको। त्यसैगरी भौतिकशास्त्र अध्ययनरत क्याम्पस तहका ३१० जना विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई राष्ट्रिय वेधशालाबाट खगोलीय पिण्डहरुको अवलोकन अध्ययन गराइएको छ।
- राष्ट्रिय आवश्यकतानुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज पहुँच सुनिश्चित गर्न तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्न इ-भिलेज तथा डिजिटल कन्टेन्ट कार्यक्रम अन्तर्गत २९ वटा इ-भिलेज

केन्द्रहरु स्थापना गरिएको छ, यसबाट करीव ३००० व्यक्तिहरुले सेवा उपयोग गरेका छन्। त्यस्तै कक्षा १० का इन्टरनेट पहुँच पुगेका विद्यालयका विद्यार्थीहरुका लागि अंग्रेजी, विज्ञान र गणित सम्बन्धी डिजिटल सामग्री विकास गरी Portal मार्फत पहुँच पुर्याइएको छ। विभिन्न ४ वटा मोबाइल एप्स निर्माण र संचालन गरी सबै Android र IOS मोबाइल प्रयोगकर्ताले प्रयोग गर्न सक्ने बनाईएको छ भने E-Attendance Software र Government Enterprise Architecture (GEA) र National Portal सबै सरकारी निकायहरुमा लागु गरिएको छ। त्यसैगरी सबै मन्त्रालय र १० वटा इ-सेवाहरुको IT Audit गरिएको छ।

- १२८५ वटा सरकारी निकायहरुको वेवसाइट डोमेन रजिष्ट्रेशन कार्य सम्पन्न भएको छ। १३३ वटा निकायहरुमा इमेल सेवा विस्तार गरिएको छ भने सिंहदरबार प्रवेश व्यवस्थापनको लागि ४९ वटा प्रवेश व्यवस्थापन सूचना प्रणाली विकास गरी गेट पास प्रणालीमा सुधार गरिएको छ। ५९६ वटा Web Hosting तथा ५४ वटा इन्टरनेट सेवा विस्तार कार्य सम्पन्न गरिएको छ। ५५ वटा सर्भर कोलोकेशन र ५ वटा सर्भर डेभलपमेन्टका साथै ३४ वटा भिडियो कन्फरेन्सिङ्ग सेवा विस्तार गरिएको छ।
- सूचना प्रविधिको माध्यमबाट हुने सूचनाको संकलन, संग्रहण, प्रसारण र प्रवाह तथा सबै कारोवारको सुरक्षित व्यवस्थापन गराउनुका साथै यस सम्बन्धी सचेतना कार्यक्रम अन्तर्गत सम्माननीय राष्ट्रपतिज्यूलाई विद्युतीय हस्ताक्षर टोकन प्रदान गर्ने कार्य सम्पन्न गरिएको तथा हेटौडामा विपद रिकभरी केन्द्र स्थापना गरिएको छ। त्यस्तैगरी Radian Infotech P. Ltd. लाई विद्युतीय हस्ताक्षर प्रमाणित गर्ने आधिकारिक निकाय तोकिएको छ।
- म्याग्दी जिल्लाको तातोपानीबाट निकालिएका १५० वटा सूक्ष्म जीवाणुहरुको Biochemical characterization गर्नुका साथै ७० वटा १६ Sr RNA Sequence बाट ती सूक्ष्म जीवाणुहरुको पहिचान गरिएको र यीमध्ये सबैभन्दा बढी Cellulose र Xylanase enzyme उत्पादन गर्ने एकवटा सूक्ष्म जीवाणु छनौट गरी उक्त Enzyme को Biochemical characterization गरिएको छ।
- सगरमाथा क्षेत्रको Glacier Monitoring (Mera र changri) तथा हिमपहिरोको अध्ययन गर्न स्थलगत भ्रमण भई सो सम्बन्धी २ वटा Scientific Article स्वीकृत भई प्रकाशनको चरणमा रहेको छ। Variability of extreme climateindices for sectoral

Application in Nepal कार्यक्रम अन्तर्गत ११३ वटा Rainfall तथा ५६ वटा Temperature Station को Data गुणस्तर परीक्षणको काम सम्पन्न गरी विश्लेषण भइरहेको छ।

- Nano Materials सम्बन्धी अध्ययन अनुसन्धान अन्तर्गत Boron Doped Tioz, Nanoparticles of XRD, optical properties FTIR, Raman Spectra को अध्ययन प्रतिवेदन तयार गरिएको छ। त्यसैगरी Nitrogen Activation सम्बन्धी Camp and theo Chem विषय जर्नलमा प्रकाशित गरिएको छ।
- भूकम्पको प्रभाव न्यूनीकरण गर्न जमिनमुनि ढुंगाको सरुवा गाह्रो बनाएर परीक्षण गर्ने नाष्टबाट विकास गरिएको सुस्तकारी प्रविधिको पेटेन्टका लागि निवेदन दर्ता गरिएको र (नौ) जिल्लाहरु (लमजुंग, तनहुँ, गोरखा, धादिंग, नुवाकोट, रसुवा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक) मा भूकम्प सुस्तकारी प्रविधिको प्रदर्शन गरिएको छ।
- चट्याङको जोखिम न्यूनीकरणका लागि मकवानपुर जिल्लाका सरोकारवालाहरुबीच सचेतनामूलक कार्यक्रम संचालन गरिएको, Cost effective Earthquake Resistant घरहरुको नमूना तयार पारी प्रदर्शन गरिएको छ। त्यसैगरी GPS System मा तथ्यांक संकलन र प्रणालीको मर्मत सम्भार गरिएको छ।
- खेर गइरहेका प्लास्टिकलाई पुनर्जनन (Regeneration) गरी डिजेलमा परिणत गर्न राष्ट्रिय क्षमता वृद्धि गर्ने उद्देश्यले तालिम र प्रचारात्मक कार्यक्रम काठमाडौं, गोरखा, कास्की, रुपन्देही र सिन्धुपाल्चोक जिल्लामा संचालन गरिएको छ।
- NDT सम्बन्धी दक्ष जनशक्ति देश भित्र तयार गर्नविभिन्न मन्त्रालयका १९ जना प्राविधिक जनशक्तिलाई तालिम प्रदान गर्ने कार्य सम्पन्न भएको छ।
- महत्वपूर्ण सरकारी तथ्यांकको सुरक्षालाई थप प्रभावकारी बनाउन हेटौंडामा DRC भवन निर्माण भई आगामी २०७३ साल मंसिर सम्ममा संचालनमा ल्याइने छ।
- सरकारी निकायका सूचना प्रविधि प्रणालीमा एकरुपता कायम गर्न GEA कार्यविधि तयार भएको र IT Audit को कार्य प्रारम्भ भएको छ।
- विद्यालय स्तरदेखि नै विज्ञान शिक्षाको प्रवर्द्धन र अध्ययन अनुसन्धानको लागि उपयुक्त वातावरण तयार गर्न केही सामुदायिक विद्यालयहरुमा विज्ञान अध्ययनकेन्द्र (SLC) स्थापना गर्ने कार्य अगाडि बढाइएको छ।

- नेपालमा पूर्वी जिल्लाहरुबाट Anti Diabetic Property भएका Medicinal Plant संकलन गरी Ethanolic Extraction गरेको र In vitro assay गर्न सबै Consumable तयार गरिएको छ।
- कालाजार लागेका ४४ जना बिरामीहरुको रगतको नमूनाहरु संकलन गरी १६ वटा नमूनाबाट DNA (Deoxyribo Nucleic Acid) Extraction गर्ने कार्य सम्पन्न गरिएको छ। ९५ वटा सुन्तला जातका नमूनाहरु संकलन गरी PCR (Polymerase Chain Reaction) प्रविधि प्रयोग गरी HLB (Huanglongbing) रोग परिक्षण गरिएको छ।
- जमूनाको विजलाई विभिन्न Solvent सँग Methanol extract संकलन गरिएको छ। १४ वटा चालफोन योगिकहरु संलेषण गरी तिनका गुणमापन गरिएको र ३ वटा एन्थ्रा कुनोनको संश्लेषण गरिएको छ।
- २ वटा Streptomyces Sps. Review गरी त्यसमा Usnic Acid Feed गरी Screening गरिएको, त्यसरी Screening गर्दा Transformation देखिएको हुँदा एउटा SPS सँग Large Scale मा Feed गरी त्यसको Extraction गरेको र Extract को Column chromatography गरिएको छ। त्यस्तै गरी विभिन्न संघ/संस्थाबाट माग भए अनुसार वनस्पति, फलफूल र तरकारीका १६० वटा नमूनाहरुको परीक्षण गरिएको छ भने काठमाडौं उपत्यकाभित्र खाद्य वस्तु तरकारी तथा फलफूलहरुमा विषादीको मात्रा परीक्षण गरिएको छ।
- स्थानीय स्तरमा उपलब्ध वस्तुहरु सिस्नो, सल्लोको पात, पिस्टिया जातको जलविरुवा, उखुको बोक्रा आदिको धुलोबाट तयार पारिएको वायोग्यास प्रयोग गरी पानीबाट धातु तत्वहरु (फलाम, काँपर, लिड र मरकरी) हटाउने सम्बन्धी अनुसन्धान सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ।
- विद्यावारिधि शोधपत्र, अनुसन्धान अनुदान, रिसर्च एसिस्टेन्टसीप, आर्थिक सहयोग, (संस्था र व्यक्ति) स्नातकोत्तर शोधवृत्ति र विशेष प्रतिभा वृत्ति/पुरस्कार प्रदान गरिएको छ, यसबाट १३३ जना लाभान्वित भएका छन् भने करीव १५०० जनाको सहभागितामा ७ औं विज्ञान प्रविधि सम्मेलन सम्पन्न गरिएको छ।

- सूचना तथा संचार प्रविधिबाट हुने क्रियाकलाप/करोवारहरुलाई सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउन डिजिटल हस्ताक्षरको प्रयोगको व्यवस्थापन गरिएको छ। यसबाट १५० वटा सरकारी कार्यालयहरु लाभान्वित भएका छन्।
- ७ जिल्लाका करिव ३००० जना व्यक्तिहरुलाई डिजिटल हस्ताक्षरको प्रयोग सम्बन्धी जनचेतना दिइएको छ।
- कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन आपूर्ति, संचय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्न नेपालको विभिन्न परिस्थितिबाट संकलित माटोका १२ वटा नमूनाबाट ८ वटा Bacillus thuringiensis species isolate गरी Phathorimaea opercullela (PTM) मा Toxicity Assay गरिएको र सबै Strains PTM को Larva मा Toxic देखिएको छ।
- नेपालको कृषि उत्पादनमा मौसमी खडेरीले ल्याउने ह्रास र त्यसको मुख्य कारणहरु पहिचान गर्न Season खडेरीको अध्ययन गरी ५ वटा विकास क्षेत्रहरुको स्थितिबारे रिपोट तयार गरिएको छ भने वार्षिक र मौसमी खडेरीबारे परिवर्तन र समानता अध्ययन भइरहेको छ।
- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न बाढीको जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमको खाका तयार पारिएको छ। यसबाट खासगरी नेपालको तराई क्षेत्रमा बाढी न्यूनीकरणमा निकै महत्वपूर्ण सहयोग पुग्नेछ। धादिंग र नुवाकोट जिल्लामा पहिरो जाने सम्भावित स्थानहरुमा चिरा परेको ठाउँहरुको पहिचान गरी जोखिम न्यूनीकरणको कार्य सम्पन्न गरिएको छ भने ८ जिल्लामा आगलागीको जोखिम घटाउने प्रविधिको प्रदर्शनी गरिएको छ।
- पारमाणविक पदार्थको नियमन सम्बन्धी ऐनको मस्यौदा तयार भएको छ। पारमाणविक पदार्थ मानव स्वास्थ्य र वातावरणको लागि हानिकारक भएकाले यसको प्रयोग सावधानीपूर्वक गरिनु पर्दछ। यस ऐनले परमाणविक पदार्थ र प्रविधिको शान्तिपूर्ण प्रयोग र व्यवस्थापनको प्रत्याभूति गर्ने छ। परमाणविक पदार्थको नियमन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सन्धिहरुको पक्ष राष्ट्र भएका नाताले शीघ्र यस्तो ऐन तर्जुमा गरी कार्यान्वयन गर्नु नेपालको दायित्व पनि हो।

- नेपाल सरहद भित्र रेडियोधर्मी पदार्थको उपयोग गर्ने संस्थाहरुको Inventory तयार भएको छ। यस Inventory का आधारमा माथि उल्लेखित परमाणविक पदार्थको नियमन सम्बन्धी ऐन कार्यन्वयन गर्न सहज हुनेछ।
- अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी (IAEA) को राष्ट्रिय कार्यक्रम खाका (CPF) मा हस्ताक्षर भएको छ।
- सरकारी निकायको लागि विद्युतीय हस्ताक्षर प्रमाणित गर्ने निकायको छनौट सम्पन्न भएको छ। जसको कारण सरकारी निकायले विद्युतीय हस्ताक्षरमार्फत कारोवार गर्न सक्ने अवस्था सिर्जना भएको छ।
- सूचना प्रविधिलाई समाजको तल्लोस्तर सम्म पुऱ्याई उत्पादन र रोजगारीसंग आवद्ध गर्न E-Village स्थापनामा जोड दिएको छ।
- विज्ञान तथा प्रविधि मन्त्रालयबाट विज्ञान र प्रविधिका पाँचवटा विषय क्षेत्र Space Technology, Nano Technology, Bio Technology, Nuclear Technology Information र Technologyमा आधारित भई अध्ययन अनुसन्धान लाई अगाडि बढाउन सल्लाहाकार समिति गठन भई कार्य प्रारम्भ भएको छ।
- सूचना प्रविधि क्षेत्रलाई प्रभावकारी नियमन गर्न छाता ऐनको मस्यौदा तयार भएको छ।
- IAEA तथा यस मन्त्रालयको संयुक्त आयोजनामा **परमाणविक पदार्थका बेवारिस श्रोतहरुको खोज तथा रिकभरी र सो को व्यवस्थापन** सम्बन्धी एसिया प्रशान्त क्षेत्रस्तरीय पाँच दिने प्रशिक्षण कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला

- **DNA Extractor, Sample Diluter** लगायतका वैज्ञानिक उपकरणको व्यवस्था गरी विधि विज्ञान प्रविधिको क्षमता अभिवृद्धि गरिएको छ।

सूचना प्रविधि विभाग

- विभिन्न २५ जिल्लामा जम्मा २९ वटा इ-भिलेज केन्द्रहरु स्थापना गरिएको कक्षा १० का अंग्रेजी, विज्ञान, गणीत सम्बन्धी डिजिटल सामाग्री विकास गरी पोर्टल मार्फत पहुँच विकास गरिएको छ।
- चारवटा मोवाइल एप सञ्चालनमा आएको छ।
- केन्द्रीय e-Attendance सफ्टवेयरको विकास र सुदृढीकरण भएको छ।

- Government Enterprise Architecture (GEA) र National Portal कार्यान्वयनका लागि सूचना प्रणाली व्यवस्थापन सञ्चालन निर्देशिका जारी भएको।
- नेपाल सरकारका सबै मन्त्रालय र १० वटा ई सेवाहरुको-IT Audit भएको।

बि.पि. कोइराला मेमोरियल प्लानेटोरीयम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति

- अन्तरिक्ष प्रविधि तथा विज्ञान सम्बन्धी चेतना जगाउने र विज्ञहरुको सुझाव लिने उद्देश्यले ललितपुर, कुपन्डोलस्थित होटल हिमालयमा नेपाल सरकारका सचिव, खगोल शास्त्री, वैज्ञानिक तथा क्याम्पसस्तरका विज्ञानका विद्यार्थीहरुको सहभागितामा ३ दिवसीय गोष्ठी सम्पन्न भएको छ।
- विद्यार्थीहरुलाई ज्ञान तथा सिप प्रदान गर्न तनहुँ जिल्लाको भिरकोटस्थित बाल विकास उ.मा.वि. मा अन्तरिक्ष भौतिक विज्ञान सम्बन्धी २ दिवसीय गोष्ठी आयोजना गरिएको छ।
- भौतिक शास्त्र अध्ययनरत विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई राष्ट्रिय वेधशालाबाट खगोलीय पिण्डहरुको अवलोकन, अध्ययन गराइएको छ।

राष्ट्रिय सूचना प्रविधि केन्द्र

- सरकारी निकायहरुको वेब साइट डोमेन रजिष्ट्रेसन कार्य सम्पन्न भएको छ। उक्त कार्यक्रमबाट १२८५ कार्यालयहरु लाभाम्वित भएका छन्।
- इमेल सेवा विस्तार कार्य १३३ वटा निकायहरुमा सम्पन्न भएको छ।
- सिंहदरबार प्रवेश व्यवस्थापन सूचना प्रणालीको विकास गरिएको छ।
- ५९६ वटा निकायहरुमा बेभ होस्टिङ्ग कार्य सम्पन्न भएको छ।
- ५४ वटा निकायहरुमा ईन्टरनेट सेवा विस्तार गरिएको छ।
- ५५ वटा निकायहरु सर्भर कोलोकेसन सम्पन्न भएको छ।
- ५ वटा सफ्टवेयर डेभलपमेन्ट सम्पन्न भएको छ।
- ३४ वटा निकायहरुमा भिडियो कन्फ्रेंसिंग सेवा विस्तार भएको छ।

प्रमाणीकरण नियन्त्रकको कार्यालय

- १५० सरकारी निकायहरु विद्युतीय माध्यमबाट हुने कृयाकलाप/कारोबारलाई सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउन डिजिटल हस्ताक्षरको प्रयोगको व्यवस्थापन सम्पन्न भएको छ।
- हेटौंडामा विपद् रिकभरि केन्द्र (DRC) स्थापना गरिएको छ।

- Radian InfoTech P.Ltd लाई Certifying Authority (विद्युतीय हस्ताक्षर प्रमाणित गर्ने आधिकारिक निकाय) तोकिएको छ।
- विभिन्न ७ जिल्लामा डिजिटल हस्ताक्षरको प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिएको छ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

- चुरे क्षेत्र (धनुषा जिल्लाको हरिपुर गाउँ) को स्थलगत भ्रमण गरी ५१ वटा माटोको नमुना संकलन गरी प्रयोशालामा परीक्षण विश्लेषण भइरहेको छ। उक्त ठाउमा ३० वटा प्लटहरु तयार पारिएको छ।
- चिमलबाट पृथकीकरण गरिएका ३५ वटा ढुसीहरु ITS primer प्रयोग गरी genus तहसम्म molecular identification भएको छ।
- ३ जिल्लाहरु (सिराहा, धनुषा र सर्लाही) बाट कुरिलोको विभिन्न प्रजातिका नमुनाहरु संकलन गरी विश्लेषण भइरहेको छ।
- सगरमाथा राष्ट्रिय निकुञ्जबाट औषधिजन्य वनस्पतिका नमुनाहरु संकलन र विश्लेषण गरेको छ।
- दार्चुला र बैतडी जिल्लाका विभिन्न स्थानहरुबाट व्यापारिक महत्वभएका काफल, चुत्रो, भिमल, अमला, बेडु, खनायो लगायतका ८ वटा जंगली खाद्यफलहरुको संकलन गरी तिनीहरुको antioxidant क्षमता, total phenolic र flavonoid को मात्रा पत्ता लगाएको छ।
- दार्चुला, बैतडी सोलुखुम्बु (सगरमाथा राष्ट्रिय निकुन्ज) बाट १० प्रकारका जंगली च्याउहरुको अध्ययन गरी महत्वपूर्ण च्याउहरुको जंगली जर्मप्लाज्महरु प्रयोगशालामा संरक्षित गरिएको छ।
- च्याउ विज्ञलाई प्रवर्द्धन तथा विकास गर्न डाटावेस तयार भएको। ३६ वटा ढुसी जातिका डाटावेस www.nast.net.np मा अपलोड गरिएको छ।
- मध्य र पूर्वी नेपालका विभिन्न जिल्लाहरुबाट ८० प्रजातिका ३०० हवेरियम र DNA को नमुना संकलन गरेकोमा ५० प्रजातिको DNA extraction गरी -२००C मा भण्डारण गरेको छ।
- BWP अन्तर्गत कर्मचारीले informatics training को तालिम लिएको छ।
- मध्य नेपालको तराई क्षेत्रका वन जंगलमा स्थलगत भ्रमण गरी २५ प्रजातिको वीउ विजन संकलन गरी प्रयोगशालामा भण्डारण गरेको छ। ५ समउष्ण प्रादेशिक प्रजातिको वीउ संकलन गरी germination परीक्षणको कार्य गरिएको छ।

- औषधिजन्य वनस्पतिका rhizosperis soil बाट १५ वटा stroptomyces का strain हरु isolate गरी भण्डारण गरेको ती strain हरुमा cellulose enzyme को screening गरेको छ।
- १२ वटा कोर्सेटिन यौगिकहरुको संश्लेषण गरी तिनका anti oxidant गुण मापन गरेको छ।
- १४ वटा चालकोन यौगिकहरु संश्लेषण गरी तिनका गुण मापन गरेको र ३ वटा एन्थ्रा कुनोनको संश्लेषण गरेको छ।
- विभिन्न ठाउँहरुबाट प्राप्त पानीका नमुनाहरुको भौतिक, रसायनिक र सुक्ष्म जैविक परीक्षण गरेको छ।
- धनकुटा, घोराही र तानसेन नगरपालिकाद्वारा संचालित ल्याण्डफिल साइटहरुको कारणले हुन सक्ने वातावरणीय प्रभाव अध्ययन सम्पन्न गरी बार्षिक प्रतिवेदन तयार गरिएको छ।
- नेपालको विभिन्न स्थानबाट संकलित रुखको कोरको परीक्षणबाट सगरमाथा तथा रारा राष्ट्रिय निकुञ्जको जलवायु तथा वातावरणीय अध्ययन गरी अन्तरराष्ट्रिय जर्नलमा लेख प्रकाशन भएको छ। यसबाट जलवायु परिवर्तनका नकारात्मक असरबाट जोगिने उपायहरु पहिचान गर्न सकिन्छ।
- Satellite बाट प्राप्त meteorological data (esp. TRMM/GPM) को validation र उपयोगिताको अध्ययनका लागि data analysis सम्पन्न गरी scientific article को लागि manuscript तयार गर्ने काम भइरहको छ।
- ११३ rainfall तथा ५६ temperature station को data को quality control को काम सम्पन्न गरी हाल analysis को चरणमा रहेको छ।
- नेपालमा season खडेरीको अध्ययन गरी ५ विकास क्षेत्रको स्थितिबारे रिपोर्ट तयार पारिसकेको छ। वार्षिक र मौसम खडेरीबारे परिवर्तन र समानतमा अध्ययन भइरहेको छ।
- अन्नपूर्ण संरक्षण क्षेत्रका soil carbon emission मापन गरी वार्षिक प्रतिवेदन तयार पारिएको छ।
- सखुवासभा, धनकुटा, पर्सा र सुर्खेत जिल्लाहरुमा स्थानीयस्तरको कार्यक्रम स्थानीय विद्यालय र जिल्लास्तरमा जिल्ला प्रशासन कार्यालयको सहकार्यमा जलवायु परिवर्तन सचेतना कार्यक्रम सम्पन्न गरेको छ।
- Nepal Climate Change Knowledge ManagementCenter NCCKMC का वेभपेज अपडेट भइरहेको छ। Climate & development portal update अन्तर्गत यस पोर्टलमा

जलवायु परिवर्तनसंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय link NCCKMC गरिएको छ। यस अवधिसम्ममा २११ वटा सामाग्रीहरु अपलोड गरिएको छ।

- विकिरण कर्मीलाई TLD सेवा प्रदान गर्न कार्यक्रम अन्तगत मनमोहन कार्डियो भास्कुलर सेन्टरमा सुरु गरिसएको परीक्षण सेवा सफलरुपमा सम्पन्न भएको र हाल उक्त अस्पतालमा २४ जना विकिरण कर्मीले सो सुविधा प्राप्त गरिरहेको एवं TLD सेवा सम्पूर्ण अस्पतालहरुमा पुऱ्याउने सम्बन्धी कार्य भइरहेको छ।
- नमुना वैज्ञानिक गाँउको स्थापनाका लागि दिगो जीविकोपार्जनको सिद्धान्तका आधारमा कृषि उत्पादन, वैकल्पिक उर्जा, फोहर व्यवस्थापन सम्बन्धी उपयुक्त प्रविधिको आवश्यकता पहिचान गरी काभ्रे जिल्लाका पचास जनालाई तालिम प्रदान गरिएको छ।
- विभिन्न धातुहरु doping गरी titanium dioxide नानोकणहरुको निर्माण तथा परीक्षण गरेको छ।
- एक पटकमा ३० ली. सम्म वायो डिजेल उत्पादन गर्न सक्ने प्लान्ट स्थपना गरिएको। विभिन्न थरीका तेलबाट वायोडिजेल उत्पादन गरी तिनको परीक्षण गरेको।
- बाढीको जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमको खाका तयार पारेको ।(खास गरी नेपालको तराई क्षेत्रमा बाढी न्यूनीकरणमा निकै महत्वपूर्ण हुने)
- पहिरो जाने सम्भावित स्थानहरुमा चिरापरेका ठाँउहरुको पहिचान गरी नुवाकोट तथा धादिङ्ग जिल्लाहरुमा झण्डै ६० जना भूगर्भशास्त्रका विद्यार्थीहरु तथा एक प्राध्यापक समेतलाई परिचालित गरी जोखिम न्यूनीकरणका कार्यहरु सम्पन्न गरेको।
- आगलागी जोखिम घटाउने उद्देश्यले विकास गरिएको प्रविधिको देशका ८ जिल्लाहरुमा प्रदर्शन गरिएको।
- भूकम्पबाट क्षति भएका घरहरुको स्थानमा भूकम्प प्रतिरोधी Cost Effective House हरुको अध्ययन/अनुसन्धान विकासबाट उपयुक्त ठहरिएका नमूना घरहरुको मोडल निर्माण गर्न र क्षति ग्रस्त भएकाहरुलाई यस्ता घरहरु निर्माण गर्न Cost Effective Earthquake Resistant घरहरुको नमूना तयार पारी प्रर्दशन गरेको।
- मा.वि. स्तरीय विज्ञान शिक्षण उपकरणहरु निर्माण गरी झापा, धनुषा, मकवानपुर, धादिंग र गोरखा गरी ५ जिल्लाहरुमा प्रयोगात्मक कार्यशाला आयोजना गरी विज्ञान शिक्षकहरुको क्षमता अभिवृद्धि गरिएको छ।
- बाँसको बहुआयामिक प्रयोगको बारेमा अध्ययन गरेको छ। नेपालको ग्रामिण भेगमा बाँसका समानको उत्पादन परिमार्जन, विविधीकरण गरी बजारीकरण गर्न सकिने छ। जनताको जीवनस्तर उकास्न सकिने छ।

- साना जल विद्युत आयोजना र यसको productive end use बाट हुने फाइदा बारेमा बारलुङ्ग तथा ईलाम जिल्लाका स्थानीय जनतालाई कार्यशाला मार्फत प्राविधिक सन्देश प्रवाह गरेको छ।
- चैत १६–१८, २०७२ मा ७ औं विज्ञान प्रविधि सम्मेलन आयोजना गरेको, सम्माननीय प्रधानमन्त्रीबाट समुद्घाटन, सार्क राष्ट्रहरु लगायत १० मुलुकहरुका वैज्ञानिक, प्राविधिक समेत गरी करिब १५०० जनाको सहभागिता रहेको छ। भूकम्प प्रभावित नेपालको पुनः निर्माणमा विज्ञान तथा प्रविधिको प्रयोग कसरी गर्न सकिन्छ भन्ने मुख्य एजेन्डा रहेको थियो।
- विद्युतीय सूचना प्रणालीलाई सुदृढ तथा व्यवस्थित गरी नास्ट वेभसाईटलाई अपडेट गरिएको छ।

९. जनसंख्या तथा वातावरण मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छन्।

- यस मन्त्रालय अन्तर्गत जल तथा मौसम विज्ञान विभाग, वातावरण विभाग र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र गरी ३ वटा निकायबाट कार्य सम्पादन हुँदै आएको छ।
- मन्त्रालयको सेवा सुविधा सम्वन्धी सूचना सर्वसाधारण समक्ष पुगोस भन्ने उद्देश्यले मन्त्रालयमा प्रवक्ताको व्यवस्था गर्नुको साथै गुनासो सुन्ने अधिकारीको व्यवस्था, सूचना अधिकारीको व्यवस्था गरिएको छ भने समय समयमा पत्रकार भेटघाटको कार्यक्रम गर्ने गरिएको छ।
- महत्वपूर्ण निर्णय एवं जानकारीहरु मन्त्रालय एवं निकायहरुको वेवसाईटमा राख्ने व्यवस्था मिलाईएको छ।
- कार्यालयमा कर्मचारीहरुबाट समय पालनाका निमित्त विद्युतीय हाजिरीको व्यवस्था गरिएको छ। हरेक महिनाको २ पटक मन्त्रालय र अन्तरगतका निकायका उच्च व्यवस्थापन तहका पदाधिकारीहरुको बैठक बसी समस्या समाधान गर्नुको साथै हरेक महिना Staff Meeting बसी गुनासो फछ्र्यौट गर्ने कार्य भएको छ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रबाट समय समयमा

प्राप्त हुने निर्णय एवं निर्देशनहरुको कार्यान्वयनमा विशेष ध्यान दिई सो अनुसारको कार्यसम्पादन भए नभएको सम्वन्धमा अनुगमन गर्ने व्यवस्था मिलाइएको छ।

- यस आ.व. मा ५३.५९ प्रतिशत बेरुजू फछ्र्यौट गरिएको छ भने कार्यक्रममा खर्च गर्दा प्रचलित ऐन नियम र कानुनहरुको पूर्ण पालना गर्ने व्यवस्था मिलाइएको छ।
- रु. २५ हजार भन्दा माथिको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा वेवसाईटमा राख्ने व्यवस्था मिलाइएको छ।
- मन्त्रालय अन्तरगत संचालित कार्यक्रमहरुको समय समयमा अनुगमन एवं निरीक्षण गरी सुधार गर्नु पर्ने अवस्था भएमा गर्ने व्यवस्था मिलाईएको छ। यी समग्र कार्यहरुबाट सुशासन कायम गर्न सहयोग पुगेको मन्त्रालयले अनुभव गरेको छ।
- मानवीय स्वास्थ्यमा नकरात्मक असर पार्ने वायु प्रदूषण नेपालको एक प्रमुख वातावरणीय प्रदूषणको रुपमा देखा परेको छ।
- यसको मापनगरी वायु प्रदूषण न्यूनीकरणका लागि भावि नीति, रणनीति, योजना तथा कार्यक्रम वनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले नेपाल सरकारको आफ्नो स्रोत तथा वाह्य स्रोतबाट वायु प्रदूषण मापनका लागि उपत्यका र उपत्यका वाहिर वायु गुणस्तर मापन केन्द्रहरु स्थापना गर्न सम्भावित स्थानहरुको पहिचानको लागि उद्देश्यले वायु गुणस्तर मापन केन्द्र अध्ययन प्रतिवेदन वातावरण विभागले तयार गरेको छ। प्रतिवेदन अनुसार हाल देशभर ५६ वटा वायु गुणस्तर मापन केन्द्र राख्न मिल्ने स्थानहरुको पहिचान गरी प्रतिवेदन प्राप्त भएको छ। केन्द्र स्थापना र संचालन गर्न ठूलो धनराशी आवश्यक पर्ने हुँदा हाल उपत्यका भित्र ३ वटा स्थानमा वायु प्रदुषण मापन केन्द्र स्थापना गर्ने कार्य भइरहेको छ भने वाँकी केन्द्रहरु क्रमश स्थापना गर्दैजाने लक्ष्य लिएको छ।
- वर्षेनी बबई र डडुवा खोलाको वाढीले जनधनमा क्षति पुऱ्याउने कार्य भइरहेकोले उक्त खोलाहरुमा आउने बाढीको पूर्व सूचनाको निम्ति बाढी जोखिम नक्सा तयार भएको छ। सो कार्यबाट वाढीको जोखिममा पर्न सक्ने क्षेत्र तथा समुदायको पहिचान भएको छ।
- भूकम्पले सामाजिक आर्थिक क्षेत्रमा पारेको प्रभाव अध्ययन गरिएको छ।

परिच्छेद - ६
सामाजिक विकास क्षेत्रको निकायगत उपलब्धिहरु

१. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ अनुसार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट संचालित सार्वजनिक क्रियाकलापहरुबाट मुलुकको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा योगदान पुगी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देहायका उपलब्धिहरू हासिल भएका छन् :-

महिला

- महिलाहरूको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि ऐन, नियम, निर्देशिका कार्ययोजना निर्माण भई सोको ७५ वटै जिल्लामा विभिन्न कार्यक्रमहरू मार्फत सम्बोधन भएको छ।
- संविधान, आवधिक योजना तथा सरकारको न्यूनतम साझा कार्यक्रमबाट प्रतिबद्धता जनाएअनुरूप राज्यका सबै संरचना र तहहरूमा महिलाहरूको प्रतिनिधित्व बढाउने गरी देशव्यापीरूपमा कार्यक्रमहरू संचालन गरिएको छ।
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना, २०६० कार्यान्वयनमा आई अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न अग्रसरता देखाइएको छ।
- जबरजस्ती श्रममा लगाउने, मानव बेचबिखन तथा ओसारपसार र वैदेशिक रोजगारीमा नेपाली महिलाहरूको सुरक्षाका सम्बन्धमा नेपालले विभिन्न कार्यहरू मार्फत आफ्नो स्तर अगाडि बढाउन प्रयास गरेको छ।
- सरोकारवाला संस्थामार्फत अपाङ्गता भएका महिलाहरूलाई शिक्षा, स्वास्थ्य र बसोबास सहितको आवासीय कार्यक्रम संचालन भएको छ।
- महिला विकास कार्यक्रमको कार्यान्वयन तथा विस्तारबाट ग्रामीण विपन्न महिलाहरूको सशक्तीकरणमा सहयोग पुगेको छ।
- संस्थागत सहभागिताको माध्यमबाट महिलाहरुको नेतृत्व विकास र दिगोपनामा सहजता आएको छ।

- महिला समूह/समितिको सकृयताबाट लैंगिक हिंसाका घटनाहरूमा न्यूनीकरण गर्न सहयोग पुगेको छ।
- विद्यालय विमुख किशोर किशोरीहरुको जीवनोपयोगी सीप विकास, सशक्तीकरणका साथै जोखिम न्यूनीकरणमा सघाउ पुगेको छ।
- अदालतको निर्णय बमोजिम पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने सम्बन्धमा "लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ को दफा १७ (१ क)" मा उल्लेख भएबमोजिम अदालतको अन्तिम निर्णय पश्चात पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने व्यवस्था कार्यान्वयनको लागि जिल्लामा महिला तथा बालबालिका कार्यालयमा निवेदन पर्न आएमा जिल्लास्थित तत्काल उद्धार कोषवाट प्रक्रिया पूरा गरी तत्काल रकम उपलब्ध गराई मन्त्रालयमा रहेको पुनर्स्थापना कोषबाट शोधभर्ना माग गर्न सकिने व्यवस्था भएको छ।
- महिला हिंसा विरुद्धको १६ दिने अभियान (16 days of Activism on Violence Against Women, November 25 to December 10) मनाइएको र सो सम्बन्धमा NRNA का अध्यक्ष शेष घले, क्रिकेटर पारस खड्का र कलाकार राजेश हमाललाई २ बर्षको लागि सद्भावना राजदूत नियुक्त गरिएको छ।
- लैङ्गिक नीतिको प्रारम्भिक मस्यौदा तयार भएको छ।
- सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) भव्यताका साथ मनाइएको छ।
- महिला विकास कार्यक्रमद्वारा प्रबर्द्धित ३ वटा संस्थाहरुलाई अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा उत्तम संस्था पुरस्कार प्रदान गरिएको छ।
- विद्यालय तहमा महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।
- विद्यालय तथा विश्वविद्यालय तहको पाठ्यक्रममा लैंगिक सवाल तथा महिला अधिकार सम्बन्धी विषय समावेश गर्ने सम्बन्धमा सरोकारवाला निकायहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको छ।
- महिला अधिकार सम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिएको छ।
- रेडियो नेपालबाट महिला अधिकार सम्बन्धी साप्ताहिक कार्यक्रम प्रशारण गरिएको छ।

- मुक्त कम्लरी, वादी समुदायका महिला सम्बन्धी विषयमा उनीहरुको समस्या सम्बोधनका लागि छलफल तथा बैठक सम्पन्न भएको छ।
- CEDAW को छैटौं आवधिक प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिरिषदको कार्यालयमा रहेको समन्वय समितिमा पठाइएको छ।
- आ.व. २०७२/७३ मा लैंगिक हिंसा निवारण कोषबाट ४३६ जना लैंगिक हिंसा पीडित तथा प्रभावितहरुलाई राहत तथा आर्थिक सहयोग प्रदान गरिएको छ।
- पीडितलाई जिल्ला अदालतको फैसला अनुसार लैंगिक हिंसा निवारण कोषबाट क्षतिपूर्ति प्रदान गर्ने गरिएको छ।
- लैंगिक हिंसा निवारण कोष सञ्चालन नियमावली, २०६७ लाई सरल र सहज बनाउने उद्येश्यले परिमार्जन गर्ने प्रक्रियाको थालनी गरिएको छ।
- एकल महिला सम्बन्धी २ दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- २४३ जना लैङ्गिक हिंसामा परेका महिला तथा किशोरीहरुलाई राहत तथा सहयोग उपलब्ध गराइएको छ।
- २४६६९ जना महिला तथा किशोरीहरुलाई सिप तथा क्षमता विकास तालिम दिइएको छ।
- महिला माथि हुने सवै किसिमका विभेद तथा लैङ्गिक हिंसा अन्त्य गर्ने उद्देश्यका साथ संचालित विभिन्न कार्यक्रमहरुबाट लैङ्गिक समानता कायम गर्न योगदान पुगेको छ।
- हिंसा पीडित महिला तथा किशोरीलाई सुरक्षित पुनर्स्थापना गर्न राष्ट्रियस्तरको मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र काठमाडौंमा स्थापना भई संचालनमा रहेको छ। उक्त केन्द्रमा हाल ११ जना पुनर्स्थापित छन्।
- लैगिक हिंसापीड़ित वा प्रभावितहरुका लागि राष्ट्रिय निर्देशिकाको मस्यौदा (एकिकृत सेवा) तयार भएको छ।
- लैंगिक हिंसा निवारण कोषमा रु. एक करोड रकम थप गरिएको छ। उक्त कोषबाट हालसम्म करिब २५०० जनाले राहत पाइसकेका छन्।
- हिंसाका कारण, परिणाम र संयन्त्रका सम्बन्धमा सांसदहरुका लागि महिलाको हक हित र अधिकार संरक्षण सम्बन्धी २ पटक विशेष कार्यक्रम सञ्चालन गरिएको छ।
- लैगिंक हिंसा सम्बन्धमा भएका प्रावधान लगायतका विषयमा मन्त्रालय तथा विभिन्न निकायका लैङ्गिक सम्पर्क व्यक्तिहरुलाई २ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ।

- सामाजिक कुरीति, दाइजो लगायत यौनजन्य हिंसा तथा महिला अधिकार सम्बन्धी विषयहरुबारे विभिन्न जिल्लामा चेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।
- महिला अधिकार सम्बन्धी सचेतनामूलक सामग्री उत्पादन तथा प्रसारण (ब्रोसर, जिङगल इत्यादि) माध्यमबाट महिला हक, अधिकार विषयमा कार्यक्रम संचालन गरी विभिन्न जिल्लाका महिलाहरुको जनचेतना अभिवृद्धि गराइएको छ।
- घरेलु हिंसासम्बन्धी १२३०० जना महिलाको सेवा केन्द्रमा उजुरी परेको र ती मध्ये १०७५० उजुरी फछ्यौट भएको छ।
- आर्थिक तथा सामाजिकरुपले पछाडि परेका ग्रामीण विपन्न महिलाको वहुआयामिक (वैयक्तिक, आर्थिक, सामाजिक) सशक्तीकरण सबै जिल्ला तथा गा.वि.स.मा कार्यक्रम विस्तार गरी संचालन गरिएको छ।
- महिलाद्वारा प्रबर्द्धित १७५० वटा सहकारी संस्थाहरु दर्ता भएका छन्। महिलाहरुको सामूहिक वचत करिब रु. ३ अर्ब ५० करोड रहेको र करिब १ लाख ७० हजार विपन्न महिलाले सीप तथा व्यावसायिक सीप विकास तालिम प्राप्त गरेका छन्। विकास कार्यक्रममा आवद्ध महिला सदस्य १० लाख २० हजार पुगिसकेको छ। जसमा १६ प्रतिशत दलित महिला र ३८ प्रतिशत जनजाति महिलाको प्रतिनिधित्व रहेको छ।
- लैंगिक हिंसा निवारणको लागि महिला संस्थाहरु एकीकृत विकास कार्यक्रम अन्तर्गत विपदको पूर्व तयारी सम्बन्धमा सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

बालबालिका

- संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि (UNCRC), १९८९ लाई नेपालले सन १९९० को १४ सेप्टेम्बरमा अनुमोदन गरेपछि बालबालिकाको अधिकार संरक्षण र सम्बर्द्धनका विभिन्न कार्यक्रमहरू संचालन भई अधिकारप्रति सचेतना बढ्दै गएको छ।
- राष्ट्रिय बाल नीति, २०६९ कार्यान्वयनमा आएको छ। बालबालिकासम्बन्धी दसवर्षे राष्ट्रिय कार्ययोजना लागू भई सोको अवधि समाप्त भएकोले नयाँ कार्ययोजना तर्जुमा गर्ने कार्य सुरु गरिएको छ।
- ७५ वटै जिल्लाका महिला तथा बालबालिका कार्यालयहरूमा बालसंरक्षण अधिकृत/निरीक्षकको दरबन्दी सृजना भई बालबालिका सम्बन्धी छुट्टै डेस्कबाट कार्य गर्ने व्यवस्था मिलाइएको छ।

- ७५ जिल्लाका १५० वटा सामुदायिक विद्यालयमा अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम संचालन गरिएको छ।
- बालअधिकारको संरक्षण र प्रबर्द्धनका लागि समग्र बाल विकासको क्षेत्रमा जागरूकता आएको छ।
- बालबालिका उपर हुने हिंसाविरुद्धमा सार्क स्तरमा SAIEVAC मार्फत ऐक्यबद्धता जनाई बालबालिका उपर हुने हिंसा न्यूनीकरणमा योगदान पुगेको छ।
- अन्तर्राष्ट्रियस्तरमा बालअधिकारको क्षेत्रमा गरिएको प्रतिबद्धताअनुरुप राष्ट्रियस्तरदेखि स्थानीयस्तरसम्म नीतिगत, संरचनागत र कार्यक्रमगत व्यवस्थापनद्वारा वयस्कहरूमा आएको सचेतनाको वृद्धिद्वारा बालअधिकारको उपभोगको लागि सकारात्मक वातावरण सिर्जना भएको छ।
- अभिभावकविहीन बालबालिकाहरूको संरक्षण गर्ने कार्य बालगृह मार्फत भइरहेको छ।
- सञ्चार माध्यमबाट बालबालिकासम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको प्रचारप्रसार गरी सचेतना अभिवृद्धि गरिएको छ। बालबालिकाको अवस्था सुधार गर्न आवासीय बालगृह र कार्यकमको अनुगमन गरिएको छ।
- पहिलो चरणमा ५९ गा.वि.स. मा बाल विवाह विरुद्धका कार्यक्रम संचालन गर्ने गरिएको छ।
- बाल विज्याइको विवादमा परेका वालवालिकाहरुलाई बालमैत्री न्यायका लागि ७५ जिल्लामा बाल ईजलाश गठन गरिएको छ।
- बालबालिका सम्बन्धी ऐन, २०४८ को संशोधन गर्ने प्रयोजनका लागि प्रारम्भिक मस्यौदा तयार भएको छ।
- काठमाण्डौं उपत्यकालाई सडक बालबालिकामुक्त बनाउने अभिप्राय अनुरुप यस आर्थिक वर्षको अन्त्यसम्म २०३ जना सडक बालबालिकाहरुको व्यवस्थापन भएको छ।
- सडक बालबालिका उद्धार, संरक्षण र व्यवस्थापन मार्गदर्शन, २०७२ स्वीकृत भई कार्यान्वयनमा ल्याईएको छ।
- सन् २०३० सम्म नेपालमा बालविबाह अन्त्य गर्ने लक्ष्यका साथ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ जारी गरिएको छ ।
- बालअधिकारका पक्षहरु (बचाउ, संरक्षण, विकास र सहभागिता) विषयमा आम समुदायमा कार्यक्रम संचालन गरिएको छ। उनीहरुको आचरण सुधारका साथै शिक्षा र व्यावसायिक सीप सेवा समेत उपलब्ध गराईएको छ।

- २२४५७ वाल क्लब गठन भई बाल अधिकारको प्रबर्द्धन र बालबालिकाको हिंसा विरुद्धमा बालबालिकाको संलग्नता बढाइएको छ। क्लबमा ४ लाख ३१ हजार ९६० बालबालिका संलग्न छन्।
- निःशुल्क टेलीफोन सेवा १०४ (बालबालिका खोजतलास समन्वय केन्द्र) र १०९८ (बाल हेल्पलाईन) संचालन गरिएको छ। ७८६ बालबालिका हराएको उजुरीहरुमध्ये ४९६ को व्यवस्थापन गरिएको छ। ७८६ बालबालिका हराएको उजुरीहरुमध्ये ४९६ को व्यवस्थापन गरिएको छ। बाँकी बालबालिकाको खोजी जारी छ ।
- सामुदायिक प्रयासकै जगमा प्रभावितको संरक्षणको लागि १७ वटा जिल्ला सेवा केन्द्र र १२३ वटा सामुदायिक सेवा केन्द्र सञ्चालन भएका छन्।
- १४ जिल्लामा सामुदायिक संकटमा परेका बालबालिकाको पारिवारिक सरंक्षण सेवा, ५९ महिला संस्थामार्फत बालबिवाहविरुद्धको अभियान सञ्चालन गरिएको छ।
- अनाथ, असहाय, वेसाहारा गरी १६,००० बालबालिकाहरुलाई बाल कल्याण गृहको संरक्षणमा राखी हेरचाह, शिक्षा लगायतका सेवा उपलब्ध गराइएको छ।
- कानुन बमोजिम सजाय पूरा गर्नुपर्ने २३० बालबालिकालाई बाल सुधार गृहमा राख्नका लागि वाल सुधार गृह संचालन गरिएको छ। उनीहरुको आचरण सुधारका साथै शिक्षा र व्यावसायिक सीप, सेवा उपलब्ध गराइएको छ।
- बालबालिका खोजतलास केन्द्र १०४ र जोखिममा परेका बालबालिकाहरुको उद्धार र पुनर्स्थापना केन्द्र मार्फत ४४५४ जना बालबालिकाहरुको उद्धार र पुनर्स्थापन गरिएको छ।
- कास्की, मोरंग र भक्तपुरमा ३ वटा बालसुधार गृह गैह्रसरकारी क्षेत्रको सहयोगमा संचालनमा छन्। नेपालगञ्जमा पनि सञ्चालन गर्ने प्रयोजनका लागि भवन निर्माण कार्य भईरहेको छ।
- मार्गदर्शनका आधारमा सम्पर्क गृह, सामाजिकीकरण केन्द्र, उद्धार सम्बन्धी कार्य संचालन पुस्तिका तयार भएको छ।
- Resource Mapping गरी १० वटा संस्थालाई सम्पर्क गृह र सामाजिकीकरण केन्द्र संचालन गर्ने गरी छनौट गरिएको छ।
- वालवालिकाहरुलाई अनुशासनको नाममा दिईने शारीरिक र मानसिक सजाय विरुद्ध अभियान र पैरवीजस्ता कार्यहरु भइरहेको छ।

- नेपाल बाल संगठन मार्फत संरक्षणविहीन बालबालिकाहरुलाई संरक्षण र पारिवारिक सहयोग प्रदान गरिएको छ।
- नयाँ कर्मचारीहरुलाई महिला तथा बालबालिका विभागबाट अनुशिक्षण दिने कार्य भइरहेको छ।
- संरक्षण विषयगत क्षेत्रको रणनीतिक कार्ययोजनाको निर्माण अन्तिम चरणमा छ।
- विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका ४७ जना बालबालिकालाई विशेष संरक्षण सहयोग गरिएको छ।
- बालबालिकाको सहभागितामा बाल अधिकार प्रवर्द्धन गर्न ३६ जिल्लाहरुमा खुला निबन्ध प्रतियोगिता सञ्चालन भई १०९ जना बालबालिकालाई पुरस्कृत गरिएको छ।
- कर्णाली अञ्चलका २ र पीछडिएका क्षेत्रका ४ गरी विभिन्न ६ वटा जिल्लाहरुमा बाल संरक्षणप्रति जवाफदेहिता अभिवृद्धि गर्न पारिवारिक सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ।
- बालबिवाह बढी हुने विभिन्न ५ वटा जिल्लाहरुमा बाल विवाह रोकथाम तथा न्यूनीकरण अभियान सञ्चालन गरिएको छ।
- विविध कार्यक्रम सहित ७५ वटै जिल्लामा अन्तर्राष्ट्रिय बाल अधिकार दिवस मनाइएको छ।
- विदेशी नागरिकबाट ११ वटा धर्मपुत्र धर्मपुत्री सम्बन्धी निवेदन प्राप्त भएकोमा धर्मपुत्र/धर्मपुत्री माग भएको ११ वटा निवेदनमध्ये २ जना बालिकालाई धर्मपुत्री ग्रहण गरी लगिएको छ। १ जना निर्णयको क्रममा रहेको र अन्य प्रक्रियामा रहेका छन्।
- अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्री सम्बन्धी काम गर्नको लागि ६ वर्ष कार्य अनुभव भएका १४ वटा वालगृहहरुलाई मन्त्रालयबाट सूचिकृत गरिएको छ।
- अध्ययन, अनुसन्धानका कार्यहरु (सेवा पुनर्स्थापना केन्द्र, कल्पवासीहरु, मठ मन्दिरमा अलपत्र र माग्नेहरु) गरिएको छ।
- बालसुधार गृह बाँके र बालकल्याण गृह मोरङको भवन निर्माण सम्पन्न भएको छ।
- युसेप नेपालको सहकार्यमा बालसुधार गृहहरु सञ्चालन गरिएको, हाल १२२ जना (६ बालिका र ११६ बालक) रहेको छ।
- सिंहदरबार दिवा शिशु केन्द्रको भवन निर्माण सम्पन्न हुने क्रममा रहेको छ।

- बालबालिकालाई अनुशासनका नाममा दिईने शारीरिक तथा मानसिक सजाय र भूकम्प प्रभावित क्षेत्रका बालबालिकाहरुलाई मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिएको छ।
- केन्द्रीय बाल कल्याण समितिको कार्यालय भवनको निर्माण कार्य निरन्तर सञ्चालन गरी जग ढलान गरिएको छ।
- जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन र पुनर्स्थापना गरिएको छ।

अपाङ्गता प्रवर्द्धन

- अपाङ्गता भएका पूर्ण अशक्त व्यक्तिहरूका लागि २ वटा दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनमा ल्याइएको छ।
- UNCRPD को कार्यान्वयनका लागि अपाङ्ग भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरूलाई विभिन्न कार्यक्रम संचालन गर्न अनुदान उपलब्ध गराइएको छ।
- अपांग संरक्षण तथा कल्याण ऐन, २०३९ को लाई विस्थापित गर्न अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७१ निर्माण गर्ने सिलसिलामा विधेयक संसदमा दर्ता गरिएको छ।
- UNCRPD को पक्षराष्ट्रको रुपमा नीतिगत, कानूनी र प्रकृयागत सुधारहरु कायम राखेको छ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि ७५ जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) संचालन भई उनीहरूप्रतिको सामाजिक सोचमा सकारात्मक परिवर्तन आएको छ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सहायक सामग्री निःशुल्क रूपमा उपलव्ध गराउन गैह्रसरकारी क्षेत्रसँगको साझेदारीमा सामग्रीहरु उत्पादन र वितरण कार्यक्रम संचालन गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरूको सहज आवागमन र पहुँचयुक्त वातावरण सिर्जना गर्न भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ कार्यान्वयनमा ल्याइएको छ। अपाङ्गतासम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना (२०७३-२०८२) को दोस्रो मस्यौदा तयार भई स्वीकृतिको चरणमा छ।

- अपाङ्गता भएका व्यक्तिहरूका लागि आ.व. २०७०/७१ देखि भत्ता उपलव्ध गराउने व्यवस्था भएकोमा आ.व. २०७३/७४ बाट प्राप्त हुने रकममा दोब्बर वृद्धि गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त संरचना तथा संचार सेवा निर्देशिका, २०६९ बमोजिम ५ विकास क्षेत्रमा अधिवाचन कार्यक्रम सम्पन्न भएको छ। २० जिल्लामा अवरोधमुक्त अभियान संचालन गरिएको छ।
- ३६५ जना अपाङ्गगता भएका व्यक्तिहरुलाई सीपमूलक तालिम दिइएको छ।

जेष्ठ नागरिक

- जेष्ठ नागरिकहरूको अधिकार संरक्षण गरी जीवन यापनलाई सम्मान पूर्ण बनाउन जेष्ठ नागरिक ऐन, २०६३ र नियमावली, २०६५ कार्यान्वयनमा रहको छ।
- केन्द्रदेखि जिल्लातहसम्म ज्येष्ठ नागरिक कल्याण समिति गठन भई समन्वयात्मक र रचनात्मक कार्यहरू सम्पादन भइरहेको छ।
- सार्वजनिक सेवामा जेष्ठ नागरिकहरूलाई सुविधा दिन यातायातका साधनमा सीट आरक्षण तथा भाडामा सहुलियत प्रदान गर्ने कार्य शुरु भएको छ।
- जेष्ठ नागरिकहरूका लागि सहज वातावरण बनाउन ८७ वटा दिवा सेवा केन्द्रहरू संचालन भई उनीहरूको अनुभव र सीप हस्तान्तरण गर्ने कार्यक्रम संचालन भइरहेको छ।
- बेसहारा, असहाय ज्येष्ठ नागरिकहरूको संरक्षणका लागि मन्त्रालयको आर्थिक सहयोगबाट क्षेत्रीयस्तरमा निम्न बमोजिम वृद्धाश्रम संचालन गरी उनीहरुलाई सम्मानपूर्वक जीवनयापन गर्न सहयोग गरिएको छ।
  - मध्यमाञ्चल विकास क्षेत्रको समाज कल्याण केन्द्र वृद्धाश्रम, पशुपति, काठमाण्डौ
  - पश्चिमाञ्चल विकास क्षेत्रको पश्चिमाञ्चल वृद्धाश्रम, पोखरा, कास्की
  - पूर्वाञ्चल विकास क्षेत्रको विश्रान्ती मन्दिर मूलघाट, धनकुटा
  - मध्य पश्चिमाञ्चल विकास क्षेत्रको भेरी वृद्ध तथा असहाय सेवा केन्द्र, नेपालगंज, बाँके
  - सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको महिला तथा वृद्ध सेवा केन्द्र, महेन्द्रनगर, कंचनपुर
- ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षामा सहयोग गर्ने अभिप्रायले विविध कार्यक्रम संचालन गर्न विभिन्न १४८ वटा संघसंस्थाहरूलाई चालु तथा पूँजीगत अनुदान उपलब्ध गराईएको छ।

- केन्द्रीय ज्येष्ठ नागरिक कल्याण कोषको रकम खर्च गर्ने सम्बन्धी प्रक्रिया एवं मापदण्ड, २०७२ तयार भएको छ।
- ज्येष्ठ नागरिकहरुप्रति परिवारको भूमिकाबारे चेतनावृत्तिको कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा भित्तेपात्रो प्रकाशन गरिएको छ।
- ज्येष्ठ नागरिकहरुको लागि परिचयपत्र छपाई गरी ७५ जिल्लामा वितरणको व्यवस्था मिलाइएको छ।
- डिमेन्सिया र अल्जाइमर्सबारे अध्ययन गरिएको छ।

मानवबेचबिखन विरुद्ध

- पुनर्स्थापना केन्द्रद्वारा मानव बेचबिखन बाट पीडित एवं प्रभावितहरुको लागि अन्तरिम आवासीय हेरचाह, स्वास्थ्य उपचार सेवा, मनोसामाजिक परामर्श, कानूनी सहायता, सीप विकास तालिम, बिउ पूंजी, अदालती कारबाहीको सिलसिलामा यातायात खर्च सम्बन्धी सेवा प्रदान गरिएको छ।
- ८ जिल्लामा सञ्चालन भएका पुनर्स्थापना केन्द्रहरु, महिला तथा बालबालिका कार्यालयका मानव वेचविखन नियन्त्रण विषय हेर्ने सम्पर्क व्यक्ति र लेखापालबीच नवलपरासी जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न (सहभागी संख्या २० महिला र २ पुरुष जम्मा २२ वटा) गरिएको छ।
- मानव बेचबिखन विरुद्धको स्थानीय समिति निर्देशिका (गठन तथा परिचालन), २०७० अन्तर्गत नगर समितिको गठन तथा परिचालनको लागि निर्देशिका तयार भएको छ ।
- ८ वटा पुर्नस्थापना गृह, भारत, अबुधावीस्थित राजदूताबास, र कोलकत्तास्थित महावाणिज्यदूताबासमा मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरुको उद्धार, स्वदेशफिर्ती, संरक्षण र पुनर्स्थापनाका लागि पुनर्स्थापना कोषबाट रकम रु. १,५८,३२,०००/– (एक करोड अन्ठाउन्न लाख बत्तीस हजार) निकासा भएको छ।
- मानव बैचबिखन बिरुद्धको नारा "हामी सबै मिली गरौं बिपतको सामना- मानव बेचबिखनको अन्त्य हाम्रो कर्तव्य" र चाहना सहित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नवौं राष्ट्रिय दिवस भाद्र २०, २०७२ सप्ताहव्यापी कार्यक्रम सहित सम्पन्न भएको छ।
- भूकम्पपश्चातको मानव बेचबिखनको उच्च जोखिमलाई ध्यानमा राखी सीमा निगरानी तथा भारतसँगको सहकार्यलाई प्रभावकारी बनाउन झापा, चितवन र कञ्चनपुर जिल्लामा

विभिन्न सरोकारावाला निकाय, गैह्रसरकारी संस्था तथा बाल क्लबका प्रतिनिधिहरुसंग Cross Border Workshop सञ्चालन गरिएको छ ।

- मानव बेचबिखन न्यूनीकरणका लागि मानव बेचबिखन तथा ओसारपसार विरुद्धको सन्देशमूलक सूचना निर्माण तथा प्रसारण भएको छ।
- दिल्ली विमानस्थल हुँदै कुर्दिस्तान, केन्या, तान्जानिया जान भनी खाडी मुलुकको दुबई लगायत विभिन्न मुलुकमा अत्यन्त जोखिमपूर्ण कामको लागि पर्यटक र कलाकारको भीसा मिलाई तेश्रो मुलुक पुर्याउने क्रममा विभिन्न होटलहरुमा राखिएको अवस्थामा भारतीय प्रहरीको सहयोगबाट २७ जना युवतीहरुको उद्धार गरी भारतस्थित नेपाली दूतावासको पहलमा यस मन्त्रालयले मिति २०७२।४।२० मा स्वदेश फिर्ता ल्याई पुर्नस्थापनाको लागि माइती नेपालमा राख्ने व्यवस्था मिलाइएको छ।
- चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने सन्दर्भमा धनकुटा र नेपालगञ्जमा गरी दुई वटा क्षेत्रीयस्तरका अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- मानव वेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र उप-समितिको बैठक बसी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि सहजीकरण र समन्वय गरिएको छ।
- मानव वेचविखन तथा ओसारपसार नियन्त्रणको विषयलाई प्राथमिकतामा राखी काँकडभिट्टा, विराटनगर, भैरहवा, नेपालगंज सीमामा निगरानी बढाउनका लागि पहल गरिएको छ।
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरुलाई उद्धार गरी स्वदेश फिर्ती गर्दा विदेशस्थित कूटनैतिक नियोगहरुले अनिवार्य रुपमा नेपाल प्रहरीमा सूचना दिई प्रहरीको समन्वयमा फिर्ता गर्ने तथा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा जानकारी गराउनु पर्ने व्यवस्थाको लागि पहल गरिएको छ।
- मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरुका लागि उद्धार, संरक्षण र पुनर्स्थापना गर्ने सिलसिलामा विभिन्न जिल्लामा कुल १६९७ जना मानव बेचबिखनबाट प्रभावितलाई राहत तथा उद्धार गरिएको छ।

अन्य

- लैंगिक अल्पसंख्यकहरुलाई आयमूलक तालिम अन्तर्गत १२ जनालाई ड्राईभिङ तालिम प्रदान गरिएको छ।

- अनुगमनवाट प्राप्त प्रतिवेदनहरु कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने व्यवस्था मिलाइएको छ।
- Social Science Research Council (SSRC) स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारको अवधारणा पत्र तयार भई ऐन निर्माण गर्न सैद्धान्तिक स्वीकृतिका लागि मन्त्रीपरिषद्मा पठाइएको छ।
- मन्त्रालय र अन्तर्गत संचालित कार्यक्रमहरूको अनुगमनलाई व्यवस्थित गर्न अनुगमन निर्देशिका निर्माण भएको छ।
- मन्त्रालयका प्रगति र उपलब्धिहरुलाई संस्थागत गर्न वार्षिक प्रगति प्रतिवेदन प्रकाशन हुँदै आएको छ।
- समाज कल्याण ऐन, २०३९ को सट्टामा नयाँ समाज कल्याण तथा विकास ऐन निर्माण गर्न मस्यौदा तयार भई तर्जुमाका लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाइएको छ।
- सामाजिक कुरीति (कसुर र सजाय) नियन्त्रण ऐन, २०७२ निर्माण गर्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र नेपाल सरकार, मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति प्राप्त भई प्रारम्भिक मस्यौदा तयार भएको छ।
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाद्वारा संचालित परियोजनाहरुलाई राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा संचालन गर्न परियोजना सहजीकरण समितिको सिफासमा मन्त्रालयबाट निर्णय गराई सम्झौताका लागि नियमित रुपमा समाज कल्याण परिषद्मा पठाइएको छ।
- वैदेशिक छात्रवृत्ति, अध्ययन, भ्रमण सम्बन्धी मापदण्ड कार्यविधि स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।
- सामाजिक कुरीति, दाइजो लगायत यौनजन्य दुर्व्यवहार तथा महिला विरुद्ध हुने हिंसा तथा महिला अधिकारसँग सम्बन्धित विषयहरुमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- १४ जिल्लाका महिला तथा बालबालिका कार्यालयमा भवन निर्माण कार्य भइरहेको छ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको दुई क्षेत्रमा क्षेत्रीयस्तरको अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा विविध विषयहरुका बारेमा छलफल, राय, परामर्श, अनुभव तथा सुझाव संकलन गरिएको छ।
- ११६ वटा गुनासो प्राप्त भई ९३ वटा (८०.२%) फछ्र्यौट भएको छ।
- आ.व. २०७०/०७१ सम्मको बेरुजु मध्ये ४६.५ प्रतिशत फछ्र्यौट भएको छ।

- लैङ्गिक अल्पसंख्यकहरुप्रति समाजमा रहेको भ्रम हटाउन अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।
- मन्त्रालयको कार्यक्षेत्रमा पर्ने विषयमा शोधपत्र लेखन र Internship गर्नेहरुलाई सहयोग गरिएको छ।
- मन्त्रालय र अन्तरगत निकायहरुको सूचनालाई ब्यवस्थित गर्न सूचना ब्यबस्थापन प्रणाली स्थापना सम्वन्धी कार्यहरु भईरहेको छ।
- अन्तर्राष्ट्रिय गैरसरकारी सस्थाहरुको परियोजना विश्लेषण, सहजीकरण तथा सिफारिश समितिको जम्मा १२३ पटक बैठक बसी ७५ ओटा साधारण सम्झौता ११५ वटा परियोजना सम्झौता र २१ वटा कार्यक्रम सम्झौताका लागि सिफारिश गर्ने निर्णय भएको छ।
- औपचारिक २७, गैर पर्यटकीय १३९ र आगमन ७ गरी जम्मा १६३ जना विदेशी नागरिकहरुलाई अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमा कार्य गर्न लगाउने गरी सिफारिश गरिएको छ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा सहयोग सहयोग स्वरुप आएका विभिन्न सामग्रीहरुमा लाग्ने भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर छुट तथा आयात ईजाजतका लागि ६५ पटक सिफारिश गरिएको छ।
- विभिन्न २५ वटा संघ संस्था दर्ता गर्ने प्रयोजनका लागि राय सहमति उपलब्ध गराईएको छ।

२. शिक्षा मन्त्रालय

आर्थिक वर्ष २०७२।०७३ मा शिक्षा मन्त्रालय मार्फत संचालित गतिविधिहरुबाट देहाय बमोजिमका उपलव्धिहरु हासिल भएका छन्।

- करिब एक दशक निरन्तर प्रयाश र छलफल मा रहेको शिक्षा ऐन २०२८ को आठौं संशोधनमा व्यवस्थापिका संसदबाट पारित भई मिति २०७३/३/१५ मा सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई कार्यान्वयन भएको छ।
- प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक चार तहको विद्यालय शिक्षा रहेको सन्दर्भमा कानुनी रुपमा परिमार्जन गरी प्रारम्भिक बाल विकास शिक्षालाई समेत विद्यालय शिक्षाको अभिन्न आधारको रुपमा अङ्गिकार गर्दै कक्षा ८ सम्मलाई आधारभूत

विद्यालय शिक्षा र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा पुनसंरचना गरिएको छ।

- उच्च माध्यमिक शिक्षा ऐनको खारेज, गरी एक स्वशाशित, संगठित संस्थाको रुपमा राष्ट्रिय परीक्षा बोर्ड गठन र उक्त वोर्डले कक्षा १० र माध्यमिक तहको अन्त्यमा हुने कक्षा १२ को परीक्षाको संञ्चालन गर्ने व्यवस्था भएको छ।
- खुला विश्वविद्यालय ऐन व्यवस्थापिका संसदवाट पारित भई मिति २०७३।३।३० मा सम्माननीय राष्ट्रपतिज्यूवाट प्रमाणीकरण भई कार्यान्वयन छ।
- शिक्षा सम्बन्धी नीति निर्धारण, परिमार्जन गरी नेपाल सरकारलाई सल्लाह सुझाव दिन शिक्षा मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा राष्ट्रिय शिक्षा परिषद् गठन व्यवस्था भएको छ।
- उच्च शिक्षालाई सुव्यवस्थित र प्रभावकारी बनाउन उच्च शिक्षा नीति २०७२ साल भाद्र ३० गते मन्त्री परिषद्बाट स्वीकृत भई कार्यान्वयन भएको छ।
- चिकित्सा शिक्षालाई सुव्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाउन चिकित्सा शिक्षा विधेयक २०७३ व्यवस्थापिका संसदमा पेश भई विचाराधीन रहेको छ।
- विदेशी शिक्षण संस्थाको सम्वन्धनमा उच्च शिक्षा संञ्चालन गर्ने सम्वन्धी निर्देशिका २०५९ मा परिमार्जन संशोधन गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७२।४।३२ मा स्वीकृत भई कार्यान्वयनमा रहेको छ।
- विद्यालय शिक्षा तहको विदेशी शैक्षिक कार्यक्रमहरु नियमनको दायरामा ल्याइएको छ।
- शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका २०६८ को दोस्रो संशोधन गरी सम्बन्धित सेवा प्रदान गर्ने संस्थाहरुलाई अनुमति प्रदान र अनुगमन गरी नियमन गर्ने गरिएको छ।
- एकीकृत उच्च शिक्षा विधेयक तर्जुमा गरी मन्त्रिपरिषद्बाट संसदमा पेश गर्न स्वीकृत भई संसदमा पेश गर्ने प्रक्रियामा रहेको छ।
- सात वर्षे विद्यालय क्षेत्र विकास योजना School Sector Development plan (SSDP) (२०१६।१७–२०२२।२३) तयार भई अन्तिम स्वीकृतिका लागि राष्ट्रिय योजना आयोगबाट सहमति प्राप्त भई दातृ निकायसँग सम्झौताका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने क्रममा रहेको छ।

- चौधौं त्रिवर्षीय योजना (२०७३।७४–२०७५/७६) अन्तरगत शिक्षा क्षेत्रको मस्यौदा तयार गरी राष्ट्रिय योजना आयोजना पेश गरिएको छ। साथै मध्यमकालिन खर्च संरचना (MTEF) २०७३/७४–२०७५/७६ समेत तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गरिएको छ।
- वि.स २०७२ साल बैशाख १२ गते आएको भूकम्प र ततपश्चातका पराकम्पनबाट शिक्षा क्षेत्रमा भएको क्षति सम्बन्धमा Post Disaster need assessment र Post Disaster Recovery Frame Work तयार गरी मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भई कार्यान्यनमा रहेको छ।
- राष्ट्रिय पुननिर्माण प्राधिकरण अन्तरगत भूकम्पवाट क्षतिग्रस्त शैक्षिक संस्थाको पुननिर्माणका सिलसिलामा केन्द्रीय तह परियोजना कार्यान्वयन इकाई (CLPIU) गठन भई पुननिर्माण सम्वन्धी कामकाज सुरु भइसकेको छ।
- नेपालको संविधान २०७२ कार्यान्वयनको सिलसिलामा ३ तह संघीय, प्रदेश र स्थानीय तहको संरचना अनुरुप पुनसंरचना गरी जनशक्ति व्यवस्थापन गर्न विभिन्न समिति उप समिति, गठन गरी अध्ययन प्रतिवेदन सम्वन्धी काम भईरहेको छ।
- अक्षराकंन पद्धति Letter Grading System बाट प्रवेशिका परीक्षा तथा प्राविधिक प्रवेशिका परीक्षाको परीक्षाफल प्रकाशन छ।
- शैक्षिक सत्र २०७२ मा प्राथमिक तहको खुद भर्ना दर (NER) ९६.६ पुगेको छ। कक्षा १ मा कुल प्रवेश दर (GIR) र खुद प्रवेश दर (NIR) क्रमश १३६.७ र ९३.९ पुगेको छ।
- सामुदायिक तथा विद्यालयमा आधारित बालविकास केन्द्रहरु विस्तार गर्ने नीति अनुरुप आर्थिक वर्ष २०७२।०७३ मा ३० हजार ४ सय ४८ वटा बालविकास केन्द्रहरु संञ्चालन रहेका छन्। आ.व. २०७२।०७३ मा ९ लाख ७७ हजार ३ सय ६५ बालबालिकाहरु बलविकास केन्द्र मार्फत लाभान्वित भएका छन्। शैक्षिक सत्र २०७२ कक्षा १ मा भर्ना हुने बालबालिकामध्ये बालविकास केन्द्रको अनुभव लिएकाहरु ६२.४ प्रतिशत पुगेको छ।

- छात्रवृति कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययन गर्ने सहिदका छोराछोरी, द्वन्दपीडित बालबालिका, दलित, अतिसीमान्तकृत तथा लोपोन्मुख जनजातिका सन्ततिहरुलाई विद्यालय शिक्षाको विभिन्न तहमा छात्रवृति उपलब्ध गराउँदै आएको छ।
- शिक्षकहरुलाई तालिम दिई कक्षा कोठाको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउने मूल लक्ष्य अनुरुप केन्द्रीय तहमा एक शैक्षिक जनशक्ति विकास केन्द्र र २९ शैक्षिक तालिम केन्द्र, ४६ अगुवा स्रोतकेन्द्र रहेका छन्। साथै १०५३ स्रोतकेन्द्रबाट विगत वर्षदेखि नै प्राथमिक तह (१–५) को शिक्षक तालिम संञ्चालन हुँदै आइरहेको छ। २९ शैक्षिक तालिम केन्द्रबाट कक्षा ६–१० सम्मका शिक्षकहरुको पेशागत तालिम सञ्चालन, प्र.अ. तालिम आदि जनशक्ति विकास मूलक कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन हुँदै आइरहेको छ।
- नयाँ पाठ्यक्रम अनुसार शैक्षिक सत्र २०७३ का लागि कक्षा ९ का अनिवार्य ६ विषय सहित कक्षा १–१० सम्मका पाठ्यपुस्तकहरु छपाई तथा वितरण भएको छ।
- शैक्षिक सत्र २०७४ देखि कार्यान्वयन हुने नयाँ पाठ्यक्रम अनुसारको १० का अनिवार्य ६ विषयका पाठ्यपुस्तकहरुको Printing Ready copy (PRC) तर्जुमा भएको छ।
- पाठ्यक्रम विकास केन्द्रबाट माध्यमिक तहमा चल्ने एन्ड्रोइड एप्स को विकास गरी पाठ्यसामाग्री सहज प्राप्त गर्ने व्यवस्था मिलाइएको छ।
- शिक्षक व्यवस्थापन सन्दर्भमा अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन भई मा.वि. तर्फ ३७ हजार ६ सय ८३ र नि.मा.वि. तर्फ ८७ हजार ९ सय १६ गरी जम्मा १ लाख २५ हजार ५ सय ९९ जनालाई अध्यापन अनुमति पत्र प्रदान गरिएको छ।
- शिक्षक पदोन्नति तर्फ २५ प्रतिशत वढुवाको परीक्षा सञ्चालन गरी प्रा.वि. तृतीयवाट १८२ जना द्वितीय, द्वितीय ३४ जना प्रथम, नि.मा. वि. तृतीयबाट ५९ जना नि.मा. द्वितीय, द्वितीय वाट ९ जना नि.मा. प्रथम र मा.वि. तृतीयबाट ४८ जना द्वितीय, द्वितीय वाट मा.वि. प्रथममा १२ जना गरी ३४४ जनाको बढुवा गरिएको छ।
- ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा तर्फ प्रा.वि. द्वितीय ५३३ जना प्रा.वि. प्रथममा ९१ जना निमावि. द्वितीय मा १८१ जना, नि.मा. वि. प्रथममा २४ जना र मा.वि. द्वितीय मा १५५ जना, मा. वि. प्रथममा ३४ जना गरी जम्मा १०१८ जनाको वढुवाको लागि नतिजा प्रकाशन कार्य भईरहेको छ।

- शिक्षक छनौटका लागि खुला परीक्षा सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत मा.वि. तर्फ ६१२ पदको लागि ४० हजार १ सय ८७ जनाको आवेदन गरेकामा ३१ हजार ८ सय ९ परीक्षामा सहभागी भएका नि.मा.वि. तर्फ १११७ पदका लागि १ लाख १६ हजार ३ सय ४० जनाले आवेदन संकलन ०७३ भाद्रमा परीक्षा संञ्चालन भएको छ।
- सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुमध्ये ८३ हजार २ सय ७८ शिक्षकहरुको सम्पति विवरण दर्ता गरेको छ। शिक्षा ऐन र नियमावली बमोजिम अनिवार्य तथा स्वेच्छिक अवकाश हुने सामुदायिक विद्यालयका शिक्षकहरुलाई उपलव्ध गराउनु पर्ने निवृतिभरण, उपदान, संचित विरामी विदाको रकम आदि सुविधाहरुको निर्धारण गरी छिटो छरितो विद्यालय शिक्षक कितावखाना मार्फत सेवा उपलव्ध गराउने गरिएको छ।
- आ.व.२०७१।०७२ सम्म १७ जिल्ला पूर्ण साक्षर ललितपुर, सिन्धुपाल्चोक, धादिङ, मुस्ताङ, पाल्पा, स्याङ्जा, चितवन, अर्घाखाँची, सुर्खेत, गुल्मी, प्यूठान, दाङ, नवलपरासी, रुपन्देही, तनहु, लमजुङ, पूर्ण साक्षर घोषणा भएकोमा आ.व. २०७२।७३ मा १२ जिल्ला – पाचथर, नुवाकोट, भक्तपुर, रोल्पा, सल्यान, दार्चुला, जाजरकोट, बर्दिया, रुकुम, झापा, बारलुङ र दोलखा पूर्ण साक्षर घोषणा भई पूर्ण साक्षर जिल्ला २९ पुगेका छन्।
- शिक्षा मन्त्रालय अन्तरगतका निकायहरुमा ७ अरव ९७ करोड ९६ लाख बेरुजु रहेकोमा ३ अरव ३९ करोड ३६ लाख ४२.५४ प्रतिशत बेरुजु यस आ.व. मा फछ्र्यौट भएको छ।
- शिक्षा मन्त्रालय र मन्त्रालय सम्बन्धित निकायहरु सम्वन्धी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आ.व. मा २१०० उजुरी परेकोमा १७९९ उजुरी फछ्र्यौट भई ८५.६६ प्रतिशत कार्य प्रगति भएको छ।

३. श्रम तथा रोजगार मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छ।

श्रम विभाग, श्रम कार्यालयहरू र रोजगार सूचना केन्द्रः

- श्रम विवाद समाधानका लागि त्रिपक्षीय संयन्त्रको विकास र २०७ वटा श्रम विवाद समाधान गरिएको छ।

- उद्योग प्रतिष्ठान निरीक्षण ११६६ पटक भएको छ। २१३ पटक बालश्रम निरीक्षण गरिएको छ।
- नेपालमा कार्यरत ५८४ जना विदेशी कामदारलाई श्रम स्वीकृति प्रदान र ४३६ जनालाई श्रम स्वीकृति नवीकरण गरिएको छ।
- ट्रेड युनियन महासंघ १ वटा नवीकरण भएको छ।
- प्रतिष्ठान स्तरका १९५ वटा ट्रेड युनियनहरू नयाँ दर्ता र २७२ वटा नवीकरण भएको छ।
- ट्रेड युनियन संघ ५ वटा दर्ता र ५८ वटा नवीकरण भएको छ।
- बेरोजगारहरूको लगत अनलाईन दर्ता तथा विनिमय सेवाको लागि कार्य भएको छ। आ.व. ०७२/७३ मा ९००५ र हालसम्म जम्मा ९२४४९ जना बेरोजगारहरूको लगत संकलन भएको छ।
- श्रम कार्यालय, रोजगार सूचना केन्द्र र व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरु हेटौंडा, धनगढी, नेपालगन्ज, बुटवलमा एउटै भवनबाट सञ्चालन गर्नेगरी एकद्वार संयुक्त सेवा भवन (single door joint service building) को निर्माण कार्य भइरहेको छ।
- निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्पन्न गरिएको छ।

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अयोजनाः

- पोखरा र विराटनगरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विषयक सामाजिक साझेदारहरुका लागि ४ दिने सहजकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ।
- काठमाडौमा कार्यस्थलमा खतराको पहिचान तथा जोखिमको मूल्याङ्कन विषयक तालिम र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन सम्वन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने तालिम सम्पन्न गरिएको छ।
- हेटौंडामा आपतकालीन तथा प्राथमिक उपचार विषयक ३ दिने तालिम सम्पन्न। काठमाडौमा व्यायलर तथा प्रेसर भेसल संचालन तथा व्यवस्थापन सम्बन्धी ७ दिने तालिम सम्पन्न गरिएको छ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी क्षेत्रगत कार्यक्रम सम्पन्न गरिएको छ। नेपालगञ्ज र हेटौंडामा कार्यस्थलमा हानिकारक तत्वको नमूना संकलन र विश्लेषण कार्य सम्पन्न गरिएको छ।

- खतरा तथा जोखिम पूर्ण कार्यको पहिचान विश्लेषण तथा न्यूनीकरण गर्ने सम्बन्धी अध्ययन कार्य सम्पन्न गरिएको छ।
- औद्योगिक दुर्घटना सम्बन्धी अध्ययन कार्य सम्पन्न गरिएको छ।

वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार न्यायाधिकरणः

- आ.व. ०७२/०७३ मा वैदेशिक रोजगारीमा जान ४१८७१३ जनाले श्रम स्वीकृति लिएका छन्। जसमध्ये संस्थागत श्रम स्वीकृति ३८१९४ जनाले र व्यक्तिगत श्रम स्वीकृति ११४११ जनाले लिएका छन्। वैद्यानीकरण गरि पुन वैदेशिक रोजगारमा जान २५३६१ जनालाई पुनः श्रम स्वीकृति प्रदान गरिएको छ।
- दक्षिण कोरियमा वैदेशिक रोजगारमा जाने कामदारहरुका लागि दरखास्त दिन online registration of EPS-TOPIK सफ्टवेयर तयार गरिएको छ।
- वैदेशिक रोजगार न्यायाधिकरणबाट आ.व. ०७२/०७३ मा कुल ४३६ (जिम्मेवारी सरी आएका २०६ मुद्दा समेत) मुद्दाहरुमध्ये १८५ वटा मुद्दा फछ्र्यौट भएको छ।

व्यावसायिक तथा सीप विकास तालिम केन्द्रः

- ८ वटा विषयको पुरानो तालीम पाठ्ययक्रमलाई समसामयिक परिमार्जन र संशोधन गरिएको छ।
- सिप विकास सम्वन्धी सन्देशमूलक जानकारी निरन्तर प्रसारण भइरहेको छ।
- तालिम आवश्यकताको पहिचान अध्ययन सम्पन्न भएको छ।
- ९ जना प्रशिक्षकहरुलाई प्रशिक्षक क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ।
- उत्कृष्ठ प्रशिक्षार्थीलाई प्रविधि हस्तान्तरण गरिएको छ।
- आधारभूत सीप विकास तालिम ६१९६ जनालाई, आवासीय महिला सीप विकास तालिम ६० जनालाई, हलिया र मुक्त कमैंयाका लगि आवासीय जनरल मेकानिक्स तालिम १८ जनालाई, वैदेशिक एवम् युवा स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालीम ११२१९जनालाई, ईपीएस तालीम ६०५९ जनालाई र विभिन्न विषयका व्यावसायिक सीपमूलक तालीम कुल १७४९३ जनालाई प्रदान गरिएको छ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डः

- मृतक कामदारका ७६३ जना हकवालालाई आर्थिक सहायता प्रदान गरिएको छ।

- अंगभंग भएका कामदारलाई आर्थिक सहायता १३४ जनालाई प्रदान गरिएको छ। कामदारको शव काठमाडौं देखि सम्बन्धित जिल्लामा पुऱ्याउन आर्थिक सहायता ४५८ जनालाई प्रदान गरिएको छ।
- वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारका बालबच्चालाई छात्रवृत्ति ३ जिल्लाका २१ जना छात्र/छात्राहरुलाई वितरण गरिएको छ।
- अभिमुखीकरण तालिमको रकम १०६१ जना महिला कामदारलाई फिर्ता भुक्तानी प्रदान गरिएको छ।
- बोर्डले नमूनाको रुपमा केयर गिभरमा जाने ५९ जनालाई अभिमुखीकरण तालिम सञ्चालन गर्न सहयोग प्रदान गरेको छ।
- वैदेशिक रोजगारमा जानेहरूका लागि आवश्यक जानकारीका लागि स्टिकर, पर्चा, प्रवास डायरी, क्यालेण्डर छपाइ गरी वितरण गर्ने तथा विभिन्न संचारमाध्यमहरूबाट प्रचार-प्रसार कार्यलाई निरन्तरता दिइएको छ।
- १० जना निजामती कर्मचारीलाई श्रम सहचारी प्रशिक्षण दिइएको छ।
- रोजगारीका नयाँ गन्तव्यको पहिचान र प्रवर्द्धनका लागि उच्चस्तरीय समिति गठन भई कार्य भइरहेको छ।
- वैदेशिक रोजगारीमा जाने युवाहरूको सिपको अवस्था सम्बन्धमा अध्ययन गरिएको छ।

रोजगार प्रवर्द्धन कार्यक्रमः

रोजगार प्रवर्द्धन कार्यक्रम ILO, SDC तथा नेपाल सरकारको वित्तीय सहयोगमा संचालित छ। यस कार्यक्रम अन्तर्गत प्राप्त उपलब्धिहरू देहाय अनुसार छन्:-

- मन्त्रालय र अन्तर्गत निकायका २२ जना अधिकृतहरुलाई सुरक्षित आप्रवासन तालिम प्रदान गरिएको छ।
- ४१ जना काउन्सेलरहरुलाई परामर्श सिप विकास तालिम प्रदान गरिएको छ।
- करिव ३०० जना रिटर्नी स्वयंसेवहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्वन्धमा अनुशिक्षण दिइएको छ।
- कार्यक्रम सञ्चालन भएका दाङ, कास्की, नुवाकोट, सिन्धुली, सिन्धुपाञ्चोक, उदयपुर र झापा जिल्लामा दोहोरी गीत/तीज गीत प्रतियोगिता मार्फत सचेतना प्रदना गर्ने कार्य सम्पन्न।
- दाङ, कास्की, नुवाकोट, सिन्धुपाल्चोक, उदयपुर, महोत्तरी, सिराहा र झापामा सुरक्षित आप्रवासन सम्वन्धी सडक नाटक प्रदर्शन गरिएको छ।
- कार्यक्रम सञ्चालन भएका ९ जिल्लाहरुमा हप्तामा १ पटक ३ मिनेटको सुरक्षित आप्रवासन सम्वन्धी रेडियो कार्यक्रम ३ देखि ५ वटा स्थानीय एफएम रेडियोबाट

नियमित रुपमा प्रसारण भएको छ। साथै सचेतनामूलक सामग्री प्रकाशन र वितरण गरिएको छ।

बालश्रम निवारण तथा बालश्रम सुधार आयोजनाः

- श्रव्यदृश्य कार्यक्रम अन्तर्गत विभिन्न आम संचारका माध्यम मार्फत जनचेतना कार्यक्रम प्रसारण गरिएको छ।
- विराटनगर र चितवनका जरी, ईट्टा, ग्यारेज, होटल लगायतका बालश्रम प्रयोग हुने क्षेत्रको अनुगमन गरिएको छ।
- बालश्रम पुनर्स्थापना कोषमा अनुदान प्रवाह भएको छ।
- न्यूनतम पारिश्रमिक निर्धारण गरेको र राजपत्रमा प्रकाशन भई चिया बगान र कारखानामा काम गर्ने कामदारको हकमा लागू भएको छ।
- बालबालिका विकास तथा पुनर्स्थापना कोष र बालश्रम निवारण कोषबाट चार वटा शिशु स्याहार केन्द्रहरू संचालन भएको छ। शिशुस्याहार केन्द्रमा रहेका बालबालिकालाई पोशाक, पुस्तक, कापी, कलम वितरण भएको छ।
- बालश्रम निवारणका लागि तर्जुमा गरिएको दीर्घकालीन योजनामा सबै सम्वद्ध पक्षहरूको प्रतिवद्धता कायम गराउने प्रयास भइरहेको छ।

सामाजिक सुरक्षा कोषः

- समाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धिको लागि त्रिपक्षीय अन्तरक्रिया तथा गोष्ठी सम्पन्न गरिएको छ।
- समाजिक सुरक्षा सम्बन्धी जनचेतना तथा प्रचार प्रसार कार्य गरिएको छ।
- सामाजिक सुरक्षा सम्वन्धी विधेयक संसदमा दर्ता भएको छ।
- सुरक्षित मातृत्व सम्वन्धी योजनाको कार्यविधि निर्माण भएको र बिरामी, औषधोपचार र कार्यस्थल दुर्घटना योजनाको कार्यविधिको मस्यौदा तयार भएको छ।

४. युवा तथा खेलकुद मन्त्रालय

वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको छ।

- राष्ट्रिय युवा परिषद् ऐन, २०७२ जारी भई कार्यान्वयनमा आए पश्चात राष्ट्रिय युवा परिषद् गठन भई कार्य प्रारम्भ गरी सकेको छ।

- राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन - २०२५ जारी भई कार्यान्वयनमा आएको छ।
- युवा अनुभव आदान प्रदान कार्यविधि निर्माण भई कार्यान्वयनमा आएको छ।
- सूचनाको हक कार्यान्वयन सम्बन्धी निवेदनको कार्यवाही र किनारा गर्ने आन्तरिक कार्यविधि स्वीकृत भई लागू गरिएको छ।
- सेवा प्रवाहमा समसामायिक सुधार गर्ने उद्देश्यले मन्त्रालयको नागरिक वडापत्र परिमार्जन गरिएको तथा अन्तर्गतका निकायहरूलाई पनि नागरिक वडापत्रमा समसामयिक परिमार्जन गर्न र नागरिक वडापत्रको व्यवस्था नभएको भए व्यवस्था गर्न निर्देशन दिइएको छ।
- मन्त्रालयबाट भएका महत्वपूर्ण निर्णयहरू तथा मन्त्रालयसँग सम्बन्धित नीतिगत दस्तावेजहरू सर्वसाधारण/सरोकारवालाहरूको जानकारीको लागि website मा राख्ने गरिएको तथा website लाई समयसापेक्ष गराउन परिमार्जन गरिएको छ।
- नीति तर्जुमा, परिमार्जन र कार्यान्वयन गर्न सरोकारवालाहरूसँग छलफल, राय, सुझाव लिने गरिएको छ।
- मन्त्रालयसँग सम्बन्धित काम कारवाहीहरूको बारेमा प्राप्त उजुरी तथा गुनासाहरूलाई प्राथमिकताका साथ फछ्र्यौट गर्ने गरिएको छ।
- अन्तिम लेखा परीक्षणबाट कायम बेरूजु न्यूनीकरण गर्नका लागि कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइएको छ।
- मन्त्रालयको काम कार्यवाहीलाई पारदर्शी गराउन प्रवक्ता तथा सूचना अधिकारीहरूको व्यवस्था गरिएको छ।
- युवासँग सम्बन्धित सूचनाहरू युवा सूचना केन्द्रहरु, रेडियो नेपाल र विभिन्न एफ.एम.हरूबाट प्रसारण गर्ने व्यवस्था मिलाएको छ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन तथा संगठनलाई चुस्त दुरूस्त राख्न संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा कार्य सम्पादन करारजस्ता समसामयिक विषयहरूलाई कार्यान्वयनमा ल्याउन छलफल भइरहेको छ।
- कार्यक्रम संचालन गर्दा मितव्ययिता एवं पारदर्शितालाई विशेष प्राथमिकताका साथ अवलम्बन गर्ने गरिएको छ।

- राष्ट्रिय खेलकुद परिषद्मार्फत् सञ्चालन हुने निर्माणसंग सम्वन्धित कार्यहरूमा जनसहभागितालाई प्राथमिकता दिने गरिएको छ।
- नेपाल स्काउटका स्काउटरहरुलाई स्वयंसेवी तथा विपद् व्यवस्थापनको कार्यमा परिचालन गरिएको छ।

५. सहकारी तथा गरिबी निवारण मन्त्रालय

यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलब्धिहरु हासिल भएको छ।

- मन्त्रालयसंग सम्बन्धित जानकारीहरू मन्त्रालयको वेभसाइट www.mocpa.gov.np मा राखी समय समयमा अद्यावधिक गर्ने गरिएको छ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गर्नुपर्ने विवरण हरेक ३/३ महिनामा सार्वजनिक गर्ने गरिएको छ।
- मन्त्रालयमा एक सूचना अधिकारी तोकी संविधान प्रदत्त सूचनाको हक अनुसार माग भएका सूचनाहरू सूचना अधिकारी मार्फत प्रदान गर्ने गरिएको छ।
- प्रवक्ता एवं सहायक प्रवक्ता तोकी मन्त्रालय सम्वद्ध जानकारीहरू समय समयमा प्रवक्ता/सहायक प्रवक्ता मार्फत सार्वजनिक गर्ने गरिएको छ।
- मन्त्रालय सम्वद्ध गतिविधिहरूका सम्बन्धमा पत्रकारहरूसंग अन्तरक्रिया गर्ने गरिएको छ।
- मन्त्रालय र मातहत निकायहरूसंग सम्बन्धित परेका उजुरी एवं गुनासोहरू उपर समयमा नै सुनुवाई एवं छानविन गरी फछ्र्यौट/कारवाही गर्ने गरिएको छ।
- मन्त्रालय र मातहत निकायबाट प्रदान गरिने सेवा सुविधा र सोका लागि जिम्मेवार पदाधिकारीहरू सम्बन्धमा नागरिक बडापत्र राखी सर्वसाधारणलाई जानकारी गराइएको छ।

६. नेपाल ट्रष्टको कार्यालय

यस आर्थिक वर्षमा नेपाल ट्रष्टको स्वामित्वमा रहेका सम्पत्तिहरुबाट राष्ट्रको आर्थिक, सामाजिक तथा वातावरण सन्तुलनको क्षेत्रमा योगदान पुगी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा उपलब्धिहरु हासिल भएका विषयहरु देहाय बमोजिम रहेको छ।

- गोकर्ण फरेष्ट रिसोर्ट तथा गल्फ क्षेत्रको विकासबाट राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रलाई आकर्षण गरी पर्यटन प्रबर्द्धनका साथ आर्थिक सामाजिक क्षेत्रमा योगदान पुगेको छ।
- काठमाडौं प्लाजा कमलादी, बिजनेस पार्क टेकु, लाजिम्पाटस्थित स्टान्डर्ड चार्टर्ड बैंक लगायतका ट्रष्टको स्वामित्वमा रहेका भवन आदिबाट राष्ट्रको आर्थिक क्रियाकलापमा सहयोगी भूमिका निर्वाह गरेको छ।
- चुलिवन धनकुटा, नागार्जुन, थान्सिङ्ग बगैंचा, दियालो बंगला परिसर, गोकर्ण जङ्गल, रत्न मन्दिर परिसरको हरियाली क्षेत्रको संरक्षणले वातावरण संरक्षणमा योगदान पुगेको छ।
- शिक्षा तथा स्वास्थ्यमा योगदान गर्न हेतु Trust कोष वृद्धि हुँदै गएको छ।
- ट्रष्टको स्वामित्वमा आउने अवस्थाका जग्गा, नगद, शेयर लगायत प्राप्त हुने क्रम जारी रहेको र ट्रष्ट कोषमा थपिंदै गएको छ।
- उक्त अवधिसम्ममा करिव २३ हजार रोपनी जग्गा, ४० करोड नगद र यो आ.व.मा नविल बैंकको ६५,००० कित्ता बोनस शेयर प्राप्त भई विभिन्न सँस्थाहरूको करिब २,००,००० कित्ता शेयर नेपाल ट्रष्टको स्वामित्वमा रहेको छ।
- तत्कालीन राजपरिवारको नाममा रहेको अचल सम्पत्ति (जग्गा/जमिन) खोजविनको क्रममा १० वटा जिल्लाहरू (बर्दिया, रूपन्देही, मोरङ, कैलाली, कंचनपुर, बारा, दाङ, सुनसरी र झापा) मा सघन सम्पत्ति खोजविन कार्यक्रम सम्पन्न गरिएको छ।
- भक्तपुर जिल्लाको राधे-राधे नजीक ५-०-२-० रोपनी र ताहाचलमा ३-७-०-० रोपनी (नेपाल ट्रष्टको मोहियानी हक पुग्ने प्रकृतिको) जग्गा पत्ता लगाई ट्रष्टको सञ्चालक समितिको निर्णय भई मन्त्रिपरिषद्बाट स्वीकृत गराई नेपाल ट्रष्टको नाममा लालपूर्जा ल्याउने प्रकृयामा रहेको छ।
- दरबारमार्गस्थित हाल नेपाल ट्रष्टको कार्यालय रहेको घरजग्गा, कमलादी स्थित काठमाडौं उपत्यका खानेपानी लिमिटेड रहेको घरजग्गा, हेटौंडास्थित कान्तिईश्वरी गृह रहेको घरजग्गा (मूल दरबार बाहेक) र काठमाडौं महानगरपालिका वडा नं. १३, ताहाँचल स्थित जग्गाहरू BOT मोडेलमा लिजमा दिने निर्णय भई प्रक्रिया शुरू गरिएको छ।
- शिक्षा तथा स्वास्थ्यमा लगानी/सहयोग गर्ने गरी "नेपाल ट्रष्ट (शैक्षिक,प्राज्ञिक तथा स्वास्थ्य) कार्यक्रम संचालन कार्यविधि, २०७२" संचालक समितिबाट स्वीकृत भएको छ।

- ट्रष्टको आयवृद्धि तथा सर्वसाधारण र विदेशीलाई समेत ऐतिहासिक संरचनाहरूको अवलोकन (visit) गराउने गरी हेटौंडाको कान्तिईश्वरी गृह, कास्कीको रत्न मन्दिर तथा चितवनको दियालो बंगलाहरूमा स-शुल्क प्रवेश खुल्ला गर्नेगरी "नेपाल ट्रष्ट सम्पत्ति अवलोकन दस्तुर निर्धारण निर्देशिका, २०७२" सञ्चालक समितिबाट स्वीकृत भएको छ।
- नेपाल ट्रष्टको स्वामित्वमा रहेको धनकुटाको चुलीवन, ताहाचलस्थित दुई ठाउँको जग्गा, पोखरा रत्नचोकको जग्गा, चितवन दियालो बंगला परिसर बाहिरको जग्गा र ठमेलस्थित जग्गा समेत आयआर्जन बढाउने गरी भाडामा लगाइएको छ।
- नेपाल ट्रष्टको स्वामित्वमा रहेको नुवाकोट र सिन्धुपाल्चोकका जग्गाहरूको सीमांकन गरिएको छ।
- अद्यावधिक सहित ट्रष्टको सम्पत्ति अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ।
- नेपाल ट्रष्टको स्वमित्वमा रहेका भवन मर्मत सम्भार अन्तर्गत देहाय बमोजिमको प्रगति रहेको छः

  क. गोकर्णस्थित गोकर्ण फरेस्ट रिसोर्ट रहेको जग्गामा बाउन्डरी वाल पुननिर्माण गरिएको छ।

  ख. कास्की पोखराको रत्नमन्दिर लगायतका भवनहरुको मर्मत सम्भार—जस्ता फेर्ने, रङ्गरोगन गर्ने लगायतका संरक्षणका कार्य सम्पन्न गरिएको छ। साथै खुल्ला जमिनमा बाउन्डरी वाल निर्माण गरिएको छ।
- नेपाल ट्रष्टको प्रचार प्रसार सम्बन्धी कार्यहरु गरिएको छ।
- यस आ.व. मा ट्रस्टको नाममा रहेको सम्पत्ति को भाडा, लिज, शेयर लाभांश, बैंक ब्याजबाट करिब ७.५ करोड आम्दानी गरिएको र ट्रष्ट कोषमा जम्मा भएको छ।

परिच्छेद - ७

सार्वजनिक सक्रियताको भावी कार्यदिशा

नेपालको संविधान, २०७२ साल आश्विन ३ गते जारी भई कार्यान्वयनको चरणमा रहेको छ। संविधान बमोजिम राज्यको पुनसंरचना गरी संघीय, प्रादेशिक र स्थानीय तीनै तहको सरकार गठन गर्न कार्य जिम्मेवारी बाँडफाँड गर्नु पर्ने र सोही अनुरुपको राजनीतिक तथा प्रशासनिक संरचना तयार गरी त्यसैको माध्यमबाट सुशासन प्रत्याभूत गराउने गहन जिम्मेवारी आएको छ।

राज्यको मूलप्रवाहमा समाहित हुन नसकेका वर्गका जनताहरुको जीवनस्तर उकास्न, आर्थिक समृद्धि उन्मुख सुशासनको प्रत्याभूति आवश्यक छ। सुशासनको लागि कानूनको शासन, समानता, समावेशीता र जनसहभागिता अपरिहार्य रहन्छ। अझै पनि गरिबीको रेखामुनि रहेका जनताको जनजीवन दुःखदायी छ। संख्यात्मक हिसावले पनि ठूलो हिस्सा रहेकोले यो वर्गको हीत संरक्षण गर्न, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता आधारभूत सेवा र भूमिहिन सीमान्तकृत जनताका लागि गाँस, वास, कपास र जीविकोपार्जनको लागि आधारभूत प्रवन्ध समेत गर्नु पर्ने लोक कल्याणकारी राज्यको दायित्व भित्र पर्दछ।

नेपालको संविधानले मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा आत्मसात गरेको छ। मुलुक विगत लामो समय देखिको एकात्मक राज्यको सट्टा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा परिणत भएको हुँदा संघीय प्रणाली अनुरुप प्रशासनिक प्रक्रिया, पद्धति र प्रणालीलाई रुपान्तरण गर्दै संविधानले परिलक्षित गरेका आर्थिक सामाजिक विकासका लक्ष्यहरु प्राप्त गर्न सार्वजनिक प्रशासनका विविध आयामहरुमा थप परिमार्जन र सुधारको आवश्यकता छ। नेपालको संविधानको प्रभावकारी कार्यान्वयन गर्दै मुलुकको आर्थिक समृद्धि र विकास, शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सेवाहरुमा थप प्रभावकारीता, सडक, सिंचाई, खानेपानी जस्ता क्षेत्रहरुमा थप गुणस्तरीय सेवा, गरिवी, वेरोजगारी र असमानताको न्यूनिकरण, दिगो विकास, जलवायु परिवर्तन र वातावरण संरक्षण जस्ता अन्तरसम्बन्धित विषयहरुको प्रभावकारी सम्बोधन गर्दै सर्वसाधारणको जीवनस्तरमा सार्थक र गुणात्मक परिवर्तन ल्याउन सार्वजनिक सक्रियताको भावी कार्यदिशा देहाय अनुसार अवलम्बन गर्न आवश्यक देखिन्छः

क) नेपालको संविधानको प्रभावकारी कार्यान्वयनः

नेपाल सरकारले संविधानको प्रभावकारी कार्यान्वयनलाई पहिलो प्राथमिकतामा राखेको छ। संवैधानिक प्रावधान अनुरुप तिनै तह (संघ, प्रदेश र स्थानीय तह) को निर्वाचन सम्पन्न गरी जनताका प्रतिनिधिहरुमार्फत राज्यको शासन व्यवस्था सञ्चालन गर्न गराउन नेपाल सरकार प्रतिवद्ध र कटिवद्ध रहेको छ। लोकतन्त्रको आधार निर्वाचन नै भएको हुँदा स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरी लोकतन्त्रको जगलाई बलियो बनाउनु सरकारको पहिलो प्राथमिकता रहेको छ। यसका साथै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्न सरकार प्रतिवद्ध भएर लागि रहने छ।

ख) भूकम्प पछिको पुनर्निर्माण र नवनिर्माणः

भूकम्पपछिको पुनर्निर्माण र नवनिर्माणलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ। यसमा कुनै ढीलासुस्ती वा लापरवाही हुने छैन। पीडितलाई स्वीकृत कार्यविधि अनुरुप समयमै अनुदान वितरणको व्यवस्था, भूकम्प प्रभावित मुख्य सम्पदाहरुको तीव्र गतिमा पुनर्निर्माण गर्दै भूकम्प पछिको पुनर्निर्माण र नवनिर्माणलाई सरकारले तीव्र गतिमा अगाडि बढाउने छ। भूकम्पबाट क्षतिग्रस्त संरचनाको दिगो, सुरक्षित र योजनाबद्ध रुपमा यथाशिघ्र निर्माण गरिने छ। जोखिमपूर्ण वस्तीको स्थानान्तरण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ। राष्ट्रिय पुनर्निमार्ण प्राधिकरणको क्षमता विकासका साथै संगठनात्मक सुदृढीकरण गरिने छ।

ग) संघीय प्रणाली अनुरुप सार्वजनिक प्रशासनको पुनः संरचनाः

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा घोषणा भइसकेको हुँदा तदनुरुप सार्वजनिक प्रशासनको पुनः संरचना गरिने छ। कार्यात्मक विश्लेषण र जिम्मेवारी बाँडफाँड, संस्थागत र संरचनागत प्रवन्ध, मानव संशाधन व्यवस्थापन र समायोजना, वित्तीय संघीयता र स्रोत साधनको व्यवस्थापन, क्षमता विकास जस्ता पक्षहरुमा पर्याप्त अध्ययन विश्लेषण गरी सार्वजनिक प्रशासनलाई संवैधानिक व्यवस्था अनुरुप स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै

राज्यबाट प्राप्त हुने सेवा र सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिने छ। संघीय संरचना अनुरुप प्रादेशिक तथा स्थानीय पूर्वाधारहरुको विकास गरी सन्तुलित एवं समावेशी विकासमा जोड दिइनेछ।

घ) ऐन, नियम कानूनहरुको तर्जुमा र पुनरावलोकनः

संवैधानिक प्रावधान अनुरुप विभिन्न क्षेत्रमा नयाँ कानूनहरुको निर्माण र विद्यमान कानूनहरुको पुनरावलोकन गरिने छ। ऐन, नियम र कानूनहरुलाई सामयिक संशोधन र पुनरावलोकन गरी साध्यको रुपमा भन्दा पनि आर्थिक समृद्धि र विकास, सामाजिक न्याय, गरिवी, बेरोजगारी र असमानताको न्यूनिकरण तथा जनकेन्द्रीत, समावेशी र समन्यायीक विकासका लागि आवश्यक साधनको रुपमा विकास गरिने छ।

ङ) आर्थिक समृद्धि र विकासः

आर्थिक समृद्धि र विकासका लागि सरकारले कुनै कसर बाँकी राख्ने छैन। लगानीको वातावरण निर्माण, सार्वजनिक, निजी तथा वैदेशिक लागानीका लागि उपयुक्त वातावरणको निर्माण, गर्दै लगानी, उत्पादन, वितरण तथा वितरणात्मक न्याय (Distributive Justice) मा सरकारले पर्याप्त ध्यान दिने छ। आर्थिक वृद्धिका लागि निजी क्षेत्र मुख्य ईन्जिन र मेशिनरी भएको हुँदा निजी क्षेत्रसँगको सहकार्यलाई सरकारले उच्च प्राथमिकता दिने छ। सार्वजनिक-निजी साझेदारी नीतिको प्रभावकारी कार्यान्वयन गर्दै राजश्व तथा कर नीतिहरुमा समेत सामायिक पुनरावलोकन गर्न सरकारले आवश्यक पहल गर्ने छ। आर्थिक क्षेत्रसँग सम्बन्धित क्षेत्रहरु जस्तै उद्योग, वाणिज्य, आपूर्ति, कृषि, भूमिसुधार, सहकारी, श्रम जस्ता क्षेत्रहरुसँग आवश्यक समन्वय र सहकार्य गरिने छ।

च) सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधारः

सार्वजनिक वित्तीय व्यवस्थापनका विविध पक्षहरु जस्तै योजना, बजेट, खरिद व्यवस्थापन, लेखा, लेखापरीक्षण र वित्तीय उत्तरदायित्वमा आवश्यक सुधार गरिने छ। सार्वजनिक खर्चलाई बढी उपलब्धिमूलक बनाउन तथा यसको प्रभावकारीता बढाउन वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा एवम् परिपालनामा बढी जोड दिन

आवश्यक छ। खर्चका सुस्पष्ट मापदण्ड निर्धारण, समग्र आर्थिक स्थायित्व, सार्वजनिक स्रोत र साधनको उचित सदुपयोग, पुरस्कार र दण्डको उचित व्यवस्था, कार्यसम्पादन व्यवस्थापनमा सुधार गर्दै सार्वजनिक स्रोत र साधनको समूचित प्रयोग र सदुपयोग हुने व्यवस्था मिलाइने छ।

छ) शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सेवामा सुधारः

शिक्षा तथा स्वास्थ्य जस्ता सामाजिक सेवाहरुमा थप सुधार गरी सेवा पाउने नागरिकको हकलाई व्यवहारमै स्थापित गरिने छ। शिक्षा स्वास्थ्य जस्ता महत्वपूर्ण क्षेत्रहरुमा व्यवस्थापकीय सुधार, संस्थागत सुधार, कानूनी तथा नीतिगत सुधार, प्रक्रियागत र प्रणालीगत सुधार गर्दै राज्यबाट भएको लगानीको उचित प्रतिफल प्राप्त गर्ने वातावरण निर्माण गरिने छ। यस्ता निकायहरुको संस्थागत क्षमता विकासमा जोड दिइने छ।

ज) मानव संसाधन व्यवस्थापनमा सुधारः

राष्ट्रसेवक कर्मचारीहरुको क्षमता विकास गर्दै उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माण गर्न आवश्यक छ। विशेष गरी सरुवा, बढुवा, वृत्ति विकास जस्ता पक्षहरुमा पूर्वअनुमानयोग्य पद्धतिको विकास गरी सार्वजनिक सेवालाई बढी व्यवस्थित र पारदर्शी बनाईने छ। संघीय प्रणाली अनुरुप राष्ट्रसेवक कर्मचारीहरुको समायोजन गरिने छ। समायोजन गर्दा निश्चित मापदण्डका आधारमा सेवा वितरणमा सुधार गर्ने तथा नागरिकमैत्री सेवामा जोड दिइने छ। कर्मचारी समायोजन ऐन र संघीय निजामती सेवा ऐनको तर्जुमा गरी सेवाका स्पष्ट मापदण्डहरु निर्धारण गरिने छ।

झ) राष्ट्रिय गौरब र अन्य ठूला आयोजनाहरुको निर्माणमा तीव्रताः

मेलम्ची खानेपानी आयोजना, मध्य पहाडि लोकमार्ग, जलविद्युत आयोजनाहरु, लगायत अन्य राष्ट्रिय गौरबका ठूला आयोजना/परियोजनाहरुमा निर्माण तीब्र गतिमा गरिने छ। यस्ता आयोजनाहरुको प्रभावकारी अनुगमन गर्दै स्रोत, साधन र जनशक्तिको कुनै कमी हुन दिइने छैन। समयमै गुणस्तरीय रुपमा आयोजनाहरुको निर्माण सम्पन्न गरिने छ। अनुगमन र मूल्यांकन प्रणालीलाई थप सुदृढीकरण गरिने छ।

ञ) कार्यसम्पादन व्यवस्थापनमा सुधारः

सार्वजनिक प्रशासनमा नतिजामूलक कार्यसम्पादन व्यवस्थापन प्रणाली अवलम्बन गरिने छ। उच्च तहका साथै तल्लो तह समेतमा कार्यसम्पादन सम्झौता गर्दै कार्यसम्पादन संस्कृतिको विकास गरी पुरस्कार र दण्डलाई कार्यसम्पादनसँग आवद्ध गर्न आवश्यक छ। यसका साथै प्रत्येक निकायहरुको कार्यसम्पादन सूचक सहितको नतिजामूलक कार्य ढाँचा (Result Framework) तयार गर्न आवश्यक छ।

ट) भौतिक पूर्वाधार र विकास निर्माणमा तिव्रताः

भौतिक पूर्वाधार, शहरी विकास, ग्रामीण विकास र अन्य विकास निर्माणमा गुणस्तर कायम गरी परिमाण वृद्धि गर्दै आर्थिक अनुशासन र मितव्ययीतामा ध्यान दिन आवश्यक छ। विकास निर्माणको कामलाई समयमै सम्पन्न गर्न तथा पूँजीगत खर्चको प्रतिशत वृद्धि गरी प्रभावकारीता बढाउन ठोस कार्ययोजना निर्माण गरी काम गर्न आवश्यक छ। प्रादेशिक पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित यातायात पहुँच र सुबिधा विस्तार गरिने छ।

ठ) विद्युत सेवालाई प्रभावकारी बनाउन पछिल्लो समयमा लोडसेडिङ्ग अन्त्यसँगै नागरिकहरुले राहत महशुस गरेका छन्। विद्युत उत्पादन, प्रसारण र वितरणमा थप सुधार गर्न आवश्यक छ। जलाधारयुक्त जलविद्युत उत्पादनलाई प्राथमिकतामा राखी कार्यक्रम आयोजना संचालन गरिने छ। जलविद्युतमा लगानी बढाई विद्युत उत्पादनमा वृद्धि गरिने छ। विद्युत चुहाबटलाई प्रभावकारी रुपमा नियन्त्रण गरिने छ।

ड) सार्वजनिक निकायहरुमा सूचना प्रविधिको विकास र प्रयोगलाई थप प्रभावकारी बनाई नागरिकको पहुँच अभिवृद्धि गर्ने, लागत घटाउने र कागजी प्रक्रिया कम गरी मानवीय व्यवहारबाट हुने असहज परिस्थिति र असुविधाको अन्त्य गर्न जरुरी छ। सरकार जहाँसुकै जहिलेसुकै भन्ने अवधारणा कार्यान्वयन गर्न जरुरी छ। विद्युतिय सुशासनको अभिवृद्धि गरिने छ।

ढ) वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित र सुरक्षित गराउन थप पहल गर्न आवश्यक छ। वैदेशिक रोजगारीमा जाने नेपालीहरुले भोग्नु परेका समस्यालाई तत्काल समाधान गर्न तथा उनिहरुको हकहितको संरक्षण गर्न द्विपक्षीय श्रम सम्झौता, विदेशस्थित कुटनैतिक नियोगको क्षमता विकास निश्चित मापदण्डका आधारमा श्रम सहचारीको नियुक्ति जस्ता विषयहरु र वैदेशिक रोजगारीमा हुने ठगीलाई स्थानीयस्तर देखी नै निर्मूल गर्न आवश्यक देखिन्छ। विदेशस्थित कामदारहरुको हक, हित र सामाजिक सुरक्षालाई उच्च प्राथमिकता दिइने छ।

ण) भ्रष्टाचारजन्य कार्य र क्रियाकलापको नियन्त्रण गरी सुशासन कायम गरिने छ। भ्रष्टाचार विरुद्ध शून्यसहनशीलताको नीति अवलम्बन गरिने छ। राष्ट्रिय सदाचार नीतिको तर्जुमा गरी भ्रष्टाचारका सबै रुप, रंग र सारको नियन्त्रण गरिने छ। भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित सबै निकायको क्षमता विकास गरिने छ।

त) प्रशासनिक कार्यविधी, कार्यप्रकृया, कार्यप्रणाली र कार्यपद्धतिमा थप सरलीकरण गरिने छ।

थ) सार्वजनिक सम्पत्तीको व्यवस्थापन तथा अभिलेख प्रणालीमा सुधार गरिने छ।

द) क्षतिपूर्ति सहितको नागरिक वडा पत्रको प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

ध) कालोबजारी, भ्रष्टाचार, कृत्रिम अभावको नियन्त्रण र आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक भएकोले यस्ता कार्य प्रति सरकार सधैं सहनशिलताकासाथ लागि पर्ने छ।

न) सार्वजनिक कार्यालयहरुलाई आशा भरोसायुक्त, जनताका सहयोगी र प्रविधिमैत्री बनाउन थप सक्रिय भई कार्य गरिने छ।

प) संक्रमणकालिन व्यवस्था, संविधान कार्यान्वयन र राज्य पुनसंरचना र गुणस्तरीय सेवा प्रवाहलाई सँगसँगै लैजान बढी जिम्मेवार, ईमान्दार, कर्मशिल र उच्च नैतिक चरित्र एवम् सदाचार पद्धतिको अवलम्वन गरी कार्य गर्न आवश्यक छ।

फ) हाम्रो प्रशासन अझै पनि नतिजामुखी नभई प्रक्रियामुखी छ। प्रशासनलाई नतिजामूखी बनाउन नविन सोध, अनुसन्धान तथा आविष्कारमूलक बनाउन आवश्यक छ। के गर्ने, कसरी गर्ने, कहिले गर्ने, कसले गर्ने, किन गर्ने जस्ता पक्षहरुको विकास र त्यसको आधारमा मूल्याङ्कन गर्ने पद्धतिको विकास गर्न आवश्यक छ।

ब) सार्वजनिक प्रशासनलाई सवल र सक्षम बनाउन, बढी संवेदनशिल भई कार्य गर्न आवश्यक देखिन्छ। प्रशासनयन्त्रलाई गतिशिल, मनोबलयुक्त, प्रतिस्पर्धि, क्षमतावान र सकरात्मक बनाउन राजनीतिक इच्छाशक्ति र कटिवद्धता आवश्यक छ। यसको लागि निजी क्षेत्र, नागरिक समाज र अन्य क्षेत्रसँग व्यापक अन्तरसम्वादको आवश्यकता समेत देखिन्छ।